विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

## कम्पनी कानून सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी सूचना

कम्पनी दर्ता, नियमन तथा व्यवस्थापन सम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकको मस्यौदा विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम सम्बन्धित सरोकारवाला र सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो उपर यस सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र **moicsip@nepal.gov.np** मा आफ्नो राय तथा सुझाव प्रतिक्रिया उपलब्ध गराइदिनुहुन अनुरोध छ।

## विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः**

कम्पनी सञ्चालक समितिको उत्तरदायित्व, स्वतन्त्र सञ्चालकको भूमिका, जिम्मेवारी र पारदर्शिता सम्बन्धी व्यवस्थालाई थप स्पष्ट बनाउन,

बहुमत शेयरधनीबाट अल्पसंख्यक शेयरधनीको हित विपरीत हुनसक्ने कार्यको नियमन तथा उपचारात्मक व्यवस्था गर्न,

सार्वजनिक कम्पनीहरुमा नियुक्ति गर्नुपर्ने पदहरुमा उपयुक्त व्यक्तिको नाम र पारिश्रमिक समेत सिफारिस गर्नका लागि समितिको व्यवस्था गर्न,

कम्पनीको शेयरमा वास्तविक धनी (Beneficial Owner) र दर्तावाल शेयरधनी (Registered Owner) फरक छन् भने त्यसको अनिवार्य घोषणा (Mandatory Declaration) गर्ने व्यवस्था गर्न,

सार्वजनिक कम्पनीमा कर्मचारी वा सरोकारवालाले भ्रष्टाचार, अनियमितता, गलत काम (Misconduct) गरेको भए गोप्य रूपमा जानकारी दिई पारदर्शिता बढाउन, नैतिक आचरण कायम गर्न र गलत क्रियाकलापलाई छिटो पत्ता लगाउने संयन्त्रको व्यवस्था गर्न,

कम्पनी खारेजी सम्बन्धी लामो र जटिल प्रक्रियालाई सरलीकरण गर्न निष्क्रिय कम्पनीको स्पष्ट परिभाषा गर्ने, आवेदन प्रक्रियालाई सरल बनाउने, कम्पनीको अवस्थाको बारेमा सञ्चालकको स्वघोषणालाई मुख्य आधार लिने, प्रत्येक क्रियाकलापको समय सीमा तोक्ने र खारेजी प्रक्रियालाई सरल, सहज र प्रविधिमैत्री बनाउन,

खारेज हुने कम्पनीको सम्पत्ति र दायित्व मूल्याङ्कन, एकिन र फरफारक सम्बन्धी व्यवस्थालाई थप स्पष्ट गर्न,

साना र ठूला सबै कम्पनीका लागि रिपोर्टिङ र कागजी प्रक्रिया एउटै भएको सम्बन्धमा जोखिममा आधारित अनुपालन प्रणाली (Risk-based Compliance System) अवलम्बन गर्न,

कर्मचारीलाई प्रोत्साहन स्वरुप निश्चित मूल्यमा भविष्यमा कम्पनीको शेयर किन्ने अधिकार दिने योजना, मेहनताना शेयर (Sweat Equity) सम्बन्धी स्पष्ट व्यवस्था, स्टार्टअप कम्पनीका लागि निश्चित प्रतिशतसम्म नगद बाहेकका शेयर अनुमति दिने व्यवस्था, प्रिमियम शेयर, कर्मचारी शेयर योजना जस्ता प्रावधान समावेश गर्न

कम्पनीहरूको संस्थागत सामाजिक उत्तरदायित्व बापतको रकम परिचालनको एकीकृत कानूनी प्रवन्ध गर्न।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

<u>मौलिक हकमा पर्ने प्रभाव</u>

स्वतन्त्रताको हक- पेशा, व्यवसाय र उद्योग गर्ने स्वतन्त्रता सम्बन्धी मौलिक हकको कार्यान्वयनमा यसले सकारात्मक प्रभाव पार्ने।

रोजगारीको हक- व्यवस्थित कम्पनी प्रशासनले थप रोजगारी सृजना हुने जसले रोजगारीको हक र श्रमको हकमा पनि सकारात्मक प्रभाव पर्ने।

<u>मानव अधिकारमा पर्ने प्रभावः</u>

श्रमको अधिकार, मर्यादित काम लगायतका मानव अधिकारका विषयमा सकारात्मक प्रभाव पर्ने।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

कम्पनी दर्ता, अभिलेख व्यवस्थापन, प्रतिवेदन लगायत नियामकीय अनुपालन प्रक्रियाहरू विद्युतीय माध्यबाट हुने हुँदा समय लागत र प्रशासनिक जटिलता घट्न गई व्यसाय सञ्चालन सहजता (Ease of Doing Business) मा सुधार आउने। यसबाट कम्पनीहरूको दक्षता, प्रतिस्पर्धात्मक क्षमता र उत्पादकत्व अभिबृद्धिमा सहयोग पुग्ने साथै कर छली, सम्पत्ति लुकाउने प्रवृत्ति तथा अवैध कारोबार नियन्त्रणमा सहयोग पुग्न गई वित्तीय प्रणालीको पारदर्शिता र राजस्व संकलनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

मुलुकमा मर्यादित रोजगारी सिर्जना, औद्योगिक पूर्वाधार विकास, र नवप्रवर्तन (Innovation) तथा संस्थागत सुशासन, न्याय र बलिया निकायलाई प्रोत्साहन मिल्ने हुँदा दिगो विकासको लक्ष्य ८, ९ र १६ हासिल गर्न सहयोग पुग्नेछ।

**५. विधेयकको व्यवस्थाबाट सुशासनमा पर्ने प्रभावः**

कम्पनीहरूमा पारदर्शिता, जवाफदेहिता र संस्थागत सुशासनको स्तर वृद्धि हुनेछ। नियामक निकाय र कम्पनीहरूबीचको डिजिटल अन्तरसम्बन्धले अनियमितता र ढिलासुस्ती र भ्रष्टाचार न्यूनीकरण गर्न मद्दत गर्नेछ।

**गोप्य**

*मस्यौदा २०८३।०२।१३*

# कम्पनी कानून सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ को मस्यौदा

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

२०८३ जेठ

# विषय-सूची


परिच्छेद-१_प्रारम्भिक १
परिच्छेद-२ कम्पनीको संस्थापना ६
परिच्छेद-३_कम्पनीको प्रबन्धपत्र तथा नियमावली र कारोबार स्वीकृति १४
परिच्छेद-४_विवरणपत्र स्वीकृति र प्रकाशन १९
परिच्छेद -५_कम्पनीको सेयरका प्रकार, सेयर निष्कासन तथा बाँडफाँट २०
परिच्छेद -६_परिपत्र विधिबाट सेयर खरिद बिक्री २७
परिच्छेद -७_ऋण लिने तथा डिबेञ्चर निष्कासन २८
परिच्छेद -८_सेयर तथा डिबेञ्चर बिक्री र धितोबन्धक ३२
परिच्छेद-९_कम्पनीको सेयर पुँजी घटाउने वा बढाउने ३७
परिच्छेद- १०_कम्पनीले सेयर खरिदका लागि ऋण दिन, आफैंले सेयर खरिद गर्न र छुटमा बिक्री गर्न प्रतिबन्ध ४१
परिच्छेद -११ अग्राधिकार सेयर ४३
परिच्छेद -१२_लाभांश र बोनस सेयर ४४
परिच्छेद-१३_कम्पनीको सभा ४६
परिच्छेद-१४_सञ्चालक समिति ५६
परिच्छेद -१५ प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिव ६७
परिच्छेद-१६_सरकारी कम्पनी ७२
परिच्छेद-१७_सामुदायिक कम्पनी ७२
परिच्छेद-१८ प्राइभेट कम्पनीसम्बन्धी विशेष व्यवस्था ७५
परिच्छेद-१९ एकल सेयरधनीको कम्पनी ७७
परिच्छेद-२० विदेशी कम्पनीको शाखा तथा सम्पर्क कार्यालय ७८
परिच्छेद-२१ ऋण लगानी तथा आर्थिक सहायतामा नियन्त्रण ८२
परिच्छेद-२२ _सहायक कम्पनी उपर नियन्त्रण र सम्बद्ध पक्ष बीच कारोबार ८३
परिच्छेद -२३ कम्पनीको लेखा र लेखापरीक्षण ८६
परिच्छेद-२४ आन्तरिक नियन्त्रण प्रणाली र लेखापरीक्षण समिति ९१
परिच्छेद-२५ ऋण तिर्न सक्षम कम्पनीको स्वेच्छिक खारेजी ९२
परिच्छेद-२६ निष्क्रिय कम्पनीको खारेजी ९६
परिच्छेद-२७ कम्पनीको विलय तथा प्राप्ति ९९
परिच्छेद- २८ संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्था १०२
परिच्छेद-२९ रजिष्ट्रारको काम, कर्तव्य र अधिकार १०४
परिच्छेद-३० कम्पनीको निरीक्षण र कैफियत तलब १०६

परिच्छेद-३१ विद्युतीय सेवा प्रणालीको स्थापना र प्रयोग १०८
परिच्छेद-३२ लगानीकर्ता संरक्षण कोष ११०
परिच्छेद-३३ कम्पनीले विवरण पेस नगरे बापतको जरिबाना १११
परिच्छेद-३४ कम्पनीका सेयरधनीको हित संरक्षण ११२
परिच्छेद-३५ कम्पनी सम्बन्धी कसुर र सजाय ११४
परिच्छेद-३६ कम्पनीको संस्थागत सुशासन र सामाजिक जिम्मेवारी ११८
परिच्छेद-३७ विविध ११९

# कम्पनी कानून सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : उद्योग तथा व्यवसायका क्षेत्रमा लगानी प्रवर्धन गरी मुलुकको आर्थिक विकासमा गतिशीलता ल्याउन कम्पनीको संस्थापना, सञ्चालन तथा प्रशासन र नियमनलाई सरल, सहज र प्रविधिमैत्री बनाउन कम्पनी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यस ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "कम्पनी ऐन, २०८३" रहेको छ ।

(२) यस ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अग्राधिकार सेयर" भन्नाले कम्पनीको साधारण सेयरभन्दा पहिले लाभांश प्राप्त गर्ने अधिकार भएको सेयर सम्झनुपर्छ ।

(ख) "अदालत" भन्नाले नेपाल सरकारले सर्वोच्च अदालतको सहमतिमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको उच्च अदालतको वाणिज्य इजलास सम्झनुपर्छ ।

(ग) "अधिकृत पुँजी" भन्नाले कम्पनीको प्रबन्धपत्रमा उल्लेख भएबमोजिम सेयर बिक्री बापत सेयरधनीबाट प्राप्त गर्न सकिने अधिकतम सेयर पुँजी सम्झनुपर्छ ।

(घ) "कम्पनी" भन्नाले व्यक्ति वा व्यक्तिहरूको समूह सङ्गठित भई कानूनबमोजिम व्यापार, व्यवसाय वा उद्योग सञ्चालन, सार्वजनिक सेवा प्रवाह, पूर्वाधार विकास जस्ता काम गर्नका लागि यस ऐनबमोजिम संस्थापित कानूनी व्यक्ति सम्झनुपर्छ र सो शब्दले मुनाफा वितरण नगर्ने सामुदायिक कम्पनीलाई समेत जनाउँछ ।

(ङ) "कागजात तथा विवरण" भन्नाले प्रबन्धपत्र, नियमावली, विवरणपत्र, वार्षिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको विवरण, साधारण सभाबाट पारित प्रस्ताव, सञ्चालक समितिको निर्णय तथा प्रतिवेदन, सेयर विवरण लगायत यस ऐनबमोजिम कम्पनीले कार्यालय समक्ष पेस गर्ने सबै प्रकारका लिखत तथा कागजात सम्झनुपर्छ ।

(च) "कानून व्यवसायी" भन्नाले वरिष्ठ अधिवक्ता वा अधिवक्ता सम्झनुपर्छ ।

(छ) "कार्यालय" भन्नाले भन्नाले कम्पनीको प्रशासन गर्न नेपाल सरकारले स्थापना गरेको कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ र सो शब्दले कम्पनी रजिष्ट्रारको कार्यालयको शाखा कार्यालयलाई समेत जनाउँछ ।

(ज) "खुद सम्पत्ति" भन्नाले कम्पनीको कुल सम्पत्तिबाट सबै दायित्व र नोक्सानी घटाई बाँकी रहेको सम्पत्ति सम्झनुपर्छ ।

(झ) "चुक्ता पुँजी" भन्नाले कम्पनीको सेयरधनीले खरिद गर्न कबूल गरेको सेयर बापत भुक्तानी गरेको सेयर पुँजी सम्झनुपर्छ ।

(ञ) "जारी पुँजी" भन्नाले कम्पनीले जारी गरेको सेयर बापतको सम्पूर्ण पुँजी सम्झनुपर्छ ।

(ट) "डिबेञ्चर" भन्नाले कम्पनीले पुँजी वृद्धिका लागि निष्कासन गरेको ऋणपत्र वा बन्ड सम्झनुपर्छ ।

(ठ) "डिबेञ्चर ट्रष्टी" भन्नाले कम्पनीले डिबेञ्चर तथा ऋणपत्र निष्कासन गर्दा ऋणीको हित संरक्षणका लागि नियुक्त सङ्गठित संस्था सम्झनुपर्छ ।

(ड) "डिबेञ्चर दर्ता किताब" भन्नाले दफा ७५ बमोजिम डिबेञ्चर सम्बन्धी विवरण दर्ताका लागि राखिएको किताब सम्झनुपर्छ ।

(ढ) "धितोपत्र" भन्नाले कम्पनीले निष्कासन गरेको मौद्रिक मूल्य अङ्कित खरिद बिक्री गर्न सकिने वित्तीय उपकरण सम्झनुपर्छ र सो शब्दले सेयर, ऋणपत्र, बण्ड वा धितोपत्र बजारमा कारोबार गर्न सकिने अन्य मौद्रिक उपकरणलाई समेत जनाउँछ ।

(ण) "धितोपत्र बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी प्रचलित कानूनबमोजिम स्थापित नेपाल धितोपत्र बोर्ड सम्झनुपर्छ ।

(त) "नजिकको नातेदार" भन्नाले सगोलको पति वा पत्नी, सगोलको छोरा, छोरी, बुहारी, सगोलका बाबु, आमा, सौतेनी आमा, छोरा छोरी तर्फका नाति, नातिनी, नातिनी बुहारी; भिन्न भएका पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, भिन्न भएका छोरातर्फका नाति, नातिनी, भिन्न भएका बाजे, बज्यै, सगोलका जिजुबाजे, जिजुबज्यै, दाजु, भाइ, दिदी, बहिनी, विधवा भाउजू वा भाइ बुहारी, सगोलका काका, काकी, भतिजा, भतिजी, भिन्न भएका दाजु, भाइ, दिदी, बहिनी, भाउजू वा भाइ बुहारी सम्झनुपर्छ र सो शब्दले नजिकको अंशियारलाई समेत जनाउँछ ।

(थ) "नियमावली" भन्नाले कम्पनीको नियमावली सम्झनुपर्छ ।

(द) "नियामक निकाय" भन्नाले कम्पनीले गर्ने व्यवसाय वा कारोवारको इजाजत, परमिट, स्वीकृति वा सोही प्रकृतिका अनुमति प्रदान गर्न प्रचलित कानूनबमोजिम अधिकार प्राप्त निकायलाई सम्झनुपर्छ।

(ध) "पदाधिकारी" भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्विडेटर सम्झनुपर्छ र पब्लिक कम्पनीको हकमा सो शब्दले कम्पनीको विभागीय प्रमुखलाई समेत जनाउँछ ।

(न) "पब्लिक कम्पनी" भन्नाले कम्तीमा सात जना व्यक्ति संस्थापक रही सार्वजनिक रूपमा सर्वसाधारणलाई समेत सेयर बिक्री गर्ने उद्देश्य भएको प्राइभेट कम्पनी र सामुदायिक कम्पनी बाहेकको कम्पनी सम्झनुपर्छ ।

(प) "प्रतिकूल राय" भन्नाले कम्पनीको लेखा तथा लेखा कारोबार लगायत वित्तीय विवरण गलत वा भ्रमपूर्ण रहेको वा त्यसले कम्पनीको वास्तविक वित्तीय अवस्था प्रष्ट्याउन नसक्ने भनी लेखापरीक्षकले दिएको लिखित राय सम्झनु पर्छ ।

(फ) "प्रबन्धपत्र" भन्नाले कम्पनीको उद्देश्य, पुँजी संरचना र कानूनी हैसियत समेत उल्लेख भएको कम्पनीको प्रबन्धपत्र सम्झनुपर्छ र सो शब्दले समय समयमा भएको संशोधनलाई समेत जनाउँछ ।

(ब) "प्रबन्ध सञ्चालक" भन्नाले कम्पनीको प्रबन्ध सञ्चालक सम्झनुपर्छ ।

(भ) "प्राइभेट कम्पनी" भन्नाले अधिकतम एक सय एक जनासम्म सेयरधनी भएको र सार्वजनिक रूपमा सेयर निष्कासन नगर्ने कम्पनी सम्झनुपर्छ ।

(म) "प्राप्ति (एक्विजिसन)" भन्नाले एउटा कम्पनीले अर्को कम्पनी खरिद वा प्राप्ति गर्ने प्रक्रिया सम्झनुपर्छ ।

(य) "प्रिमियम मूल्यको सेयर" भन्नाले अङ्कित मूल्यभन्दा बढी मूल्य राखी कम्पनीले निष्कासन गरेको सेयर सम्झनुपर्छ ।

(र) "बोनस सेयर" भन्नाले कम्पनीको मुनाफाबाट बचत वा जगेडा कोष खडा गरी कम्पनीले आफ्ना सेयरधनीलाई दिएको थप सेयर सम्झनुपर्छ र सो शब्दले बचत वा जगेडा कोषलाई पुँजीकरण गरी सेयरको चुक्ता रकममा वृद्धि गरेको अवस्थालाई समेत जनाउँछ ।

(ल) "भिडियोकन्फरेन्स" भन्नाले इन्टरनेटको सुविधायुक्त कम्प्युटर सञ्जालमा आवद्ध रही अलग अलग स्थानबाट एकै समयमा सभा, बैठक, छलफल, सम्मेलन आदिमा सहभागी हुने विधि सम्झनुपर्छ ।

(व) "मन्त्रालय" भन्नाले नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनुपर्छ ।

(श) "मुख्य कम्पनी" भन्नाले सहायक कम्पनीको पचास प्रतिशतभन्दा बढी सेयर स्वामित्व भएको मातृ कम्पनीलाई सम्झनुपर्छ ।

(ष) "मेहनताना (स्वेट) सेयर" भन्नाले कम्पनीको व्यवसाय सञ्चालन वा व्यवसाय प्रवर्तन (स्टार्टअप) मा महत्वपूर्ण योगदान गरेबापत कम्पनीको तर्फबाट संस्थापक वा अन्य कुनै व्यक्तिलाई दफा ४५ बमोजिम दिइएको सेयर सम्झनुपर्छ ।

(स) "रजिष्ट्रार" भन्नाले कार्यालयको रजिष्ट्रार सम्झनुपर्छ ।

(ह) "राय दिन अस्वीकार (डिस्क्लेमर अफ ओपिनियन)" भन्नाले कम्पनीको लेखा तथा लेखा कारोबार लगायत वित्तीय विवरण सम्बन्धी कागजात तथा स्रेस्ता अध्ययन गर्न नदिएको वा असहयोग गरेको कारण यथार्थ रूपमा लेखापरीक्षण गर्न असमर्थ भई राय नदिएको अवस्था सम्झनुपर्छ ।

(क्ष) "लेखा" भन्नाले वित्तीय कारोबार भएको देखिने गरी प्रचलित कानूनबमोजिम राखिएको अभिलेख, खाता, किताब सम्झनुपर्छ र सो शब्दले वित्तीय कारोबारलाई प्रमाणित गर्ने अन्य कागजातलाई समेत जनाउँछ ।

(त्र) "वित्तीय विवरण" भन्नाले देहायका कागजात तथा प्रतिवेदनको तथ्याङ्कका आधारमा तयार गरिएको विवरण सम्झनुपर्छ-

(अ) आर्थिक वर्षको अन्त्यमा वा प्रचलित कानून बमोजिमको अवधिमा तयार गरिएको वासलात,

(आ) नाफा नोक्सान खाता र सामुदायिक कम्पनीको हकमा आम्दानी तथा खर्चको विवरण,

(इ) आर्थिक वर्षको नगद प्रवाह विवरण,

(ई) सेयरमा भएको परिवर्तन ।

(ज्ञ) "विदेशी कम्पनी" भन्नाले अन्य देशमा संस्थापना भई कार्यालयमा शाखा वा सम्पर्क कार्यालय दर्ता भएको कम्पनी सम्झनुपर्छ ।

(कक) "विद्युतीय प्रणाली" भन्नाले यस ऐन बमोजिम कम्पनीको संस्थापना, सञ्चालन तथा प्रशासन र नियमन सम्बन्धी कामकारवाहीका निवेदन, विवरण, सूचना र जानकारीलाईयस ऐन विद्युतीय स्वरूपमा प्रविष्टि, सम्प्रेषण , प्रशोधन, स्वीकृति र अभिलेख गर्ने प्रणालीलाई सम्झनुपर्छ । सो शब्दले कार्यालय तथा कम्पनीले एक अर्कोलाई सम्प्रेषण गरेका सबै प्रकारका कागजात विद्युतीय प्रणालीमा सुरक्षित रूपमा राख्ने प्रणालीलाई समेत जनाउँछ ।

(कख) "विलय (मर्जर)" भन्नाले दुई वा सो भन्दा बढी कम्पनीले एक आपसमा सहमती गरी आपसी सम्झौताका आधारमा एउटै कम्पनीमा परिणत हुने प्रक्रिया सम्झनुपर्छ ।

(कग) "विवरणपत्र" भन्नाले कम्पनीले आफ्नो सेयर, डिबेञ्चर वा धितोपत्र सार्वजनिक रूपमा बिक्रीको प्रस्ताव राखी प्रकाशन गरेको सूचना, परिपत्र, विज्ञापन वा जानकारीपत्र सम्झनुपर्छ र सो शब्दले सङ्क्षिप्त वा प्रारम्भिक विवरणपत्रलाई समेत जनाउँछ ।

(कघ) "विशेष प्रस्ताव" भन्नाले कम्पनीको साधारण सभा वा विशेष साधारण सभामा उपस्थित सेयरधनीको दुई तिहाई बहुमतबाट पारित प्रस्ताव सम्झनुपर्छ ।

(कङ) "सञ्चालक" भन्नाले सञ्चालकका रूपमा नियुक्त वा मनोनित व्यक्ति सम्झनुपर्छ र सो शब्दले सञ्चालक समितिको अध्यक्ष, स्वतन्त्र सञ्चालक र वैकल्पिक सञ्चालकलाई समेत जनाउँछ ।

(कच) "सञ्चालक समिति" भन्नाले कम्पनीको सञ्चालक समितिलाई सम्झनुपर्छ ।

(कछ) "सम्बद्ध पक्ष" भन्नाले कम्पनीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आवद्ध रहेको देहायबमोजिमको पदाधिकारी, व्यक्ति वा संस्था सम्झनुपर्छ-

(अ) कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी निर्देशक वा निजको नजिकको नातेदार,

(आ) कम्पनीको व्यवस्थापन तहमा कार्यरत पदाधिकारी वा निजको नजिकको नातेदार,

(इ) कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी निर्देशक वा निजको नजिकको नातेदार साझेदार रहेको फर्म वा कम्पनी,

(ई) कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक वा कार्यकारी निर्देशक सदस्य वा सञ्चालक रहेको प्राइभेट कम्पनी,

(उ) पब्लिक कम्पनीको चुक्ता पुँजीकोएक प्रतिशत भन्दा बढी सेयर स्वामित्व भएको सञ्चालक, प्रबन्ध सञ्चालक वा कार्यकारी निर्देशक,

(ऊ) कम्पनीको सञ्चालक समिति, प्रबन्ध सञ्चालक वा कार्यकारी निर्देशकको निर्देशन, सल्लाह वा प्रभावमा काम गर्ने अर्को कम्पनी वा सङ्गठित संस्थाको सञ्चालक समिति, प्रबन्ध सञ्चालक, कार्यकारी निर्देशक वा निजको नजिकको नातेदार,

(ऋ) कम्पनीको सञ्चालक समिति, सञ्चालक, प्रबन्ध सञ्चालक वा कार्यकारी निर्देशकलाई निर्देशन वा सुझाव दिन सक्ने हैसियतको व्यक्ति ।

(कज) "सरकारी कम्पनी" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको एकल वा संयुक्त रूपमा पूर्ण वा पचास प्रतिशत भन्दा बढी सेयर स्वामित्व रहेको कम्पनी सम्झनुपर्छ र सो शब्दले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व रहेको सङ्गठित संस्थाको पूर्ण वा पचास प्रतिशत भन्दा बढी सेयर स्वामित्व रहेको कम्पनीलाई समेत जनाउँछ ।

(कझ) "सहायक कम्पनी" भन्नाले देहायबमोजिम मुख्य कम्पनीको नियन्त्रणमा रहेको कम्पनी सम्झनुपर्छ-

(अ) पचास प्रतिशत भन्दा बढी सेयरभएको, वा

(आ) लगानी सम्बन्धी सम्झौता वा सेयरधनीबीचको सम्झौताका आधारमा सञ्चालक समितिको गठन वा बहुमत सञ्चालकको नियुक्ति गर्ने अधिकार प्राप्त गरेको ।

(कञ) "साधारण प्रस्ताव" भन्नाले कम्पनीको साधारण सभा वा विशेष साधारण सभामा उपस्थित सेयरधनीको सामान्य बहुमतबाट पारित गरिने प्रस्ताव सम्झनुपर्छ ।

(कट) "साधारण सेयर" भन्नाले कम्पनीको साधारण सभामा मतदान गर्ने अधिकार सहितको सेयर सम्झनुपर्छ ।

(कठ) "सामुदायिक कम्पनी" भन्नाले सार्वजनिक हित प्रवर्धन गर्ने उद्देश्यले कम्पनीका सदस्यलाई लाभांश वा अन्य कुनै प्रतिफल वितरण नगर्ने सर्तमा कुनै उद्यम गर्न संस्थापना भएको कम्पनी सम्झनुपर्छ ।

(कड) "सूचीकृत कम्पनी" भन्नाले प्रचलित नेपाल कानूनबमोजिम स्थापित धितोपत्र विनिमय बजारमा सेयर वा धितोपत्र सूचीकृत गरेको कम्पनी सम्झनुपर्छ ।

(कढ) "सेयर" भन्नाले कम्पनीको सेयर पुँजीको विभाजित अंश सम्झनुपर्छ ।

(कण) "सेयर दर्ता किताब" भन्नाले दफा ५३ बमोजिम सेयरको विस्तृत विवरण प्रविष्टि गर्ने किताब सम्झनुपर्छ ।

(कत) "सेयरधनी" भन्नाले कम्पनीको सेयरमा स्वामित्व र हक भएको व्यक्ति सम्झनुपर्छ ।

(कथ) "संस्थापक" भन्नाले कम्पनी संस्थापनाको समयमा स्वपुँजी लगानी सहित प्रबन्धपत्रमा संस्थापकका रूपमा हस्ताक्षर गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले कम्पनीमा पाँच प्रतिशत वा सोभन्दा बढी सेयर पुँजी लगानी गरी कम्पनीको व्यवस्थापनमा प्रत्यक्ष नियन्त्रण भएको सेयरधनीलाई समेत जनाउँछ ।

(कद) "हकवाला" भन्नाले खण्ड (त) मा उल्लिखित नजिकको नातेदार सम्झनुपर्छ ।

## परिच्छेद-२

## कम्पनीको संस्थापना

३. कम्पनीको संस्थापनाः (१) प्रचलित नेपाल कानूनबमोजिम स्वीकृत कार्य गर्न र एक वा एकभन्दा बढी उद्देश्य प्राप्तिका लागि देहायबमोजिम कम्पनी संस्थापना गर्न सकिनेछ,-

(क) सात वा सो भन्दा बढी व्यक्ति संस्थापक भएको पब्लिक कम्पनी,

तर सरकारी कम्पनी संस्थापना गर्न सात जना संस्थापकको आवश्यकता पर्ने छैन।

(ख) दुई वा सो भन्दा बढी व्यक्ति संस्थापक भएको प्राइभेट कम्पनी,

(ग) एक जना मात्र सेयरधनी वा संस्थापक भएको एकल प्राइभेट कम्पनी,

(घ) पाँच जना वा सो भन्दा बढी व्यक्ति संस्थापक भएको सामुदायिक कम्पनी ।

(२) उपदफा (१) बमोजिम संस्थापित कम्पनीको दायित्व देहायबमोजिम हुनेछ-

(क) कम्पनीको प्रबन्धपत्रमा उल्लिखित सेयर पुँजीसम्म मात्र दायित्व सीमित रहने कम्पनी,

(ख) कम्पनीको प्रबन्धपत्रमा उल्लिखित प्रतिभूतिसम्म मात्र दायित्व सीमित रहने कम्पनी ।

४. कम्पनी संस्थापनाको लागि निवेदन दिनुपर्नेः (१) दफा ३ बमोजिम कम्पनी संस्थापना गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले दफा ८ बमोजिम कम्पनीको नाम स्वीकृत गराई देहाय बमोजिम कागजात तथा विवरण संलग्न गरी अनुसूची-१ को ढाँचामा विद्युतीय प्रणालीमार्फत कार्यालय समक्ष निवेदन दिनुपर्नेछ -

(क) सबै संस्थापकले हस्ताक्षर गरेको प्रबन्धपत्र र नियमावली,

(ख) पब्लिक कम्पनीको हकमा कम्पनी संस्थापना गर्नु अघि संस्थापक बीच कुनै सम्झौता भएकोमा त्यस्तो सम्झौता,

(ग) कम्पनी संस्थापनाका लागि कुनै निकायको पूर्व स्वीकृति आवश्यक पर्ने भए त्यस्तो स्वीकृति,

(घ) नेपाली नागरिकताको प्रमाणपत्र रराष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर,

(ङ) गैर आवासीय नेपालीको हकमा गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र वा गैर आवासीय नेपाली परिचयपत्र

(च) पहिले संस्थापना भएको कम्पनीको नामसँग मिल्ने गरी प्रस्तावित कम्पनीको नाम नरहेको र संस्थापक प्रचलित नेपाल कानूनबमोजिम कम्पनी संस्थापना गर्न अयोग्य नभएको स्वघोषणा,

(छ) कम्पनी संस्थापक हुने भएमा त्यस्तो कम्पनीको दर्ता नम्बर र प्रस्तावित कम्पनी संस्थापना गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, त्यस्तो कम्पनीको संस्थापक सेयरधनी र लाभार्थीको पहिचान सम्बन्धी कागजात र त्यस्तो कम्पनीको सहायक कम्पनीको तह भए सो सम्बन्धी जानकारी,

(ज) सरकारी कम्पनी संस्थापना गरिने भएमा देहायबमोजिमको निर्णय-

(अ) नेपाल सरकारले कम्पनी संस्थापना गर्ने भएमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय,

(आ) प्रदेश सरकारले कम्पनी संस्थापना गर्ने भएमा सम्बन्धित प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय,

(इ) स्थानीय तहले कम्पनी संस्थापना गर्ने भएमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको निर्णय ।

तर प्रदेश सरकार र स्थानीय तहले संस्थापना गर्ने सरकारी कम्पनीको हकमा नेपाल सरकार अर्थ मन्त्रालयको सहमती लिनु पर्नेछ ।

(झ) सार्वजनिक संस्थान वा विकास समितिलाई कम्पनीमा परिणत गर्ने भए त्यससम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय,

(ञ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व रहेको सङ्गठित संस्थाले कम्पनी संस्थापना गर्ने भएमा त्यस्तो संस्थाको सञ्चालक समिति वा बोर्डको निर्णय,

(२) विदेशी व्यक्ति वा कम्पनी संस्थापक भएको कम्पनी संस्थापनाका लागि निवेदन दिँदा उपदफा (१) बमोजिमकोकागजात तथा विवरणका अतिरिक्त देहायका कागजात तथा विवरण समेत संलग्न गर्नुपर्नेछ-

(क) संस्थागत लगानी भएमा त्यस्तो संस्था वा कम्पनी दर्ता सम्बन्धी प्रमाणपत्र, र व्यक्तिगत लगानी भए सम्बन्धित व्यक्तिको राहदानी,

(ख) विदेशी कम्पनीको प्रबन्धपत्र र नियमावली र नेपालमा कम्पनी संस्थापना गर्ने सम्बन्धमा त्यस्तो कम्पनीको सञ्चालक समिति वा बोर्डबाट भएको निर्णय,

(ग) नेपालमा विदेशी लगानी वा प्रविधि हस्तान्तरणका लागि उद्योग विभाग वा अन्य सम्बन्धित निकायले लगानी वा प्रविधि हस्तान्तरण गर्न दिएको स्वीकृतिपत्र,

(घ) संस्थागत लगानी गर्ने कम्पनीले तोकेको आधिकारिक प्रतिनिधिको राहदानी र प्रवेशाज्ञा (भिसा),

(३) उपदफा (१) वा (२) बमोजिमको निवेदन र संलग्न कागजात अध्ययन गर्दा कम्पनी संस्थापनाका लागि थप प्रमाण वा स्पष्टीकरण पेस गर्न आवश्यक देखिएमा कार्यालयले तीन कार्य दिनभित्र सम्बन्धित निवेदकलाई जानकारी दिनुपर्नेछ र सो बमोजिम सम्बन्धित निवेदकले थप प्रमाण वा स्पष्टीकरण पेस गर्नुपर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्राप्त निवेदन, संलग्न कागजात तथा विवरण छानबिन गर्दा निवेदकको माग बमोजिम कम्पनी दर्ता हुनसक्ने देखिएमा कार्यालयले सात दिनभित्र कम्पनी दर्ताको निर्णय गर्नुपर्नेछ ।

५. कम्पनी दर्ता प्रमाणपत्र दिनुपर्नेः (१) दफा ४ को उपदफा (४) बमोजिम कम्पनी दर्ताको निर्णय पश्चात् कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदकलाई कम्पनी दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनी दर्ताको प्रमाणपत्र प्राप्त गर्न अनुसूची-३ बमोजिमको शुल्क बुझाएको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम कम्पनी दर्ताको प्रमाणपत्र प्राप्त गरेपछि त्यस्तो प्रमाणपत्रमा उल्लिखित नामको कम्पनी कानूनबमोजिम संस्थापना हुनेछ ।

(४) यस दफा बमोजिम कम्पनी दर्ताको प्रमाणपत्रका साथै कार्यालयले कम्पनीको प्रमाणित प्रबन्धपत्र र नियमावली निवेदकलाई दिनुपर्नेछ ।

६. कम्पनी दर्ता र अन्य शुल्क : (१) यस ऐनबमोजिम कम्पनी दर्ता लगायत कार्यालयले प्रदान गर्ने सेवा बापतको शुल्क अनुसूची -३ बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क सङ्घीय सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

७. कम्पनी शब्द प्रयोग गर्न नहुनेः (१) यस ऐनबमोजिम कम्पनी दर्ता नगरी कुनै पनि व्यक्तिले “कम्पनी” शब्द प्रयोग गरी कुनै पनि किसिमको व्यवसाय वा कारोबार गर्नु वा गराउनु हुँदैन ।

(२) उपदफा (१) विपरीत कम्पनी शब्दको प्रयोग गरेमा यस ऐनबमोजिम सजाय हुनेछ ।

८. कम्पनीको नामः यस ऐनबमोजिम कम्पनी दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची-४ अनुसार अनलाईनमा आधारित विद्युतीय प्रणालीमार्फतकम्पनीको नाम प्रस्ताव गरी कार्यालयको स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

९. कम्पनी दर्ता अस्वीकृत गर्नसक्नेः (१) देहायबमोजिमको अवस्था विद्यमान भएमा कार्यालयले कम्पनी दर्ता अस्वीकृत गर्न सक्नेछ-

(क) अनुसूची-४ को प्रतिकूल हुने गरी कम्पनीको नाम राखेमा,

(ख) धार्मिक, सामाजिक, सांस्कृतिक विचलन ल्याउने वा घृणा वा द्वैष फैलाउने,

(ग) प्रचलित नेपाल कानून विपरीतका उद्देश्य राखेमा, वा

(घ) दफा ४ को उपदफा (३) बमोजिम माग गरिएको थप प्रमाणवा स्पष्टीकरण पेस नगरेमा।

(२) उपदफा (१) बमोजिम कार्यालयले कम्पनी दर्तालाई अस्वीकृत गरेकोमा सो सम्बन्धी सूचना त्यस्तो निर्णय हुनासाथ सम्बन्धित निवेदकलाई दिनुपर्नेछ ।

(३) कार्यालयले उपदफा (२) बमोजिम कम्पनी दर्ता अस्वीकृत गरेमा सो विरुद्ध निवेदकले पैंतीस दिनभित्र अदालत समक्ष उजुर गर्न सक्नेछ ।

१०. कम्पनी सङ्गठित संस्था हुनेः (१) यस ऐनबमोजिम संस्थापित कम्पनी अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) कम्पनीले व्यक्ति सरह चल, अचल, मूर्त, अमूर्त लगायत सबै प्रकारका सम्पत्ति प्राप्त गर्न, स्वामित्व ग्रहण गर्न, खरिद बिक्री गर्न वा अन्य किसिमले प्रयोग वा उपभोग गर्न सक्नेछ ।

(३) कम्पनीले आफ्नो नामबाट अड्डा, अदालतमा उजुर गर्न र त्यस्तो कम्पनी विरुद्ध पनि उजुर दायर हुनसक्नेछ ।

११. कम्पनीले विनिमेयपत्र लेख्न, स्वीकार गर्नसक्नेः (१) कम्पनीले आफ्नो नामबाट विनिमेयपत्र वा प्रतिज्ञापत्र लेख्न, खिच्न, स्वीकार वा दरपीठ गर्ने लगायतका कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि कम्पनीले कुनै व्यक्ति वा निजको प्रतिनिधिलाई अख्तियारी वा अधिकारपत्र दिनसक्नेछ ।

१२. कम्पनीको छाप र त्यसको प्रयोगः (१) कम्पनीले आफ्नो पूरा नामको छाप बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छाप कम्पनीले आफ्नो नामबाट पत्राचार, कारोबार गर्दा वा सबै प्रकारका आधिकारिक कागजात, लिखतमा प्रयोग गर्नुपर्नेछ ।

१३. कम्पनीको कार्यालयको ठेगाना र साइन बोर्डः (१) कम्पनी संस्थापना भएको तीन महिनाभित्र प्रत्येक कम्पनीले आफ्नो रजिष्टर्ड कार्यालयको ठेगाना सम्बन्धी जानकारी कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(२) कम्पनी दर्ता भएपछि कम्पनीले आफ्नो टेलिफोन नम्बर, इमेल र ठेगाना परिवर्तन भएमा सोको जानकारी कार्यालयलाई दिनुपर्नेछ ।

(३) प्रत्येक कम्पनीले आफ्नो रजिष्टर्ड कार्यालयको बाहिर सबैले देख्ने र पढ्न सक्ने गरी कम्पनीको नाम तथा ठेगाना नेपाली भाषामा लेखिएको साइन बोर्ड राख्नुपर्नेछ ।

१४. कम्पनीको दायित्व सीमित हुनेः यस ऐनबमोजिम संस्थापित कम्पनीको दायित्व प्रबन्धपत्रमा उल्लिखित सेयर पुँजीको अधिकतम रकम वा प्रबन्धपत्रमा उल्लिखित प्रतिभूतिसम्म मात्र सीमित रहनेछ ।

१५. सेयरधनीको सङ्ख्याः (१) पब्लिक कम्पनीमा सेयर धनीको सङ्ख्या प्रबन्धपत्रमा उल्लेख भएबमोजिम र प्राइभेट कम्पनीमा अधिकतम एक सय एक सम्म हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेहनताना सेयर वा कर्मचारी सेयर योजना अन्तर्गत कम्पनीको सेयर प्राप्ति वा खरिद गरेको अवस्थामा त्यस्तो सेयर प्राप्त गर्ने व्यक्तिलाई सेयरधनीमा गणना गरिने छैन ।

१६. <u>कम्पनीले पालन गर्नुपर्ने सर्त</u>ः (१) यस ऐनबमोजिम संस्थापित कम्पनीले यस ऐन, यस ऐन अन्तर्गत बनेका नियमहरू, कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही देहायका सर्तको पालना गर्नुपर्नेछ-

(क) पब्लिक कम्पनीले आफ्नो नामको पछाडि "लिमिटेड" र प्राइभेट कम्पनीले आफ्नो नामको पछाडि "प्राइभेट लिमिटेड" शब्द लेख्नुपर्ने,

(ख) सामुदायिक कम्पनीले आफ्नो नामको पछाडि "सामुदायिक कम्पनी" लेख्नुपर्ने,

(ग) सम्पूर्ण काम कारबाही र कारोबार कम्पनीको नामबाट मात्र गर्नुपर्ने,

(घ) प्राइभेट कम्पनीले आफ्नो सेयर र डिबेञ्चर सार्वजनिक रूपमा निष्कासन र बिक्री गर्न नहुने,

(ङ) पब्लिक कम्पनीले विवरणपत्र प्रकाशन नगरी सार्वजनिक रूपमा सेयर वा डिबेञ्चर बिक्री र बाँडफाँट गर्न नहुने,

(च) साझेदारी फर्म वा प्राइभेट फर्म स्थापना गर्न नहुने,

(छ) संस्थापना भएको मितिले बढीमा पाँच बर्षभित्र पब्लिक कम्पनीले सार्वजनिक रूपमा सेयर निष्कासन र बाँडफाँट गर्ने,

(ज) पब्लिक कम्पनीले सर्वसाधारणको जानकारीका लागि अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी प्रकाशन गर्ने,

(झ) सामुदायिक कम्पनीले आफ्ना सदस्य वा कर्मचारीलाई बोनस सेयर वा लाभांश वितरण र अन्य कम्पनीको सेयर खरिद नगर्ने,

(ञ) व्यावसायिक समदुरीको सिद्धान्त (प्रिन्सिपल अफ आर्म्स लेन्थ) अवलम्बन गर्ने ।

(२) उपदफा (१) मा उल्लिखित सर्तका अतिरिक्त नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कम्पनीले पालना गर्नुपर्ने अन्य सर्त तोक्न सक्नेछ ।

१७. <u>पब्लिक कम्पनीको चुक्ता पुँजी</u>ः (१) पब्लिक कम्पनीको चुक्ता पुँजी देहायबमोजिम हुनेछ-

(क) सूचीकृत कम्पनीको चुक्ता पुँजी कम्तीमा पच्चिस करोड रूपैयाँ,

(ख) सूचीकृत बाहेकका अन्य पब्लिक कम्पनीको चुक्ता पुँजी कम्तीमा पाँच करोड रूपैयाँ ।

(२) यस ऐन प्रारम्भ हुँदाको समयमा कुनै पब्लिक कम्पनीको चुक्ता पुँजी उपदफा (१) मा उल्लेख भए भन्दा कम भएमा यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र सो बमोजिमको चुक्ता पुँजी कायम गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिमा चुक्ता पुँजी कायम नगरेमा न्यूनतम चुक्ता पुँजी कायम गर्न बाँकी रकमको शुन्य दशमलव एक प्रतिशतले हुन आउने विलम्ब शुल्क बुझाइ अर्को एक वर्षसम्म चुक्ता पुँजी वृद्धि गर्न कार्यालयले म्याद थप गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिमाचुक्ता पुँजी वृद्धि नगर्ने कम्पनीलाईकार्यालयले दफा २० बमोजिम पब्लिक कम्पनीबाट प्राइभेट कम्पनीमा परिणत गर्नेछ ।

१८. खास कारोबारका लागि पब्लिक कम्पनी संस्थापना गर्नुपर्नेः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम व्यवसाय वा कारोबार सञ्चालन गर्न पब्लिक कम्पनी संस्थापना गर्नुपर्नेछ-

(क) खानी तथा खनिज पदार्थ (तामा, फलाम, सुन, चाँदी, प्राकृतिक ग्याँस, पेट्रोलिय पदार्थ) उत्खनन, प्रशोधन,

(ख) दूरसञ्चार सेवा,

(ग) धितोपत्रको कारोबार (खरिद बिक्री),

(घ) धितोपत्र बजार सञ्चालन,

(ङ) निवृत्तिभरण वा अवकाश कोष,

(च) बिमा,

(छ) बैङ्क तथा वित्त,

(ज) लगानी (पोर्टफोलियो) व्यवस्थापन,

(झ) विप्रेषण (रेमिट्यान्स),

(ञ) वस्तु विनिमय बजार,

(ट) विद्युत उत्पादन, प्रसारण तथा वितरण (पाँच मेगावाटभन्दा माथिको)

(ठ) सामूहिक बचत कोष (म्युच्युअल फण्ड),

(ड) पचास करोड रूपैयाँ वा सोभन्दा बढीको विदेशी लगानी,

(ढ) रज्जुमार्ग मार्फत यातायात सञ्चालन (केबलकार वा पोडवे),

(ण) सरकारी कम्पनी,

(त) साख मूल्याङ्कन (क्रेडिट रेटिङ्ग),

(थ) समयसमयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरेको अन्य व्यवसाय वा कारोबार ।

(२) यस ऐन प्रारम्भ हुँदाका बखत कुनै प्राइभेट कम्पनीले उपदफा (१) बमोजिमको व्यवसाय वा कारोबार सञ्चालन गरिरहेको भए यस ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो प्राइभेट कम्पनीलाई पब्लिक कम्पनीमा परिणत गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिमा पब्लिक कम्पनीमा परिणत नगरेमा कार्यालयले देहाय बमोजिमको विलम्ब शुल्क लिई पब्लिक कम्पनीमा परिणत गर्ने म्याद थप गर्न सक्नेछ,-

(क) पहिलो वर्षको हकमा चुक्ता पुँजीको शुन्य दशमलव एक प्रतिशतले हुन आउने रकम,

(ख) दोस्रो वर्ष सोभन्दा बढीको हकमा प्रति वर्ष चुक्ता पुँजीको शुन्य दशमलव तीन प्रतिशतले हुन आउने रकम ।

१९. <u>प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुनसक्ने</u>: (१) पब्लिक कम्पनीमा परिणत हुन चाहने प्राइभेट कम्पनीले कम्पनीको साधारण सभाले पब्लिक कम्पनीमा परिणत गर्न पारित गरेको विशेष प्रस्ताव र संशोधित प्रबन्धपत्र र नियमावली सहित अनुसूची-५ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर छानबिन गर्दा पब्लिक कम्पनीमा परिणत हुनसक्ने देखिएमा कार्यालयले अनुसूची-३ बमोजिमको शुल्क लिई त्यस्तो प्राइभेट कम्पनीलाई पब्लिक कम्पनीमा परिणत गरी अनुसूची-६ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत भएमा त्यस्तो प्राइभेट कम्पनीको सबै सम्पत्ति र दायित्व पब्लिक कम्पनीमा हस्तान्तरण हुनेछ ।

२०. <u>पब्लिक कम्पनी प्राइभेट कम्पनीमा परिणत हुने</u>: (१) देहायको अवस्थामा पब्लिक कम्पनी प्राइभेट कम्पनीमा परिणत गर्नुपर्नेछ-

(क) संस्थापक सेयरधनी सातजना भन्दा कम भएमा, वा

(ख) कम्पनीको पुँजी घटाएमा वा अन्य कुनै कारणले दफा १७ को उपदफा (१) बमोजिमको चुक्ता पुँजी कायम नरहेमा ।

(२) उपदफा (१) बमोजिमको अवस्था सिर्जना भएमा त्यस्तो अवस्था सिर्जना भएको मितिले छ महिनाभित्र सम्बन्धित कम्पनीले प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी प्राइभेट कम्पनीमा परिणत गर्न कार्यालय समक्ष अनुसूची-७ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन तथा संलग्न कागजातका सम्बन्धमा छानबिन गर्दा प्राइभेट कम्पनीमा परिणत हुनसक्ने देखिएमा कार्यालयले अनुसूची-३ बमोजिम शुल्क लिई त्यस्तो पब्लिक कम्पनीलाई प्राइभेट कम्पनीमा परिणत गरी अनुसूची-६ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पब्लिक कम्पनी प्राइभेट कम्पनीमा परिणत भएमा त्यस्तो पब्लिक कम्पनीको सबै सम्पत्ति तथा दायित्व पछिल्लो प्राइभेट कम्पनीमा हस्तान्तरण हुनेछ ।

२१. <u>साझेदारी फर्म वा प्राइभेट फर्म कम्पनीमा दर्ता हुनसक्ने</u>: (१) प्रचलित नेपाल कानुनबमोजिम दर्ता भई सञ्चालनमा रहेको साझेदारी फर्म वा प्राइभेट फर्मको धनीले त्यस्तो साझेदारी फर्म वा प्राइभेट फर्मलाई प्राइभेट वा पब्लिक कम्पनीका रूपमा दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनी दर्ता गर्न चाहेमा दफा ८ बमोजिम कम्पनीको नाम स्वीकृत गरी दफा ४ बमोजिमका कागजात तथा विवरण सहित अनुसूची-५ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

यस ऐन(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर छानबिन गर्दा त्यस्तो साझेदारी फर्म वा प्राइभेट फर्म कम्पनीका रूपमा दर्ता हुनसक्ने देखिएमा कार्यालयले अनुसूची-३ बमोजिम शुल्क लिई अनुसूची-२ बमोजिमको ढाँचामा कम्पनी दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(४) यो दफा बमोजिम साझेदारी फर्म वा प्राइभेट फर्म कम्पनीका रूपमा दर्ता भएमा त्यस्तो साझेदारी फर्म वा प्राइभेट फर्मको सम्पत्ति र दायित्व उपदफा (३) बमोजिम दर्ता भएको कम्पनीमा हस्तान्तरण हुनेछ ।

२२. म्याद वा सूचना तामेली वा पत्राचार : (१) कम्पनीसँग सम्बन्धित म्याद, सूचना वा पत्राचार कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगानामा बुझाउन वा तामेल गर्न सकिनेछ ।

(२) कम्पनीले आफ्नो काम कारबाहीसँग सम्बन्धित विषयमा कम्पनीको सञ्चालक, पदाधिकारी वा कर्मचारीको नाममा कुनै पत्राचार गर्न वा म्याद, सूचना पठाउनु परेमा कम्पनीको रजिष्टर्ड कार्यालयमा बुझाउन वा तामेल गर्न सकिनेछ र यसरी बुझाइएमा वा तामेली गरिएमा कानून सम्मत बुझाइएको वा तामेल गरिएको मानिनेछ ।

(३) कम्पनीको प्रत्येक सेयरधनी र सञ्चालकले कम्पनीसँग पत्राचार गर्ने वा म्याद सूचना तामेल गर्ने प्रयोजनका लागि आफ्नो आधिकारिक ठेगाना, इमेल र मोबाइल नम्बर कम्पनीलाई दिनुपर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको ठेगानामा पत्राचार वा म्याद, सूचना तामेल गरिएमा कानूनसम्मत रूपमा बुझाएको वा तामेल गरिएको मानिनेछ ।

(५) कम्पनीको नामको म्याद, सूचना हुलाक मार्फत वा कम्पनीको इमेल, वा अन्य विद्युतीय माध्यमबाट पनि तामेल गर्न सकिनेछ ।

(६) यो दफा बमोजिम सूचना, म्याद, बन्दसवाल तामेल गर्न नसकिएमा सम्बन्धित कम्पनी, त्यसका सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई रेडियो, टेलिभिजन वा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रसारण वा प्रकाशन गरी जानकारी दिन सकिनेछ ।

२३. कम्पनी संस्थापना पूर्वको खर्च : (१) कम्पनी संस्थापनाको सम्बन्धमा भएको खर्च कम्पनीले व्यहोर्ने विषयमा प्रबन्धपत्रमा उल्लेख भएको अवस्थामा सञ्चालक समितिबाट स्वीकृत गरी कम्पनीले त्यस्तो खर्च भुक्तानी दिनसक्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित खर्च रकम बाहेक कम्पनीले दायित्व वहन गर्ने प्रकृतिको कुनै कारोबार वा करार गरेको रहेछ भने त्यस्तो कारोबार वा करारलाई सञ्चालक समितिले स्वीकृत गरेको अवस्थामा बाहेक त्यस्तो खर्च वा दायित्व वहन गर्न कम्पनी बाध्य हुनेछैन ।

## परिच्छेद-३

## कम्पनीको प्रबन्धपत्र तथा नियमावली र कारोबार स्वीकृति

२४. कम्पनीको प्रबन्धपत्रः (१) कम्पनीको प्रबन्धपत्रमा अन्य विषयका अतिरिक्त देहायबमोजिमका विषय समावेश गर्नुपर्नेछ-

(क) कम्पनीको नाम र नामको अन्त्यमा पब्लिक कम्पनीको हकमा "पब्लिक लिमिटेड" र प्राइभेट कम्पनीको हकमा "प्राइभेट लिमिटेड" शब्द राख्ने,

(ख) कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना,

(ग) कम्पनी संस्थापनाको उद्देश्य,

(घ) संस्थापक तथा सेयरधनीको दायित्व,

(ङ) कम्पनीको अधिकृत पुँजी, जारी पुँजी र चुक्ता पुँजी,

(च) कम्पनीको सेयरको प्रकार र सेयर सङ्ख्या, सेयरमा रहने हक अधिकार, प्रत्येक सेयरको मूल्य,

(छ) सेयर खरिद बिक्री वा हस्तान्तरणमा कुनै बन्देज भए सो कुरा,

(ज) प्राइभेट कम्पनीको हकमा अधिकतम सेयर सङ्ख्या,

(झ) एकल कम्पनीको हकमा त्यस्तो कम्पनीको सेयरधनीको मृत्यु भएमा हक प्राप्त गर्ने व्यक्तिको नाम, थर रठेगाना,

(ञ) अन्य आवश्यक विवरण ।

(२) कम्पनीका सेयरधनीको दायित्व आफूले प्रतिभूति गरेको हदसम्म मात्र सीमित रहने भएमा उपदफा (१) मा उल्लिखित विषयका अतिरिक्त देहायका विषय समेत समावेश गर्नुपर्नेछ-

(क) कम्पनी खारेजीमा लाग्ने रकम र त्यसको स्रोत,

(ख) कम्पनी खारेज हुने भएमा कम्पनीको ऋण तथा दायित्व वहन ।

(३) उपदफा (१) मा लेखिएका कुराहरूको अतिरिक्त देहायका कुनै कुरा गरिने वा हुने भएमा त्यस्ता कुराहरू समेत प्रबन्धपत्रमा उल्लेख भएको हुनु पर्नेछ :-

(क) संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक अरु कुनै किसिमबाट सेयर खरिद गर्ने वा सेयरमा हक पाउने भए सो कुरा,

(ख) कम्पनीले कारोबार शुरू गर्दाको बखत संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गर्ने भए सो कुरा,

(ग) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्ने भए सो कुरा,

(घ) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने भए सो कुरा ।

(४) उपदफा (३) को खण्ड (क) मा उल्लेख भए बमोजिम संस्थापक वा अन्य कुनै व्यक्तिले नगद बाहेक अरु कुनै किसिमबाट सेयर खरिद गर्दा वा सेयरमा हक प्राप्त गर्दा नगद बाहेक अन्य कुराको र खण्ड (ख) मा उल्लेख भए अनुसार कम्पनीको काम शुरू गर्दाको

अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कम्पनीले कुनै सम्पत्ति प्राप्त गर्दा पब्लिक कम्पनीको हकमा प्रचलित कानून बमोजिम मूल्याङ्कन गर्न प्रमाणपत्र प्राप्त इन्जिनियर वा लेखा व्यवसायीबाट त्यस्तो सम्पत्तिको मूल्याङ्कन गराउनुपर्ने छ ।

(५) उपदफा (४) बमोजिम कुनै सम्पत्तिको मूल्याङ्कन गर्ने आधार तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएकोमा त्यस्तो सम्पत्ति मूल्याङ्कन गर्ने व्यक्तिले सम्पत्तिको विवरण मूल्याङ्कन गर्दाको आधार उल्लेख गर्नु पर्नेछ ।

(६) कम्पनीले कम्पनी संस्थापना भएपछि पनि संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरू कुनै किसिमबाट सेयर खरिद, जारी वा सेयरमा हक प्राप्त गर्ने अधिकार प्रदान गर्न सक्नेछ ।

(७) कम्पनीले संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरू कुनै किसिमबाट सेयर निष्कासन वा बिक्री गर्दा वा हक प्रदान गर्दा कम्पनीको साधारण सभाबाट विशेष प्रस्ताव पारित गर्नु पर्नेछ । त्यसरी विशेष प्रस्ताव पारित गर्दा सेयर डिस्काउन्टमा निष्कासन वा बिक्री गर्ने निर्णय गर्न सक्नेछ ।

(८) यस दफा बमोजिम कम्पनीले संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरू कुनै किसिमबाट सेयर निष्कासन वा बिक्री गर्दा वा हक प्रदान गर्दा संस्थापक वा व्यक्तिबाट कम्पनीलाई प्राप्त हुने बौद्धिक सम्पत्ति, मूल्य वृद्धि, सेवा, व्यापारिक ख्याति (गुडविल), प्राविधिक जानकारी (नो हाउ शेयरिङ्ग) वा प्राविधिक ज्ञानको हस्तान्तरणलाई समेत आधार लिन सक्नेछ। त्यसरी जारी गरिने सेयरको मूल्य प्रचलित कानून बमोजिम मूल्याङ्कन गर्ने प्रमाणपत्र प्राप्त इन्जिनियर वा लेखा व्यवसायीले कारण खुल्ने गरी निर्धारण गरेको मूल्यमा आधारित हुनु पर्नेछ।

(९) कम्पनी र कम्पनीको कर्मचारी बीच लिखित सम्झौता भएकोमा त्यस्तो कर्मचारीलाई प्रदान गरिने पारिश्रमिक, भत्ता र सुविधाको सट्टामा सेयर प्रदान गर्न सकिनेछ ।

(१०) उपदफा (८) बमोजिम संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरू कुनै किसिमबाट सेयर प्रदान गर्दा कम्पनीको चुक्ता पुँजीको बीस प्रतिशतभन्दा बढी हुने छैन।

तर स्टार्टअप उद्यमको रूपमा दर्ता भएको कम्पनीको हकमा कम्पनीको चुक्ता पुँजीको चालीस प्रतिशतभन्दा बढी हुने छैन ।"

२५. कम्पनीको प्रबन्धपत्रको ढाँचाः (१) कम्पनीको प्रबन्धपत्रको ढाँचा देहायबमोजिम हुनेछः-

(क) सबै कम्पनी (सामुदायिक बाहेक) को प्रबन्धपत्रको ढाँचाः अनुसूची- ८,

(ख) सामुदायिक कम्पनीको प्रबन्धपत्रको ढाँचाः अनुसूची- ९ ।

(२) कम्पनीको प्रबन्धपत्रमा उल्लिखित कुनै व्यवस्था यस ऐनको कुनै व्यवस्थासँग बाझिएमा सो हदसम्म प्रबन्धपत्रको व्यवस्था अमान्य हुनेछ ।

(३) यस ऐनबमोजिम तयार भएको प्रबन्धपत्रमा संस्थापक सेयरधनीले हस्ताक्षर गर्नुपर्नेछ ।

२६. <u>कम्पनीको नियमावली</u>ः कम्पनीको प्रबन्धपत्रमा उल्लिखित उद्देश्य कार्यान्वयन गर्न र कम्पनीको काम कारबाहीलाई व्यवस्थित रूपले सञ्चालन गर्न कम्पनीले नियमावली बनाउन सक्नेछ ।

२७. <u>कम्पनीको नियमावलीको ढाँचा</u>ः कम्पनीको नियमावलीको ढाँचा देहायबमोजिम हुनेछः-

(क) एकल कम्पनीको नियमावलीको ढाँचा : अनुसूची-१०,

(ख) प्राइभेट कम्पनीको नियमावलीको ढाँचा : अनुसूची-११,

(ग) पब्लिक कम्पनीको नियमावलीको ढाँचा : अनुसूची-१२,

(घ) सामुदायिक कम्पनीको नियमावलीको ढाँचा : अनुसूची-१३ ।

२८. <u>प्रबन्धपत्र र नियमावलीको प्रकाशन</u>ः (१) पब्लिक कम्पनीले आफ्नो कारोबार प्रारम्भ गर्ने अनुमति प्राप्त गरेको मितिले तीन महिनाभित्र प्रबन्धपत्र र नियमावलीलाई राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गर्नुपर्नेछ र त्यसलाई कम्पनीको वेबसाइटमा समेत राख्नुपर्नेछ ।

(२) पब्लिक कम्पनीले प्रबन्धपत्र वा नियमावलीमा संशोधन गरेमा त्यस्तो संशोधन भएको मितिले तीन महिनाभित्र संशोधित प्रति समेत उपदफा (१) बमोजिम प्रकाशन गर्नुपर्नेछ ।

(३) सामुदायिक कम्पनीले पनि उपदफा (१) र (२) बमोजिम प्रबन्धपत्र र नियमावली प्रकाशन गर्नुपर्नेछ ।

२९. <u>प्रबन्धपत्र तथा नियमावलीको प्रति दिनुपर्ने</u>ः (१) प्रत्येक कम्पनीले कार्यालयमा अभिलेख भएको प्रबन्धपत्र र नियमावलीको प्रति सेयरधनीलाई दिनुपर्नेछ ।

(२) कम्पनीको प्रबन्धपत्र तथा नियमावली सेयरधनी, सञ्चालक, प्रबन्ध सञ्चालक र पदाधिकारीका लागि कानून सरह लागू हुनेछ ।

३०. <u>प्रबन्धपत्र वा नियमावलीमा संशोधन</u>ः (१) कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी यस ऐन, यस ऐन अन्तर्गत बनेको नियमहरू र निर्देशिका समेतको अधीनमा रही प्रबन्धपत्र वा नियमावलीमा आवश्यक संशोधन गर्न सक्नेछ ।

(२) कम्पनीले उपदफा (१) बमोजिम संशोधन भएको प्रबन्धपत्र वा नियमावली त्यस्तो संशोधन भएको मितिले तीस दिनभित्र अभिलेखका लागि कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेस भएको प्रबन्धपत्र वा नियमावली कार्यालयले प्राप्त गरेको सात दिनभित्र अभिलेख गरी सम्बन्धित कम्पनीलाई त्यसको जानकारी दिनुपर्नेछ ।

तर अभिलेखको लागि पेस भएको प्रबन्धपत्र वा नियमावलीमा गरिएको संशोधन यस ऐन, यस ऐन अन्तर्गत बनेको नियमहरू वा निर्देशिका विपरीत भएमा कार्यालयले सोही व्यहोरा उल्लेख गरी त्यसको जानकारी कम्पनीलाई दिनुपर्नेछ ।

(४) कम्पनीको रजिष्टर्ड कार्यालय एक प्रदेशबाट अर्को प्रदेशमा स्थानान्तरण गरी प्रबन्धपत्रमा संशोधन गरिएमा त्यस्तो संशोधन कार्यालयमा अभिलेख गरेपछि मात्र लागू हुनेछ ।

३१. <u>कम्पनीको नाम परिवर्तन</u>ः (१) कम्पनीले नाम परिवर्तन गर्न चाहेमा वा नाम परिवर्तन गर्न आवश्यक भएमा देहायबमोजिम कम्पनीको नाम परिवर्तन गर्नुपर्नेछ-

(क) परिवर्तन गर्न चाहेको कम्पनीको नामका सम्बन्धमा कार्यालयको स्वीकृति प्राप्त गर्ने,

(ख) खण्ड (क) बमोजिम स्वीकृति प्राप्त गरेको नाम साधारण सभाको विशेष प्रस्तावद्वारा पारित गर्ने,

(ग) खण्ड (ख) बमोजिम पारित प्रस्ताव र अनुसूची-३ बमोजिमको शुल्क समेत संलग्न गरी कार्यालय समक्ष निवेदन दिने,

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले त्यस्तो नाम प्रविष्ट गरी नयाँ नामबाट कम्पनी संस्थापनाको प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रमाणपत्र प्राप्त भएपछि सम्बन्धित कम्पनीले सोको जानकारी राष्ट्रियस्तरको पत्रिका र कम्पनीको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

(४) कुनै कम्पनीको नाम यस ऐन विपरीत देखिएमा कार्यालयले त्यस्तो नाम परिवर्तन गर्न सम्बन्धित कम्पनीलाई आदेश दिनसक्नेछ ।

(५) उपदफा (४) बमोजिम आदेश दिएमा त्यस्तो कम्पनीले नाम परिवर्तन गर्नुपर्नेछ र त्यस्तो आदेश कार्यान्वयन नगर्ने जिम्मेवार सञ्चालक, प्रबन्ध सञ्चालक वा पदाधिकारीलाई यस ऐनबमोजिम सजाय हुनेछ ।

३२. कारोबार प्रारम्भको स्वीकृतिः (१) यस ऐनबमोजिम संस्थापित पब्लिक कम्पनीले कारोबार प्रारम्भ गर्न कार्यालयबाट स्वीकृति लिनुपर्नेछ ।

तर सञ्चालनमा आइसकेको कुनै प्राइभेट कम्पनी दफा १९ बमोजिम पब्लिक कम्पनीमा परिणत हुँदा कारोबार गर्ने स्वीकृति आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको स्वीकृतिका लागि पब्लिक कम्पनीले देहायका प्रमाण समावेश गरी कार्यालय समक्ष निवेदन पेस गर्नुपर्नेछ-

(क) संस्थापकले लिन कबूल गरेको सेयर बापतको रकम कम्पनीको नाममा रहेको बैंक खातामा जम्मा गरेको प्रमाण, वा

(ख) नगद बाहेक अन्य सम्पत्ति सेयर बापत कम्पनीलाई दिएको भए सो सम्बन्धमा लेखापरीक्षकबाट प्रमाणित र सञ्चालक समितिबाट स्वीकृत भएको सम्पत्ति मूल्याङ्कन प्रतिवेदन ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा संस्थापकले खरिद गर्न कबूल गरेको सेयर बापतको रकम मध्ये माग गरिएको रकम चुक्ता गरेको प्रमाणित भएमा कार्यालयले कारोबार प्रारम्भ गर्ने स्वीकृति प्रदान गर्नुपर्नेछ ।

तर सेयर बापत चुक्ता भएको रकम चुक्ता पुँजी भन्दा कम हुने भएमा कार्यालयले त्यस्तो स्वीकृति दिनेछैन ।

(४) यो दफा बमोजिम कारोबार प्रारम्भ गर्ने स्वीकृति नलिई विशेष साधारण सभा, सञ्चालक समितिको बैठक, कम्पनी व्यवस्थापन जस्ता काम बाहेक विवरणपत्र प्रकाशन, सेयर निष्कासन गर्ने वा दायित्व सिर्जना हुने कुनै कार्य गर्नु हुँदैन ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास व्यवसाय सञ्चालन गर्ने कम्पनीको हकमा सम्बन्धित नियामक निकायले दिएको अनुमतिपत्रमा त्यस्तो व्यवसाय प्रारम्भ गर्नु अघि कुनै सर्त निर्धारण गरेको भए त्यस्तो सर्त पूरा गरेको प्रमाण पेस नगरेसम्म कार्यालयले कारोबार प्रारम्भ गर्ने स्वीकृति प्रदान गर्ने छैन ।

(६) प्राइभेट कम्पनीले कार्यालयबाट कम्पनी दर्ताको प्रमाणपत्र प्राप्त गरेपछि आफ्नो कारोबार प्रारम्भ गर्न सक्नेछ ।

तर कुनै खास कारोबार गर्न प्रचलित नेपाल कानूनबमोजिम सम्बन्धित निकायबाट स्वीकृति लिनुपर्ने भए त्यस्तो स्वीकृति लिएपछि मात्र कारोबार प्रारम्भ गर्नुपर्नेछ ।

(७) दफा १९ बमोजिम प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत भएमा त्यस्तो पब्लिक कम्पनीले समेत यो दफाबमोजिम कारोबार प्रारम्भ गर्ने स्वीकृति प्राप्त नगरी पब्लिक कम्पनीको हैसियतमा कारोबार गर्नसक्ने छैन ।

## परिच्छेद-४

## विवरणपत्र स्वीकृति र प्रकाशन

३३. धितोपत्र बोर्डको स्वीकृति लिनुपर्नेः (१) पब्लिक कम्पनीले विवरणपत्र प्रकाशन गर्नु अघि धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम धितोपत्र बोर्डको स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम धितोपत्र बोर्डको स्वीकृति लिने प्रक्रिया धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम हुनेछ ।

३४. कार्यालय समक्ष विवरणपत्र पेस गर्नुपर्नेः (१) पब्लिक कम्पनीले दफा ३३ बमोजिम धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेपछि त्यस्तो स्वीकृति र प्रकाशन गरिने विवरणपत्रको एक प्रति कार्यालय समक्ष पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस भएको विवरणपत्रमा कुनै विषय थप वा संशोधन गर्न आवश्यक भएमा कम्पनीले कार्यालय समक्ष लिखित अनुरोध गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लिखित अनुरोध प्राप्त भएमा कार्यालयले आवश्यकता अनुसार विवरणमा थप वा संशोधनको स्वीकृति दिन सक्नेछ ।

३५. विवरणपत्रको प्रकाशनः (१) दफा ३३ र ३४ बमोजिमको प्रक्रिया अवलम्बन गरी पब्लिक कम्पनीले विवरणपत्र प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरणपत्र प्रकाशन गर्नु अघि सम्बन्धित विषय विज्ञको लिखित राय लिनुपर्नेछ ।

३६. विवरणपत्रमा समावेश गर्नुपर्ने विषयः (१) दफा ३५ बमोजिम प्रकाशन गरिने विवरणपत्रमा देहायका विषय समावेश गर्नुपर्नेछ-

(क) कम्पनीको नाम तथा रजिष्टर्ड कार्यालय,

(ख) सञ्चालक समितिको संरचना र सञ्चालकको विवरण,

(ग) कम्पनी सचिव, प्रमुख वित्त अधिकृत, लेखापरीक्षक

(घ) सेयरको प्रतिभूति दिने कम्पनीको नाम, ठेगाना र सेयर प्रतिभूति सम्बन्धी व्यवस्था,

(ङ) सेयर बिक्री खुला र बन्द हुने मिति,

(च) सेयर बाँडफाँटको कार्यविधि र तालिका,

(छ) कम्पनीको वित्तीय अवस्था र पुँजी संरचना,

(ज) सार्वजनिक रूपमा सेयर निष्कासन गर्नुको उद्देश्य,

(झ) विवरणपत्र प्रकाशन गर्न धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त भएको र कार्यालयमा दर्ता गरेको मिति,

(ञ) सम्बन्धित विषय विज्ञको लिखित राय लिएको विषय ।

(२) पूर्वाधार आयोजना विकास गर्ने कम्पनीले विवरणपत्र प्रकाशन गर्दा उपदफा (१) मा उल्लिखित विषयका अतिरिक्त देहायका विषय समेत समावेश गर्नुपर्नेछ-

(क) आयोजनासँग सम्बन्धित जोखिम र त्यसको विश्लेषण,

(ख) आयोजना निर्माण अवधि,

(ग) आयोजनाको प्रगति (विवरणपत्र प्रकाशन हुँदाको मितिसम्म),

(घ) आयोजना सम्पन्न हुने मिति,

(ङ) प्रचलित नेपाल कानूनको उल्लङ्घन गरे बापत नियामक निकायले कम्पनीको संस्थापकलाई कुनै सजाय वा कारबाही गरे वा नगरेको विषय,

(च) अन्य आवश्यक विषय ।

३७. <u>विवरणपत्रमा गलत वा भ्रामक सूचना समावेश गर्न नहुने</u>: (१) कम्पनीले कुनै पनि तरिकाले जानीजानी, गलत नियम वा लगानीकर्तालाई भ्रममा राख्ने उद्देश्यले आफ्नो विवपरणपत्रमा झुट्टो, गलत वा भ्रामक सूचना वा जानकारी समावेश गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम कम्पनीको विवरणपत्रमा झुट्टो, गलत वा भ्रामक सूचना वा जानकारी समावेश गर्ने कार्यमा जिम्मेवार सञ्चालक, प्रबन्ध सञ्चालक, पदाधिकारी वा सम्बन्धित कर्मचारीलाई यस ऐनबमोजिम सजाय हुनेछ ।

३८. <u>क्षतिपूर्तिको दाबी र भुक्तानी</u>: (१) सेयर विवरणपत्रमा दिइएको झुट्टो, गलत वा भ्रामक सूचना, जानकारीमा विश्वास गरी त्यस्तो विवरणपत्र प्रकाशन गर्ने कम्पनीको सेयरमा लगानी गरेको कारण कुनै सेयरधनी वा लगानीकर्तालाई हानिनोक्सानी भएमा त्यस्तो हानिनोक्सानी बापतको क्षतिपूर्ति प्राप्तिका लागि सम्बन्धित व्यक्तिले आफ्नो दाबी सहित अदातलमा उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरका आधारमा सेयरधनी वा लगानीकर्तालाई पुगेको वास्तविक हानिनोक्सानीको मूल्याङ्कन गरी वा गराइ अदालतले उचित क्षतिपूर्ति व्यहोर्ने आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अदालतले आदेश दिएमा त्यस्तो आदेश बमोजिम सम्बन्धित कम्पनीले सम्बन्धित सेयरधनी वा लगानीकर्तालाई पुगेको हानिनोक्सानी बापतको क्षतिपूर्ति रकम भुक्तानी दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कम्पनीले क्षतिपूर्ति भुक्तानी गर्न असक्षम भएमा त्यस्तो विवरणपत्र तयार गर्ने तथा त्यसलाई स्वीकृत गर्ने कार्यमा संलग्न सञ्चालक, प्रबन्ध सञ्चालक, पदाधिकारी वा कम्पनीको सम्बन्धित कर्मचारीले अदालतले दिएको आदेश बमोजिमको क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

## परिच्छेद -५

## <u>कम्पनीको सेयरका प्रकार, सेयर निष्कासन तथा बाँडफाँट</u>

३९. <u>सेयरको प्रकार</u>: (१) कम्पनीको प्रबन्धपत्रमा उल्लेख भएबमोजिम कम्पनीको सेयरका प्रकार देहायबमोजिम हुनेछः-

(क) साधारण सेयरः

(अ) मतदानको समान अधिकार भएको,

(आ) कम्पनीको नियमावलीमा उल्लेख भएबमोजिम लाभांश प्राप्ति र मतदानका सम्बन्धमा भिन्न अधिकार भएको ।

(ख) अग्राधिकार सेयर,

(ग) मेहनताना सेयर ।

४०. <u>सेयरको अङ्कित मूल्य</u> : (१) पब्लिक कम्पनीको सेयरको अङ्कित मूल्य प्रति सेयर पचास रूपैयाँ वा दश अङ्कले भाग जाने रकम बराबरको हुनेछ ।

<u>उदाहरणार्थ</u>ः पब्लिक कम्पनीको सेयर मूल्य न्यूनतम पचास रूपैयाँ, एक सय रूपैयाँ, एक सय पचास रूपैयाँ, दुई सय रूपैयाँ वा यही अनुपातमा कायम गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सेयरको अङ्कित मूल्य कति हुने सो विषय कम्पनीको नियमावलीमा उल्लेख गर्नुपर्नेछ ।

(३) प्राइभेट कम्पनीले सेयरको अङ्कित मूल्य सम्बन्धित कम्पनीको नियमावलीमा उल्लेख भएबमोजिम फरक गर्न सक्नेछन ।

४१. <u>सेयरको अधिकार</u> : (१) कम्पनीको सेयरलाई चल सम्पत्ति मानिनेछ ।

(२) कम्पनीको सेयरधनीलाई देहायबमोजिम अधिकार प्राप्त हुनेछ—

(क) कम्पनीको सभा वा प्रस्तावका सम्बन्धमा सेयर सङ्ख्याका आधारमा मतदान गर्ने अधिकार,

(ख) सेयर लगानीका आधारमा कम्पनीबाट समान लाभांश प्राप्त गर्ने अधिकार,

(ग) कम्पनीको लिक्विडेसन पश्चात् बाँकी सम्पत्ति वितरणमा समान अधिकार,

(घ) पूर्वाधार आयोजनाको विकास र सञ्चालनका लागि सार्वजनिक रूपमा सेयर निष्कासन र बाँडफाँट गरिएकोमा त्यस्तो आयोजना नेपाल सरकार वा नेपाल सरकारको निकायलाई हस्तान्तरण गरिने भएमा साधारण सेयर बापत लगानी गरेको रकम फिर्ता प्राप्त गर्ने अधिकार ।

तर संस्थागत र संस्थापक सेयरधनीलाई खण्ड (घ) बमोजिमको अधिकार प्राप्त हुनेछैन ।

४२. <u>सार्वजनिक प्रस्ताव मार्फत सेयर निष्कासन</u>ः (१) सार्वजनिक रूपमा सेयर बिक्री गर्ने पब्लिक कम्पनीले देहायका विषय समावेश गरी सेयर बिक्रीको प्रस्ताव प्रकाशन गर्नुपर्नेछ-

(क) कम्पनीको नाम र ठेगाना,

(ख) सेयर बिक्री खुला र बन्द हुने मिति,

(ग) सेयर निष्कासन र बिक्री प्रबन्धक,

(घ) सेयर खरिदको अग्रिम रूपमा निवेदनसाथ बुझाउनु पर्ने रकम,

(ङ) तोकिएका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम सेयर बिक्रीको सार्वजनिक प्रस्ताव प्रकाशन गर्नु अघि कार्यालय तथा धितपत्र बोर्डको स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

४३. <u>सेयर बाँडफाँट</u>: (१) पब्लिक कम्पनीले दफा ४२ बमोजिम सेयर निष्कासन गरेकोमा सेयर बिक्री बन्द भएको मितिले बढीमा पैंतालिस दिन भित्र सेयर बाँडफाँट गरी निवेदकलाई सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेयर बाँडफाँट गर्दा भेदभावपूर्ण तरिकाले वा कुनै लगानीकर्तालाई फाइदा वा अर्कोलाई हानिनोक्सानी पुऱ्याउने नियतले बाँडफाँट गर्नु हुँदैन ।

(३) सेयर बाँडफाँट सम्बन्धी अन्य व्यवस्था धितोपत्र सम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

४४. <u>प्रिमियम मूल्यमा सेयर निष्कासन गर्नसक्ने</u>: (१) कम्पनीले धितोपत्र सम्बन्धी प्रचलित नेपाल कानुन बमोजिम धितोपत्र बोर्डको स्वीकृति लिई प्रिमियम मूल्यमा सेयर निष्कासन र बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रिमियम मूल्यको सेयर बिक्रीबाट प्राप्त रकम मध्ये अङ्कित मूल्यभन्दा बढी रकम अलग बैङ्क खातामा जम्मा गर्नुपर्नेछ ।

(३) पब्लिक कम्पनीले उपदफा (२) बमोजिम जम्मा भएको रकम देहायबमोजिम प्रयोग गर्न सक्नेछ-

(क) सेयरधनीलाई सम्पूर्ण रकम चुक्ता भएको बोनस सेयर निष्कासन र बाँडफाँट गर्न,

(ख) फिर्ता हुने कुनै अग्राधिकार सेयर फिर्ता गर्दा भुक्तानी गर्नुपर्ने प्रिमियमका लागि रकम व्यवस्था गर्न,

(ग) कम्पनीको प्रारम्भिक खर्च मिनाहा गर्न,

(घ) कम्पनीको सेयर निष्कासन गर्दा भएको खर्च वा भुक्तानी गरिएको कमिसन वा छुट दिइएको रकम व्यहोर्न वा शोधभर्ना दिन

(४) उपदफा (१) बमोजिम प्रिमियम मूल्यको सेयर जारी गर्न कार्यालयको स्वीकृति माग गर्दा पछिल्लो तीन आर्थिक वर्षको लेखापरीक्षणबाट नाफामा गएको प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ ।

४५. <u>मेहनताना सेयर</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले कम्पनी संस्थापना भएपश्चात् संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरू कुनै किसिमबाट मेहनताना सेयरमा हक प्राप्त गर्ने अधिकार प्रदान गर्न सक्नेछ ।

(२) कम्पनीले संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरू कुनै किसिमबाट मेहनताना सेयर निष्कासन वा बिक्री गर्दा वा हक प्रदान गर्दा कम्पनीको साधारण सभाबाट विशेष प्रस्ताव पारित गर्नु पर्नेछ । त्यसरी विशेष प्रस्ताव पारित गर्दा सेयर डिस्काउण्टमा निष्कासन वा बिक्री गर्ने निर्णय गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम कम्पनीले संस्थापक वा अन्य कुनै व्यक्तिलाई नगद बाहेक अरू कुनै किसिमबाट मेहनताना सेयर निष्कासन वा बिक्री गर्दा वा हक प्रदान गर्दा संस्थापक वा व्यक्तिबाट कम्पनीलाई प्राप्त हुने बौद्धिक सम्पत्ति, मूल्य बृद्धि, सेवा, व्यापारिक ख्याति(गुडवील),

प्राविधिक जानकारी(नोहाउ शेयरिङ्ग) वा प्राविधिक ज्ञानको हस्तान्तरणलाई समेत आधार लिन सक्नेछ । त्यसरी जारी गरिने मेहनताना सेयरको मूल्य प्रचलित कानून बमोजिम मूल्याङ्कन गर्ने प्रमाणपत्र प्राप्त इञ्जिनियर वा लेखा व्यवसायीले कारण खुल्ने गरी निर्धारण गरेको मूल्यमा आधारित हुनु पर्नेछ ।

(४) कम्पनी र कम्पनीको कर्मचारीबीच लिखित सम्झौता भएकोमा कर्मचारीलाई प्रदान गरिने पारिश्रमिक, भत्ता र सुविधाको सट्टामा मेहनताना सेयर प्रदान गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम मेहनताना सेयर प्रदान गर्दा कम्पनीको चुक्ता पुँजीको बीस प्रतिशतभन्दा बढी हुने छैन ।

तर प्रचलित कानून बमोजिमका स्टार्टअप उद्यमको हकमा कम्पनीको चुक्ता पुँजीको चालिस प्रतिशतभन्दा बढी हुने छैन ।

(५) यस दफाबमोजिम निष्कासन गरिएको मेहनताना सेयरको मान्यता साधारण सेयर सरह हुनेछ र यस्तो सेयर ग्रहण गर्ने व्यक्तिले साधारण सेयरधनी सरह मताधिकार लगायतका अधिकार र सुविधा प्राप्त गर्नेछन ।

४६. <u>संस्थापक सेयर बिक्री र अभिलेखः</u> (१) पूर्वाधार कम्पनीका संस्थापक सेयरधनीले लिएको सेयर त्यस्तो कम्पनीले आयोजना विकास सम्झौता वा अनुमतिपत्रबमोजिम कारोबार प्रारम्भ नगरेसम्म बिक्री गर्न पाउने छैन ।

(२) पब्लिक कम्पनीले संस्थापक सेयरधनीको लागि अलग सेयर दर्ता किताबको व्यवस्था गर्नुपर्नेछ र यस्तो किताब विद्युतीय स्वरूपमा समेत राख्नुपर्नेछ ।

(३) पब्लिक कम्पनीले संस्थापक सेयरधनी सम्बन्धी सेयर विवरण अभिलेखका लागि कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

४७. <u>फरक वर्गका सेयर निष्कासन र सेयरधनीको अधिकारः</u> (१) पब्लिक कम्पनीले आफ्नो नियमावलीबमोजिम फरक अधिकार भएका विभिन्न फरक वर्गका सेयर निष्कासन गर्न सक्नेछ ।

(२) कम्पनीको नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै खास वर्गका सेयरधनीको अधिकारमा कुनै परिवर्तन गर्नुपरेमा सम्बन्धित वर्गका सेयरधनीको स्वीकृति आवश्यक पर्नेछ ।

तर अर्को वर्गका सेयरधनीको हक अधिकारमा प्रतिकूल असर पर्नेगरी कुनै खास वर्गका सेयरधनीको अधिकारमा परिवर्तन गर्न सकिने छैन ।

(३) उपदफा (२) बमोजिम खास वर्गका सेयरमा रहेको अधिकारमा परिवर्तन गर्ने विषयमा भएको निर्णय उपर चित्त नबुझ्ने वर्गका कम्तीमा दश प्रतिशत सेयरको प्रतिनिधित्व गर्ने सेयरधनीले त्यस्तो परिवर्तनको निर्णय बदर गर्नका लागि अदालत समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदन पश्चात् अदालतले अन्यथा आदेश नगरेसम्म त्यस्तो वर्गका सेयरधनीको अधिकार परिवर्तन गर्ने निर्णय लागू हुने छैन ।

(४) खास वर्गका सेयरमा रहेको अधिकार परिवर्तन गर्ने निर्णय भएको तीस दिनभित्र उपदफा (३) बमोजिम निवेदन दिनुपर्नेछ र सो म्याद समाप्त नभएसम्म उपदफा (२) बमोजिमको निर्णय कार्यान्वयन गर्न सकिने छैन ।

(५) उपदफा (२) बमोजिम कुनै खास वर्गका सेयरधनीको अधिकार परिवर्तन सम्बन्धी प्रस्ताव सञ्चालक समितिले विशेष प्रस्तावको रुपमा साधारण सभामा पेस गर्नुपर्नेछ ।

४८. सेयर बाँडफाँटको विवरण पेस गर्नुपर्नेः (१) कम्पनीले यस ऐनबमोजिम सेयर निष्कासन तथा बाँडफाँट गरेकोमा सो मितिले तीस दिनभित्र देहाय बमोजिम जानकारी समावेश गरी सेयर विवरण अभिलेखका लागि कार्यालय समक्ष पेस गर्नुपर्नेछ —

(क) सेयरधनीको नाम, ठेगाना, सेयर सङ्ख्या र त्यस बापतको जम्मा रकम,

(ख) सेयर लगानी बापत लाभ प्राप्त गर्ने व्यक्ति (लाभार्थी) भिन्न भएको अवस्थामा त्यस्तो लाभार्थीको नाम, ठेगाना र सेयर सङ्ख्या,

(ग) प्रत्येक सेयर बापत भुक्तानी भएको र भुक्तानी हुन बाँकी रकमको हिसाब,

(घ) नगद बाहेक अन्य तरिकाबाट सेयर प्राप्त भएको भए सो सम्बन्धी लिखत, सेयर सङ्ख्या तथा सेयरको मूल्य चुक्ता भएको अवस्था ।

(२) उपदफा (१) बमोजिम पेस भएको विवरण कार्यालयले सात दिनभित्र अभिलेख गरी सोको जानकारी सम्बन्धित कम्पनीलाई दिनुपर्नेछ ।

४९. धितोपत्र व्यवसायी मार्फत सेयर कारोबार गर्नुपर्नेः (१) पब्लिक कम्पनीले आफ्नो सेयरको सार्वजनिक निष्कासन, सेयर बिक्री र बाँडफाँट, रकम भुक्तानी लगायतका कारोबार धितोपत्र व्यवसायी मार्फत मात्र गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेयर कारोबार गर्न पब्लिक कम्पनीले धितोपत्र व्यवसायीसँग सम्झौता गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्पन्न सम्झौताको प्रति सम्झौता सम्पन्न भएको मितिले सात दिनभित्र कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

५०. छद्म सेयरधनीका रूपमा कारोबार गर्न नहुनेः (१) कुनै पनि व्यक्तिले आफ्नो हक नभएको सेयरका सम्बन्धमा वा छद्म सेयरधनी बनी कुनै पनि प्रकारले सेयर कारोबार गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत कुनै व्यक्तिले छद्म सेयरधनीका रूपमा कुनै पनि प्रकारको काम कारबाही वा कारोबार गरेमा यस ऐनबमोजिम सजाय हुनेछ ।

५१. अभौतिक (डिमटेरियलाइज्ड) स्वरूपमा सेयर राख्नुपर्ने : (१) यस ऐनबमोजिम सार्वजनिक रूपमा सेयर निष्कासन गर्ने पब्लिक कम्पनीले आफ्नो सेयर अभौतिक स्वरूपमा राख्नुपर्नेछ ।

(२) कुनै पब्लिक कम्पनीले यस अघि भौतिक स्वरूपमा सेयर राखेको भएपनि यस ऐनको प्रारम्भ भएको मितिले एक वर्षभित्र अभौतिक स्वरूपमा परिणत गर्नुपर्नेछ ।

(३) प्राइभेट कम्पनीले समेत उपदफा (१) बमोजिम अभौतिक स्वरूपमा सेयर राख्न सक्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफाबमोजिम अभौतिक स्वरूपमा सेयर रहने व्यवस्था भएमा कम्पनीले भौतिक स्वरूपमा सेयर प्रमाणपत्र प्रदान गर्न आवश्यक हुने छैन ।

५२. <u>सेयर प्रमाणपत्र</u> : (१) दफा ५१ बमोजिम अभौतिक स्वरूपमा सेयर नराखेको कम्पनीले अनुसूची-१४ को ढाँचामा सेयरधनीलाई सेयर प्रमाणपत्र दिनुपर्नेछ ।

(२) दुई वा सोभन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा लिएको सेयरका लागि सेयर प्रमाणपत्र दिंदा सेयरमा हक भएमा सबै व्यक्तिको नाम सेयर दर्ता किताबमा उल्लेख गरी वर्णानुक्रम अनुसार अगाडि दर्ता भएको व्यक्तिको नाममा त्यस्तो प्रमाणपत्र दिन सक्नेछ ।

(३) कारणवश सेयर प्रमाणपत्र हराए वा नष्ट भएमा सम्बन्धित सेयरधनीले कम्पनीलाई सोको जानकारी सहित प्रतिलिपि माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सेयर प्रमाणपत्रको प्रतिलिपि माग भएमा कम्पनीले सो सम्बन्धमा आवश्यक छानबिन गरी व्यहोरा मनासिब देखिएमा सेयर प्रमाणपत्रको प्रतिलिपि दिनुपर्नेछ र सो विषय सेयरधनी दर्ता किताबमा समेत उल्लेख गर्नुपर्नेछ ।

५३. <u>सेयर दर्ता किताब</u>: (१) प्रत्येक कम्पनीले तोकिएको ढाँचामा सेयरधनी दर्ता किताब तयार गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको किताबमा सेयरको क्रम सङ्ख्याअनुसार प्रत्येक सेयरधनीका सम्बन्धमा देहायबमोजिमको जानकारी उल्लेख गर्नुपर्नेछ-

(क) सेयरधनीको पूरा नाम, थर र ठेगाना,

(ख) सेयरधनीले लिएको सेयर सङ्ख्या,

(ग) सेयरधनीले सेयर बापत चुक्ता गरेको जम्मा रकम र चुक्ता गर्न बाँकी रकम,

(घ) सेयरधनीको रूपमा निजको नाम दर्ता भएको मिति,

(ङ) सेयरधनीको नाम खारेज भएको मिति,

(च) सेयरधनीको शेषपछि सेयरमा हक लाग्ने गरी कुनै व्यक्तिलाई इच्छाइएको भए त्यस्तो व्यक्तिको नाम, थर र ठेगाना ।

(३) सरोकारवाला व्यक्तिले उपदफा (१) बमोजिमको दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर पब्लिक कम्पनीको हकमा राष्ट्रियस्तरको पत्रिकामा सात दिन अगावै सूचना प्रकाशन गरी र प्राइभेट कम्पनीको हकमा कम्पनीको नियमावलीबमोजिम एक वर्षमा पैंतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म सम्बन्धित कम्पनीको सेयर दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

(४) सेयरधनी वा सरोकारवाला व्यक्तिले सेयरधनी दर्ता किताबको प्रतिलिपि लिन चाहेमा उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक कम्पनीको नियमावलीमा तोकिएको शुल्क लिई त्यसको प्रतिलिपि दिनुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको सेयर दर्ता किताब त्यस्तो कम्पनीको सेयर सम्बन्धी कम्पनीको आधिकारिक अभिलेख मानिनेछ र जुनसुकै प्रयोजनका लागि मान्य हुनेछ ।

(६) उपदफा (१) बमोजिमको सेयर दर्ता किताबमा उपदफा (२) बमोजिम प्रविष्ट गरिएको विवरण अभिलेखका लागि तीस दिनभित्र कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम पेस भएको विवरण कुनै कारण झुट्टो, किर्ते वा जाली रहेको पाइएमा सम्बन्धित सञ्चालक वा त्यस्तो दर्ता किताबमा हस्ताक्षर गर्ने पदाधिकारी व्यक्तिगत रूपमा जवाफदेही हुनेछ र यस ऐनबमोजिम सजाय हुनेछ ।

५४. <u>सेयरधनीको ठेगाना</u> : (१) सेयरधनी दर्ता किताबमा उल्लेख गरिएको सेयरधनीको ठेगाना निजहरूको वास्तविक ठेगाना मानिनेछ ।

(२) प्रत्येक सेयरधनीले आफ्नो ठेगाना परिवर्तन भएमा सो सम्बन्धी लिखित सूचना कम्पनीको रजिष्टर्ड कार्यालयलाई दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएपछि सञ्चालक वा कम्पनी सचिवले परिवर्तन भएको ठेगाना सेयरधनी दर्ता किताबमा उल्लेख गर्नुपर्नेछ ।

(४) सेयरधनीले दिएको ठेगानामा कम्पनीले सूचना पठाए पछि अन्यथा प्रमाणित भएमा बाहेक नियमसम्मत रूपमा पठाएको मानिनेछ ।

५५. <u>सेयरमा लाभ प्राप्त व्यक्ति (लाभार्थी) को जानकारी दिनुपर्ने</u> : (१) प्रत्येक सेयरधनीले सेयरमा हक प्राप्त गर्ने नजिकको नातेदार वा हकवालाको जानकारी दिनुपर्नेछ ।

(२) कुनै सेयरधनीले लिएको सेयरमा अन्य व्यक्तिको लगानी रहेमा वा अन्य व्यक्ति वास्तविक लाभार्थी भएमा त्यस्तो व्यक्तिको नाम, ठेगाना र सेयरबाट निजले प्राप्त गर्ने लाभको प्रकृतिका विषयमा सम्बन्धित सेयरधनीले तीस दिनभित्र कम्पनीलाई जानकारी दिनुपर्नेछ ।

(३) कुनै सङ्गठित संस्था वा कम्पनी लाभार्थी रहेको भए सोसमेत उपदफा (२) बमोजिम कम्पनीलाई जानकारी दिनुपर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको जानकारी प्राप्त भएपछि त्यस्तो जानकारी सेयर दर्ता किताबमा उल्लेख गरी पन्ध्र दिनभित्र सोको जानकारी कार्यालय समक्ष समेत पेस गर्नुपर्नेछ ।

५६. <u>कम्पनीले सेयर रोक्का राख्न सक्ने</u>: (१) सेयरधनीले कानूनबमोजिम कम्पनीलाई बुझाउनु पर्ने रकम बुझाउन बाँकी रहेमा सेयर बापतको लाभांश रोक्का गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनीले लाभांश रोक्का गर्दा पनि सम्बन्धित सेयरधनीले रकम नबुझाएमा सेयर बापत निजले प्राप्त गर्ने लाभांश रकमबाट कट्टा गरी असुल गर्न सक्नेछ ।

५७. <u>सेयर बापतको किस्ता रकम भुक्तानी माग</u> : (१) सेयर बापतको रकम भुक्तानीका लागि समय, स्थान र रकम समेत उल्लेख गरी कम्पनीले प्रत्येक सेयरधनीलाई कम्तीमा तीस दिनको म्याद दिनुपर्नेछ ।

(२) पब्लिक कम्पनीले उपदफा (१) बमोजिम म्याद सम्बन्धी सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी त्यस्तो सूचना कम्पनीको वेबसाइटमा समेत राख्नु पर्नेछ ।

(३) कुनै सेयरधनीले उपदफा (१) मा उल्लिखित अवधिभित्र त्यस्तो रकम भुक्तानी गर्न नसकी म्याद थप माग गरेमा कम्पनीले बढीमा तीन महिनासम्मको म्याद थप दिन सक्नेछ ।

५८. सेयर जफतः (१) दफा ५७ बमोजिमको अवधिभित्र रकम नबुझाएमा त्यस्तो सेयरधनीको नाममा दर्ता रहेको सेयर जफत हुने व्यहोरा उल्लेख गरी कम्पनीले सम्बन्धित सेयरधनीलाई तीस दिनको म्याद दिनुपर्नेछ ।

(२) पब्लिक कम्पनीले उपदफा (१) बमोजिम म्याद सम्बन्धी सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक प्रकाशन गरी त्यस्तो सूचना कम्पनीको वेबसाइटमा समेत राख्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएका म्यादभित्र ब्याज सहित सेयर बापतको रकम भुक्तानी नगरेमा त्यस्तो सेयर जफत गर्नेछ ।

तर सेयर जफत गर्नुअघि कम्पनी खारेजी वा दामासाहीमा परेमा जफत हुनसक्ने सेयर बापत बुझाउन बाँकी रकम प्रचलित नेपाल कानूनबमोजिम ऋण सरह असुल हुनेछ ।

(४) उपदफा (३) बमोजिम जफत सेयर यस ऐन र कम्पनीको नियमावलीको अधीनमा रही सञ्चालक समितिले मनासिब ठानेको विधिबाट बिक्री गर्न वा खारेज गर्न सक्नेछ ।

५९. साझा सेयर बापतको किस्ता रकम भुक्तानीः (१) साझा सेयरको किस्ता रकम प्रत्येक साझेदारले आफूले प्राप्त गरेको सेयर स्वामित्वको अनुपातका आधारमा भुक्तानी गर्नुपर्नेछ ।

(२) साझा सेयरमा स्वामित्वको अनुपात स्पष्ट भएकोमा सोहीबमोजिम र त्यस्तो अनुपात स्पष्ट नभएकोमा सबै साझेदारले समान हिस्साका आधारमा रकम भुक्तानी गर्नुपर्नेछ ।

## परिच्छेद -६

## परिपत्र विधिबाट सेयर खरिद बिक्री

६०. परिपत्र विधि (प्राइभेट प्लेसमेण्ट) बाट सेयर बिक्री गर्नसक्नेः (१) पब्लिक कम्पनीले संस्थापना हुँदाको समयमा सार्वजनिक निष्कासनका लागि छुट्टयाएको बाहेक अन्य सेयर परिपत्र विधि (प्राइभेट प्लेसमेण्ट) बाट बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिपत्र विधिबाट सेयर बिक्री गर्नका लागि धितोपत्र बोर्डको स्वीकृति प्राप्त गर्नुपर्नेछ ।

६१. परिपत्र विधि मार्फत सेयर बिक्रीको प्रस्ताव गर्नसक्ने : (१) दफा ६० बमोजिम स्वीकृति प्राप्त भएमा पब्लिक कम्पनीले एक आर्थिक वर्षमा देहायबमोजिम परिपत्र विधि मार्फत सेयर बिक्रीको प्रस्ताव गर्न सक्नेछ-

(क) बढीमा पचास जनासम्म लगानीकर्तालाई संस्थापक सेयरधनीको हैसियत कायम हुनेगरी सेयर बिक्री,

(ख) कुनै संस्थालाई रणनीतिक साझेदारका रूपमा भित्र्याउन वा संस्थागत लगानीकर्तासँग भएको सम्झौताबमोजिम सेयर बिक्री ।

(२) पब्लिक कम्पनीले उपदफा (१) बमोजिम सेयर खरिद बिक्रीको लागि पठाएको प्रस्ताव सार्वजनिक रूपमा प्रकाशन वा वितरण गर्न सक्ने छैन ।

६२. सेयर बाँडफाँटः (१) पब्लिक कम्पनीले दफा ६१ बमोजिम सेयर बिक्रीका लागि पठाएको प्रस्ताव बमोजिमको रकम प्राप्त भएको मितिले साठी दिनभित्र सेयर बाँडफाँट गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाँडफाँट गरिएको सेयर सङ्ख्या र सेयरधनीको विवरण त्यस्तो कार्य सम्पन्न भएको मितिले तीस दिनभित्र अभिलेखका लागि कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

६३. सेयरको रकम फिर्ता गर्नुपर्नेः (१) दफा ६२ को उपदफा (१) मा उल्लिखित समयभित्र पब्लिक कम्पनीले सेयर बाँडफाँट गर्न नसकेमा वा बाँडफाँट भएको सेयरको मूल्यभन्दा बढी रकम प्राप्त भएकोमा साठी दिन पूरा भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो रकम सम्बन्धित पक्षलाई फिर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (२) बमोजिमको म्यादभित्र त्यस्तो रकम फिर्ता नगरे वा गर्न नसकेमा वार्षिक दश प्रतिशत ब्याज समेत जोडी रकम फिर्ता गर्नुपर्नेछ ।

६४. सेयर निष्कासन गैर कानूनी मानिनेः (१) कुनै पब्लिक कम्पनीले दफा ६०, ६१ र ६२ विपरीत सेयर निष्कासन तथा बाँडफाँट गरेमा त्यस्तो सेयर निष्कासन गैर कानूनी मानिनेछ र त्यस्तो कार्य गर्ने पब्लिक कम्पनीको सञ्चालकलाई सेयर बाँडफाँट भएको रकम बराबर जरिबाना हुनेछ ।

(२) उपदफा (१) बमोजिम बाँडफाँट भएको सेयर बापतको रकम सेयर खरिदकर्ताले पब्लिक कम्पनीलाई भुक्तानी गरिसकेको भए त्यस्तो रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पब्लिक कम्पनीले रकम फिर्ता गर्न नसकेमा त्यस्तो रकम कम्पनीको संस्थापक वा सञ्चालकले व्यक्तिगत रूपमा व्यहोर्नु पर्नेछ ।

स्पष्टीकरणः यो परिच्छेदको प्रयोजनका लागि “परिपत्र विधि” भन्नाले सेयरको सार्वजनिक निष्कासन बाहेक सेयर खरिद बिक्रीका लागि खास व्यक्ति वा रणनीतिक साझेदार वा संस्थागत लगानीकर्तालाई मात्र प्रस्ताव पठाई सेयर खरिद बिक्री गर्ने प्रक्रिया सम्झनुपर्छ ।

## परिच्छेद -७

## ऋण लिने तथा डिबेञ्चर निष्कासन

६५. ऋण लिने वा डिबेञ्चर निष्कासन गर्नेः (१) कम्पनीले आफ्नो व्यवसाय वा कारोबार सञ्चालन र विस्तारका लागि ऋण लिन वा डिबेञ्चर निष्कासन गर्न आवश्यक ठानेमा त्यसको कारण, ऋण रकम र सोको प्रयोगको कार्ययोजना समेत निर्धारण गरी कम्पनीको अचल सम्पत्ति धितोबन्धक राखी वा नराखी ऋण लिन वा डिबेञ्चर निष्कासन गर्न सक्नेछ ।

तर कम्पनीले कारोबार प्रारम्भ गर्ने स्वीकृति प्राप्त नगरी र जारी पुँजी पूर्ण रूपमा चुक्ता नभएसम्म डिबेञ्चर निष्कासन गर्न सक्ने छैन ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अघिल्लो ऋणदातालाई दिएको धितोबन्धकले वहन गर्ने हदसम्मको रकम त्यस्तो धितोबन्धकको आधारमा थप ऋण लिन वा डिबेञ्चर निष्कासन गर्न सक्नेछ ।

(३) कम्पनीले उपदफा (१) वा (२) बमोजिम ऋण लिने वा डिबेञ्चर निष्कासन सम्बन्धी जानकारी सात दिनभित्र कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

६६. <u>डिबेञ्चरको विवरणपत्रको प्रकाशन</u> : (१) पब्लिक कम्पनीले प्रबन्धपत्र र नियमावलीको अधीनमा रही सेयरमा परिणत हुनसक्ने वा नसक्ने डिबेञ्चर निष्कासन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम डिबेञ्चर निष्कासन गर्नु अघि दफा ३४ ,३५, ३६ र ३७ बमोजिम डिबेञ्चरको विवरणपत्र प्रकाशन गर्नुपर्नेछ ।

६७. <u>साधारण सेयरमा परिणत हुने डिबेञ्चर निष्कासन</u> : (१) विद्युत उत्पादन, प्रसारण, सुरुङ्ग मार्ग, द्रुतमार्ग, रज्जुमार्ग (केबुलकार, पोडवे) जस्ता पूर्वाधार निर्माण र सञ्चालन गर्ने पब्लिक कम्पनी वा व्यवसाय सञ्चालनका लागि पुँजी आवश्यक पर्ने पब्लिक कम्पनीले साधारण सेयरमा परिणत हुने डिबेञ्चर निष्कासन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निष्कासन हुने डिबेञ्चरको सर्त, भुक्तानीको अवधि र विधि त्यस्तो डिबेञ्चर निष्कासनको समयमा सम्बन्धित कम्पनीले निर्धारण भएबमोजिम हुनेछ ।

(३) डिबेञ्चरलाई साधारण सेयरमा परिणत गर्ने भएमा त्यस्तो डिबेञ्चर निष्कासनको समयमा निर्धारित अवधि वा कम्पनीले व्यापारिक कारोबार प्रारम्भ गरेको पाँच वर्ष मध्ये जुन पहिले आउँछ सो अवधिभित्र साधारण सेयरमा परिणत गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम डिबेञ्चरलाई साधारण सेयरमा परिणत गर्नसञ्चालक समितिले साधारण सभा समक्ष विशेष प्रस्ताव पेस गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम साधारण सभाबाट विशेष प्रस्ताव पारित भएपछि डिबेञ्चरधनीबाट डिबेञ्चर प्रमाणपत्र फिर्ता लिई कम्पनीले निजको नाममा साधारण सेयर प्रमाणपत्र जारी गर्नुपर्नेछ ।

(६) उपनियम (१) बमोजिम विशेष प्रस्ताव परित भएपछि सो को जानकारी डिबेञ्चर, ट्रष्टी धितोपत्र बोर्ड र कार्यालयलाई दिनुपर्नेछ ।

६८. <u>डिबेञ्चर ट्रष्टीको नियुक्ति</u> : (१) डिबेञ्चर निष्कासन गर्ने पब्लिक कम्पनीले डिबेञ्चर निष्कासन र व्यवस्थापनका लागि धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त संस्थालाई डिबेञ्चर ट्रष्ट्री नियुक्त गर्नुपर्नेछ ।

तर देहाय बमोजिमको संस्थालाई पब्लिक कम्पनीले डिम्बेञ्चर टष्ट्री नियुक्त गर्नसक्ने छैन-

(क) त्यस्तो कम्पनीको सेयर लिएको,

(ख) त्यस्तो कम्पनीसँग ऋण लिएको, वा

(ग) त्यस्तो कम्पनीले लिएको ऋणको जमानत दिएको ।

(२) उपदफा (१) बमोजिम डिबेञ्चर ट्रष्टी नियुक्त नगरी कुनै पनि पब्लिक कम्पनीले डिबेञ्चरको विवरणपत्र प्रकाशन गर्न सक्ने छैन ।

६९. डिबेञ्चर ट्रष्टीसँग सम्झौता गर्नेः (१) दफा ६८ बमोजिम नियुक्त डिबेञ्चर ट्रष्टीसँग देहायका विषय समावेश गरी सम्बन्धित कम्पनीले सम्झौता गर्नुपर्नेछ -

(क) कम्पनीको सम्पत्तिको मूल्याङ्कन, आयोजनाको विश्लेषण,

(ख) डिबेञ्चरधनीले खरिद गरेको डिबेञ्चरको साँवा र ब्याज भुक्तानी गर्ने समय, ब्याज दर, साँवाब्याज भुक्तानी प्रक्रिया तथा डिबेञ्चरलाई सेयरमा परिणत गर्ने विधि र प्रक्रिया,

(ग) कम्पनीको सम्पत्तिमा अन्य ऋणदाताको हक र दायित्व,

(घ) सम्झौतामा उल्लिखित सर्त उल्लङ्घन गरेमा, पूरा नगरेमा सो सम्झौताबमोजिम धितोबन्धकमा रहेको सम्पत्ति कब्जा वा नियन्त्रण लिने वा लिलाम बिक्री गर्ने तरिका,

(ङ) कम्पनीको आर्थिक कारोबारको नियन्त्रण र सञ्चालन,

(च) डिबेञ्चर ट्रष्टीको सेवा शुल्क तथा अन्य प्रत्यक्ष खर्चको भुक्तानी,

(छ) सम्झौताबमोजिम काम गर्दा कम्पनी वा डिबेञ्चरधनीलाई कुनै प्रकारले हानिनोक्सानी वा घाटा भएमा सोको जिम्मेवारी वहन गरिने वा नगरिने विषय,

(ज) कम्पनी विघटनको अवस्थामा डिबेञ्चरधनीको अधिकार प्रयोग र कानूनी कारबाहीको जिम्मेवारी,

(झ) डिबेञ्चरधनीको हित संरक्षण ।

(२) डिबेञ्चर ट्रष्टीले डिबेञ्चरधनीको हित संरक्षणका लागि कम्पनीको सम्पत्ति धितोबन्धकमा लिन वा प्रचलित नेपाल कानूनबमोजिम आफ्नो नाममा हस्तान्तरण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै सम्पत्ति धितोबन्धक लिनु अघि डिबेञ्चर ट्रष्टीले आवश्यक ठानेमा त्यस्तो सम्पत्तिको मूल्याङ्कन गर्न वा गराउन सक्नेछ ।

(४) कम्पनी र डिबेञ्चर ट्रष्टीबीच सम्झौता सम्पन्न भएपछि त्यस्तो कम्पनीले थप डिबेञ्चर उठाउने भएमा डिबेञ्चर ट्रष्टीको स्वीकृति लिनु पर्नेछ ।

७०. डिबेञ्चर ट्रष्टीले सूचना माग र जाँच गर्नसक्नेः डिबेञ्चर ट्रष्टीले दफा ६९ बमोजिम सम्झौता सम्पन्न गर्नु अघि देहायका सूचना माग गरी जाँच गर्न सक्नेछ-

(क) कम्पनीको नियमावलीमा डिबेञ्चर ट्रष्टी मार्फत डिबेञ्चर निष्कासन गर्नसक्ने व्यवस्था भए वा नभएको,

(ख) कम्पनीको मौजुदा सम्पत्तिले डिबेञ्चरको मूल्य व्यहोर्न सक्ने स्थिति भए वा नभएको,

(ग) कम्पनीको अन्य दायित्व र ऋणदाता भए वा नभएको,

(घ) कम्पनीको वासलात, नाफा नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन ।

७१. आवधिक विवरण पेस गर्नुपर्नेः (१) दफा ६९ बमोजिम सम्झौता भए पछि पब्लिक कम्पनीले प्रत्येक छ महिनामा आफ्नो आर्थिक कारोबार सम्बन्धी विवरण डिबेञ्चर ट्रष्टी समक्ष पेस गर्नुपर्नेछ ।

(२) डिबेञ्चर निष्कासन पश्चात् कम्पनीको व्यवस्थापन वा स्वामित्वमा कुनै किसिमले परिवर्तन भएमा त्यसरी परिवर्तन भएको सात दिनभित्र सोको जानकारी डिबेञ्चर ट्रष्टीलाई दिनुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कम्पनीले पेस गरेको विवरण वा जानकारीका अतिरिक्त थप विवरण, जानकारी वा सूचना आवश्यक परेमा डिबेञ्चर ट्रष्टीले माग गर्न सक्नेछ र त्यसरी माग गरेको विवरण, जानकारी वा सूचना उपलब्ध गराउनु सम्बन्धित कम्पनीको कर्तव्य हुनेछ ।

७२. डिबेञ्चर ट्रष्टीको अधिकार र दायित्वः (१) कम्पनीले दफा ६९ बमोजिमको सम्झौतामा उल्लिखित कुनै सर्त उल्लङ्घन गरेमा डिबेञ्चर ट्रष्टीले त्यस्तो कम्पनीलाई सो सर्त यथाशीघ्र पालना गर्न वा निश्चित् अवधि तोकी डिबेञ्चरधनीको साँवा र ब्याज रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ता गरेको कारणबाट वा अन्य मनासिब कारणले कम्पनीको आर्थिक कारोबार नियन्त्रणमा लिनुपर्ने वा सम्झौताबमोजिम धितोबन्धक कब्जामा लिनुपर्ने भएमा डिबेञ्चर ट्रष्टीले प्रचलित नेपाल कानूनबमोजिम त्यस्तो कम्पनीको सम्पत्ति वा धितोबन्धक आफ्नो कब्जामा लिन सक्नेछ ।

(३) डिबेञ्चर ट्रष्टीले उपदफा (२) बमोजिम कब्जामा लिएको सम्पत्ति वा धितोबन्धक आफैंले लिन वा लिलाम बढाबढ गरी वा नगरी बिक्री गर्न वा अन्य उपयुक्त तरिकाले व्यवस्थापन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्पत्ति बिक्रीबाट उठेको रकमबाट डिबेञ्चरधनीको रकम भुक्तानी गर्नुपर्नेछ र भुक्तानी पश्चात् कुनै रकम बाँकी रहेमा त्यस्तो रकम सम्बन्धित कम्पनीलाई फिर्ता दिनुपर्नेछ ।

(५) यो दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि डिबेञ्चर ट्रष्टीले धितोबन्धकको सम्पत्ति आफैंले स्वीकार गरेको अवस्थामा बाहेक उक्त सम्पत्तिको लिलाम बिक्रीबाट प्राप्त रकमबाट डिबेञ्चरधनीको सम्पूर्ण रकम भुक्तानी गर्न नसकिने भएमा समानुपातिक आधारमा भुक्तानी गर्नुपर्नेछ ।

७३. डिबेञ्चर ट्रष्टीलाई हटाउन सक्नेः (१) डिबेञ्चर ट्रष्टीले डिबेञ्चरधनीको हित विपरीत काम गरेमा आवश्यक प्रमाण सहित त्यस्तो डिबेञ्चर ट्रष्टीलाई हटाउनका लागि पचास प्रतिशतभन्दा बढी डिबेञ्चरधनीले धितोपत्र बोर्डसमक्ष निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र सम्बद्ध प्रमाणका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा धितोपत्र बोर्डले त्यस्तो डिबेञ्चर ट्रष्टीलाई हटाउन र सम्बन्धित कम्पनीसँग समन्वय गरी अर्को डिबेञ्चर ट्रष्टी नियुक्त गर्न सक्नेछ ।

७४. डिबेञ्चर टष्ट्रीलाई प्रतिनिधित्वको अधिकार हुनेः (१) डिबेञ्चर निष्कासन गर्ने कम्पनी कुनै कारणले विघटन भएमा वा दामासाहीमा परेमा डिबेञ्चर ट्रष्टीलाई डिबेञ्चरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने अधिकार हुनेछ ।

(२) डिबेञ्चरधनीको साँवा र ब्याज फिर्ता वा कम्पनीसँग सम्बन्धित डिबेञ्चरधनीको सरोकारको विषयमा डिबेञ्चरधनीको तर्फबाट मुद्दा गर्नुपर्ने अवस्था सिर्जना भएमा डिबेञ्चर ट्रष्टीलाई डिबेञ्चरधनीको तर्फबाट मुद्दा गर्ने अधिकार हुनेछ ।

७५. डिबेञ्चर दर्ता किताबः (१) नियमावलीमा निर्धारित ढाँचामा कम्पनीले डिबेञ्चर दर्ता किताब तयार गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम डिबेञ्चर दर्ता किताबमा डिबेञ्चरको क्रम सङ्ख्या अनुसार प्रत्येक डिबेञ्चरधनीको देहाय बमोजिम विवरण उल्लेख गर्नुपर्नेछ-

(क) डिबेञ्चरधनीको पूरा नाम, थर र ठेगाना,

(ख) डिबेञ्चरधनीले लिएको डिबेञ्चरको सङ्ख्या,

(ग) डिबेञ्चर बापत चुक्ता गरेको जम्मा रकम र चुक्ता गर्न बाँकी रकम,

(घ) डिबेञ्चरधनीको नाम दर्ता र खारेज भएको मिति,

(ङ) डिबेञ्चरधनीको शेष पछि डिबेञ्चरमा हक लाग्ने गरी कुनै व्यक्तिलाई इच्छाइएको भए त्यस्तो व्यक्तिको नाम, थर र ठेगाना ।

(३) दफा ५३ को उपदफा (४), (५), (६) र (७) का व्यवस्था आवश्यक परिवर्तन (मुटाटिस मुटाण्डिस) सहित डिबेञ्चर दर्ता किताब सम्बन्धमा पनि लागू हुनेछन् ।

(४) पब्लिक कम्पनीले डिबेञ्चर दर्ता किताबको विवरण अभिलेखका लागि तीस दिनभित्र कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेस भएको विवरण कुनै कारणले झुट्टो, किर्ते वा जालसाजीपूर्ण भएमा सम्बन्धित सञ्चालक समिति र डिबेञ्चर दर्ता किताबमा हस्ताक्षर गर्ने पदाधिकारी व्यक्तिगत रूपमा जवाफदेही हुनेछन् र निजहरुलाई यस ऐनयस ऐनबमोजिम सजाय हुनसक्नेछ ।

## परिच्छेद -८

## सेयर तथा डिबेञ्चर बिक्री र धितोबन्धक

७६. सेयर वा डिबेञ्चर बिक्री गर्न वा धितोबन्धक राख्न सकिनेः (१) यस ऐन यस ऐनतथा कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही कम्पनीको सेयर वा डिबेञ्चर बिक्री गर्न वा धितोबन्धक राख्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋण नलिएको प्राइभेट कम्पनी बाहेक अन्य कम्पनीको संस्थापकले कम्पनीको प्रथम साधारण सभा नभएसम्म र सेयरधनीको

नाममा जारी भएको तत्काल चुक्ता गर्न कबूल गरेको सेयर बापतको सम्पूर्ण रकम चुक्ता नगरेसम्म सेयर बिक्री गर्न वा धितोबन्धक राख्न पाइने छैन ।

(३) कुनै कम्पनीको संस्थापकको नाममा रहेको सेयर बिक्री गर्दा कम्पनीमा तत्काल कायम अन्य संस्थापक र सेयरधनीलाई खरिद गर्ने पहिलो हक हुनेछ र त्यस्तो सेयर संस्थापक वा कायम सेयरधनीले खरिद नगरेमा मात्र अन्य व्यक्तिलाई बिक्री गर्न सकिनेछ ।

७७. प्राइभेट कम्पनी तथा सूचीकृत नभएका कम्पनीको सेयर खरिद बिक्रीः (१) कुनै प्राइभेट कम्पनी वा सूचीकृत नभएका कुनै पब्लिक कम्पनीको संस्थापक सेयर बिक्री गर्न चाहने सेयर धनीले त्यस्तो सेयरको बिक्री मूल्य समेत उल्लेख गरी सेयर बिक्रीको स्वीकृतिका लागि सञ्चालक समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सञ्चालक समितिले दुई महिनाभित्र त्यस्तो सेयर खरिद गर्नका लागि कम्पनीको संस्थापक सेयर भए अन्य संस्थापक र साधारण सेयर भए सबै सेयरधनीलाई सूचना दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनाका आधारमा सेयर खरिदका लागि निवेदन दिने मध्ये पहिले निवेदन दिने व्यक्तिलाई सेयर खरिदको पहिलो हक हुनेछ र एकै दिन निवेदन परेकोमा समान अनुपातमा सेयर खरिद गर्न सक्नेछ ।

(४) यस दफाबमोजिम कम्पनीको तत्काल कायम रहेको सेयरधनीले सेयर खरिद नगरेमा सम्बन्धित कम्पनीको नियमावली बमोजिम अन्य व्यक्तिलाई त्यस्तो सेयर बिक्री गर्न सकिनेछ ।

७८. नाबालिग वा करार गर्न असक्षम व्यक्तिको नाममा सेयर खरिद गर्नसक्नेः (१) नाबालिग वा प्रचलित नेपाल कानून बमोजिम करार गर्न असक्षम व्यक्तिले कम्पनीको सेयर वा डिबेञ्चर खरिद बिक्री गर्न चाहेमा त्यस्तो व्यक्तिको बाबु, आमा, पति, पत्नी वा प्रचलित नेपाल कानूनबमोजिम नियुक्त संरक्षकले निजको नाममा सेयर खरिद बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेयर वा डिबेञ्चर खरिद बिक्री गर्न त्यस्तो नाबालिग वा कानून बमोजिम करार गर्न असक्षम व्यक्तिको परिचय खुल्ने प्रमाणका आधारमा निजको संरक्षकले खरिद बिक्री गर्न सक्नेछ ।

७९. ओभर द काउन्टर बजारमा सेयर खरिद बिक्री गर्न सकिनेः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सूचीकृत नभएका पब्लिक कम्पनीको सेयर ओभर द काउन्टर बजारमा खरिद बिक्री गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सेयर बिक्री गर्न चाहने सेयरधनीले बिक्री गर्न चाहेको सेयर सङ्ख्या र मूल्य समेत उल्लेख गरी कम्पनीलाई अग्रीमरूपमा जानकारी दिनुपर्नेछ ।

(३) यस दफाबमोजिम सेयर खरिद बिक्री भएको अवस्थामा सेयरको हक हस्तान्तरण वा दाखिल खारेज गर्न आवश्यक भए सम्बन्धित व्यक्तिले कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

८०. सेयर बकस दिनसक्नेः (१) कम्पनीको सेयरधनीले आफ्नो नाममा रहेको सेयर बकस सम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम सेयर बकस दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेयर बकस दिइएकोमा त्यस्तो सेयर बकसको लिखत सहित सेयरमा हक प्राप्त गर्ने व्यक्तिको नाममा सेयर हस्तान्तरण गर्न कम्पनी समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित कम्पनीले सेयर दर्ता किताबमा सेयर बकस प्राप्त गर्ने व्यक्तिको नाम समावेश गरी सेयर प्रमाणपत्र दिनुपर्नेछ ।

(४) यस दफाबमोजिम सेयर बकसको विवरण अभिलेखका लागि तीस दिन भित्र कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

८१. <u>सेयर वा डिबेञ्चर दाखिल खारेज</u>ः (१) यस ऐनबमोजिम सेयर वा डिबेञ्चर खरिद बिक्री भएमा सेयर वा डिबेञ्चर खरिद गर्ने व्यक्तिले सोको दाखिल खारेजका लागि सेयर वा डिबेञ्चरको प्रमाणपत्र समेत संलग्न गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिनुपर्नेछ ।

तर धितोपत्र बजार मार्फत कम्पनीको सेयर वा डिबेञ्चर खरिद बिक्री भएकोमा हक हस्तान्तरणका लागि निवेदन दिन आवश्यक हुनेछैन ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कम्पनीको सेयर दर्ता किताबमा साबिक सेयरधनी वा डिबेञ्चरधनीको नाम खारेज गरी हक हस्तान्तरण भएका सेयरधनी वा डिबेञ्चरधनीको नाम दर्ता गर्नुपर्नेछ ।

(३) कुनै सेयरधनी वा डिबेञ्चरधनीको मृत्यु भएमा वा दामासाहीमा परेमा वा अन्य कारणले निजको सेयर वा डिबेञ्चरमा प्रचलित नेपाल कानूनबमोजिम अन्य व्यक्तिको हक वा स्वामित्व कायम भएमा त्यसरी हक वा स्वामित्व कायम भएको व्यक्तिले आवश्यक प्रमाण सहित त्यस्तो सेयर वा डिबेञ्चर निजको नाममा हस्तान्तरणका लागि कम्पनी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कम्पनीले निवेदकको नाममा सेयर दाखिल खारेज गर्नुपर्नेछ ।

(५) अदालतको आदेश वा सरकारी निकायको पत्रबमोजिम सेयर वा डिबेञ्चरमा कुनै व्यक्तिको हक कायम भएमा कम्पनीले त्यस्तो व्यक्तिको नाम सेयरधनी वा डिबेञ्चरधनीका रूपमा दर्ता गर्नुपर्नेछ ।

(६) यस दफाबमोजिम सेयर वा डिबेञ्चर दाखिल खारेजको विवरण अभिलेखका लागि तीस दिन भित्र कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

८२. <u>सेयर वा डिबेञ्चरको दाखिल खारेज अस्वीकार गर्नसक्ने</u>ः (१) देहायको अवस्थामा कम्पनीले सेयर वा डिबेञ्चर दाखिल खारेज गर्न अस्वीकार गर्न सक्नेछ-

(क) सेयर वा डिबेञ्चर बापत माग गरिएको रकम चुक्ता नगरेमा, र

(ख) सेयर वा डिबेञ्चर दाखिल खारेज गर्दा कम्पनीको नियमावली वा सेयरधनी बीच भएको सम्झौता विपरीत हुने भएमा ।

(२) उपदफा (१) बमोजिम सेयर वा डिबेञ्चर दाखिल खारेज गर्न अस्वीकार गरेमा सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सेयर वा डिबेञ्चर दाखिल खारिज गर्न अस्वीकार गरेमा सो निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले अदालत समक्ष उजुर गर्न सक्नेछ ।

८३. अभिलेख राख्नुपर्ने: (१) सेयर वा डिबेञ्चर धितोबन्धक दिएकोमा सो व्यहोरा दर्ता किताबमा अभिलेख गर्नका लागि धितोबन्धक लिनेले सेयर वा डिबेञ्चर प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पेस भएमा कम्पनीले सेयर वा डिबेञ्चर धितोबन्धक दिए लिएको व्यहोरा दर्ता किताबमा अभिलेख गर्नुपर्नेछ र त्यस्तो सेयर वा डिबेञ्चर निखन्ने जानकारी प्राप्त भएपछि सोको लगत सेयर वा डिबेञ्चर दर्ता किताबबाट कट्टा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सेयर दर्ता किताब विद्युतीय स्वरूपमा समेत राख्नुपर्नेछ ।

८४. सेयरधनी तथा डिबेञ्चरधनीको विवरण: (१) प्रत्येक कम्पनीले वार्षिक साधारण सभा हुनुभन्दा तीस दिन अघिसम्म कायम रहेका र खारेज भएका सेयरधनी तथा डिबेञ्चरधनीको विवरण वार्षिक साधारण सभा हुनुभन्दा एक्काइस दिन अघि तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको सेयरधनी तथा डिबेञ्चरधनीको विवरण कम्पनीको साधारण सभामा पेस गर्नुपर्नेछ ।

८५. सेयर वा डिबेञ्चरको हक भएको मानिने: कुनै कम्पनीले निष्कासन गरेको सेयर वा डिबेञ्चरको स्वामित्वको विषयमा विवाद उत्पन्न भएमा अन्यथा प्रमाणित भएमा बाहेक सेयर वा डिबेञ्चर दर्ता किताबमा नाम दर्ता भएको व्यक्तिमा त्यस्तो सेयर वा डिबेञ्चरको हकभएको मानिनेछ ।

८६. निवेदन दिन आवश्यक नपर्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनलाइन माध्यमबाट सेयर वा डिबेञ्चर खरिद बिक्री भएमा नाम दर्ता वा दाखिल खारेजका लागि निवेदन दिन आवश्यक पर्ने छैन ।

८७. नेपालभित्र सेयर कारोबार भएको मानिने: (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा दर्ता भएको कम्पनीको सेयर खरिद बिक्री वा स्वामित्व परिवर्तन नेपाल भित्र वा बाहिर जुनसुकै स्थानमा भए पनि त्यस्तो सेयर कारोबार नेपाल भित्र भएको मानिनेछ र प्रचलित नेपाल कानूनबमोजिम कर लगायत नियमनका सर्त पालना गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेयर खरिद बिक्री वा स्वामित्व परिवर्तन सम्बन्धी विवरण त्यस्तो कारोबार सम्पन्न भएको मितिले तीस दिनभित्र अभिलेखका लागि कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

८८. सेयर खरिदको आयस्रोत पेस गर्नुपर्ने: (१) यस ऐनबमोजिम सेयर खरिदकर्ताले प्रचलित नेपाल कानूनमा तोकिएको रकमको सीमा भन्दा बढी मूल्यको सेयर खरिद गरेमा आयस्रोतको प्रमाण पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस भएको आयस्रोतको प्रमाण त्यस्तो सेयर विवरण अभिलेखका लागि कार्यालय समक्ष पेस गर्दा समेत संलग्न गर्नुपर्नेछ ।

८९. एक प्रतिशत सेयर हस्तान्तरण शुल्क तिर्नुपर्नेः (१) यस ऐनबमोजिम पच्चिस लाख रूपैयाँ वा सोभन्दा बढी मूल्यको सेयर हस्तान्तरण वा खरिद बिक्री गरेमा त्यस्तो सेयर विवरण कार्यालयमा अभिलेख गर्दा त्यस्तो सेयरमा हक प्राप्त गर्ने व्यक्तिले एक प्रतिशतका दरले सेयर हस्तान्तरण शुल्क बुझाउनु पर्नेछ ।

(२) धितोपत्र विनिमय बजारको प्रणाली मार्फत सेयर खरिद बिक्री भएकोमा त्यस्तो सेयर कारोबार गर्ने धितोपत्र व्यवसायीले उपदफा (१) बमोजिम शुल्क सङ्कलन गरी सङ्घीय सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

९०. कर्मचारी सेयर बिक्री योजनाः (१) कम्पनीले कम्पनीको वा कम्पनीको सहायक वा मुख्य कम्पनीको वा कम्पनीको मुख्य कम्पनीको सहायक कम्पनीको सञ्चालक वा कर्मचारीलाई सेयर निष्कासन वा जारी गरी सेयर खरिद गर्न पाउने गरी योजना लागू गर्न सक्नेछ ।

तर सञ्चालकको हकमा त्यस्तो सञ्चालक सम्बन्धित कम्पनीको नियमित रोजगारीमा रहेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको योजना अन्तर्गतको सेयर खरिद गर्ने वा नगर्ने अधिकार सम्बन्धित सञ्चालक वा कर्मचारीमा निहित रहनेछ ।

(३) उपदफा (१) बमोजिमको योजना लागू गर्नुअघि कम्पनीको साधारण सभाबाट विशेष प्रस्ताव पारित गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको योजनामा देहायका विवरण समावेश गर्नु पर्नेछः-

(क) खरिद गर्न निष्कासन वा जारी गरिने सेयर संख्या,

(ख) योजनामा भाग लिन पाउने कर्मचारीको विवरण,

(ग) सेयर खरिद खुला रहने अवधि,

(घ) सेयरको खरिद मूल्य,

(ङ) प्रत्येक कर्मचारीले खरिद गर्न पाउने सेयर संख्या,

(च) अन्य उपयुक्त कुरा ।

(५) यस दफा बमोजिम कर्मचारीले खरिद गरेको सेयर सम्बन्धित कम्पनीले निर्धारण गरेको अवधिभर बिक्री वितरण गर्न पाउने छैन ।

(६) सेयर खरिद खुला रहने अवधिसम्म बहाल रहेको कर्मचारीले उपदफा (१) बमोजिमको योजनामा सहभागी हुन सक्नेछ ।

(७) कुनै कर्मचारीले सेयर खरिद खुला रहने अवधिभित्र सेयर खरिद नगरेमा खरिद नगरिएको सेयर संख्या अन्य कर्मचारीलाई खरिद गर्न खुला गर्न सकिनेछ ।

(८) दफा १३२ को उपदफा (१) बमोजिम तयार गर्नुपर्ने प्रतिवेदनमा कर्मचारी सेयर बिक्री योजना बमोजिम सेयर निष्कासन तथा खरिद भएको विवरण पनि उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद-९

## कम्पनीको सेयर पुँजी घटाउने वा बढाउने

९१. सेयर पुँजी घटाउन वा बढाउन सक्नेः (१) कम्पनीले साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी देहायका कुनै तरिकाबाट सेयर पुँजी घटाउन वा बढाउन सक्नेछ-

(क) नयाँ सेयरको निष्कासन मार्फत अधिकृत पुँजी बढाएर,

(ख) कम्पनीको सेयरलाई अङ्कित मूल्यभन्दा घटी वा बढी मूल्यका सेयर एकीकृत वा विभाजन गरेर,

(ग) साधारण सभाबाट प्रस्ताव पारित हुँदाको दिनसम्म कसैले पनि नलिएको वा लिन मञ्जुर नगरेको वा दफा ५८ बमोजिम जफत गरिएको सेयर खारेज गरी सो मूल्य बराबर सेयर पुँजी रकम घटाएर ।

(२) उपदफा (१) बमोजिम पुँजी घटाउने वा बढाउने सम्बन्धमा विशेष प्रस्ताव पारित भएमा सोबमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा समेत संशोधन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम विशेष प्रस्ताव पारित भएमा कम्पनीले सो प्रस्ताव, संशोधित प्रबन्धपत्र र नियमावली अभिलेखका लागि तीस दिनभित्र कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कार्यालय समक्ष पेस भएको सात दिनभित्र अनुसूची-३ बमोजिम शुल्क लिई त्यस्तो प्रस्ताव, संशोधित प्रबन्धपत्र र नियमावली अभिलेख गरी कम्पनीलाई जानकारी दिनुपर्नेछ ।

(५) कम्पनीले आफ्नो अधिकृत पुँजीको हदसम्म जारी पुँजी वृद्धि गर्न आवश्यक भएमा साधारण सभाले सामान्य प्रस्ताव पारित गरी पुँजी वृद्धि गर्न सक्नेछ ।

(६) पब्लिक कम्पनीले उपदफा (५) बमोजिम पुँजी वृद्धि गरी सार्वजनिक रूपमा सेयर निष्कासन गर्नु परेमा यस ऐन तथा धितोपत्रसम्बन्धी प्रचलित नेपाल कानून बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ ।

९२. हकप्रद सेयर र बोनस सेयरका माध्यमबाट पुँजी वृद्धिः (१) कम्पनीले तत्काल कायम सेयरधनी र कर्मचारीले मात्र खरिद गर्न पाउने हकप्रद सेयर र बोनस सेयर निष्कासन गरी अधिकृत पुँजीको हदसम्म जारी पुँजी वृद्धि गर्न सक्नेछ ।

(२) पब्लिक कम्पनीले उपदफा (१) बमोजिम हकप्रद सेयर निष्कासन गर्नुपरेमा त्यस्तो सेयर निष्कासन गर्नु भन्दा पन्ध्र दिन अगावै सो सम्बन्धी सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका र कम्पनीको वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

९३. सेयरधनीको पहिलो हक हुनेः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले निष्कासन गर्ने देहाय बमोजिमको सेयरमा कम्पनीमा तत्काल कायम रहेका सेयरधनीको पहिलो हक हुनेछ-

(क) नगद बाहेक अन्य कुनै प्रतिफल बापतको सेयर,

(ख) कम्पनीसँग भएको सम्झौताबमोजिम प्रदान गरिएको कुनै अधिकार वा सुविधाको सेयर,

(ग) कम्पनी र त्यसका ऋणदाता बीच भएको सम्झौताबमोजिमको सेयर,

(घ) कम्पनीले अग्राधिकार सेयर वा डिबेञ्चरलाई साधारण सेयरमा परिणत गरे पश्चात् कायम सेयर,

(ङ) दामासाही सम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम पुनर्संरचना कार्यक्रम बमोजिमको सेयर, वा

(च) कम्पनीमा विलय वा प्राप्तिको प्रस्तावका आधारमा सम्बन्धित पक्ष बीच सम्पन्न सम्झौताबमोजिमको सेयर ।

(२) उपदफा (१) बमोजिम सेयर निष्कासन गर्दा कम्पनीमा तत्काल कायम सेयरधनीलाई सेयर खरिद गर्नका लागि कम्तीमा पैंतीस दिनको सूचना दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र तत्काल कायम सेयर धनीले सेयर खरिद नगरेमा यस ऐन र कम्पनीको नियमावलीको अधीनमा रही सञ्चालक समितिले मनासिब ठानेको विधिबाट त्यस्तो सेयर बिक्री गर्न सक्नेछ ।

(४) कम्पनीले आर्जन गरेको मुनाफा वा मुनाफाबाट सिर्जित कोषबाट बाहेक कम्पनीको सम्पत्तिको पुनर्मूल्याङ्कन गरी सेयर पुँजी वृद्धि गर्न वा बोनस सेयर प्रदान गर्न पाइने छैन ।

९४. सेयर पुँजी घटाउन निवेदन दिनुपर्नेः (१) कम्पनीले आफ्नो सेयर पुँजी घटाउन चाहेमा साधारण सभाद्वारा विशेष प्रस्ताव पारित गरी सोको स्वीकृतिको लागि अदालत समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पेस गरेपछि कम्पनीको सेयर पुँजी घटाउने सम्बन्धमा अदालतमा सुनुवाइ हुने मिति र स्थान उल्लेख गरी सम्बन्धित कम्पनीले राष्ट्रियस्तरको दैनिक पत्रिका र कम्पनीको वेबसाइटमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना प्रकाशनपश्चात् कम्पनीको खारेजी वा दामासाही प्रक्रिया प्रारम्भ हुँदा प्रचलित नेपाल कानूनबमोजिम ऋण वा भुक्तानीको दाबी गर्न पाउने हैसियत भएका प्रत्येक व्यक्तिले अदालत समक्ष आफ्नो दाबी पेस गर्न सक्नेछ ।

(४) कम्पनीको पुँजी घटाउने निवेदन उपर सुनुवाइ हुँदा कम्पनीको सञ्चालक वा कम्पनी सचिवले अदालतले माग गरेबमोजिम कम्पनीको ऋणदाता भए निजको नाम, ठेगाना तथा प्रत्येक ऋणदातालाई कम्पनीले बुझाउनु पर्ने रकम समेत उल्लेख गरी ऋणदाताको वास्तविक र अद्यावधिक सूची अदालत समक्ष पेस गर्नुपर्नेछ ।

९५. सेयर पुँजी घटाउन अदालतले आदेश दिनसक्नेः (१) दफा ९४ को उपदफा (३) बमोजिमको दाबी र उपदफा (४) बमोजिमको सूची पेस भए पछि अदालतले सुनुवाइ गरी देहायबमोजिम सेयर पुँजी घटाउन आदेश दिनसक्नेछ-

(क) अदालत समक्ष पेस भएको सूचीमा नाम समावेस भएका ऋणदाताको ऋण चुक्ताका लागि आवश्यक रकमको व्यवस्था गरी निश्चित मितिभित्र सबै ऋण चुक्ता गर्ने सर्तमा सेयर पुँजी घटाउन,

(ख) पुँजी घटाउने प्रस्ताव उपर दाबी वा विरोध गर्न पाउने ऋणदाताको ऋण भुक्तानी भइसकेको, ऋण वा दाबी यकिन भई भुक्तानी हुने अवस्थामा रहेको वा ऋण वा दाबी सुरक्षित भएको कुरामा अदालत सन्तुष्ट भएमा उपयुक्त सर्त निर्धारण गरी पुँजी घटाउन,

(ग) खण्ड (क) वा (ख) बाहेक कम्पनीले पेस गरेको प्रस्तावबमोजिम सेयर पुँजी घटाउन ।

९६. <u>अदालतको आदेश पश्चात् सेयर पुँजी घटाउने प्रक्रिया</u>: (१) दफा ९५ बमोजिम अदालतले सेयर पुँजी घटाउने आदेश दिएमा कम्पनीले देहायको प्रक्रियाबमोजिम सेयर पुँजी घटाउनु पर्नेछ-

(क) सेयर किस्ता भुक्तानी माग गरेकोमा सो बापत जति रकम चुक्ता भएको छ त्यति हदसम्म पुँजी कायम गरेर,

(ख) चुक्ता भएको पुँजी रकम फिर्ता गरेर,

(ग) सेयरको अङ्कित मूल्य घटाएर ।

(२) उपदफा (१) बमोजिम पुँजी घटाए पछि सो मितिले एकवर्षसम्म त्यस्तो कम्पनीको नामको पछाडि "पुँजी घटाइएको" भन्ने शब्दावली लेख्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सेयर पुँजी घटाइएको जानकारी दिने प्रयोजनका लागि सम्बन्धित कम्पनीले राष्ट्रियस्तरको पत्रिका र कम्पनीको वेबसाइटमा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) पुँजी घटाउने प्रस्ताव स्वीकृत गर्ने क्रममा अदालतको आदेशमा कुनै खास सर्त उल्लेख भएको भए त्यस्तो सर्त कम्पनीको प्रबन्धपत्र र नियमावलीमा स्वतः समावेस भएको मानिने हुँदा सो बमोजिम प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्नुपर्नेछ ।

(५) यो दफाबमोजिम कम्पनीको सेयर पुँजी घटाइएकोमा त्यस्तो कम्पनीको सेयर प्रमाणपत्रमा कम्पनीको सञ्चालक वा कम्पनी सचिवले सो व्यहोरा उल्लेख गरी प्रमाणित गर्नुपर्नेछ ।

(६) यो दफाबमोजिम कम्पनीले सेयर पुँजी घटाएको जानकारी तीस दिनभित्र कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

९७. <u>सेयर पुँजी घटाउन नहुने</u>: प्रचलित नेपाल कानूनबमोजिम दामासाहीमा परेको कम्पनीले आफ्नो पुँजी घटाउने प्रक्रिया प्रारम्भ गर्न वा अन्य कुनै पनि तरिकाले सेयर पुँजी घटाउनु हुँदैन ।

९८. <u>ऋणदाताको गलत विवरण पेस गर्न नहुने</u>: (१) दफा ९४ उपदफा (४) बमोजिम ऋणदाताको सूची पेस गर्दा कुनै विवरण छुटाउन वा गलत विवरण पेस गर्नु हुँदैन ।

(२) सेयर पुँजी घटाउने प्रस्ताव उपर दाबी वा विरोध गर्न पाउने ऋणदाताको नाम जानीजानी लुकाउने, छिपाउने, दबाउने वा जानीजानी ऋण वा दायित्व सम्बन्धमा झुट्टो विवरण पेस गर्ने वा त्यस्तो ऋण वा दायित्व लुकाउने, छिपाउने वा झुट्टो विवरण तयार गर्ने वा गराउने

सञ्चालक वा सो कार्यमा सहयोग पुऱ्याउने पदाधिकारी वा कर्मचारीलाई यस ऐनबमोजिम सजाय हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सूचीमा तयार गर्ने पदाधिकारीले निजको जानकारी बिना विवरण छुटेको वा गल्ती भएको र सो छुट वा गल्ती भएको जानकारी प्राप्त हुनासाथ वा अदालतले आदेश गर्नु अघि त्यस्तो छुट वा गल्ती सच्याइ अदालतलाई जानकारी दिएमा वा त्यस्तो छुट वा गल्ती रोक्न पर्याप्त होसियारी अवलम्बन गरेको पुष्टि गरेमा सजाय हुने छैन ।

९९. <u>पुँजी घटाइएको सेयरमा सेयरधनीको दायित्व</u>: (१) दफा ९५ बमोजिम सेयर पुँजी घटाउन अदालतले दिएको आदेशबमोजिम सेयरको निर्धारित मूल्यबाट सेयर बापत भुक्तानी गरिएको वास्तविक रकम वा भुक्तानी गरिएको भनी स्वीकार गरिएको रकम घटाउँदा कायम हुने रकम भन्दा बढी रकम बुझाउन त्यस्तो सेयर लिने साविक वा विद्यमान सेयरधनी बाध्य हुने छैन ।

(२) अदालतले कम्पनीको पुँजी घटाउने आदेश जारी गरेको अघिल्लो मितिमा सम्बन्धित कम्पनी दामासाहीमा परी सो सम्बन्धी कारबाही प्रारम्भ गरिएको भए त्यस्तो कम्पनीको सेयरधनीले लिएको सेयर बापत जति रकम बुझाउनु पर्ने हो सो बराबरको रकम बुझाउने दायित्व कम्पनीको पुँजी घटाउने प्रस्ताव स्वीकृत गर्ने आदेश भएको दिनसम्म कम्पनीको सेयरधनीका रूपमा कायम व्यक्ति हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालत समक्ष कम्पनीको सेयर पुँजी घटाउने प्रस्तावमा दाबी वा विरोध गर्ने अधिकार भएका ऋणदाताको सूची पेस गर्दा कुनै ऋणदाताको नाम छुटेमा कम्पनीको पुँजी घटाउने आदेश प्राप्त भएपछि त्यस्तो ऋणदाताको ऋण तिर्न कम्पनी असक्षम भएमा ऋणदाताको नाम पठाउने दायित्व भएको सञ्चालक, पदाधिकारी वा सेयरधनीले त्यस्तो रकम व्यहोर्नु पर्नेछ ।

तर कुनै ऋणदाताको आफ्नै गल्ती वा लापरबाहीबाट अदालत समक्ष पेस गरिएको सूचीमा त्यस्तो ऋणदाताको नाम वा कुनै दाबी छुट्न गएकोमा त्यस्तो रकम व्यहोर्न बाध्य गर्न सकिने छैन ।

(४) यो दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सेयरधनीले सेयर खरिद गर्दाको समयमा लिएको सेयरको अङ्कित मूल्यभन्दा बढी रकम तिर्न कुनै पनि सेयरधनी बाध्य हुने छैन ।

१००. <u>कम्पनीको खुद सम्पत्ति घटेमा सञ्चालक र पदाधिकारी जिम्मेवार हुने</u>: (१) पब्लिक कम्पनीको खुद सम्पत्ति घटेर चुक्ता पुँजीको आधा वा सोभन्दा घटी भएमा सो विषय जानकारी भएको मितिले पैंतीस दिनभित्र सञ्चालक समितिले कम्पनी तथा सेयरधनीको हित संरक्षण र प्रवर्धनका लागि आवश्यक रणनीति तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको रणनीति स्वीकृतिका लागि कम्पनीको साधारण सभामा पेस गर्नुपर्नेछ र तत्काल साधारण सभा बस्ने कार्यतालिका नभए त्यस विषयमा छलफल र निर्णय गर्न यथाशीघ्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम रणनीति तयार नगर्ने र उपदफा (२) बमोजिम स्वीकृतिका लागि वार्षिक साधारण सभा वा विशेष साधारण सभा नबोलाउने वा जानीजानी त्यस्तो सभा नबस्ने स्थिति सिर्जना गर्ने सञ्चालक वा सञ्चालक समिति वा पदाधिकारीलाई यस ऐन बमोजिम सजाय हुनेछ ।

(४) सञ्चालक समिति वा कुनै सञ्चालकको बदनियत वा लापरबाहीका कारण कम्पनीको खुद सम्पत्ति घट्न गएको ठहरेमा सो बापतको क्षतिपूर्ति व्यहोर्ने दायित्व त्यस्तो अवस्था सिर्जना गर्ने सञ्चालक समिति, सञ्चालक वा पदाधिकारीको हुनेछ ।

१०१. उत्तरकालिक कारोबार (फरवार्ड डिलिङ) गर्न नहुनेः (१) कम्पनीका सञ्चालक, प्रबन्ध सञ्चालक वा व्यवस्थापकीय तहमा कार्यरत पदाधिकारीले निश्चित् भविष्यमा निश्चित् मूल्य र निश्चित् सङ्ख्यामा सेयर बिक्रीको उद्देश्यले आफ्नो कम्पनी, त्यसको सहायक कम्पनी वा सम्बद्ध कम्पनीको सेयर खरिद सम्बन्धी उत्तरकालिक कारोबार गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम उत्तरकालिक कारोबार गर्ने पदाधिकारीले त्यस्तो सेयर बिना सर्त कम्पनीलाई समर्पण गर्नुपर्नेछ र त्यस्तो सेयर बापत कम्पनीले कुनै रकम भुक्तानी गर्न आवश्यक हुने छैन ।

(३) उपदफा (१) विपरीत उत्तरकालिक कारोबार गर्ने सञ्चालक, प्रबन्ध सञ्चालक वा पदाधिकारीलाई यस ऐनबमोजिम सजाय हुनेछ ।

## परिच्छेद- १०

## कम्पनीले सेयर खरिदका लागि ऋण दिन, आफैंले सेयर खरिद गर्न र छुटमा बिक्री गर्न प्रतिबन्ध

१०२. कम्पनीले आफ्नो सेयर खरिद गर्न ऋण दिन नहुनेः (१) कुनै पनि कम्पनीले आफ्नो सेयर खरिद गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सेयरधनी वा अन्य कसैलाई ऋण दिनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले आफ्नो सञ्चालक वा पदाधिकारी बाहेक अन्य कर्मचारीलाई कर्मचारी सेयर योजना अन्तर्गत सेयर खरिद गर्न वा कर्मचारी कल्याण कोषको नियमअनुसार ऋण दिन सक्नेछ ।

१०३. कम्पनीले आफ्नो सेयर आफैं खरिद गर्न नहुनेः (१) कुनै पनि कम्पनीले आफ्नो सेयर आफैं खरिद गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कम्पनीको साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी लाभांशको रूपमा वितरण हुनसक्ने सञ्चित मुनाफाको रकमबाट आफ्नो सेयर आफैं खरिद गर्न सक्नेछ-

(क) कम्पनीले निष्कासन गरेको सेयर बापतको सम्पूर्ण रकम चुक्ता भएको भए,

(ख) पब्लिक कम्पनीले निष्कासन गरेको सेयर धितोपत्र बोर्डमा दर्ता भएको भए,

(ग) आफ्नो सेयर आफैं खरिद गर्नसक्ने व्यवस्था कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको भए,

(ङ) कम्पनीले चुक्ता गर्नुपर्ने ऋण रकम र आफैंचुक्ता पुँजी तथा साधारण जगेडा कोषको रकमको अनुपात दोब्बर भन्दा बढी नहुने भए,

(च) कम्पनीले खरिद गर्ने आफ्नो सेयरको रकम कम्पनीको चुक्ता पुँजी तथा साधारण जगेडा कोषको रकमको बीस प्रतिशतभन्दा बढी नहुने भए ।

(३) उपदफा (२) बमोजिम साधारण सभामा पेस गरिने विशेष प्रस्तावमा देहायका विवरण समावेश गर्नुपर्नेछ-

(क) आफ्नो सेयर आफैं खरिद गर्नुपर्ने आधार र कारण,

(ख) आफ्नो सेयर आफैं खरिद गरेको कारणबाट सम्बन्धित कम्पनीको आर्थिक अवस्थामा पर्नसक्ने प्रभावको विश्लेषण,

(ग) सेयर खरिद गर्न प्रस्ताव गरिएको सेयरको किसिम र सङ्ख्या,

(घ) खण्ड (ग) बमोजिम सेयर खरिदका लागि आवश्यक अधिकतम वा न्यूनतम रकम र सोको आयस्रोत,

(ङ) सेयर खरिद गर्ने समयावधि,

(च) सेयर खरिदको तरिका ।

(४) उपदफा (३) बमोजिम कम्पनीले आफ्नो सेयर आफैं खरिद गरेकोमा त्यस्तो सेयर खरिद गरेको मितिले तीस दिनभित्र सोको विवरण कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(५) यस दफाबमोजिम कम्पनीले कुनै वर्गको सेयर खरिद गरिसकेपछि बोनस सेयर निष्कासन गर्ने वा आफ्नो दायित्व चुक्ता गर्ने बाहेक आफ्नो सेयर आफैंले खरिद गरेको तीन वर्ष पूरा नभई पुनः सोही वर्गको सेयर निष्कासन गर्न सक्ने छैन ।

(६) यो दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पब्लिक कम्पनीले कायम गर्नुपर्ने न्यूनतम सेयरधनीको सङ्ख्या वा न्यूनतम चुक्ता पुँजी कम हुने भएमा आफ्नो सेयर आफैं खरिद गर्न सक्ने छैन ।

१०४. <u>चुक्ता पुँजी सरह कायम राख्नुपर्ने</u>ः दफा १०३ को उपदफा (२) बमोजिम कम्पनीले आफ्नो सेयर आफैं खरिद गरेकोमा त्यस्तो सेयरको अङ्कित मूल्य बराबरको रकम छुट्टै जगेडा कोषमा जम्मा गर्नुपर्नेछ र सो कोषको रकमलाई चुक्ता पुँजी सरह कायम राख्नु पर्नेछ ।

१०५. <u>डिस्काउण्टमा सेयर निष्कासन वा बिक्री गर्न नहुने</u>ः (१) कम्पनीले सेयरको निर्धारित मूल्यमा डिस्काउण्ट दिने सर्तमा सेयर निष्कासन र बिक्री गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सोही प्रस्तावका आधारमा देहायबमोजिम डिस्काउण्टमा सेयर निष्कासन वा बिक्री गर्न सक्नेछ-

(क) कम्पनीको पुँजी पुनर्संरचना योजनाको आधारमा,

(ख) ऋणदाताको सहमति अनुसार कम्पनीले लिएको ऋणलाई सेयरमा परिणत गर्ने योजनाका आधारमा,

(ग) कर्मचारी सेयर योजनाका आधारमा ।

## परिच्छेद -११

## अग्राधिकार सेयर

१०६. अग्राधिकार सेयरः (१) यस ऐन यस ऐन र कम्पनीकोप्रबन्धपत्र तथा नियमावलीबमोजिम कम्पनीले अग्राधिकार सेयर निष्कासन गर्न सक्नेछ ।

(२) प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भएकोमा बाहेक उपदफा (१) बमोजिम निष्कासन गरिएको सेयर साधारण सेयरमा परिणत हुन सक्ने छैन ।

(३) उपदफा (१) बमोजिम अग्राधिकार सेयर निष्कासन गर्दा देहायका विषय अग्राधिकार सेयर निष्कासन प्रस्तावमा समावेश गर्नुपर्नेछ-

(क) साधारण सेयर भन्दा अगाडि लाभांश प्राप्त हुने,

(ख) अग्राधिकार सेयरधनीले प्राप्त गर्ने लाभांश प्रतिशत,

(ग) प्रत्येक वर्ष लाभांश सञ्चित हुने (क्युमुलेटिभ) वा मुनाफा भएको वर्ष मात्र मुनाफा (नन् क्युमुलेटिभ) वितरण हुने,

(घ) कम्पनी खारेज भएको अवस्थामा सेयर रकम फिर्ता गर्दा अग्राधिकार हुने,

(ङ) मताधिकार हुने वा नहुने र मताधिकार हुने भए अग्राधिकार सेयरको विषयमा मात्र हुने वा अन्य विषयमा समेत हुने,

(च) खण्ड (ङ) बमोजिम अन्य कुरामा पनि मताधिकार हुने भए मताधिकारको अनुपात,

(छ) साधारण सेयरमा परिवर्तन हुन सक्ने वा नसक्ने,

(ज) अग्राधिकार सेयर फिर्ता भुक्तान (रिडिमेवल) हुने वा नहुने,

(झ) अग्राधिकार सेयर फिर्ता गर्दा प्रिमियम सहित वा प्रिमियम रहित फिर्ता गर्ने ।

(४) रिडिमेवल अग्राधिकार सेयर निष्कासन गरिएमा त्यस्तो सेयर बापतको सम्पूर्ण रकम भुक्तानी नभएसम्म त्यस्तो सेयर फिर्ता गर्न सकिने छैन ।

(५) लाभांश वितरण गर्न सकिने मुनाफाको रकम वा रिडिमेवल सेयरका लागि कम्पनीले निष्कासन गरेका नयाँ सेयर बिक्रीबाट प्राप्त रकम बाहेक अन्य रकमबाट कम्पनीले अग्राधिकार सेयर बापतको रकम फिर्ता गर्न सक्ने छैन ।

(६) यस दफाबमोजिम अग्राधिकार सेयर फिर्ता गर्ने कार्य समाप्त भएपछि त्यस्तो सेयर स्वतः खारेज हुनेछ ।

(७) कम्पनीले अग्राधिकार सेयर फिर्ता गरेको तीस दिनभित्र सोको जानकारी कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

१०७. पुँजी फिर्ता जगेडा कोषः (१) कम्पनीले अग्राधिकार सेयर निष्कासन गरेमा त्यस बापतको प्रिमियम सहितको रकम फिर्ता गर्ने प्रयोजनका लागि पुँजी फिर्ता जगेडा कोष स्थापना गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा मुनाफा रकम र प्रिमियम मूल्यमा सेयर बिक्री गरेको रकम मध्ये प्रिमियम रकम त्यस्तो खातामा जम्मा गर्नुपर्नेछ ।

१०८. <u>अग्राधिकार सेयर रकम बराबर नयाँ सेयर निष्कासन गर्नसक्नेः</u> (१) कम्पनीले अग्राधिकार सेयरको रकम फिर्ता गरेमा वा फिर्ता गर्ने प्रस्ताव गरेमा त्यसरी फिर्ता गरिएको वा फिर्ता गरिने सेयरको अङ्कित मूल्य बराबरको नयाँ सेयर निष्कासन गर्न सक्नेछ ।

(२) दफा १०७ बमोजिम पुँजी फिर्ता जगेडा कोषबाट कम्पनीले आफ्ना सेयरधनीलाई पूर्ण मूल्य चुक्ता भएको बोनस सेयर निष्कासन गर्न सक्नेछ ।

## परिच्छेद -१२

## <u>लाभांश र बोनस सेयर</u>

१०९. <u>लाभांश वितरणः</u> मुनाफामा रहेको प्रत्येक कम्पनीले एक आर्थिक वर्षमा आर्जन गरेको खुद मुनाफाबाट सेयरधनीलाई लाभांश वितरण गर्न सक्नेछ ।

११०. <u>लाभांशको स्वीकृतिः</u> (१) कम्पनीले आफ्ना सेयरधनीलाई वितरण गर्ने लाभांश साधारण सभाद्वारा स्वीकृत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम साधारण सभाद्वारा लाभांश वितरणका लागि स्वीकृत रकम सोही प्रयोजन बाहेक अन्य काममा प्रयोग गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम लाभांश वितरण गर्न साधारण सभाले स्वीकृति दिएमा त्यस्तो स्वीकृति दिएको पैंतालीस दिनभित्र सेयरधनीलाई लाभांश वितरण गरिसक्नु पर्नेछ र सो म्यादभित्र लाभांश वितरण नगरेमा कानून बमोजिम ब्याज समेत गणना गरी लाभांश वितरण गर्नुपर्नेछ ।

तर देहायको अवस्थामा पैंतालीस दिनको हदम्याद लागू हुने छैन-

(क) लाभांश स्वीकृति पश्चात् अदालत वा नियामक निकायको आदेशले लाभांश वितरण गर्न रोक लगाएमा,

(ख) काबु बाहिरको परिस्थितिको कारणले सो म्यादभित्र कम्पनीले लाभांश वितरण गर्न नसक्ने भएमा ।

(४) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ र त्यस्तो कम्पनीले वितरण गर्ने लाभांशका विषयमा नेपाल सरकारले आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) लाभांश घोषणा गर्दा सेयरधनी दर्ता किताबमा जुन व्यक्तिको नाम कायम भएको छ सोही व्यक्ति वा त्यस्तो व्यक्तिको हकवालाले मात्र लाभांश प्राप्त गर्नेछ ।

(६) लाभांश वितरण गर्नका लागि छुट्याइएको मुनाफा रकम बाहेक अन्य कुनै रकमबाट कम्पनीले लाभांश बापतको रकम भुक्तानी गर्न सक्ने छैन ।

(७) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले कम्पनीलाई दिएको अनुदान वा प्रतिभूति रकमबाट लाभांश वितरण गर्न पाइने छैन ।

(८) कम्पनीले साधारण सभाबाट स्वीकृत गरेको लाभांश बाहेक कम्पनीको अन्य कोषमा व्ययभार हुने गरी सेयरधनीलाई कुनै पनि तरिकाले नगद भुक्तानी गर्न वा जिन्सी वितरण गर्न सक्ने छैन ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लेखापरीक्षण प्रतिवेदनमा असुलउपर गर्नुपर्ने बेरुजु ठहर गरी कैफियत राय (क्वालिफाइड ओपिनियन) दिएको अवस्थामा त्यस्तो बेरुजु बराबरको रकम छुट्याएपछि मात्र बाँकी रकमबाट लाभांशको प्रस्ताव गर्नुपर्नेछ ।

१११. <u>लाभांशको रकम अलग खातामा जम्मा गर्नुपर्ने</u>: (१) दफा ११० बमोजिम लाभांश स्वीकृति भए पश्चात् लाभांश रकम वितरण गर्न बैङ्कमा अलग खाता खोली त्यस्तो रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बैङ्क खातामा जम्मा भएको रकमबाट लाभांश वितरण वा भुक्तानी गर्नुपर्नेछ ।

११२. <u>लाभांश वितरण अघि भुक्तानी गर्नुपर्ने दायित्व</u>: कम्पनीले कुनै आर्थिक वर्षमा आर्जित मुनाफा रकमबाट लाभांश भुक्तानी वा वितरण गर्नु अघि देहायबमोजिम दायित्व भुक्तानी गर्नुपर्नेछ-

(क) कम्पनी संस्थापना पूर्वको खर्च,

(ख) लेखापरीक्षण प्रतिवेदन बमोजिमको ह्रासकट्टी रकम,

(ग) प्रचलित नेपाल कानूनबमोजिम मुनाफाबाट भुक्तानी गर्नु पर्ने वा छुट्याउनु पर्ने रकम,

(घ) विगत आर्थिक वर्षमा भएको सञ्चित नोक्सानी बापतको रकम, र

(ङ) लेखापरीक्षण प्रतिवेदनमा कैफियत उल्लेख भएकोमा सो बरारबरको रकम ।

११३. <u>अन्तरिम लाभांश वितरण</u> : कम्पनीको सञ्चालक समितिले अघिल्लो आर्थिक वर्षको मुनाफाबाट देहायको अवस्थामा अन्तरिम लाभांश वितरण गर्न सक्नेछ-

(क) अन्तरिम लाभांश वितरण गर्ने विषयमा नियमावलीमा व्यवस्था गरिएको भएमा, र

(ख) जुन आर्थिक वर्षको मुनाफाबाट अन्तरिम लाभांश वितरण गर्ने हो सो आर्थिक वर्षको वित्तीय विवरण लेखापरीक्षकबाट प्रमाणित र सञ्चालक समितिबाट स्वीकृत भएमा ।

११४. <u>लगानीकर्ता संरक्षण कोषमा रकम दाखिला गर्नुपर्ने</u>: (१) कम्पनीको साधारण सभाले लाभांश वितरण गर्ने निर्णय गरेको मितिले पाँच वर्षसम्म पनि सेयरधनीले लाभांश नलिएमा त्यस्तो रकम सम्बन्धित कम्पनीले कार्यालयमा रहेको लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम लाभांशको रकम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नु अघि उपदफा (१) मा उल्लिखित अवधि समाप्त हुनुभन्दा तत्काल अगाडि कम्तीमा तीस दिनको म्याद दिई लाभांश बुझ्न आउन राष्ट्रियस्तरको दैनिक पत्रिका र कम्पनीको वेबसाइटमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

११५. <u>लाभांश वितरण गर्न नहुने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लेखापरीक्षकले कुनै कम्पनीको लेखापरीक्षण प्रतिवेदनमा अस्वीकरण राय(डिस्क्लेमर अफ अपिनियन) दिएमा वा लाभांश वितरण गर्न नहुने कारण सहित आफ्नो राय दिएमा त्यस्तो कम्पनीले लाभांशको घोषणा र वितरण गर्न सक्ने छैन ।

११६. <u>बोनस सेयर</u> : (१) कम्पनीले सञ्चित मुनाफाको रकमबाट आफ्नो सेयरधनीलाई निजहरूले ग्रहण गरेको सेयरको अनुपातमा बोनस सेयर दिन सक्नेछ-

तर कम्पनीले सम्पत्तिलाई पुनर्मूल्याङ्कन गरी बोनस सेयर वितरण गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम बोनस सेयर विवितरण गर्न देहाय बमोजिमको सर्त पूरा भएको हुनुपर्नेछ-

(क) कम्पनीको नियमावलीमा बोनस सेयर वितरण गर्ने व्यवस्था भएको,

(ख) सञ्चालक समितिको सिफारिसमा साधारण सभाबाट बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित भएको,

(ग) कम्पनीले भुक्तानी गर्नुपर्ने अनिवार्य दायित्व भुक्तानी भएको,

(घ) कुनै सेयर बापत भुक्तानी गर्नुपर्ने रकम आंशिक रूपमा मात्र भुक्तानी भएको भए बोनस सेयर वितरणको निर्णय गर्ने दिनसम्ममा त्यस्तो सेयर बापतको बाँकी रकम पूर्णरूपमा चुक्ता भएको।

(३) बोनस सेयर वितरण गर्नु अघि कम्पनीले सोको जानकारी कार्यालयलाई दिनुपर्नेछ ।

## परिच्छेद-१३

## <u>कम्पनीको सभा</u>

११७. <u>वार्षिक साधारण सभा</u>ः (१) साधारण सभा गर्नुपर्ने प्रत्येक कम्पनीले आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा सम्पन्न गर्नुपर्नेछ ।

तर कम्पनी संस्थापना भए पश्चात्को पहिलो साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले एक वर्षभित्र सम्पन्न गर्न सक्नेछ ।

(२) पब्लिक कम्पनीले उपदफा (१) को म्याद नाघेको नब्बे दिनभित्र पनि वार्षिक साधारण सभा नबोलाएमा कार्यालयले त्यस्तो कम्पनीको वार्षिक साधारण सभा बोलाउन निर्देशन दिनसक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यालयले निर्देशन दिएको मितिले नब्बे दिन भित्र पनि कम्पनीले वार्षिक साधारण सभा नबोलाएमा सो विषय उल्लेख गरी कम्पनीको कुनै सेयरधनीले अदालत समक्ष निवेदन दिनसक्नेछ ।

११८. <u>वार्षिक साधारण सभाको सूचना</u>ः (१) कम्पनीको वार्षिक साधारण सभाका लागि कम्तीमा एक्काइस दिन अगावै प्रत्येक सेयरधनीलाई साधारण सभा हुने स्थान, मिति र छलफल हुने विषय सहितकोसमावेस सूचना पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका र कम्पनीको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ र यस्तो सूचना सेयरधनीको मोबाइल फोन र इमेलमा समेत पठाउन सकिनेछ ।

(३) कारणवश स्थगित भएको कुनै साधारण सभा बोलाउँदा त्यस्तो साधारण सभामा नयाँ विषयमा छलफल नहुने भएमा कम्तीमा सात दिनको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिका र कम्पनीको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) वा (३) मा जुनसुकै लेखिएको भए तापनि कम्पनीको प्रथम वार्षिक साधारण सभाका लागि संस्थापक सेयरधनी वा अन्य सेयरधनीलाई निजहरूको ठेगानामा लिखित सूचना पठाएमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्न आवश्यक हुने छैन ।

११९. विशेष साधारण सभाः (१) कम्पनीले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउन सक्नेछ-

(क) वार्षिक साधारण सभाको समय तालिका अगावै कुनै खास विषयको प्रस्ताव पारित गर्न आवश्यक देखिएमा,

(ख) कम्पनीको लेखा तथा कारोबारको लेखापरीक्षणका क्रममा प्राप्त वित्तीय सूचनाका आधारमा कुनै खास विषयमा छलफल र निर्णयका लागि विशेष साधारण सभा बोलाउन आवश्यक भएको भनी लेखापरीक्षकले लिखित सुझाव दिएमा,

(ग) कम्पनीको चुक्ता पुँजीको कम्तीमा दश प्रतिशत सेयरधनी वा जम्मा सेयरधनी सङ्ख्याको कम्तीमा पच्चीस प्रतिशत सेयरधनीले कारण सहित विशेष साधारण सभा बोलाउन लिखित अनुरोध गरेमा,

(घ) कम्पनीको निरीक्षण पश्चात् प्राप्त प्रतिवेदनका आधारमा खास विषयमा निर्णय गर्न आवश्यक भएमा ।

(२) उपदफा (१) बमोजिमको अवस्था सिर्जना भएमा सञ्चालक समितिले बढीमा पन्ध्र दिनभित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र सञ्चालक समितिले विशेष साधारण सभा नबोलाएमा सेयरधनीले सो कुरा उल्लेख गरी कार्यालय समक्ष उजुर गरेमा कार्यालयले त्यस्तो सभा बोलाउन आदेश वा निर्देशन दिन सक्नेछ ।

(४) विशेष साधारण सभाका लागि कम्तीमा सात दिन अगावै सभा हुने स्थान, मिति र छलफल हुने विषय उल्लेख गरी सेयरधनीलाई सूचना दिनुपर्नेछ ।

१२०. कम्पनीको साधारण सभा गर्ने स्थान : (१) पब्लिक कम्पनीको साधारण सभा त्यस्तो कम्पनीको रजिष्टर्ड कार्यालय रहेको जिल्लामा गर्नुपर्नेछ ।

तर पब्लिक कम्पनीका बहुसङ्ख्यक सेयरधनीलाई पायक पर्ने स्थानमा कम्पनीको साधारण सभा गर्न बाधा पर्ने छैन ।

(२) प्राइभेट कम्पनीले नेपालभित्रको कुनै पनि ठाउँमा साधारण सभा वा विषेश साधारण सभा गर्न सक्नेछ ।

१२१. साधारण सभा स्थलमा सेयरधनीको सूची राख्नुपर्नेः (१) कम्पनीले सेयरधनीको नाम, ठेगाना र निजले लिएको सेयर सङ्ख्या समेत उल्लेख भएको सेयरधनीको सूची साधारण सभा हुने स्थलमा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचीलाई सेयरधनीले निरीक्षण र अवलोकन गर्न सक्नेछन् ।

१२२. <u>साधारण सभामा सञ्चालक उपस्थित हुनुपर्नेः</u> (१) कम्पनीको साधारण सभामा प्रत्येक सञ्चालक अनिवार्यरूपमा उपस्थित हुनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबु बाहिरको परिस्थितिका कारण कुनै सञ्चालक कम्पनीको साधारण सभामा उपस्थित हुन नसकेमा भिडियो कन्फरेन्स वा त्यस्तै प्रकारको अन्य प्रविधि मार्फत उपस्थित हुन र निर्णय प्रक्रियामा सहभागी हुन सक्नेछ ।

१२३. <u>साधारण सभामा भाग लिन र मतदान गर्न नपाउने अवस्थाः</u> कम्पनीको साधारण सभामा देहायका विषयमा छलफल र निर्णय हुने भएमा सम्बन्धित सेयरधनीले त्यस्तो साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन्

(क) सेयरधनी र कम्पनी बीच कुनै सम्झौता हुने भएमा त्यस्तो सम्झौताका सम्बन्धमा,

(ख) आफ्नो सरोकार वा स्वार्थ भएको कुनै सम्झौता, करार वा ठेक्का पट्टाका सम्बन्धमा,

(ग) सेयरधनी स्वयम्ले कार्य गरेको, कार्य गर्न छुटाएको वा गलत तरिकाले कार्य गरेको जिम्मेवारी वा दायित्व सम्बन्धमा,

(घ) आफूलाई नियुक्ति गर्ने, कार्यभारबाट मुक्त गर्ने, सरुवा गर्ने, थमौती गर्ने, पारिश्रमिक, भत्ता वा बोनस दिने वा सो घटाउने वा बढाउने वा आफ्नो नोकरीका सम्बन्धमा, वा

(ङ) सेयरको किस्ता बापत माग गरिएको रकम भुक्तानी नगरेको सम्बन्धा,

(च) बैङ्क वा वित्तीय संस्थामा सेयर धितोबन्धक राखी लिएको ऋण चुक्ता नगरको कारण ऋण असुलीका लागि कानूनी कारबाहीमा रहेको भनी ऋणदाता बैङ्क वा वित्तीय संस्थाले कम्पनीलाई लिखित अनुरोध गरेमा ।

१२४. <u>सेयरधनीको मतदानको अधिकारः</u> (१) यस ऐन वा कम्पनीको नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक सेयर दर्ता किताबमा नाम दर्ता भएको प्रत्येक सेयरधनीलाई निजले ग्रहण गरेको प्रत्येक सेयरका लागि एक मतका हिसाबले साधारण सभामा मतदान गर्ने अधिकार हुनेछ ।

(२) कम्पनीको नियमावलीमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै सेयरधनीले साधारण सभामा उपस्थित हुन र आफ्नो मताधिकार प्रयोग गर्न कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधि नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त प्रतिनिधि साधारण सभामा उपस्थित भई सभामा भाग लिन र मतदान गर्न सक्नेछ ।

(४) एक भन्दा बढी व्यक्तिको नाममा साझा सेयर रहेको अवस्थामा त्यस्तो साझेदारले नियुक्ति गरेको प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतानि साझेदारले प्रतिनिधि नियुक्ति नगरेको अवस्थामा साझेदार सेयरधनी मध्ये सेयर दर्ता किताबमा जुन सेयरधनीको नाम अघिल्लो क्रममा रहेको छ सोही सेयरधनीले सभामा भाग लिन र मतदान गर्न सक्नेछ ।

१२५. सञ्चालकको निर्वाचनमा मतदानः (१) निर्वाचनको माध्यमबाट सञ्चालकको छनौट गरिने भएमा प्रत्येक सेयरधनीलाई निजले लिएको सेयर सङ्ख्यालाई निर्वाचन गरिने सञ्चालकको सङ्ख्याले भाग गर्दा हुन आउने अंक बराबरको मतभार हुनेछ ।

उदाहरणार्थः कुनै सेयरधनीले एक सय कित्ता सेयर लिएको छ र चार जना सञ्चालक निर्वाचन गरिने भएमा एक सयलाई चारले भाग गर्दा हुन आउने पच्चीस अंकलाई त्यस्तो सेयरधनीको मतभारको रुपमा मानिनेछ ।

(२) उपदफा (१) बमोजिम मतदान गर्ने सेयरधनीले आफ्नो सबै मत एउटै वा एकभन्दा बढी उम्मेदवारमा विभाजन हुने गरी दिन सक्नेछ ।

(३) यस ऐनबमोजिम सञ्चालक नियुक्त गर्न पाउने सङ्गठित संस्थाले आफूले लिएको सेयर सङ्ख्याको अनुपातका आधारमा सञ्चालक नियुक्त गर्न सक्नेछ र त्यस्तो अवस्थामा निर्वाचनमा भाग लिन र मतदान गर्न पाउने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेयर सङ्ख्या र सञ्चालकको कुल सङ्ख्याको अनुपातमा एकजना पनि सञ्चालक नियुक्त गर्न नसक्ने वा सञ्चालक नियुक्त नगर्ने सङ्गठित संस्थाले सञ्चालकको निर्वाचनमा अन्य सेयरधनी सरह भाग लिन, मतदान गर्न र उम्मेदवारी दिन सक्नेछ ।

१२६. गणपूरक सङ्ख्याः (१) प्राइभेट कम्पनीको हकमा कुल सेयर संख्याको पचास प्रतिशत भन्दा बढी सेयरको प्रतिनिधित्व भएमा साधारण सभाको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम गणपूरक सङ्ख्या पूरा नभएको कारण सभा बस्न नसकेमा अर्को पटक सभा बोलाउँदा कुल सेयर सङ्ख्याको पच्चीस प्रतिशत सेयरको प्रतिनिधित्व हुने गरी सेयरधनी वा निजको प्रतिनिधि उपस्थित भएमा साधारण सभा बस्न र त्यस्तो साधारण सभाको काम कारबाही हुनसक्नेछ ।

(३) पब्लिक कम्पनीको हकमा बाँडफाँट भएको कुल सेयर सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सेयरको प्रतिनिधित्व हुने गरी कुल सेयरधनी मध्ये कम्तीमा तीनजना सेयरधनी वा निजहरूको प्रतिनिधि उपस्थित नभई साधारण सभा बस्न र त्यस्तो साधारण सभाको काम कारबाही हुनसक्ने छैन ।

(४) उपदफा (३) बमोजिम गणपूरक सङ्ख्या पूरा नभएको कारण सभा बस्न नसकेमा कम्तीमा सात दिनको सूचना दिई अर्को पटक सभा बोलाउँदा कम्पनीको बाँडफाँट भएको कुल सेयर सङ्ख्याको पच्चीस प्रतिशत सेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा तीनजना सेयरधनी वा निजहरूको प्रतिनिधि उपस्थित भएमा साधारण सभा बस्न र त्यस्तो साधारण सभाको काम कारबाही हुनसक्नेछ ।

(५) उपदफा (२) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतको आदेश बमोजिम साधारण सभामा बोलाइएकोमा जतिसुकै सेयरधनी उपस्थित भए पनि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) यो दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वा सामुदायिक कम्पनीको हकमा तीनजना सेयरधनी उपस्थित हुन अनिवार्य हुने छैन ।

१२७. साधारण सभाको वैधानिकताः दफा ११८ बमोजिम सबै सेयरधनीलाई सभाको सूचना पठाइएको र दफा १२६ बमोजिम गणपूरक सङ्ख्या पुगेको साधारण सभाले वैधानिकता प्राप्त गर्नेछ ।

१२८. छलफल र निर्णयः (१) कम्पनीको साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालकहरूमध्ये सबैभन्दा बढी सेयर स्वामित्व रहेको सदस्यले अध्यक्षता गर्नेछ ।

(२) साधारण सभामा छलफल गरिने सबै विषय प्रस्तावको रूपमा पेस गर्नुपर्नेछ ।

(३) साधारण सभाको सूचनामा संलग्न सूचीमा समावेश भएका विषय उपर क्रमशः छलफल गर्नुपर्नेछ ।

(४) साधारण सभाको अध्यक्षता गर्ने व्यक्तिले विशेष परिस्थिति उत्पन्न भएमा सभा स्थगित गर्न सक्नेछ ।

(५) कुनै सङ्गठित संस्थाले कम्पनीको सेयर खरिद गरेको भए त्यस्तो सङ्गठित संस्थाद्वारा नियुक्त व्यक्तिलाई त्यस्तो संस्थाको तर्फबाट कम्पनीको साधारण सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।

(६) साधारण सभामा उपस्थित बहुमत सेयरधनीको राय सभाको निर्णय हुनेछ ।

तर विशेष प्रस्तावको हकमा साधारण सभामा उपस्थित सेयरधनी मध्ये पचहत्तर प्रतिशत सेयरको प्रतिनिधित्व गर्ने सेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाद्वारा स्वीकृत भएको मानिनेछ ।

(७) साधारण सभामा पक्ष र विपक्षमा मत बराबर भएमा सभाको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनुपर्नेछ ।

(८) साधारण सभाको अध्यक्षले साधारण सभामा पेस भएको प्रस्ताव उपर निर्णय गर्न देहाय मध्येको कुनै उपयुक्त विधि निर्धारण गर्न सक्नेछ-

(क) सभामा उपस्थित सेयरधनीले हात उठाएर,

(ख) सभामा उपस्थित सेयरधनीको ध्वनीमतको आधारमा,

(ग) सेयरधनीको समूह विभाजनको आधारमा,

(घ) मतपत्रको प्रयोगको आधारमा ।

(९) देहायको अवस्थामा पहिले सूचित नगरिएका विषयमा पनि साधारण सभामा छलफल र निर्णय गर्न सकिनेछ-

(क) साधारण सभामा मतदान गर्न पाउने कम्पनीको जम्मा सेयरको दुई तिहाई सेयरलाई प्रतिनिधित्व गर्ने सेयरधनी वा प्रतिनिधिको उपस्थितिमा कुनै विषयमा निर्णय गर्ने पक्षमा मतदान गरेमा, वा

(ख) स्थगित भएको कुनै साधारण सभामा छलफलका लागि सूचित गरिएको कुनै विषय भएमा ।

१२९. <u>साधारण सभाको निर्णय पुस्तिका</u>ः (१) प्रत्येक कम्पनीले साधारण सभाको निर्णय तथा कारबाही लिपिबद्ध गर्न एक अलग निर्णय पुस्तिका राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय पुस्तिकामा सम्बन्धित सभाको अध्यक्ष र कम्पनी सचिवले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ र कम्पनी सचिव नभएमा सेयरधनी मध्ये त्यस्तो सभाको बहुमतबाट नियुक्त एकजना सेयरधनीले हस्ताक्षर गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निर्णय पुस्तिकामा देहायका विषय उल्लेख गर्नुपर्नेछ-

(क) साधारण सभाको सूचना सम्प्रेषणको प्रक्रिया,

(ख) उपस्थित सेयरधनीको सङ्ख्या,

(ग) भिडियो कन्फरेन्स मार्फत साधारण सभामा उपस्थित भएकोमा त्यसरी उपस्थित हुने सञ्चालक, सेयरधनीको सङ्ख्या र सेयर प्रतिनिधित्वको प्रतिशत,

(घ) साधारण सभाद्वारा पारित प्रस्ताव र निर्णय,

(च) साधारण सभामा मतदान भएकोमा मतदानको नतिजा ।

(४) साधारण सभा भएको तीस दिनभित्र उपदफा (३) बमोजिमको विवरण सबै सेयरधनीलाई उपलब्ध गराउनु पर्नेछ ।

तर सो विवरण राष्ट्रियस्तरको दैनिक पत्रिका र कम्पनीको वेबसाइटमा प्रकाशन गरिएमा सेयरधनीलाई उपलब्ध गराउन आवश्यक हुनेछैन ।

(५) उपदफा (१) बमोजिम साधारण सभाको काम कारबाहीको विवरण कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ र सेयरधनीले त्यस्तो विवरण अवलोकन गर्न चाहेमा कार्यालय समयभित्र अवलोकन गर्न दिनुपर्नेछ ।

(६) कुनै सेयरधनीले साधारण सभाको कारबाहीको विवरणको प्रतिलिपि माग गरेमा कम्पनीको नियमावलीमा उल्लेख भएबमोजिम शुल्क लिई सम्बन्धित कम्पनीले त्यस्तो विवरणको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

१३०. <u>वार्षिक साधारण सभामा प्रस्ताव पेस गर्नुपर्ने विषय</u>ः (१) प्रत्येक पब्लिक कम्पनीको वार्षिक साधारण सभामा देहायबमोजिमको प्रतिवेदन अलग प्रस्तावका रूपमा पेस गर्नुपर्नेछ-

(क) लेखापरीक्षण भएको वार्षिक वित्तीय विवरण,

(ख) लेखापरीक्षकको प्रतिवेदन,

(ग) सञ्चालक समितिको प्रतिवेदन ।

(२) कम्तीमा पाँच प्रतिशत सेयरको प्रतिनिधित्व गर्ने सेयरधनीले दफा ११८ बमोजिम वार्षिक साधारण सभाको सूचना पठाउनु अगावै सञ्चालक समिति समक्ष निवेदन दिई कुनै विषय वार्षिक साधारण सभामा छलफल र निर्णय गर्न अनुरोध गरेमा त्यस्तो विषय पनि अलग प्रस्तावका रूपमा सभामा पेस गर्नुपर्नेछ ।

(३) प्रत्येक पब्लिक कम्पनीले वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा एक्काइस दिन अगावै वार्षिक वित्तीय विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सेयरधनीले निरीक्षण गर्न र प्राप्त गर्नसक्ने प्रबन्ध गर्नुपर्नेछ ।

(४) कम्पनीले उपदफा (३) बमोजिमका विवरण तथा प्रतिवेदन इमेल वा अन्य विद्युतीय माध्यमबाट पठाउन सक्नेछ ।

(५) उपदफा (३) मा उल्लिखित लेखापरीक्षकको प्रतिवेदन, वार्षिक वित्तीय विवरण तथा सञ्चालक समितिको प्रतिवेदन कुनै सेयरधनीले माग गरेमा कम्पनीले आफ्नो नियमावलीमा भएको व्यवस्थाबमोजिम त्यस्तो प्रतिवेदन तथा विवरण दिनुपर्नेछ ।

(६) कम्पनीले देहायका विषय वार्षिक साधारण सभामा प्रस्ताव पेस गरी निर्णय गर्न सक्नेछ-

(क) सेयरधनीलाई बाँडिने लाभांश,

(ख) सञ्चालकको नियुक्ति तथा पारिश्रमिक,

(ग) लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक,

(घ) कम्पनीको साधारण सभाबाट निर्णय गरिने भनी यस ऐनयस ऐन वा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा व्यवस्था गरिएका अन्य विषय ।

तर सेयरधनीलाई बाँडिने लाभांशको सम्बन्धमा निर्णय गर्दा त्यस्तो लाभांशको दर सञ्चालक समितिले निर्धारण गरे भन्दा बढी हुने गरी निर्णय गर्न सकिने छैन ।

१३१. <u>विशेष प्रस्ताव पेस गर्नुपर्ने</u>: (१) देहायको विषयमा निर्णय गर्न कम्पनीको साधारण सभामा विशेष प्रस्ताव पेस गर्नु पर्नेछ-

(क) कम्पनीको पुँजी संरचना परिवर्तन गर्न,

(ख) कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा संशोधन गर्न,

(ग) कम्पनीको प्राप्ति वा विलय गर्न,

(घ) हकप्रद वा अग्राधिकार वा बोनस सेयर निष्कासन गर्न,

(ङ) कम्पनीले आफ्नो सेयर आफैंले खरिद गर्न,

(च) डिस्काउण्ट वा प्रिमियम मूल्यमा सेयर बिक्री गर्न,

(छ) प्राइभेट कम्पनी पब्लिक कम्पनीमा वा पब्लिक कम्पनी प्राइभेटमा परिणत गर्न ।

(२) उपदफा (१) का अतिरिक्त यस ऐनयस ऐन तथा कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा विषेश प्रस्ताव पेस गर्नुपर्ने भनी तोकिएको भए त्यस्तो विषयका सम्बन्धमा निर्णय गर्न विशेष प्रस्ताव पेस गर्नुपर्नेछ ।

१३२. <u>वार्षिक प्रतिवेदनको तयारी र पेस</u>ः (१) पब्लिक कम्पनी र चुक्ता पुँजी पच्चिस लाख भन्दा बढी भएका प्राइभेट कम्पनीले देहायका विषय समावेश गरी वार्षिक विवरण सहितको प्रतिवेदन तयार गर्नुपर्नेछ-

(क) निष्कासन तथा बाँडफाँट भएको सेयरको सङ्ख्या,

(ख) निष्कासन तथा बाँडफाँट भएको सेयर मध्ये चुक्ता भएको र नभएको सेयर सङ्ख्या,

(ग) कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक, लेखापरीक्षक, प्रमुख कार्यकारी अधिकृत वा अन्य पदाधिकारीको विवरण र निजहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको विवरण,

(घ) कम्पनीको चुक्ता पुँजीको पाँच प्रतिशत वा सोभन्दा बढी सेयर खरिद गर्ने व्यक्ति वा सङ्गठित संस्थाको नाम र खरिद गरेको सेयर वा डिबेञ्चरको विवरण,

(ङ) सेयर बिक्रीबाट प्राप्त रकम र सम्बन्धित आर्थिक वर्षमा कम्पनीले खरिद गरेको सेयर तथा नयाँ सेयर वा डिबेञ्चर निष्कासन गरेको भए सो को विवरण,

(च) सञ्चालक वा संस्थापक सेयरधनी वा निजको नजिकको नातेदारले कम्पनीलाई बुझाउन बाँकी रकमको विवरण,

(छ) बैङ्क तथा वित्तीय संस्थाबाट लिएको ऋण र बुझाउन बाँकी साँवा तथा व्याजको विवरण,

(ज) कम्पनीले भुक्तानी लिनुपर्ने वा कम्पनीले अन्य व्यक्तिलाई भुक्तानी दिनुपर्ने रकम वा त्यस विषयमा मुद्दा मामिला चलिरहेको भए सोको विवरण,

(झ) कम्पनीको व्यवस्थापन तहमा कार्यरत तथा अन्य स्तरका कर्मचारी र कामदारको विवरण,

(ञ) कम्पनीको व्यवस्थापन तहमा कार्यरत तथा अन्य स्तरमा कार्यरत विदेशीको विवरण तथा निजहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता र अन्य सुविधा,

(ट) कम्पनी र कुनै विदेशी निकाय वा व्यक्ति बीच लगानी व्यवस्थापन वा प्राविधिक सेवा वा अन्य विषयमा एक वर्षभन्दा बढी अवधिको लागि कुनै सम्झौता गरिएको भए सोको विवरण र सम्बन्धित आर्थिक वर्षमा त्यस्तो सम्झौताबमोजिम भुक्तानी गरिएको, कमिसन, शुल्क र रोयल्टी आदिको विवरण,

(ठ) कम्पनीको एक आर्थिक वर्षको व्यवस्थापन खर्चको विवरण,

(ड) लेखापरीक्षण प्रतिवेदनमा बेरुजु उल्लेख भएको भए त्यसको विवरण,

(ढ) लेखापरीक्षकले कम्पनीका सम्बन्धमा व्यक्त गरेको समग्र रायको विवरण,

(ण) सेयरधनीले बुझ्न बाँकी लाभांशको विवरण,

(त) कम्पनीका सेयरधनीको वास्तविक धनी (वेनिफिसियल ओनर) सम्बन्धी विवरण,

(थ) कम्पनीले यस ऐन तथा प्रचलित नेपाल कानून पूर्णरूपले पालना गरेको उद्घोषण,

(२) उपदफा (१) बमोजिमको वार्षिक विवरण सञ्चालक समितिबाट स्वीकृत गरी वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा एक्काइस दिन अगावै कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा लेखिए बाहेकका कम्पनीले उल्लिखित विवरणमा आवश्यक हेरफेर (मुटाटिस मुटाण्डिस) सहितको विवरण तयार पार्नुपर्नेछ ।

१३३. वार्षिक वित्तीय विवरणः (१) कम्पनीको सञ्चालक समितिले प्रत्येक वर्ष वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा तीस दिन अगावै देहायका विषयको आधारमा वार्षिक वित्तीय विवरण तयार गर्नु पर्नेछ-

(क) वासलात,

(ख) नाफा नोक्सानको हिसाब,

(ग) नगद प्रवाहको विवरण ।

(२) उपदफा (१) बमोजिमको वित्तीय विवरणमा कम्पनीको कारोबारको यथार्थ र वास्तविक स्थिति सहित सो आर्थिक वर्षमा भएको नाफा नोक्सानको हिसाब तथा नगद प्रवाहको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(३) कम्पनीको वित्तीय विवरण नेपाल लेखामान बोर्डले निर्धारण गरेको ढाँचामा तयार गर्नुपर्नेछ ।

(४) मुख्य कम्पनीले उपदफा (१) बमोजिमको विवरण तयार गर्दा अन्तर्गतका सहायक कम्पनीको लेखा तथा कारोबार समावेससमेत समावेश गरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्नेछ ।

(५) यस दफाबमोजिम तयार भएको वार्षिक वित्तीय विवरण लेखापरीक्षकबाट प्रमाणित गराई सञ्चालक समितिले स्वीकृत गर्नुपर्नेछ ।

१३४. सूचीकृत कम्पनीले सङ्क्षिप्त वित्तीय विवरण तयार गर्नुपर्नेः (१) सूचीकृत कम्पनीले दफा १३३ बमोजिमको वित्तीय विवरणका आधारमा सङ्क्षिप्त वित्तीय विवरण तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सङ्क्षिप्त वित्तीय विवरणको ढाँचा नेपाल लेखामान बोर्डले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) सङ्क्षिप्त वार्षिक वित्तीय विवरणमा देहायका विषय समावेस गर्नुपर्नेछ-

(क) कम्पनीको वार्षिक वित्तीय प्रतिवेदन र सञ्चालक समितिको प्रतिवेदनको सङ्क्षिप्त विवरण,

(ख) कम्पनीको वार्षिक वित्तीय प्रतिवेदन र सञ्चालक समितिको प्रतिवेदनका सम्बन्धमा लेखापरीक्षकको राय,

(ग) वार्षिक वित्तीय प्रतिवेदन सम्बन्धमा लेखापरीक्षकको कुनै कैफियत भए सो विषय,

(घ) कम्पनीको लेखा तथा लेखा कारोबार सम्बन्धमा लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा प्रतिकूल राय वा कैफियत उल्लेख गरेको भए त्यस सम्बन्धी विवरण ।

(४) वार्षिक साधारण सभाको सूचना प्रकाशन गर्दा उपदफा (१) बमोजिमको प्रतिवेदन समेत सेयरधनीको जानकारीका लागि राष्ट्रियस्तरको दैनिक पत्रिका र कम्पनीको वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

१३५. <u>वार्षिक साधारण सभाको लागि तयार गर्नुपर्ने कागजात</u>ः (१) प्रत्येक पब्लिक कम्पनीले साधारण सभा हुनुभन्दा एक्काइस दिन अगावै देहाय बमोजिमका विवरण तथा प्रतिवेदन तयार गर्नुपर्नेछ-

(क) वार्षिक वित्तीय विवरण,

(ख) सञ्चालक समितिको प्रतिवेदन,

(ग) लेखापरीक्षकको प्रतिवेदन,

(घ) वार्षिक प्रतिवेदन, र

(ङ) साधारण सभामा पेस हुने प्रस्ताव ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन, विवरण र विशेष प्रस्तावका रूपमा सभामा पेस हुने एजेण्डा प्रत्येक सेयरधनीलाई पठाउनु पर्नेछ र कम्पनीको रजिष्टर्ड कार्यालयमा निजहरूले निरीक्षण र अवलोकन गर्न सक्ने गरी राख्नु पर्नेछ ।

१३६. <u>कार्यालय समक्ष पेस गर्नुपर्ने विवरण</u>ः (१) प्रत्येक कम्पनीले वार्षिक साधारण सभा सम्पन्न गरी पौष महिनाभित्र देहाय बमोजिमका विवरण कार्यालय समक्ष पेस गर्नुपर्नेछ-

(क) वार्षिक वित्तीय विवरण,

(ख) सञ्चालक समितिको प्रतिवेदन

(ग) सञ्चालकको विवरण र भिडियो कन्फरेन्सबाट साधारण सभामा उपस्थित सञ्चालकको सङ्ख्या,

(घ) लेखापरीक्षकको प्रतिवेदन,

(ङ) सेयर, डिबेञ्चर तथा ऋणको विवरण, र

(च) साधारण सभाद्वारा पारित निर्णय र साधारण सभामा उपस्थित सेयरधनीको सङ्ख्या ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कम्पनी संस्थापना भएपछि दफा ११७ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्रथम साधारण सभा सम्पन्न गरेमा सो मितिले तीस दिनभित्र उपदफा (१) बमोजिमका विवरण पेस गरेमा उक्त उपदफाको म्यादभित्रै विवरण पेस गरेको मानिनेछ र त्यस्तो अवस्थामा दफा २७० बमोजिमको जरिबाना हुनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पच्चिस लाख रूपैयाँसम्म चुक्ता पुँजी भएको प्राइभेट कम्पनीले लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य विवरण पेस गर्न आवश्यक हुनेछैन ।

## परिच्छेद-१४

## सञ्चालक समिति

१३७. सञ्चालक समिति र सञ्चालकको सङ्ख्याः (१) प्राइभेट कम्पनीको सञ्चालकहरुको नियुक्ति र निजहरुको सङ्ख्या नियमावलीमा व्यवस्था गरिए बमोजिम हुनेछ ।

तर सञ्चालकहरुको संख्या एघारजना भन्दा बढी हुने छैन।

(२) प्रत्येक पब्लिक कम्पनीमा कम्तीमा तीन जना र बढीमा एघार जनासम्म सञ्चालक भएको सञ्चालक समिति रहनेछ। महिला शेयरधनी रहेको पब्लिक कम्पनीको सञ्चालक समितिमा कम्तीमा एकजना महिला सञ्चालक हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चालक समिति गठन हुँदा कम्पनीको नियमावलीमा तोकिएको योग्यता भएको र संम्बन्धित कम्पनीको व्यवसायसँग सम्बन्धित विषयमा ज्ञान तथा अनुभव हासिल गरेको व्यक्तिहरुमध्ये सात जनासम्म सञ्चालक भए कम्तीमा एकजना र सात जनाभन्दा बढी सञ्चालक भएमा कम्तीमा दुईजना व्यक्तिलाई स्वतन्त्र सञ्चालकको रुपमा नियुक्त गर्नु पर्नेछ।

(४) सञ्चालकहरुले आफूमध्येबाट छानेको कुनै एक जना सञ्चालक सञ्चालक समितिको अध्यक्ष हुनेछ ।

१३८. सञ्चालक समितिको काम, अधिकार र कर्तव्यः (१) यस ऐन, यस ऐन अन्तर्गत बनेको नियमहरू, कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही कम्पनीको सञ्चालन र व्यवस्थापन सम्बन्धमा सञ्चालकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) ऐन, कम्पनीको प्रबन्धपत्र र नियमावलीबमोजिम साधारण सभाले गर्ने भनी तोकिएका बाहेक कम्पनीलाई प्राप्त अधिकारको प्रयोग गर्ने,

(ख) कम्पनीको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने र सोको कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिने,

(ग) कम्पनीको वार्षिक बजेट तथा आय व्ययको विवरण स्वीकृत गर्ने र स्वीकृत बजेटको कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिने,

(घ) कम्पनीको प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव वा अन्य कर्मचारीको नियुक्ति गर्ने र सेवाका सर्त, तलब, भत्ता आदि निर्धारण गर्ने,

(ङ) प्रत्ययी दायित्व (फिड्यूसियरी लायबिलिटी) बमोजिम कम्पनी तथा सेयरधनीको अधिकतम हितका लागि काम गर्ने,

(च) सेयरधनीको हित र सरोकारको संरक्षण र प्रवर्धन गर्ने,

(छ) कम्पनीको व्यवसाय सम्बन्धी नीति निर्धारण गर्ने र त्यसको कार्यान्वयन गर्ने वा गराउने,

(ज) सञ्चालक समितिको वार्षिक प्रतिवेदन तयार गर्ने र स्वीकृतिका लागि साधारण सभा समक्ष पेस गर्ने,

(झ) कम्पनीको साधारण सभा वा आवश्यक भएमा विशेष साधारण सभा बोलाउने र त्यस्तो सभामा पेस गर्ने प्रस्ताव तयार गर्ने,

(ञ) ऐन, कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम साधारण सभाले सम्पादन गर्ने भनी उल्लेख भएका कामकारबाही गर्ने वा गराउने,

(ट) कम्पनीको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्य गर्ने,

(२) सञ्चालक समितिले आवश्यकता अनुसार सञ्चालक समितिको कुनै सदस्यको अध्यक्षतामा समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम गठित समिति वा कार्यटोलीको कार्यदिश र सेवा, सुविधा सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) कुनै पनि व्यक्तिले कम्पनीको सञ्चालकको हैसियतले प्राप्त अधिकार र जिम्मेवारीलाई व्यक्तिगत लाभका लागि प्रयोग वा दुरूपयोग गर्नु हुँदैन ।

१३९. सञ्चालक समितिको बैठक : (१) पब्लिक कम्पनीको सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा छ पटक बस्नु पर्नेछ र दुई बैठक बीचको अन्तर तीन महिनाभन्दा बढी हुने छैन ।

(२) प्राइभेट कम्पनीको सञ्चालक समितिको बैठक नियमावलीमा लेखिएबमोजिम हुनेछ र नियमावलीमा नलेखिएको कुराको हकमा यो दफा बमोजिम हुनेछ ।

(३) कम्पनीको सञ्चालक समितिको बैठकमा सञ्चालक स्वयम् उपस्थित हुनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुनै लेखिएको भए तापनि कुनै सञ्चालक बैठकमा उपस्थित हुन नसकेमा सञ्चालक समितिको अध्यक्षको अनुमतिले भिडियो कन्फरेन्स वा त्यस्तै प्रकारको अन्य विद्युतीय प्रविधि मार्फत सञ्चालक समितिको बैठकमा सहभागी हुन सक्नेछ र त्यसरी सहभागी भएकोमा सञ्चालक उपस्थित भएको मानिनेछ ।

(५) कम्पनीको सञ्चालक समितिको जम्मा सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भएमा सञ्चालक समितिको बैठक बस्न र निर्णय गर्न सक्नेछ ।

तर यस ऐनबमोजिम कुनै कारणवश सञ्चालक समितिको बैठकमा छलफल हुने विषयमा सहभागी हुन र मतदान गर्न नपाउने सञ्चालकलाई गणना गरिने छैन ।

(६) उपदफा (५) बमोजिमको सङ्ख्यामा सञ्चालक उपस्थित नभएको कारणबाट सञ्चालक समितिको बैठक बस्न नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ र त्यस्तो बैठकमा चालीस प्रतिशत सञ्चालक उपस्थित भएमा सञ्चालक समितिको बैठक बस्न र निर्णय गर्न सक्नेछ ।

(७) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(८) कुनै सञ्चालक बैठकमा उपस्थित भई निर्णयमा हस्ताक्षर नगरेको कारणले मात्र सञ्चालक समितिको निर्णय अवैध वा अमान्य हुने छैन ।

१४०. <u>सञ्चालक समितिको बैठक र सोको सूचना</u>ः (१) सञ्चालक समितिको बैठक कम्पनी सचिव मार्फत अध्यक्षले बोलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालक समितिको बैठक बोलाउँदा त्यस्तो बैठकमा छलफल हुने विषय संलग्न गरी बैठक हुनुभन्दा दुई दिन अगावै सबै सञ्चालकलाई लिखित सूचना दिनुपर्नेछ र त्यस्तो सूचना इमेल वा अन्य विद्युतीय माध्यमबाट पनि दिन सकिनेछ ।

तर कुनै खास विषयमा छलफल र निर्णय गर्न तत्काल सञ्चालक समितिको बैठक बस्न आवश्यक भएमा छोटो अवधिको सूचना दिई सञ्चालक समितिको बैठक बस्न सक्नेछ ।

(३) कम्पनीको काम कारबाहीसँग सम्बन्धित विषयमा तत्काल सञ्चालक समितिको बैठक बस्न आवश्यक ठानी कुल सञ्चालक सङ्ख्याको पच्चीस प्रतिशत सञ्चालकले बैठक बोलाउन अध्यक्षलाई लिखित अनुरोध गर्न सक्नेछन र त्यसरी अनुरोध भएमा अनिवार्यरूपमा अध्यक्षले उपदफा (१) र (२) बमोजिम सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ ।

१४१. <u>निर्णय पुस्तिका र अभिलेख</u> : (१) सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालक, छलफल भएको विषय र तत्सम्बन्धमा भएका निर्णय अभिलेख गर्न छुट्टै निर्णय पुस्तिका राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय पुस्तिकामा बैठकमा अध्यक्ष र उपस्थित अन्य सञ्चालकले हस्ताक्षर गर्नुपर्नेछ ।

(३) सञ्चालक समितिको बैठकमा कुनै विषयमा भएको छलफलमा कुनै सञ्चालकले अलग राय राखेकोमा सोही व्यहोरा निर्णय पुस्तिकामा अभिलेख गर्न सक्नेछ ।

१४२. <u>सञ्चालक समितिको प्रतिवेदन</u>ः (१) प्रत्येक पब्लिक कम्पनी वा एक करोड रूपैयाँ वा सोभन्दा बढी चुक्ता पुँजी भएको प्रत्येक प्राइभेट कम्पनीको सञ्चालक समितिले देहायबमोजिमका विवरण उल्लेख गरी सञ्चालक समितिको प्रतिवेदन तयार गर्नुपर्नेछ-

(क) विगत वर्षको कारोबारको मूल्याङ्कन र समीक्षा,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारमा कुनै असर परेको भए सो विषय,

(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू आर्थिक वर्षको उपलब्धि र भविष्यमा गरिने कामका सम्बन्धमा सञ्चालक समितिको धारणा,

(घ) कम्पनीको औद्योगिक र व्यावसायिक सम्बन्ध,

(ङ) सञ्चालक समितिमा भएको परिवर्तन र सोको कारण,

(च) कम्पनीको व्यवसाय तथा कारोबारमा प्रतिकूल प्रभाव वा असर पार्ने विषय,

(छ) लेखापरीक्षण प्रतिवेदनमा प्रतिकूल राय दिएको भए सो सम्बन्धमा सञ्चालक समितिको लिखित प्रतिक्रिया,

(ज) लेखापरीक्षण समितिको काम कारबाहीको सङ्क्षिप्त विवरण, लेखापरीक्षण समितिले दिएको सुझाव, सुझाव कार्यान्वयनका लागि अवलम्बन गरेको कार्यनीति,

(झ) लाभांश बाँडफाँट भएको र सिफारिस गरिएको रकम,

(ञ) सेयर जफत भएकोमा सेयर सङ्ख्या, अङ्कित मूल्य, सेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम,

(ट) मुख्य कम्पनी तथा सहायक कम्पनीको व्यवसाय तथा कारोबारको प्रगति समीक्षा,

(ठ) मुख्य कम्पनी तथा त्यसको सहायक कम्पनीले विगत आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख काम कारबाही र सो अवधिमा कम्पनीको कारोबार वा व्यवसायमा भएको महत्वपूर्ण परिवर्तन,

(ड) कम्पनीको संस्थापक सेयरधनीले उपलब्ध गराएको जानकारी,

(ढ) कम्पनीका सञ्चालक तथा पदाधिकारीले लिएको सेयरको विवरण,

(ण) सेयर कारोबारमा सञ्चालक संलग्न रहे वा नरहेको विषयमा निजहरूबाट प्राप्त जानकारी,

(त) सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ रहेको विषयमा प्राप्त जानकारी,

(थ) कम्पनीले आफ्नो सेयर आफैंले खरिद गरेको भए त्यसरी सेयर खरिद गर्नुको कारण, सेयर सङ्ख्या, अङ्कित मूल्य तथा सेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम,

(द) आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी जानकारी,

(ध) कम्पनीको सञ्चालन तथा व्यवस्थापन खर्च विवरण,

(न) लेखापरीक्षण समितिका सदस्यको नामावली, पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको कामको विवरण,

(प) सञ्चालक, प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनीका संस्थापक सेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा सङ्गठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो विषय,

(फ) सञ्चालक, प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा पदाधिकारीलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम,

(ब) सेयरधनीले बुझ्न बाँकी लाभांश रकम,

(भ) कम्पनीले खरिद वा बिक्री गरेको सम्पत्तिको विवरण,

(म) सम्बद्ध पक्ष बीच कारोबार भएको भए सोको विवरण,

(य) अन्य आवश्यक विषय ।

(२) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदन सञ्चालक समितिबाट स्वीकृत गरी सबै सञ्चालकले हस्ताक्षर गर्नुपर्नेछ ।

(३) कम्पनीको लेखा तथा वार्षिक वित्तीय विवरण सम्बन्धित आर्थिक वर्ष समाप्त भएको मितिले कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(४) कम्पनीको वार्षिक वित्तीय विवरण, सञ्चालक समितिको प्रतिवेदन, यो ऐनबमोजिम तयार गर्नु पर्ने अन्य विवरण वा प्रतिवेदन झुट्टो वा गलत रूपमा तयार गर्ने र त्यसलाई स्वीकृत गर्ने पदाधिकारीलाई यस ऐनबमोजिम सजाय हुनेछ ।

१४३. <u>सञ्चालक समितिले अधिकार प्रत्यायोजन गर्नसक्ने</u> : (१) यस ऐनर यस ऐननियमावलीको अधीनमा रही सञ्चालक समितिले आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार कुनै सञ्चालक वा पदाधिकारी वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले देहायबमोजिम अधिकार प्रत्यायोजन गर्न सक्ने छैन-

(क) सेयरधनीले सेयर बापत बुझाउन बाँकी रकमको भुक्तानी माग गर्ने अधिकार,

(ख) सेयर तथा डिबेञ्चर निष्कासन गर्ने अधिकार,

(ग) ऋण वा सापटी लिने अधिकार,

(घ) कम्पनीको कोषमा रहेको रकम लगानी गर्ने अधिकार,

(ङ) ऋण दिने अधिकार ।

तर बैंङ्क तथा वित्तीय कम्पनीको हकमा खण्ड (ङ) को व्यवस्था लागू हुने छैन ।

(३) उपदफा (२) बमोजिमको अधिकार सञ्चालक समितिको बैठकको निर्णयअनुसार प्रयोग गर्नुपर्नेछ ।

(४) सञ्चालक समितिले कुनै खास कार्यका लागि आवश्यक कार्यदिश सहित समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

१४४. <u>सञ्चालक हुन सेयर खरिद गर्नुपर्ने</u>: (१) कुनै कम्पनीको सञ्चालक हुन नियमावलीमा तोकिए बमोजिमको सङ्ख्यामा सेयर खरिद गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शेयरधनी सङ्गठित संस्थाको तर्फबाट सञ्चालकको रूपमा प्रतिनिधित्व गर्ने सञ्चालकले कम्पनीको सेयर खरिद गर्न आवश्यक हुने छैन ।

(२) उपदफा (१) विपरीत सञ्चालक नियुक्ति वा निर्वाचित गरिएमा त्यस्तो नियुक्ति वा निर्वाचन मान्य हुने छैन ।

१४५. <u>सञ्चालकको नियुक्ति</u> : (१) यस ऐन,यस ऐन प्रबन्धपत्र र नियमावलीको अधीनमा रही कम्पनीको साधारण सभाले सञ्चालकको नियुक्ति गर्नेछ ।

तर,

(१) कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्मका लागि संस्थापक सेयरधनीले सञ्चालकको नियुक्ति गर्नेछ ।

(२) वार्षिक साधारण सभाद्वारा नियुक्त सञ्चालकको पद कुनै कारणले रिक्त भएमा सो रिक्त स्थानमा सञ्चालक समितिले बाँकी अवधिका लागि अर्को सञ्चालक नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य कम्पनी वा सङ्गठित संस्था सेयरधनी रहेको कम्पनीमा सञ्चालकको जम्मा सङ्ख्या र त्यस्तो संस्थाले ग्रहण गरेको सेयरको अनुपातका आधारमा सञ्चालक र वैकल्पिक सञ्चालक नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त सञ्चालकले कम्पनीको सञ्चालक समितिको बैठकमा भाग लिन नसक्ने भएमा उक्त विषय निजको वैकल्पिक सञ्चालक र सञ्चालक समितिलाई सूचित गर्नुपर्नेछ र यसरी सूचित गरिएमा वैकल्पिक सञ्चालकले सञ्चालक समितिको बैठकमा भाग लिन र मतदान गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त वैकल्पिक सञ्चालकले उपदफा (३) को अवस्थामा बाहेक सञ्चालक समितिको बैठकमा भाग लिन र मतदान गर्न सक्ने छैन ।

१४६. <u>पद तथा गोपनियताको शपथ</u>ः (१) पब्लिक कम्पनीको सञ्चालक समितिको अध्यक्ष, सञ्चालक, प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिवले अनुसूची-१५ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पद तथा गोपनीयताको शपथ लिने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा निर्धारण गरिएबमोजिम हुनेछ ।

१४७. <u>सञ्चालकको सेवा अवधि</u> : (१) कम्पनीको सञ्चालकको सेवा अवधि बढीमा चार वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा सङ्गठित संस्थाद्वारा नियुक्त सञ्चालक नियुक्ति गर्नेको इच्छाअनुसारको अवधिसम्म सञ्चालकको पदमा बहाल रहनेछ ।

(३) दफा १४५ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थाबमोजिम नियुक्त सञ्चालक वार्षिक साधारण सभा नभएसम्म मात्र पदमा बहाल रहनेछ ।

(४) कुनै सञ्चालक आफ्नो सेवा अवधि पूरा नहुँदै कारणवश पदबाट हटेमा त्यस्तो पदमा नियुक्त सञ्चालकको सेवा अवधि जुन सञ्चालकको पद रिक्त भई नियुक्ति भएको हो सो सञ्चालकको बाँकी अवधिसम्म मात्र कायम रहनेछ ।

(५) एउटा सेवा अवधि पूरा गरेको व्यक्ति पुनः अर्को सेवा अवधिका लागि सञ्चालकमा नियुक्त, निर्वाचित वा मनोनित हुन सक्नेछ ।

१४८. <u>सञ्चालकको पारिश्रमिक, भत्ता, पुरस्कार</u> : (१) कम्पनीको सञ्चालकले सञ्चालक समितिको बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता तथा अन्य पारिश्रमिक, दैनिक भ्रमण भत्ता, पुरस्कार लगायत अन्य सुविधा साधारण सभाले निर्धारण गरेबमोजिम हुनेछ ।

तर कम्पनीको प्रथम साधारण सभा नभएसम्मको लागि सञ्चालक, प्रबन्ध सञ्चालकको बैठक भत्ता तथा अन्य पारिश्रमिक, दैनिक भ्रमण भत्ता, पुरस्कार लगायत अन्य सुविधा सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको भत्ता, दैनिक भ्रमण भत्ता, पुरस्कार लगायत अन्य सुविधाका सम्बन्धमा भएको निर्णय वार्षिक विवरण पेस गर्दाका बखत कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(३) कम्पनीको साधारण सभाले स्वीकृत गरेको अवस्थामा बाहेक सूचीकृत कम्पनीको कुनै सञ्चालक आफ्नो पदबाट मुक्त भएमा वा अवकाश प्राप्त गरेमा निजलाई कम्पनीले सो बापत कुनै रकम भुक्तानी गर्ने छैन ।

१४९. <u>सञ्चालकको अयोग्यताः</u> (१) देहाय बमोजिमको व्यक्ति कम्पनीको सञ्चालकको पदमा नियुक्त वा निर्वाचित हुन अयोग्य हुनेछ-

(क) पब्लिक कम्पनीको हकमा एक्काइस वर्ष उमेर पूरा नभएको,

(ख) होस ठेगानमा नरहेको,

(ग) प्राइभेट कम्पनीको संस्थापक भए दामासाहीमा परी तीन वर्षको अवधि पूरा नभएको र पब्लिक कम्पनी भए प्रचलित नेपाल कानूनबमोजिम दामासाहीमा परेको हैसियत अन्त्य नभएको,

(घ) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको,

तर प्राइभेट कम्पनी भए त्यस्तो सजाय भुक्तान भएको मितिले तीन वर्ष पूरा नभएको ।

(ङ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा आफ्नो जिम्माको धनमाल अनधिकृत रूपले मासेको वा दुरूपयोग गरेको अभियोगमा कसुरदार ठहरी सजाय भुक्तान भएको तीन वर्ष पूरा नभएको,

(च) सम्बन्धित कम्पनीको व्यवसाय वा कुनै ठेक्का, पट्टा, करार वा कारोबारमा कुनै प्रकारको निजी स्वार्थ भएको,

(छ) समान उद्देश्य भएको कुनै कम्पनीको सञ्चालक, संस्थापक सेयरधनी, कर्मचारी, लेखापरीक्षक वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै प्रकारको निजी स्वार्थ भएको,

तर,- (१) एउटा प्राइभेट कम्पनीको त्यस्तो व्यक्ति समान उद्देश्य भएको अर्को प्राइभेट कम्पनीमा सञ्चालक हुन सक्नेछ ।

(२) मुख्य कम्पनीको त्यस्तो व्यक्ति सहायक कम्पनी वा सहायक कम्पनीको त्यस्तो व्यक्ति मुख्य कम्पनीमा सञ्चालक हुन सक्नेछ ।

(३) पब्लिक कम्पनीमध्ये बैङ्क, वित्तीय तथा बीमा क्षेत्रसँग सम्बन्धित पब्लिक कम्पनी बाहेक एउटा पब्लिक कम्पनीको त्यस्तो व्यक्ति समान उद्देश्य भएको अर्की पब्लिक कम्पनीमा सञ्चालक हुन सक्नेछ ।

(ज) सम्बन्धित कम्पनीलाई रकम बुझाउन बाँकी रहेको,

(झ) यस ऐनबमोजिम सजाय पाएको व्यक्तिको हकमा एक वर्षको समयावधि पूरा नभएको,

(ट) दफा १४४ बमोजिम सेयर नलिएको,

१५०. <u>सञ्चालक बहाल नरहने अवस्थाः</u> (१) देहाय बमोजिमको कुनै वा सबै अवस्थामा सञ्चालक आफनो पदमा बहाल रहन सक्ने छैन-

(क) यस ऐनबमोजिम सञ्चालकको पदमा नियुक्तिको लागि अयोग्य भएमा,

(ख) साधारण सभाले सञ्चालकको पदबाट हटाउने प्रस्ताव पारित गरेमा,

(ग) सञ्चालकले आफ्नो पदबाट दिएको राजीनामा सञ्चालक समितिबाट स्वीकृत भएमा,

(घ) कम्पनीको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट ठहर भएमा,

(ङ) यस ऐनबमोजिम सञ्चालकले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेको वा गर्नुपर्ने भनी तोकिएको कार्य नगरेको भनी अदालतबाट ठहर भएमा,

(च) प्रचलित नेपाल कानूनबमोजिम बैङ्क वा वित्तीय संस्थाको ऋण नतिरेको कारण अधिकार प्राप्त निकायको कालो सूचीमा रहेको,

(छ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार सम्बन्धी कसूरमा सजाय पाएमा,

(ज) सम्पत्ति शुद्धीकरण, राहदानीको दुरूपयोग, मानव अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,

(झ) प्रचलित नेपाल कानूनबमोजिम कालोसूचीबाट निर्मोचन भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएमा ।

(२) कुनै सञ्चालक पदमा बहाल रहन अयोग्य ठहऱ्याउनु अघि कम्पनीले निजलाई सो कुराको सूचना दिई सफाइ पेस गर्ने मनासिव समय र अवसर दिनुपर्नेछ ।

(३) कम्पनीले पेस गरेको कागजात, प्रतिवेदन वा विवरणबाट वा कुनै सेयरधनीको निवेदनबाट यो ऐनबमोजिम कम्पनीको सञ्चालक नियुक्ति प्राप्त गर्न वा बहाल रहन अयोग्य व्यक्ति कम्पनीको सञ्चालकको पदमा नियुक्ति भएको वा बहाल रहेको देखिन आएमा त्यस्तो सञ्चालकलाई हटाई निजको स्थानमा योग्य सञ्चालक नियुक्त गर्न कार्यालयले कम्पनीलाई निर्देशन दिनसक्नेछ ।

१५१. <u>सञ्चालकलाई पदबाट हटाउन सक्नेः</u> (१) कुनै सञ्चालकले कम्पनीको हित विपरीत काम कारबाही गरेमा वा बिना जानकारी कम्पनीको साधारण सभामा अनुपस्थित रहेमा सञ्चालक समितिले निजलाई पदबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालकलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिव समय र अवसर दिनुपर्नेछ

(३) कम्पनीले पेस गरेको कागजात, प्रतिवेदन वा विवरणबाट वा कुनै सेयरधनीको निवेदनबाट यो ऐन विपरीत कम्पनीको सञ्चालकलाई हटाइएको देखिन आएमा कार्यालयले सो सम्बन्धमा उपयुक्त व्यवस्था गर्न कम्पनीलाई निर्देशन दिनसक्नेछ ।

१५२. <u>सञ्चालकले जानकारी दिनुपर्ने विषयः</u> (१) कम्पनीको सञ्चालकले आफू सञ्चालकको पदमा बहाल गरेको मितिले पन्ध्र दिनभित्र देहायको विषयमा कम्पनीलाई लिखित जानकारी दिनुपर्नेछ -

(क) कम्पनीको कारोबारसँग सम्बन्धित कुनै प्रकारको खरिद बिक्री वा अन्य प्रकारको ठेक्का पट्टामा आफू वा आफ्नो नजिकको नातेदार प्रत्यक्ष रूपमा संलग्न रहेको वा कुनै किसिमको निजी स्वार्थ रहेको विषय,

<u>स्पष्टीकरण</u>ः यो खण्डको प्रयोजनको लागि "प्रत्यक्ष रूपमा संलग्न" भन्नाले सञ्चालक वा निजको नजिकको नातेदार संस्थापक रहेको वा दश प्रतिशतभन्दा बढी सेयर लिएको कम्पनी वा प्राइभेट फर्म वा साझेदारी फर्म वा त्यस्तो कारोबारमा संलग्न कम्पनीको सञ्चालक रहेको अवस्था समेतलाई सम्झनु पर्छ ।

(ख) यस ऐनबमोजिम सञ्चालक पदमा निर्वाचित वा नियुक्ति हुन वा त्यस्तो पदमा बहाल रहन अयोग्य नरहेको उद्घोषण,

(ग) कम्पनीको प्रबन्ध सञ्चालक, कम्पनी सचिव वा पदाधिकारीको नियुक्ति सम्बन्धमा कुनै प्रकारको स्वार्थ भएमा,

(घ) अन्य कुनै कम्पनीको सञ्चालक रहेमा,

(ङ) कम्पनी वा त्यस्तो कम्पनीको मुख्य वा सहायक कम्पनीको सेयर वा डिबेञ्चरको कारोबार गरेमा,

(च) मुख्य कम्पनी वा त्यसको सहायक कम्पनीसँग भएको वा हुने कुनै सम्झौता, ठेक्का, पट्टा वा कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वार्थ रहने भएमा त्यस्तो सम्झौता, ठेक्का, पट्टा वा कारोबार र स्वार्थको प्रकृति ।

(२) उपदफा (१) बमोजिम जानकारी दिंदा कम्पनी र सञ्चालक वा निजको नजिकको नातेदार बीचमा कुनै लिखित सम्झौता भएकोमा त्यस्तो सम्झौताको प्रतिलिपि समेत पेस गर्नुपर्नेछ र त्यस्तो सम्झौता नभएमा कारोबारको प्रकृति, स्वार्थ वा संलग्नता सम्बन्धी कुनै अवस्था भए सो विषय समावेससमावेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित कम्पनीले कार्यालयमा पेस गर्नुपर्नेछ ।

१५३. <u>सेयर सम्बन्धमा सञ्चालकले सूचित गर्नुपर्नेः</u> (१) कुनै व्यक्ति सञ्चालकमा बहाल रहेको समयमा आफू सञ्चालक रहेको कम्पनी, त्यसको सहायक कम्पनी, मुख्य कम्पनी वा मुख्य कम्पनीको अन्य सहायक कम्पनीको सेयर वा डिबेञ्चरमा हक प्राप्त गरेमा देहायबमोजिम कम्पनीलाई सूचित गर्नुपर्नेछ-

(क) आफू सञ्चालक रहेको कम्पनी वा त्यसको सहायक वा मुख्य कम्पनी वा मुख्य कम्पनीको अन्य सहायक कम्पनीको सेयर वा डिबेञ्चरमा कुनै तरिकाले हक प्राप्ति वा समाप्ति (प्रत्येक वर्गको सेयर र डिबेञ्चरको सङ्ख्या समेत),

(ख) आफ्नो नाममा रहेको खण्ड (क) बमोजिमको सेयर वा डिबेञ्चर बिक्री गर्नका लागि कुनै सम्झौता गरेमा सो विषय,

(ग) आफू सञ्चालक रहेको कम्पनीको सहायक वा मुख्य कम्पनीले त्यस्तो कम्पनीको सेयर वा डिबेञ्चर खरिद बिक्री गर्ने अधिकार दिएमा,

(घ) खण्ड (ग) बमोजिम कम्पनीको सेयर वा डिबेञ्चर खरिद गर्न पाउने अधिकार निजले अरु कसैलाई हस्तान्तरण गरेमा ।

(२) उपदफा (१) बमोजिम जानकारी दिंदा सेयर वा डिबेञ्चरको सङ्ख्या, सोको रकम तथा सेयरको प्रकार समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त जानकारी कम्पनीले अभिलेख जनाइ राख्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अभिलेख पन्ध्र दिनभित्र अभिलेखनका लागि कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(५) यो दफाको व्यवस्था सूचीकृत पब्लिक कम्पनीको सञ्चालकको नजिकको नातेदारको हकमा समेत सञ्चालक सरह लागू हुनेछ ।

१५४. <u>सञ्चालक दर्ता किताब</u> : (१) प्रत्येक कम्पनीले सञ्चालकको व्यक्तिगत विवरण अभिलेख गर्नका लागि सञ्चालक दर्ता किताब तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता किताबमा देहायका विवरण प्रविष्टि गर्नुपर्नेछ-

(क) सञ्चालकको नाम, थर, ठेगाना, नागरिकता, राष्ट्रिय परिचयपत्र नम्बर, पेसा, व्यवसाय,

(ख) सञ्चालक नियुक्ति भएको र पदबाट हटेको वा हटाइएको भए त्यस्तो मिति ।

(३) उपदफा (१) बमोजिमको दर्ता किताबमा उल्लिखित विवरण र त्यस्तो विवरणमा भएको परिवर्तन सम्बन्धी जानकारी तीस दिनभित्र कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

१५५. <u>निजी स्वार्थको विषयबाट सञ्चालक अलग रहनु पर्नेः</u> (१) सञ्चालक समितिको बैठकमा कुनै सञ्चालकको निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफल र निर्णय प्रक्रियाबाट त्यस्तो

सञ्चालक अलग रहनु पर्नेछ र त्यस्तो विषयमा हुने छलफलमा सहभागी हुन वा मतदान गर्न पाउने छैन ।

(२) सञ्चालक स्वयं वा निजको नजिकको नातेदारको स्वार्थ रहेको वा लाभान्वित हुने विषयमा सञ्चालक समितिमा छलफल र निर्णय हुने भएमा सो सम्बन्धमा लिखित रूपमा सञ्चालक समितिलाई जानकारी दिई निर्णय प्रक्रियाबाट अलग रहनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लिखित रूपमा जानकारी दिएको विषय सञ्चालक समितिको निर्णय पुस्तिकामा समेत अभिलेख गर्नुपर्नेछ ।

१५६. <u>सञ्चालकको आचरण</u>: (१) कम्पनीका सञ्चालकले देहायबमोजिमका आचरण पालना गर्नुपर्नेछ-

(क) कम्पनीको प्रबन्धपत्र र नियमावलीको पालना गर्ने,

(ख) पूर्ण निष्ठा र इमान्दरीपूर्वक कार्य गर्ने,

(ग) कम्पनीको सम्पत्तिको संरक्षण गर्ने,

(घ) असल नियतले कम्पनी र समाजको हितमा काम गर्ने,

(ङ) न्यायसङ्गत, निष्पक्ष र पारदर्शी रूपमा काम गर्ने,

(च) काममा उचित तत्परता लिने तथा ज्ञानको सही उपयोग गर्ने,

(छ) आर्थिक तथा वित्तीय उत्तरदायित्व कायम गर्ने,

(ज) नेतृत्वदायी र संरक्षकको भूमिका निर्वाह गर्ने,

(झ) सूचनाको सही र उचित प्रयोग गर्ने र

(ञ) व्यक्तिगत हित वा स्वार्थ रहेको विषयको निर्णय प्रक्रियामा सहभागी नहुने ।

(२) उपदफा (१) मा उल्लिखित आचरणका अतिरिक्त सम्बन्धित कम्पनीले आफ्नो उद्देश्य र व्यवसाय अनुरूप हुने गरी आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

१५७. <u>सञ्चालकले व्यक्तिगत फाइदा लिन नहुने</u>: (१) सञ्चालकले कम्पनीको हित प्रतिकूल हुने गरी कम्पनीको काम कारबाही वा कारोबारबाट व्यक्तिगत आर्थिक फाइदा लिनु हुँदैन र त्यस्तो फाइदा लिएको पाइएमा कम्पनीले सम्बन्धित सञ्चालकबाट असुल गरी लिन सक्नेछ ।

(२) कुनै सञ्चालकले बदनियतपूर्वक काम कारबाही गरी कम्पनीलाई हानिनोक्सानी पुऱ्याएमा कम्पनीले त्यस्तो रकम सम्बन्धित सञ्चालकबाट असुल गर्न सक्नेछ ।

१५८. <u>सञ्चालकले गलत वा झुटो वित्तीय विवरण दिन नहुने</u>: (१) कम्पनीको सञ्चालक वा पदाधिकारीले कम्पनीको साधारण सभामा कम्पनीको वास्तविक वित्तीय स्थितिका विषयमा जानीजानी झुट्टो वित्तीय विवरण पेस गर्न र कम्पनीका सेयरधनीलाई मुनाफा बाँड्न सकिनेभन्दा बढी लाभांश बाँड्न प्रेरित गर्नु हुदैन् ।

(२) उपदफा (१) विपरीतकोविवरण पेस गरेमा त्यस्तो कार्यमा संलग्न पदाधिकारी व्यक्तिगत रूपमा जवाफदेही हुनेछ र निजबाट कम्पनीले असुल गरी लिनसक्नेछ ।

(३) गलत वा झुट्टो वित्तीय विवरण पेस गरेमा यस ऐनबमोजिम सजाय हुनेछ ।

१५९. सेयर वा डिबेञ्चर सूचीकरणको सूचना : (१) कुनै पब्लिक कम्पनीको सेयर वा डिबेञ्चर धितोपत्र विनिमय बजारमा सूचीकरण गरिएमा सोको सूचना कम्पनीको साधारण सभामा पेस गर्ने दायित्व सञ्चालक समितिको हुनेछ ।

(२) उपदफा (१) बमोजिम सेयर वा डिबेञ्चर सूचीकरण भएमा सोको जानकारी तीस दिनभित्र कार्यालयलाई दिई कम्पनीको वेबसाइटमा समेत राख्नुपर्नेछ ।

१६०. काम कारबाही बदर नहुनेः कम्पनीको सञ्चालक समितिको गठन वा सञ्चालकको नियुक्तिको प्रक्रिया नमिलेको वा अनियमित भएको वा कुनै सञ्चालकको पद रिक्त रहेको कारणले मात्र सञ्चालक समिति वा सञ्चालकले गरेको कुनै काम कारबाही बदर हुने छैन ।

१६१. काम कारबाहीको मान्यताः कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक, पदाधिकारी वा अधिकार प्राप्त अन्य व्यक्तिले आफूलाई प्राप्त अधिकारको सीमा भित्र रही गरेको काम कारबाही र निजहरूको सहीछाप भएको कागजात कम्पनीको लागि मान्य हुनेछ ।

१६२. सञ्चालकहरुको जवाफदेही तथा दायित्वः (१) कम्पनीको सञ्चालकले कम्पनी मार्फत वा कम्पनीको कामको सिलसिलामा व्यक्तिगत फाइदा लिने काम गर्न पाउने छैन ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी कम्पनीको कारोबारको सिलसिलामा कुनै सञ्चालकले व्यक्तिगत फाइदा लिएको भएमा सो रकम कम्पनीले त्यस्तो सञ्चालकबाट ऋण सरह भराई लिनेछ ।

(३) कुनै व्यक्ति पब्लिक कम्पनीको सञ्चालक नियुक्त भएपछि निजले आफ्नो कार्यभार सम्हाल्नुभन्दा पहिले नै तोकिए बमोजिमको ढाँचामा गोप्यता र इमान्दारिताको शपथ लिनु पर्नेछ ।

(४) कम्पनीका प्रत्येक सञ्चालक तथा पदाधिकारीले आफ्नो पदीय दायित्व निर्वाह गर्दा कम्पनीको स्वार्थ र हितलाई ध्यानमा राखी इमान्दारीपूर्वक असल नियतले काम गर्नु पर्नेछ र सामान्य विवेक र ज्ञान भएको व्यक्तिसरह हिफाजती, सावधानी, बुद्धिमत्ता, कुशलता तथा दक्षताको प्रयोग गर्नु पर्नेछ ।

(५) उपदफा (४) को प्रतिकूल हुने गरी बदनियत चिताई कम्पनीलाई हानि नोक्सानी पुग्ने किसिमबाट काम कारबाही गर्ने सञ्चालकबाट कम्पनीलाई हुन गएको हानि नोक्सानीको क्षतिपूर्ति कम्पनीले असुल उपर गरी लिन सक्नेछ ।

(६) यस ऐन, कम्पनीको प्रबन्धपत्र, नियमावली र सर्वसम्मत सम्झौताको व्यवस्था पालना गर्नु प्रत्येक सञ्चालकको कर्तव्य हुनेछ।

## परिच्छेद -१५

## प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिव

१६३. प्रबन्ध सञ्चालकको नियुक्तिः (१) कम्पनीको नियमावलीमा प्रबन्ध सञ्चालक रहने व्यवस्था गरिएको भए सो व्यवस्थाको अधीनमा रही कम्पनीको सञ्चालकहरूले आफू मध्येबाट एक जनालाई प्रबन्ध सञ्चालक नियुक्ति गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम नियुक्त प्रबन्ध सञ्चालकको सेवाको सर्त, पारिश्रमिक र सुविधा सम्बन्धमा करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त प्रबन्ध सञ्चालकको सेवा अवधि चार वर्षको हुनेछ ।

(४) एउटा पब्लिक कम्पनीको सञ्चालक वा प्रबन्ध सञ्चालकमा नियुक्त व्यक्ति अर्को पब्लिक कम्पनीको प्रबन्ध सञ्चालकमा नियुक्त हुन सक्ने छैन ।

(५) यो दफाबमोजिम कम्पनीमा प्रबन्ध सञ्चालक नियुक्ति गरेपछि त्यस्तो कम्पनीमा कार्यकारी अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, कार्यकारी निर्देशक वा यस्तै प्रकृतिको अर्को पद सिर्जना गरी नियुक्ति गर्न सकिने छैन ।

१६४. <u>प्रमुख कार्यकारी अधिकृत</u>ः (१) सञ्चालक समितिले कम्पनीको प्रशासकीय प्रमुखको रूपमा एकजना प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतको सेवा अवधि चार वर्षको हुनेछ ।

(३) प्रमुख कार्यकारी अधिकृतको शैक्षिक योग्यता, अनुभव र सेवाका सर्त सम्बन्धी व्यवस्था कम्पनीको कर्मचारीको सेवा सर्त सम्बन्धी विनियमावली वा करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

१६५. <u>प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुनेः</u> (१) देहायको अवस्था विद्यमान भएमा कुनै व्यक्ति कम्पनीको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति हुन अयोग्य हुनेछ -

(क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार रलागू औषध कारोबारको कसुरमासजाय पाएको,

(ख) सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, मानव अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको,

(ग) प्रचलित नेपाल कानूनबमोजिम कालो सूचीमा परेकोमा त्यस्तो सूचीबाट निर्मोचन भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(घ) गैर नेपाली नागरिक,

(ङ) सम्बन्धित कम्पनीको सञ्चालक ।

(२) उपदफा (१) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी भएको कम्पनीले श्रम तथा रोजगार मन्त्रालयको स्वीकृति लिई विदेशी नागरिकलाई पनि कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति गर्न सक्नेछ ।

१६६. <u>प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार</u>ः यस ऐन, कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) कम्पनीको रणनीतिक योजना तयार गर्ने र स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेस गर्ने,

(ग) कम्पनीको वार्षिक बजेट (वार्षिक आय-व्ययको विवरण) तयार गर्ने र सञ्चालक समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्ने वा गराउने,

(घ) कम्पनीको व्यावसायिक कार्ययोजना तयार गर्ने र सञ्चालक समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्ने वा गराउने,

(ङ) कम्पनीको काम कारबाहीको वार्षिक, अर्ध वार्षिक र मासिक प्रगति विवरण तयार गर्ने,

(च) कम्पनीको दैनिक प्रशासन सञ्चालन गर्ने तथा मातहतका कर्मचारीको रेखदेख, नियन्त्रण, निर्देशन, अनुगमन र सुपरीवेक्षण गर्ने वा गराउने,

(छ) कम्पनीको विभिन्न विभाग, शाखा र कार्यालयहरूको लागि वार्षिक लक्ष्य निर्धारण गरी कार्यान्वयन गर्ने वा गराउने,

(ज) दीर्घकालीन तथा अल्पकालीन योजना एवं कार्यक्रम तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष पेस गर्ने,

(झ) स्वीकृत वार्षिक योजना एवं कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ञ) कम्पनीको लागि घर, जग्गा वा मेसिन तथा अन्य उपकरण खरिद गर्ने वा बहालमा लिने, मर्मत सम्भार गर्ने वा गराउने,

(ट) कम्पनीको कोष, आर्थिक तथा वित्तीय कारोबार सञ्चालन र व्यवस्थापन गर्ने,

(ठ) प्रचलित नेपाल कानूनबमोजिम कार्यालय वा अन्य निकायमा पेस गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि निर्धारित समयभित्र पेस गर्न कम्पनी सचिवलाई निर्देश गर्ने,

(ड) सञ्चालक समितिको अध्यक्ष र कम्पनी सचिवसँग समन्वय गरी कम्पनीको सञ्चालक समितिको बैठक, साधारण सभा वा विशेष साधारण सभा बोलाउने काम गर्ने वा गराउने,

(ढ) सञ्चालक समितिको बैठक वा साधारण सभामा छलफल हुने विषयको सूची तयार गर्न कम्पनी सचिवलाई निर्देश गर्ने,

(ण) सञ्चालक समितिको बैठक वा साधारण सभाको निर्णयको अभिलेख राख्ने वा राख्न लगाउने,

(त) सञ्चालक समितिको निर्णयअनुसार सेयर बाँडफाँटको सूचना तथा सेयर किस्ता भुक्तानी माग सम्बन्धी काम गर्ने,

(थ) सेयर वा डिबेञ्चर धितोबन्धक राख्न, हस्तान्तरण वा दाखिल खारेज गर्न सञ्चालक समितिमा पेस गर्ने,

(द) सेयरधनी वा डिबेञ्चरधनीको गुनासो सुनुवाइ र सम्बोधन गर्ने,

(ध) सेवाग्राहीका उजुरी तथा गुनासोको सुनुवाइ र सम्बोधन गर्ने,

(न) यस ऐन तथा कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा प्रमुख कार्यकारी अधिकृतले गर्ने भनी निर्धारण गरिएको अन्य कार्य गर्ने वा गराउने ।

१६७. <u>कम्पनी सचिवको नियुक्ति</u>ः (१) देहायका कम्पनीले अनिवार्य रूपमा कम्पनी सचिव नियुक्ति गर्नुपर्नेछ-

(क) धितोपत्र बजारमा सूचीकृत कम्पनी,

(ख) पब्लिक तथा सामुदायिक कम्पनी,

(ग) सरकारी कम्पनी,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पच्चीस प्रतिशत वा सोभन्दा बढी सेयर भएको कम्पनी,

(ङ) पचास करोड वा सोभन्दा बढी चुक्ता पुँजी भएको प्राइभेट कम्पनी ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पाँच करोड रूपैयाँ भन्दा माथि र पचास करोडभन्दा कम चुक्ता पुँजी भएको कम्पनीले कम्पनी सचिव हुन योग्यता पुगेको कुनै व्यक्तिलाई आवश्यकता अनुसार कम्पनी सचिवको जिम्मेवारी दिन सक्नेछ ।

(३) कुनै पनि व्यक्ति एकै पटक एक भन्दा बढी कम्पनीको कम्पनी सचिवको पदमा नियुक्त हुन सक्ने छैन ।

तर कुनै मुख्य कम्पनीको कम्पनी सचिवलाई त्यस्तो कम्पनीको सहायक कम्पनीको कम्पनी सचिव पदमा नियुक्ति गर्न यस व्यवस्थाले वाधा पुग्ने छैन ।

(४) कम्पनी सचिवको नियुक्ति गर्ने अधिकार सञ्चालक समितिलाई हुनेछ ।

(५) कम्पनी सचिवको पद छ महिना भन्दा बढी रिक्त राख्न सकिने छैन ।

१६८. <u>कम्पनी सचिवको योग्यता</u>ः (१) कानून, व्यवस्थापन, वाणिज्य वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरी कम्पनी व्यवस्थापन वा सम्बन्धित क्षेत्रमा काम गरेको योग्यता भएको व्यक्ति कम्पनी सचिवको पदमा नियुक्ति हुन सक्नेछ -

(२) उपदफा (१) मा जुनसुकै कुरा लखिएको भए तापनि देहायको व्यक्ति कम्पनी सचिवको पदमा नियुक्ति हुन वा जिम्मेवारी बहन गर्न अयोग्य हुनेछ-

(क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार सम्बन्धी कसुरमा सजाय पाएको,

(ख) सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, मानव अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको,

(ग) प्रचलित नेपाल कानूनबमोजिम कालोसूचीमा परेको वा त्यस्तो सूचीबाट निर्मोचन भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(घ) गैर नेपाली नागरिक,

(ङ) सम्बन्धित कम्पनीको सञ्चालक ।

१६९. <u>कम्पनी सचिवको काम, कर्तव्य र अधिकार</u>ः (१) यस ऐन,कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही कम्पनी सचिवको काम, कार्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) प्रचलित नेपाल कानूनबमोजिम कार्यालय वा अन्य कुनै निकायमा पेस गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि निर्धारित समयभित्र पेस गर्ने,

(ख) कम्पनीको अध्यक्ष तथा प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतसँग समन्वय गरी कम्पनीको सञ्चालक समितिको बैठक, साधारण सभा वा विशेष साधारण सभा बोलाउन पत्राचार गर्ने,

(ग) सञ्चालक समितिको बैठक वा साधारण सभामा छलफल गरिने विषयको सूची तयार गरी सम्बन्धित सञ्चालक वा सेयरधनीलाई पठाउने,

(घ) सञ्चालक समितिको बैठक वा साधारण सभाको निर्णयको अभिलेख राख्ने, प्रमाणित गर्ने तथा जिम्मा लिने,

(ङ) सञ्चालक समितिको निर्णयअनुसार प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतसँग समन्वय गरी सेयरधनीलाई सेयर बाँडफाँट तथा सेयर किस्ता भुक्तानीको सूचना पठाउने,

(च) सेयरधनीको दर्ता किताब र सेयरधनी तथा डिबेञ्चरधनीको अभिलेख राख्ने तथा प्रमाणित गर्ने,

(छ) सेयर वा डिबेञ्चरको धितो बन्धक, हस्तान्तरण वा दाखिल खारेज गर्न सञ्चालक समिति वा कार्यकारी प्रमुख समक्ष पेस गर्ने,

(ज) सेयरधनी वा डिबेञ्चरधनीको दाबी, उजुरी, गुनासो, सुझाव र सल्लाह लिखित रूपमा पेस हुन आएमा सञ्चालक समिति, प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत समक्ष पेस गर्ने र सो सम्बन्धमा भए गरेको कारबाही लिखित रूपमा सम्बन्धित सेयरधनी वा डिबेञ्चरधनीलाई दिने,

(झ) यस ऐन, यस ऐनप्रबन्धपत्र तथा नियमावलीमा कम्पनी सचिवले गर्ने भनी निर्धारण गरिएका अन्य कार्य गर्ने ।

(२) कम्पनी सचिवले कम्पनी मार्फत आफूलाई फाइदा हुने कुनै काम गर्नु वा गराउनु हुँदैन ।

(३) कम्पनी सचिवले कम्पनीले निर्धारण गरेबमोजिमका आचरण पालना गर्नु पर्नेछ ।

१७०. <u>तलब तथा पारिश्रमिक</u>ः (१) कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायतका पदाधिकारी र कर्मचारीको तलब तथा पारिश्रमिक साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम पब्लिक कम्पनीको तलब तथा पारिश्रमिक निर्धारण गर्दा कम्पनीको अघिल्लो आर्थिक बर्षको खुद नाफा समेतका आधारमा गर्नुपर्नेछ ।

## परिच्छेद-१६

## सरकारी कम्पनी

१७१. सरकारी कम्पनी सम्बन्धी विशेष व्यवस्थाः (१) यस ऐनबमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहतहले सरकारी कम्पनी संस्थापना गर्न वा पब्लिक कम्पनीमा सेयर लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनी संस्थापना गर्नु अघि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहतहले कम्पनीको पुँजी संरचना, संस्थापकको रूपमा प्रबन्धपत्र र नियमावलीमा हस्ताक्षर गर्ने पदाधिकारीको नाम, दर्जा तथा सेयरधनीको रूपमा कायम रहने निकायको नाम समेत उल्लेख गरी निर्णय गर्नुपर्नेछ ।

(३) सरकारी कम्पनीले दर्ता भएको दुई वर्षभित्र सार्वजनिक रूपमा सेयर निष्कासन र बाँडफाँट गर्नुपर्नेछ ।

तर कम्पनीको उद्देश्य र व्यवसायको प्रकृतिका कारण सार्वजनिक रूपमा सेयर निष्कासन र बाँडफाँट गर्न सम्भव नहुने भएमा सार्वजनिक निष्कासन गरिने समय उल्लेख गरी कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

(४) कुनै प्राइभेट कम्पनीमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पच्चीस प्रतिशत वा सोभन्दा बढी सेयर लगानी भएमा त्यस्तो कम्पनीलाई पब्लिक कम्पनीमा परिणत गर्नुपर्नेछ ।

१७२. सार्वजनिक संस्थान कम्पनीमा परिणत हुनसक्नेः (१) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी प्रचलित नेपाल कानूनबमोजिम स्थापित सार्वजनिक संस्थान वा गठित विकास समिति नेपाल सरकारको निर्णय बमोजिम कम्पनीमा परिणत हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनीमा परिणत गर्न दफा ४ बमोजिम कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएमा कार्यालयले अनुसूची-३ बमोजिम शुल्क लिई कम्पनी दर्ता गर्नेछ ।

(४) उपदफा (३) बमोजिम कम्पनी दर्ता भएपछि सम्बन्धित कम्पनीले सो को सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।

(५) यस ऐनबमोजिम कम्पनीको रूपमा दर्ता भएको सार्वजनिक संस्थान वा विकास समितिको सम्पूर्ण सम्पत्ति र दायित्व यस ऐनबमोजिम दर्ता भएको कम्पनीमा हस्तान्तरण हुनेछ ।

## परिच्छेद-१७

## सामुदायिक कम्पनी

१७३. सामुदायिक कम्पनी स्थापना गर्न सकिनेः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पेसा वा व्यवसायको विकास तथा प्रवर्धन गर्न वा कुनै खास पेसा वा व्यवसायमा संलग्न व्यक्तिको सामूहिक हक हितको संरक्षण गर्न वा शैक्षिक, प्राज्ञिक, सामाजिक, परोपकारी वा

सार्वजनिक हित, उपयोगिता र कल्याणकारी उद्देश्य प्राप्तिको लागि सामुदायिक कम्पनी (मुनाफा वितरण नगर्ने) संस्थापना गर्न सकिनेछ र यसका लागि इच्छुक व्यक्ति वा संस्थाले दफा ४ बमोजिम कार्यालय समक्ष निवेदन दिन सक्नेछन ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी सामुदायिक कम्पनीका रूपमा दर्ता हुने देखिएमा अनुसूची-३ बमोजिम शुल्क लिई दफा ५ बमोजिम सामुदायिक कम्पनीको रूपमा दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ ।

(३) सामुदायिक कम्पनीले आफ्ना सदस्यलाई लगानी बापत कुनै पनि लाभांश, बोनस र नगद लाभ वितरण गर्न सक्ने छैन ।

(४) यस ऐनबमोजिम सामुदायिक कम्पनी संस्थापना गर्न कम्तीमा पाँच जना संस्थापक सदस्य आवश्यक हुनेछ ।

(५) सामुदायिक कम्पनी संस्थापना पश्चात् पाँच जना सदस्य नघट्ने गरी कम्पनीले सो भन्दा बढी सङ्ख्यामा सदस्य थप गर्न सक्नेछ ।

(६) सामुदायिक कम्पनीको सदस्यता हस्तान्तरण हुनसक्ने छैन र कुनै सदस्य व्यक्तिको मृत्यु भएमा वा संङ्गठित संस्थाको हकमा दर्ता खारेज वा विघटन भएमा वा अन्य संस्था वा कम्पनीमा गाभिएमा त्यस्तो व्यक्ति र संस्थाको सदस्यता स्वतः समाप्त हुनेछ ।

(७) सामुदायिक कम्पनीले आफ्नो नाममा "कम्पनी", "लिमिटेड" वा "प्राइभेट लिमिटेड" शब्द लेख्न आवश्यक पर्नेछैन ।

(८) सामुदायिक कम्पनीले कार्यालयको स्वीकृति लिई नेपालभित्र शाखा कार्यालय बिस्तार गर्न सक्नेछ ।

१७४. <u>पब्लिक वा प्राइभेट कम्पनी वा सङ्गठित संस्था सामुदायिक कम्पनीमा परिणत हुनसक्नेः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायबमोजिमको पब्लिक वा प्राइभेट कम्पनी वा सङ्गठित संस्था सामुदायिक कम्पनीमा परिणत हुन सक्नेछ -

(क) दामासाही सम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम दामासाहीमा नपरेको कम्पनी,

(ख) दायित्व भन्दा सम्पत्ति बढी भएको प्रचलित नेपाल कानूनबमोजिम स्थापित सङ्गठित संस्था ।

(२) उपदफा (१) बमोजिम कुनै कम्पनी वा सङ्गठित संस्था सामुदायिक कम्पनीमा परिणत गर्नचाहेमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो को निर्णय सहित दफा ४ बमोजिमका कागजात तथा विवरण संलग्न गरी अनुसूची-१६ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी सामुदायिक कम्पनीमा परिणत हुने देखिएमा अनुसूची-३ बमोजिम शुल्क लिई दफा ५ बमोजिम सामुदायिक कम्पनीको रूपमा दर्ता गरी अनुसूची-१७ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ ।

(४) यो दफाबमोजिम सामुदायिक कम्पनी संस्थापना भएपछि कम्पनीका सेयरधनी वा सङ्गठित संस्थाका सदस्य स्वतः त्यस्तो सामुदायिक कम्पनीको सदस्य हुनेछन र त्यस्तो कम्पनी संस्थापना गर्दाको संस्थापकको हैसियतमा रहने छन ।

१७५. सामुदायिक कम्पनी सम्बन्धी विशेष व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थापित सामुदायिक कम्पनीको सम्बन्धमा देहायका सर्त लागू हुनेछन-

(क) यस्तो कम्पनीका लागि सेयर पुँजी आवश्यक नहुने,

(ख) कम्पनीको कुनै सदस्यले लिखित रूपमा स्वीकार गरेको अवस्थामा बाहेक कम्पनीको ऋण वा दायित्वका लागि सदस्य जिम्मेवार नहुने,

तर कुनै सदस्यले लिखित रूपमा कम्पनीको दायित्व स्वीकार गरेमा सो हदसम्म निजको दायित्व रहनेछ ।

(ग) कम्पनीको उद्देश्यमा परिवर्तन गर्न आवश्यक भएमा कार्यालयको पूर्व स्वीकृति लिनुपर्ने,

(घ) पब्लिक वा प्राइभेट कम्पनीमा विलय हुन नसक्ने ।

(२) पब्लिक कम्पनीलाई लागू हुने यस ऐनको व्यवस्था सामुदायिक कम्पनी, त्यसको सदस्य, सञ्चालक, पदाधिकारी, लेखापरीक्षक तथा कर्मचारीलाई समेत लागू हुनेछ ।

(३) कम्पनीले आर्जन गरेको मुनाफा कम्पनीको पुँजी बृद्धि, लगानी बृद्धि वा व्यवसाय विस्तार गर्न वा त्यसको उद्देश्य प्रासिका लागि बाहेक कम्पनीको सञ्चालक, सदस्य, कर्मचारी वा अन्य कसैलाई पनि लाभांश, बोनस वा अन्य कुनै लाभका रूपमा वितरण गर्न पाउने छैन ।

(४) सामुदायिक कम्पनीमा तीनदेखि एघार जना सम्म सदस्य रहेको सञ्चालक समिति रहनेछ ।

(५) कम्पनीको सञ्चालन तथा व्यवस्थापनका लागि कम्पनीको वार्षिक कुल खर्चको पच्चीस प्रतिशतभन्दा बढी रकम खर्च गर्न पाइने छैन ।

१७६. दर्ता खारेज गर्नसक्नेः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि सामुदायिक कम्पनीले दफा १७५ विपरीतका काम कारबाही गरेमा कार्यालयले त्यस्तो कम्पनीको दर्ता खारेज गर्न सक्नेछ ।

तर यसरी दर्ता खारेज गर्नु अघि कम्पनीलाई आफ्नो सफाइ पेस गर्ने मनासिव समय र अवसर दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयले दर्ता खारेजको निर्णय गरेमा त्यस्तो निर्णयमा असहमत हुने पक्षले पैंतीस दिनभित्र अदालत समक्ष उजुर गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम कार्यालयले दर्ता खारेजीको निर्णय गर्दा त्यस्तो कम्पनीको सम्पत्ति तथा दायित्वको हिसाब मिलान गरिसक्नु पर्ने समयावधि तोकी लिक्विडेटर र लेखापरीक्षक नियुक्ति गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त लिक्विडेटर र लेखापरीक्षकले यस ऐन तथा प्रचलित नेपाल कानूनबमोजिम आफ्नो कार्य सम्पादन गर्नुपर्नेछ ।

१७७. सामुदायिक कम्पनीको विघटन र सम्पत्ति व्यवस्थापनः (१) कारणवश सामुदायिक कम्पनी विघटन गर्नुपर्ने अवस्था सिर्जना भएमा पब्लिक कम्पनी खारेजी (लिक्विडेसन) को प्रक्रियाबमोजिम यस्तो कम्पनी विघटन गर्न सकिनेछ ।

(२) दफा १७६ वा उपदफा (१) बमोजिम सामुदायिक कम्पनी खारेजी वा विघटन भएमा कम्पनीको ऋण तथा दायित्वको भुक्तानी पश्चात् बाँकी रहेको सम्पत्ति नेपाल सरकारमा हस्तान्तरण हुनेछ ।

## परिच्छेद-१८

## प्राइभेट कम्पनीसम्बन्धी विशेष व्यवस्था

१७८. सेयरधनीको सङ्ख्याः (१) प्राइभेट कम्पनीमा सेयरधनीको सङ्ख्या न्यूनतम दुई देखि अधिकतम एक सय एक सम्म हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मेहनताना र कर्मचारी सेयर योजना अन्तर्गत कम्पनीका कर्मचारीलाई दिइएको सेयरलाई गणना गरिने छैन ।

१७९. प्राइभेट कम्पनीको सेयर बिक्री : (१) प्राइभेट कम्पनीले सार्वजनिक रूपमा सेयर बिक्री गर्न सक्ने छैन ।

(२) प्राइभेट कम्पनीका सेयरधनीले आफूले लिएको सेयर बिक्री गर्न चाहेमा बिक्री गर्न चाहेको सेयर सङ्ख्या र मूल्य समेत उल्लेख गरी कम्पनीमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका आधारमा त्यस्तो सेयर खरिद गर्ने सम्बन्धमा कम्पनीका अन्य सेयरधनीलाई सूचित गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको सूचना अनुसार त्यस्तो कम्पनीका अन्य सेयरधनीले उक्त सेयर खरिद नगरेमा कम्पनीले अन्य व्यक्तिलाई समेत त्यस्तो सेयर बिक्री गर्ने अनुमति दिनुपर्नेछ ।

(५) प्राइभेट कम्पनीको सेयर खरिद बिक्री सम्बन्धी अन्य व्यवस्था कम्पनीको नियमावलीमा उल्लेख भएबमोजिम हुनेछ ।

१८०. धितोपत्र बजारमा सूचीकृत हुन नसक्ने : प्राइभेट कम्पनी धितोपत्र बजारमा सूचीकृत हुन र सार्वजनिक रूपमा सेयर निष्कासन गर्न सक्नेछैन् ।

१८१. कागजात तथा विवरणको जानकारीः(१) प्राइभेट कम्पनीको सेयरधनीले कम्पनीको कारोबारसँग सम्बन्धित देहायका कागजात तथा विवरणको जानकारी कम्पनीको रजिष्टर्ड कार्यालयबाट प्राप्त गर्न सक्नेछ-

(क) साधारण सभा र सञ्चालक समितिको निर्णय पुस्तिका,

(ख) वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन,

(ग) सेयर दर्ता किताब,

(घ) कम्पनीको लेखा र लेखा कारोबारको विवरण,

(ङ) कम्पनीसँग सम्बन्धित अन्य कागजात ।

(२) उपदफा (१) बमोजिम माग गरिएको कागजात तथा विवरणको जानकारी सम्बन्धित कम्पनीले उपलब्ध गराउनुपर्नेछ ।

१८२. सेयरधनीले लिखित प्रस्तावबाट निर्णय गर्नसक्नेः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राइभेट कम्पनीको हकमा सेयरधनीको लिखित प्रस्तावका आधारमा साधारण सभाले निर्णय गर्नसक्ने भनी कम्पनीको नियमावलीमा उल्लेख भएमा दुई तिहाई सेयरको प्रतिनिधित्व गर्ने सेयरधनीको उपस्थितिमा सो बमोजिम निर्णय गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सेयरधनीको लिखित प्रस्तावबाट निर्णय गर्न सक्ने व्यवस्था भएकोमा प्राइभेट कम्पनीले बार्षिक साधारण सभा गर्न आवश्यक हुने छैन ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव सबैभन्दा पछिल्लो मितिमा हस्ताक्षर गर्ने सेयरधनीले हस्ताक्षर गरेको मितिमा प्रस्ताव पारित भएको मानिनेछ ।

(४) यो दफाबमोजिम भएको लिखित प्रस्ताव कम्पनीको साधारण सभाको निर्णय सरह हुनेछ ।

१८३. प्राइभेट कम्पनीले भिडियो कन्फ्रेन्सबाट साधारण सभा वा बैठक गर्न सक्नेः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्राइभेट कम्पनीले भिडियो कन्फ्रेन्सको माध्यमबाट कम्पनीको साधारण सभा वा सञ्चालक समितिको बैठक गर्न सक्नेछ ।

(२) भिडियो कन्फ्रेन्सको माध्यम मार्फत सहभागी हुने सञ्चालक वा सेयरधनीको उपस्थितिका सम्बन्धमा सोही व्यहोरा उल्लेख गर्नुपर्नेछ ।

(३) यो दफाबमोजिम साधारण सभा वा सञ्चालक समितिको बैठक भएमा त्यस्तो सभा वा बैठकको अध्यक्षता गर्ने व्यक्ति उपस्थित रहेको स्थानमा साधारण सभा वा सञ्चालक समितिको बैठक सम्पन्न भएको मानिनेछ ।

(४) यो दफाबमोजिम साधारण सभा वा सञ्चालक समितिको बैठक सम्पन्न भएमा त्यस्तो काम कारबाही र निर्णय त्यस्तो सभा वा बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ ।

१८४. विशेष छुटः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चुक्ता पुँजी पाँच करोड सम्म भएका प्राइभेट कम्पनीलाई देहाय बमोजिम विशेष छुट उपलब्ध हुनेछ-

(क) प्रत्येक तीन वर्षमा लेखापरीक्षक परिवर्तन गर्न आवश्यक नहुने,

(ख) दफा १३६ बमोजिमका विवरणहरू मध्ये लेखापरीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदन बाहेक अन्य विवरण पेस गर्न अनिवार्य नहुने,

(ग) सञ्चालक समितिको बैठक वर्षमा दुई पटक भन्दा बढी बस्न आवश्यक नहुने र सञ्चालकको प्रतिवेदन तयार गर्न अनिवार्य नहुने,

(२) उपदफा (१) मा उल्लिखित छुट सुविधाका अतिरिक्त नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अन्य थप छुट सुविधा समेत दिनसक्नेछ ।

## परिच्छेद-१९

## एकल सेयरधनीको कम्पनी

१८५. एकल सेयरधनीको कम्पनी : (१) यस ऐनबमोजिम एक जना मात्र सेयरधनी रहने गरी प्राकृतिक व्यक्तिले एकल सेयरधनीको कम्पनी संस्थापना गर्न सक्नेछ ।

(२) एकल सेयरधनी आफैंले कम्पनीको प्रबन्धकको हैसियतमा काम कारबाही गर्न सक्नेछ ।

(३) एकल सेयरधनीको कम्पनीले लेखापरीक्षण प्रतिवेदन बाहेक दफा १३६ बमोजिमका प्रतिवेदन तथा विवरण पेस गर्न आवश्यक हुने छैन ।

१८६. एकल निर्णयबाट काम कारबाही हुनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकल सेयरधनीको कम्पनीको सञ्चालक समिति वा साधारण सभाले सम्पादन गर्ने सम्पूर्ण काम कारबाही सेयरधनीको एकल निर्णयबाट हुनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि सञ्चालक समितिको बैठक र साधारण सभा बस्न आवश्यक हुने छैन ।

१८७. सेयर हस्तान्तरण र दाखिल खारेजः (१) एकल कम्पनीको सेयरधनीको मृत्यु भएमा निजको हकवाला वा निजको सेयरमा हक प्राप्त गर्ने व्यक्तिले सेयरको हक प्राप्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सेयरमा हक प्राप्त गर्ने व्यक्तिले त्यस्तो हक प्राप्त भएको एक महिनाभित्र सो को प्रमाण पेस गरी हस्तान्तरण र दाखिल खारेज गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सेयरमा हक प्राप्त गर्ने व्यक्ति एकभन्दा बढी भएमा अन्य हकवालाले एकजनालाई मात्र हक हस्तान्तरण गरेको अवस्थामा बाहेक निजहरू तत्कालका लागि कम्पनीको सञ्चालक भएको मानिनेछ र सोही आधारमा कम्पनीको नियमावलीमा आवश्यक संशोधन गर्नुपर्नेछ ।

तर हक वा बेहकको प्रश्न उठेमा सो विषय अदालतको निर्णयबमोजिम हुनेछ ।

१८८. विशेष अवस्थामा एकल सेयरधनीको कम्पनी खारेजी : (१) एकल सेयरधनीको मृत्यु भएमा मृत्यु भएको दुई वर्षभित्र वा बेपत्ता भएकोमा प्रचलित नेपाल कानूनबमोजिम मृत्यु भएको अनुमान गर्न सकिने अवधि व्यतित भएको एक वर्षभित्र यस ऐन बमोजिमको हकवालाले कम्पनीको स्वेच्छिक खारेजी गर्न चाहेमा सो को प्रमाण सहित लिक्विडेटर नियुक्तिका लागि कार्यालय समक्ष निवेदन पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले लिक्विडेटर नियुक्ति गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटरले यस ऐनबमोजिम कम्पनी खारेजी सम्बन्धी काम, कारबाही सम्पन्न गरी कार्यालय समक्ष कम्पनी खारेजीको प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(४) एकल सेयरधनीको कम्पनी खारेजी सम्बन्धी अन्य व्यवस्था परिच्छेद २५ बमोजिम हुनेछ ।

## परिच्छेद-२०

## विदेशी कम्पनीको शाखा तथा सम्पर्क कार्यालय

१८९. विदेशी कम्पनीको शाखा दर्ताः (१) कुनै विदेशी कम्पनीले नेपालमा शाखा स्थापना गर्न चाहेमा देहाय बमोजिम कागजात तथा विवरण संलग्न गरी अनुसूची-१८ बमोजिमको ढाँचामा (आवश्यक थपघट सहित) कार्यालय समक्ष निवेदन दिनसक्नेछ-

(क) विदेशी कम्पनी संस्थापनाको प्रमाणपत्र,

(ख) विदेशी कम्पनीको प्रबन्धपत्र तथा नियमावली,

(ग) विदेशी कम्पनीले नेपालमा शाखा कार्यालय स्थापना गर्ने सम्बन्धमा गरेको निर्णय,

(घ) कम्पनीको पुँजी संरचना र मुख्य उद्देश्य सम्बन्धी विवरण,

(ङ) कम्पनीको पदाधिकारीको नाम, ठेगाना तथा राहदानी,

(च) नेपालभित्र व्यवसाय वा कारोबार गर्ने मुख्य स्थान,

(छ) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट प्राप्त स्वीकृति पत्र,

तर त्यस्तो विदेशी कम्पनीलाई नियमन गर्ने प्रचलित कानूनको अभाव रहेको वा सम्बन्धित निकाय नभएको मनासिब कारण भएमा यस उपदफाको प्रयोजनका लागि कार्यालय नै सम्बन्धित निकाय मानिने छ ।

(ज) शाखा कार्यालय दर्ता गर्न दिइएको अख्तियारनामा,

(झ) विदेशी कम्पनीको प्रबन्धपत्र, नियमावलीको नेपालीमा अनुवादित प्रति,

(ञ) विदेशी कम्पनीले नेपालमा शाखा कार्यालय स्थापना गर्ने सम्बन्धमा गरेको निर्णय,

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजात छानबिन गर्दा विदेशी कम्पनीको शाखा कार्यालय दर्ता हुनसक्ने देखिएमा कार्यालयले सात दिन भित्र त्यस्तो शाखा कार्यालय दर्ता गरी अनुसूची-३ बमोजम शुल्क लिई अनुसूची-१९ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

तर प्राप्त निवेदन र संलग्न कागजात छानबिन गर्दा विदेशी कम्पनीको शाखा कार्यालय दर्ता हुन नसक्ने भएमा कार्यालयले सोको कारण उल्लेख गरी सम्बन्धित निवेदकलाई जानकारी दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको शाखा कार्यालयले मुख्य कम्पनीले जुन प्रकारको व्यवसाय, कारोबार गरेको छ सोही प्रकृतिको व्यवसाय, कारोबार मात्र गर्न पाउने सर्तमा दर्ता भएको मानिनेछ ।

(४) विदेशी कम्पनीको शाखा कार्यालयले पेस गरेको कागजात तथा लिखतको व्यहोरामा कुनै संशोधन भएमा त्यस्तो संशोधन भएको मितिले पन्ध्र दिनभित्र कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

(५) विदेशी कम्पनीको शाखा कार्यालयले नेपालमा सेयर वा डिबेञ्चर निष्कासन र बिक्री गर्न सक्ने छैन ।

१९०. <u>विदेशी कम्पनीको सम्पर्क कार्यालय</u>: (१) नेपालभित्र सम्पर्क कार्यालय स्थापना गर्न चाहने विदेशी कम्पनीले देहायबमोजिम कागजात तथा विवरण संलग्न गरी अनुसूची-१८ बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिन सक्नेछ-

(क) विदेशी कम्पनी संस्थापनाको प्रमाणपत्र,

(ख) विदेशी कम्पनीको प्रबन्धपत्र तथा नियमावली,

(ग) विदेशी कम्पनीको सञ्चालक र पदाधिकारीको राहदानी,

(घ) कम्पनीको पुँजी संरचना र मुख्य उद्देश्य सम्बन्धी विवरण,

(ङ) नेपालभित्र सम्पर्क कार्यालय रहने स्थान,

(च) प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट प्राप्त स्वीकृति पत्र,

तर त्यस्तो विदेशी कम्पनीलाई नियमन गर्ने प्रचलित कानूनको अभाव रहेको वा सम्बन्धित निकाय नभएको मनासिव कारण भएमा यस उपदफाको प्रयोजनका लागि कार्यालय नै सम्बन्धित निकाय मानिने छ ।

(च)सम्पर्क कार्यालय दर्ता गर्न दिइएको अख्तियारनामा,

(छ) विदेशी कम्पनीको प्रबन्धपत्र र नियमावलीको नेपालीमा अनुवादित प्रति,

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजात छानबिन गर्दा विदेशी कम्पनीको सम्पर्क कार्यालय दर्ता हुनसक्ने देखिएमा कार्यालयले सम्पर्क कार्यालय सात दिन भित्र दर्ता गरी अनुसूची-३ बमोजिम शुल्क लिई अनुसूची-१९ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको सम्पर्क कार्यालयले आफ्नो मुख्य कम्पनीको तर्फबाट देहायबमोजिम कार्य गर्न सक्नेछ-

(क) मुख्य कम्पनीको तर्फबाट सम्पर्क र पत्राचार गर्न,

(ख) नेपालस्थित कम्पनीका एजेण्टसँग सम्पर्क र समन्वय गर्न,

(ग) सरकारी निकाय वा निजी कम्पनीले आह्वान गरेको बोलपत्र प्रक्रियामा सहभागी हुन र त्यसबारेको जानकारी लिन ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको सम्पर्क कार्यालयले विदेशी कम्पनीको उत्पादन वा सेवाको बजार प्रबर्द्धन, बजार बिस्तार र विज्ञापन गर्न वा गराउन सक्ने छैन ।

(५) उपदफा (२) दफाबमोजिम दर्ता भएको सम्पर्क कार्यालयले दर्ता नम्बर उल्लेख गरी विदेशी कम्पनीको नाम र त्यसको नेपालस्थित सम्पर्क कार्यालय उल्लेख भएको साइनबोर्ड राख्नुपर्नेछ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफाबमोजिम विदेशी कम्पनीको सम्पर्क कार्यालय दर्ता भएको कारणले मात्र नेपालमा कुनै पनि प्रकारको आर्थिक, वित्तीय कारोबार गर्न सक्ने छैन ।

१९१. <u>एजेन्सी वा फ्रेन्चाइजीः</u> (१) एजेन्सी वा फ्रेन्चाइजी नियुक्ति वा दर्ता सम्बन्धी विषय प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

(२) दफा १८९ वा १९० बमोजिम विदेशी कम्पनीको शाखा वा सम्पर्क कार्यालय दर्ता भएको कारणले मात्र एजेन्सी वा फ्रेन्चाइजका रूपमा नियुक्ति भएको मानिने छैन ।

१९२. <u>विदेशी कम्पनीको शाखा कार्यालयको लेखा, लेखापरीक्षण र वार्षिक प्रतिवेदनः</u> (१) विदेशी कम्पनीको शाखा कार्यालयले नेपाल भित्र गरेको कारोबारको लेखा राख्नुपर्नेछ ।

(२) विदेशी कम्पनीको शाखा कार्यालयले नेपालमा कारोबार गरेको वास्तविक स्थिति देखिने गरी वासलात तथा नाफा नोक्सान हिसाब समेतका आधारमा वार्षिक वित्तीय विवरण तयार गर्नुपर्नेछ ।

(३) विदेशी कम्पनीको शाखा कार्यालयले उपदफा (१) बमोजिम राखेको लेखा र उपदफा (२) बमोजिम तयार गरेको वित्तीय विवरणको लेखापरीक्षण गरी आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको वार्षिक वित्तीय विवरणमा देहायका विषय समावेससमावेस गर्नुपर्नेछ-

(क) विदेशी कम्पनीको नाममा नेपालभित्र रहेको स्थिर, चालू तथा अन्य सम्पत्ति उल्लेख गरिएको विवरण,

(ख) विदेशी कम्पनीको नाममा नेपालस्थित बैङ्क तथा वित्तीय संस्थामा रहेको नगद रकमको स्पष्ट विवरण,

(ग) विदेशी कम्पनीले नेपालस्थित बैङ्क तथा वित्तीय संस्थाबाट लिएको ऋण तथा ओभर ड्राफ्टको रकम भए सो सम्बन्धी विवरण,

(घ) विदेशी कम्पनीले नेपालको कुनै बासिन्दा व्यक्ति वा यस ऐन अन्तर्गत दर्ता भएको नेपाली कम्पनीलाई बुझाउनु पर्ने ऋण तथा दायित्व भए सोको कुल रकम ।

१९३. <u>सम्पर्क कार्यालयले कर दाखिला विवरण पेस गर्नुपर्नेः</u> विदेशी कम्पनीको सम्पर्क कार्यालयले देहायका शीर्षकमा भएको भुक्तानी वा खर्च लेखापरीक्षकबाट प्रमाणित गराई आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र कार्यालयमा पेस गर्नुपर्नेछ-

(क) सम्पर्क कार्यालयमा कार्यरत कर्मचारी, सल्लाहकार वा सम्पर्क व्यक्ति तथा निजलाई भुक्तानी गरिएको तलब, भत्ता तथा अन्य रकमको विवरण,

(ख) खण्ड (क) बमोजिम भएको भुक्तानीमा प्रचलित नेपाल कानूनबमोजिम कर कट्टी गरेको विवरण, र

(ग) सम्पर्क कार्यालय सञ्चालनका लागि भुक्तानी गरिएको घरभाडा तथा अन्य सम्बद्ध खर्चको भुक्तानी ।

१९४. <u>विवरण पेस नगरेमा जरिबाना हुने</u>ः (१) दफा १९२ को उपदफा (३) बमोजिम वित्तीय विवरण पेस नगर्ने विदेशी कम्पनीको शाखा कार्यालयलाई नेपालमा लगानी वा कारोबार गरेको रकम खुलेमा सोबमोजिम र रकम नखुलेमा चुक्ता पुँजी एक करोड रूपैयाँ भएको कम्पनीलाई हुने सरह जरिबाना हुनेछ ।

(२) दफा १९३ बमोजिम कर दाखिला विवरण पेस नगर्ने विदेशी कम्पनीको सम्पर्क कार्यालयलाई चुक्ता पुँजी पच्चीस लाख रूपैयाँ भन्दा बढी र एक करोड रूपैयाँ सम्म भएको कम्पनीलाई हुने सरह जरिबाना हुनेछ ।

१९५. <u>विदेशी कम्पनीको शाखा वा सम्पर्क कार्यालयको दर्ता खारेजी</u>ः (१) यस ऐनबमोजिम दर्ता भएको विदेशी कम्पनीको शाखा वा सम्पर्क कार्यालयको दर्ता खारेज गर्न चाहेमा वा प्रचलित नेपाल कानूनबमोजिम अधिकार प्राप्त अधिकारीले त्यस्तो कम्पनीले नेपालभित्र व्यवसाय वा कारोबार गर्न नपाउने गरी रोक लगाएमा त्यस्तो कम्पनीले दर्ता खारेजीको लागि कार्यालय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिंदा विदेशी कम्पनीले नेपालस्थित कुनै सरकारी वा गैर सरकारी संस्था वा व्यक्तिलाई भुक्तानी गर्नुपर्ने आर्थिक दायित्व बाँकी नरहेको पुष्टि गर्ने प्रमाण पेस गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले सो कम्पनीले कसैलाई कुनै आर्थिक दायित्व बाँकी रहे वा नरहेको सम्बन्धमा प्रमाण सहित दाबी पेस गर्न एक्काइस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रकाशित सूचनाका आधारमा प्रमाण सहित दाबी पेस भएमा त्यस्तो दाबी फछ्र्यौट गर्न कार्यालयले सम्बन्धित विदेशी कम्पनीको शाखा वा सम्पर्क कार्यालयलाई निर्देशन दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको दाबी त्यस्तो शाखा वा सम्पर्क कार्यालयको नेपालमा रहेको सम्पत्तिबाट र नेपालमा रहेको सम्पत्तिबाट फछ्र्यौट हुन नसकेमा त्यस्तो कार्यालयको विदेशस्थित मूल कम्पनीको सम्पत्तिबाट फछ्र्यौट गरी त्यस्तो प्रमाण कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(६) उपदफा (२) बमोजिमको म्यादभित्र कसैको दाबी नपरेमा वा उपदफा (४) बमोजिम पेस भएको दाबी उपदफा (५) बमोजिम फछ्र्यौट गरेको प्रमाण पेस गरेमा कार्यालयले अनुसूची-३ बमोजिम शुल्क लिई विदेशी कम्पनीको शाखा वा सम्पर्क कार्यालयको दर्ता खारेज गर्नेछ ।

१९६. खारेजी वा दामासाहीको लिखित सूचना दिनुपर्नेः (१) यस ऐनबमोजिम नेपालमा शाखा वा सम्पर्क कार्यालय दर्ता गरेको विदेशी कम्पनी आफ्नो रजिष्टर्ड कार्यालय रहेको देशको कानूनबमोजिम खारेज भएमा वा दामासाही प्रक्रियामा रहेमा सोको लिखित जानकारी कार्यालयलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खारेज भएमा वा दामासाही प्रक्रियामा रहेमा त्यस्तो विदेशी कम्पनीले नेपालभित्र आफ्नो कारोबार वा व्यवसाय बन्द गरी दफा १९५ बमोजिम नेपालस्थित शाखा वा सम्पर्क कार्यालयको दर्ता खारेजी प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

## परिच्छेद-२१

## ऋण लगानी तथा आर्थिक सहायतामा नियन्त्रण

१९७. कम्पनीले सञ्चालक, पदाधिकारी वा सेयरधनीलाई ऋण दिन नहुनेः (१) कम्पनीले आफ्नो सञ्चालक, पदाधिकारी, संस्थापक सेयरधनी वा मुख्य कम्पनी वा सहायक कम्पनीको पदाधिकारी, संस्थापक सेयरधनी वा निजहरूको नजिकको नातेदारलाई ऋण वा सापटी दिन वा अन्यत्र लिएको ऋणको लागि जमानत वा धितोबन्धक दिनु हुँदैन ।

तर बैङ्क तथा वित्तीय संस्थाले प्रचलित नेपाल कानून बमोजिम ऋण दिन रोकावट हुनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीको कर्मचारी कल्याण कोष वा त्यस्तै अन्य कोषबाट ऋण दिन कुनै बाधा पर्ने छैन ।

१९८. राजनीतिक दललाई आर्थिक सहयोग दिन नहुनेः (१) कम्पनीले राजीतिक दल वा सङ्घीय संसद, प्रदेश सभा वा स्थानीय तहको निर्वाचनका सन्दर्भमा त्यस्तो निर्वाचनलाई प्रभावित गर्न वा निर्वाचनको प्रचार प्रसारका लागि कुनै राजनीतिक दल, उम्मेदवार वा तिनका प्रतिनिधिलाई कुनै पनि प्रकारले आर्थिक सहयोग वा अनुदान दिनु हुँदैन ।

(२) उपदफा (१) विपरीत कुनै कम्पनीले त्यस्तो कार्य गरे वा गराएको पाइएमा त्यसरी आर्थिक सहयोग वा अनुदान दिने सञ्चालक, प्रबन्ध सञ्चालक वा पदाधिकारी मध्ये जसको पहलमा त्यस्तो कार्य भएको हो त्यस्तो व्यक्तिलाई यस ऐनबमोजिम सजाय हुनेछ ।

१९९. कम्पनीले ऋण लिन र आर्थिक सहायता दिन नहुनेः (१) कम्पनीको साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी स्वीकृति दिएको अवस्थामा बाहेक पब्लिक कम्पनी वा साधारण सभा गर्ने व्यवस्था भएको वा बैङ्कबाट ऋण लिएको प्राइभेट कम्पनीले देहायबमोजिम ऋण लिन वा चन्दा वाअनुदान दिन हुँदैन -

(क) कम्पनीले सञ्चालन गरेको एक वा एकभन्दा बढी व्यवसायको सत्तरी प्रतिशतभन्दा बढी व्यवसाय बिक्री गर्न वा दान, बकस दिन वा अन्य तरिकाले हक हस्तान्तरण गर्न,

(ख) नियमित व्यावसायिक कारोबारको सिलसिलामा कम्पनीले बैङ्क वा वित्तीय संस्थाबाट छ महिनाभन्दा कम अवधिको लागि लिएको ऋण सुविधा बाहेक आफ्नो चुक्ता पुँजी र सञ्चित मुनाफाको रकमभन्दा बढी हुने गरी ऋण लिन,

(ग) कम्पनीले आफ्नो व्यवसाय प्रवर्धनको लागि अनुदान, चन्दा वा उपहारमा गरिएको प्रवर्द्धनात्मक खर्च बाहेक एक आर्थिक वर्षमा एक लाख रूपैयाँ वा कम्पनीको विगत तीन आर्थिक वर्षको औसत खुद मुनाफाको एक प्रतिशतले हुने रकम मध्ये जुन कम हुन्छ सोभन्दा बढी रकम चन्दा, अनुदान वा दान दिन,

तर अचल सम्पत्ति खरिद बिक्रीको मात्र व्यवसाय गर्ने कम्पनीले प्रचलित बजार मूल्यमा कुनै सम्पत्ति खरिद गर्ने प्रयोजनका लागि ऋण लिन कुनै बाधा पर्ने छैन ।

(२) उपदफा (१) को प्रयोजनका लागि साधारण सभाले स्वीकृति प्रदान गर्दा आवश्यक सर्त निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-२२

## सहायक कम्पनी उपर नियन्त्रण र सम्बद्ध पक्ष बीच कारोबार

२००. सहायक कम्पनी उपर नियन्त्रणः (१) मुख्य कम्पनीले आफ्नो सहायक कम्पनी उपर देहायबमोजिम नियन्त्रण गर्न सक्नेछ-

(क) सञ्चालक समितिको गठन अर्थात सञ्चालकको नियुक्तिमा प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रण राखेर,

(ख) कम्पनीको पचास प्रतिशत वा सोभन्दा बढी सेयर ग्रहण गरेर ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा मुख्य कम्पनीको सहायक कम्पनी उपर नियन्त्रण रहेको मानिने छैन-

(क) कुनै कम्पनीले ऋणपत्र लिएको वा ऋणपत्र निष्कासन गर्ने सम्झौताबमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने भएमा वा सेयर ग्रहण गरेको भए,

(ख) ऋण दिने कम्पनीले धितोबन्धकको रूपमा सेयर ग्रहण गरेको भए ।

२०१. मुख्य कम्पनी र सहायक कम्पनी बीच लगानी र कारोबारः (१) मुख्य कम्पनी र सहायक कम्पनीले एकआपसमा समान प्रकृतिको वस्तु वा सेवाको व्यापारिक कारोबार (खरिद बिक्री) गर्नु वा गराउनु हुँदैन ।

(२) सहायक कम्पनीले मुख्य कम्पनीको सेयर वा डिबेञ्चर खरिद गर्न वा अन्य किसिमले ऋण वा वण्डमा लगानी गर्नु हुँदैन ।

२०२. मुख्य कम्पनीको वासलातमा सहायक कम्पनीको विवरण समावेससमावेस गर्नुपर्नेः (१) मुख्य कम्पनीले सहायक कम्पनीसँग सम्बन्धित देहायबमोजिमको आर्थिक विवरण आफ्नो वासलातमा समावेससमावेस गर्नुपर्नेछ-

(क) सहायक कम्पनीको तत्काल समाप्त भएको आर्थिक वर्षको वार्षिक हिसाब र सो अवधिको त्यस्तो कम्पनीको सञ्चालक समितिको प्रतिवेदन,

(ख) लेखापरीक्षण प्रतिवेदन,

(ग) आर्थिक वर्षको अन्त्य सम्ममा मुख्य कम्पनीले सहायक कम्पनीमा गरेको लगानीको विवरण,

(घ) मुख्य कम्पनी र सहायक कम्पनीको आर्थिक वर्ष अलग अलग भएमा त्यस्तो अलग अवधिमा सहायक कम्पनी माथि रहेको मुख्य कम्पनीको हक कुनै प्रकारले परिवर्तन भएमा त्यस्तो विवरण ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको प्रतिवेदनमा सहायक कम्पनीको सम्बन्धित आर्थिक वर्षमा भएको नोक्सान घटाइ बाँकी रहेको खुद मुनाफा र सो कम्पनी सहायक कम्पनी भएदेखि कम्पनीको हिसाब किताबमा उल्लेख नगरिएको तर मुख्य कम्पनीको सेयरधनीलाई सरोकार हुने नाफा नोक्सान समेत उल्लेख गर्नुपर्नेछ ।

(३) कुनै कारणवश मुख्य कम्पनीको सञ्चालक समितिले उपदफा (१) को खण्ड (ख) र उपदफा (२) मा उल्लिखित जानकारी प्राप्त गर्न नसकेमा मुख्य कम्पनीको वासलातमा सो विषय समेत समावेससमावेस गर्नुपर्नेछ ।

(४) उपदफा (१) को खण्ड (ग) बमोजिमको विवरणमा सहायक कम्पनीको अचल सम्पत्ति धितोबन्धक राखी लिएको ऋण समेत उल्लेख गर्नुपर्नेछ ।

२०३. सम्बद्ध पक्षले एकआपसमा कारोबार गर्न नहुनेः (१) सञ्चालक समितिको लिखित स्वीकृति बिना सम्बद्ध पक्षहरूले एकआपसमा देहायबमोजिम कारोबार गर्न हुँदैन -

(क) मालसामानको खरिद बिक्री वा आपूर्ति,

(ख) चल अचल वा कुनै पनि प्रकारको सम्पत्ति खरिद बिक्री वा व्यवस्थापन,

(ग) घर जग्गा वा जमिन वा सम्पत्ति भाडा वा लिजमा लिनेदिने,

(घ) कुनै पनि प्रकारको सेवा उपलब्ध गराउने,

(ङ) मालसामान, सामग्री, सेवा वा सम्पत्तिको खरिद बिक्री सम्बन्धी काम गर्ने एजेण्टको नियुक्ति,

(च) सम्बद्ध पक्षलाई कम्पनी, सहायक कम्पनी वा आबद्ध कम्पनीमा लाभको पदमा नियुक्ति वा मनोनयन, र

(छ) कम्पनीको सेयर वा धितोपत्रको प्रतिभूति ।

(२) उपदफा (१) बमोजिम सम्बद्ध पक्ष बीच कारोबार गर्ने विषयमा कुनै करार वा सम्झौता भएमा सो सम्बन्धी व्यहोरा सञ्चालक समितिको प्रतिवेदनमा समावेससमावेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य विषयका अतिरिक्त देहायका विषय समावेससमावेस गर्नुपर्नेछ-

(क) कारोबारको प्रकृति र कारोबार मिति,

(ख) कारोबारमा संलग्न सम्बद्ध पक्ष,

(ग) सम्बद्ध पक्षबीच भएको करार वा सम्झौताको प्रति ।

(४) यस दफाबमोजिम सम्बद्ध पक्षबीच कुनै कारोबार गर्ने विषयमा कुनै करार वा सम्झौता भएमा त्यस्तो करार वा सम्झौता भएको मितिले तीस दिनभित्र सोको यथार्थ जानकारी कम्पनीका सेयरधनी र कार्यालयलाई दिनु पर्नेछ ।

(५) यस दफा विपरीत सम्बद्ध पक्षबीच कारोबार भएमा यस ऐनबमोजिम सजाय हुनेछ ।

२०४. <u>ऋण वा पुँजी लगानीको सीमा</u>ः (१) कम्पनीले साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी आफ्नो चुक्ता पुँजी र सञ्चित मुनाफाको साठी प्रतिशत वा सञ्चित मुनाफा (फ्रि रिजर्भ) को शत प्रतिशतले हुने रकममध्ये जुन बढी हुन्छ सो सीमा सम्मको रकम अर्को कम्पनीलाई ऋण दिन वा ऋण बापत जमानत दिन वा अन्य कम्पनीको सेयर वा धितोपत्रमा लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कम्पनीको हकमा उक्त सीमा लागू हुने छैन-

(क) बैकिङ्ग वा वित्तीय कारोबार गर्ने कम्पनी,

(ख) बिमा व्यवसाय सञ्चालन गर्ने कम्पनी,

(ग) धितोपत्रको कारोबार तथा व्यवसाय सञ्चालन गर्ने कम्पनी,

(घ) लगानीको मूल उद्देश्य भएको कम्पनी,

(ङ) भौतिक पूर्वाधार सुविधा (इन्फ्रास्ट्रक्चर फ्यासिलिटि) विकास गर्ने कम्पनी, र

(च) सहायक कम्पनीलाई ऋण वा ऋण बापत जमानत दिने र कुनै प्रकारले लगानी गर्ने मुख्य कम्पनी ।

२०५. <u>सेयरको आन्तरिक कारोबार (इन्साइडर ट्रेडिङ्ग) गर्न नहुने</u>ः (१) कम्पनीको सञ्चालक, मुख्य पदाधिकारी, कर्मचारी वा अन्य कुनै व्यक्तिले सेयरको आन्तरिक कारोबार गर्नु वा गराउनु हुँदैन ।

(२) उपदफा (१) विपरीत सेयरको आन्तरिक कारोबार गर्ने वा त्यस्तो कारोबार गर्न सहयोग गर्ने वा संलग्न हुने व्यक्तिलाई यस ऐनबमोजिम सजाय हुनेछ ।

<u>स्पष्टीकरण</u>ः यो दफाको प्रयोजनको लागि-

(क) "सेयरको आन्तरिक कारोबार" भन्नाले देहायको कार्य सम्झनुपर्छ-

(अ) सार्वजनिक रूपमा उपलब्ध नभएको कम्पनीको सेयर वा धितोपत्रको मूल्य संवेदन सूचनामा पहुँच भएको सञ्चालक, पदाधिकारी, कर्मचारी वा अन्य व्यक्ति स्वयम् मुख्य वा एजेन्ट भई आन्तरिक रूपमा कम्पनीको सेयर वा धितोपत्र खरिद बिक्री गर्ने वा खरिद बिक्री गर्न उत्तरकालिक करार वा कारोबार गर्ने,

(आ) सेयर वा धितोपत्र खरिद बिक्री गर्न कुनै व्यक्तिलाई आन्तरिक परामर्श दिने वा सेयर वा धितोपत्रका सम्बन्धमा सार्वजनिक रूपमा उपलब्ध

नभएको मूल्य संवेदन सूचना प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जानकारी दिने ।

(ख) "मूल्य संवेदन सूचना" भन्नाले सारभूत रूपमा कम्पनीको सेयर वा धितोपत्रको मूल्यलाई प्रभावित गर्नसक्ने त्यस्तो कम्पनीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सम्बन्धित सूचना सम्झनुपर्छ ।

## परिच्छेद -२३

## कम्पनीको लेखा र लेखापरीक्षण

२०६. कम्पनीको लेखाः (१) कम्पनीको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र लेखामान बोर्डले निर्धारण गरेको ढाँचामा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा, सो सम्बन्धी खाता र विवरण नेपाली वा अङ्ग्रेजी भाषामा तयार गर्न सकिनेछ ।

(३) कार्यालयले स्वीकृति दिएको अवस्थामा बाहेक कम्पनीको लेखा कम्पनीको रजिष्टर्ड कार्यालय बाहेक अन्यत्र राख्न सकिने छैन ।

(४) कम्पनीले आफ्नो नगद मौज्दात बैङ्क तथा वित्तीय संस्थामा कम्पनीको नाममा खाता खोली जम्मा गर्नुपर्नेछ र नगद भुक्तानी तथा नगद सम्बन्धी कारोबार बैङ्क तथा बैकिङ्ग प्रणालीमार्फत मात्र गर्नुपर्नेछ ।

(५) कम्पनीको लेखा राख्ने अन्तिम दायित्व सञ्चालक समितिले तोकेको सञ्चालक, प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत र लेखा प्रमुखको हुनेछ ।

(६) कम्पनीको लेखा तथा वार्षिक वित्तीय विवरण तयार गर्ने सम्बन्धमा यस ऐनको व्यवस्था पालना नभएमा त्यस्तो कार्य जुन सञ्चालक, प्रबन्ध सञ्चालक वा पदाधिकारीको सेवा अवधिमा भएको हो सो पदाधिकारी जिम्मेवार हुनेछ ।

(७) कम्पनीले आफ्नो लेखा राख्दा देहायको कार्य गर्नु वा गराउनु हुँदैन-

(क) वास्तविक कारोबार भन्दा बाहिरको लेखा राख्ने,

(ख) कारोबारको स्रेस्ता नराख्ने वा पर्याप्त रूपमा पहिचान हुन नसक्ने किसिमको कारोबार दर्शाउने,

(ग) अस्तित्वमा नरहेको कारोबार बापत खर्चको अभिलेख राख्ने,

(घ) कारोबारको विषयलाई गलत रूपमा पहिचान गरी दायित्व सिर्जना गर्ने,

(ङ) झुट्टो वा गलत लिखतको प्रयोग गर्ने,

(च) लापरबाही वा बदनियत राखी कारोबारसँग सम्बन्धित लिखत वा कागजात नष्ट गर्ने ।

२०७. आन्तरिक लेखापरीक्षणः (१) पब्लिक कम्पनी तथा दश करोड वा सोभन्दा बढी वार्षिक कारोबार भएको प्राइभेट कम्पनीले आफ्नो लेखा तथा लेखा कारोबारको आन्तरिक लेखापरीक्षण गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनीको आन्तरिक लेखापरीक्षण गर्दा देहायका विषयको जाँच र परीक्षण गर्नुपर्नेछ -

(क) बजेट तथा कार्यक्रम,

(ख) कारोबारको लेखा तथा हिसाब,

(ग) सम्बन्धित कागजात, स्रेस्ता तथा अभिलेखको जाँच र परीक्षण,

(घ) स्थलगत अवलोकन,

(ङ) कम्पनीको सेयर लगायत सबै सम्पत्ति र जिन्सी मालसामानको जाँच, परीक्षण ।

(३) उपदफा (१) बमोजिम आन्तरिक लेखापरीक्षणका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट पेसागत प्रमाणपत्र प्राप्त दर्तावाल लेखापरीक्षकलाई कम्पनीले आन्तरिक लेखापरीक्षक नियुक्ति गर्न सक्नेछ ।

तर बाह्य लेखापरीक्षकलाई आन्तरिक लेखापरीक्षकमा नियुक्ति गर्न हुँदैन ।

२०८. आन्तरिक लेखापरीक्षकको प्रतिवेदनः दफा २०७ बमोजिम आन्तरिक लेखापरीक्षण सम्पन्न गरी आन्तरिक लेखापरीक्षकले निर्धारित ढाँचामा आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार गरी कम्पनीको व्यवस्थापन समक्ष पेस गर्नुपर्नेछ ।

२०९. लेखापरीक्षकको नियुक्तिः (१) प्रचलित नेपाल कानून बमोजिम लेखापरीक्षण गर्न पेसागत प्रमाणपत्र प्राप्त दर्तावाल लेखापरीक्षक मध्येबाट कम्पनीको सञ्चालक समितिको प्रस्तावमा साधारण सभाले लेखापरीक्षक नियुक्ति गर्नुपर्नेछ ।

तर कम्पनीको प्रथम वार्षिक साधारण सभा हुनु अघि लेखापरीक्षक नियुक्ति गर्न आवश्यक भएमा सञ्चालक समितिले अन्तरिम प्रयोजनका लागि लेखापरीक्षक नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्ति भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो लेखापरीक्षकको नाम र निजको पेसागत प्रमाणपत्र कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षक त्यस पछि बस्ने वार्षिक साधारण सभासम्म मात्र बहाल रहनेछ ।

(४) पब्लिक कम्पनीको लेखापरीक्षण गर्न एउटै लेखापरीक्षक, निजको साझेदार वा पूर्व साझेदार वा कर्मचारी वा भूतपूर्व कर्मचारीलाई लगातार तीन पटकभन्दा बढी नियुक्ति गर्न सकिने छैन ।

तर तीन वर्ष अगावै साझेदारीबाट अलग भएको साझेदार वा त्यस्तो लेखापरीक्षकको फर्मबाट अलग भएको व्यक्तिको हकमा यो व्यवस्था लागू हुने छैन ।

२१०. लेखापरीक्षक नियुक्ति हुन नसक्नेः (१) देहायबमोजिमको व्यक्ति वा त्यस्तो व्यक्ति हिस्सेदार भएको फर्म वा कम्पनी लेखापरीक्षकमा नियुक्ति हुन र नियुक्ति भएको भए पनि बहाल रहन सक्ने छैन-

(क) कम्पनीको सञ्चालक, नियमित वा मासिक पारिश्रमिक वा अन्य सुविधा पाउने गरी नियुक्त सल्लाहकार, कम्पनीको व्यवस्थापन समूहमा रहेको व्यक्ति, कर्मचारी वा निजहरूको नजिकको नातेदार,

(ख) कम्पनीबाट ऋण लिएको ऋणी वा कम्पनीलाई तिर्नु बुझाउनु पर्ने रकम भुक्तानी गर्न बाँकी रहेको व्यक्ति वा त्यस्तो व्यक्तिको नजिकको नातेदार,

(ग) लेखापरीक्षण सम्बन्धी कसुरमा अदालत वा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सजाय गरेकोमा सजाय भुक्तान भएको मितिले तीन वर्षको अवधि व्यतित नभएको व्यक्ति,

(घ) कम्पनीको संस्थागत वा संस्थापन सेयरधनी वा कम्पनीको चुक्ता पुँजीको एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएको सेयरधनी वा निजको नजिकको नातेदार,

(ङ) भ्रष्टाचार, ठगी वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको व्यक्ति,

(च) दामासाहीमा परेको व्यक्ति, कम्पनी वा फर्म,

(छ) पब्लिक कम्पनीको हकमा कुनै पनि सरकारी वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण रहेको संस्था वा अन्य कुनै कम्पनीमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति वा निजको साझेदार वा साझेदारको कर्मचारीको रूपमा कार्यरत व्यक्ति वा कम्पनीको व्यवस्थापनको तर्फबाट तयार गरिने लिखत वा प्रतिवेदनमा हस्ताक्षर गर्न अधिकार पाएको व्यक्ति,

(ज) कम्पनीसँगको कारोबारमा कुनै स्वार्थ भएको व्यक्ति वा निजको नजिकको नातेदार वा कम्पनीसँगको कारोबारमा कुनै स्वार्थ भएको अर्को कम्पनीको सञ्चालक, पदाधिकारी वा संस्थापक सेयरधनी ।

(२) लेखापरीक्षकले आफू नियुक्ति हुनु अघि उपदफा (१) बमोजिम अयोग्य नभएको लिखित उदघोषणमा हस्ताक्षर गरी कम्पनी समक्ष पेस गर्नुपर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो सेवा अवधि समाप्त नहुँदै कुनै कारणले लेखापरीक्षण गर्न अयोग्य भएमा वा कम्पनीको लेखापरीक्षक नियुक्ति हुन वा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा तत्काल सोको लिखित जानकारी कम्पनीलाई दिनुपर्नेछ ।

(४) यस दफा विपरीत लेखापरीक्षक नियुक्ति हुनसक्ने छैन र कुनै कारणले नियुक्ति भएमा पनि निजले गरेको लेखापरीक्षण अमान्य हुनेछ ।

२११. <u>रजिष्ट्रारले लेखापरीक्षक नियुक्ति गर्नसक्नेः</u> (१) देहायको अवस्थामा प्राइभेट वा धितोपत्र बजारमा सुचीकृत नरहेको पब्लिक कम्पनीको हकमा त्यस्तो कम्पनीको सञ्चालक समितिले कार्यालयलाई जानकारी गराई अर्को लेखापरीक्षक नियुक्ति गर्न सक्नेछ र धितोपत्र बजारमा सूचीकृत पब्लिक कम्पनीको हकमा त्यस्तो कम्पनीको सञ्चालक समितिको अनुरोधका आधारमा अनुसूची-३ बमोजिम शुल्क लिई रजिष्ट्रारले लेखापरीक्षक नियुक्ति गर्न सक्नेछ-

(क) कुनै कम्पनीको वार्षिक साधारण सभाले लेखापरीक्षक नियुक्ति गर्न नसकेमा,

(ख) कम्पनीको वार्षिक साधारण सभा हुन नसकेमा, वा

(ग) यस ऐनबमोजिम नियुक्त लेखापरीक्षक कायम नरहेमा वा लेखापरीक्षण गर्न अयोग्य भई अर्को लेखापरीक्षक नियुक्ति गर्न कम्पनीको साधारण सभा बस्ने अवस्था नभएमा ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट पेसागत प्रमाण प्राप्त दर्तावाला लेखापरीक्षक मध्येबाट नियुक्ति गर्नुपर्नेछ ।

२१२. लेखा तथा लेखा कारोबार उपलब्ध गराउनु पर्नेः (१) कम्पनीले आफ्नो लेखा तथा लेखा कारोबारको लेखापरीक्षणका लागि लेखापरीक्षकलाई त्यस्तो हिसाब किताब र लेखा सम्बन्धी कागजात तथा स्रेस्ता उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध लेखा तथा लेखा कारोबार सम्बन्धमा लेखापरीक्षकले थप जानकारी माग गरेमा त्यस्तो जानकारी उपलब्ध गराउनुपर्नेछ ।

२१३. लेखापरीक्षकको काम र कर्तव्यः (१) कम्पनीले नियुक्त गरेको लेखापरीक्षकले त्यस्तो कम्पनीको वासलात, नाफा नोक्सानको हिसाब तथा नगद प्रवाहको विवरण समेत प्रमाणित गरी लेखापरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) लेखापरीक्षकले उपदफा (१) बमोजिम तयार गर्ने लेखापरीक्षण प्रतिवेदनको ढाँचा प्रचलित नेपाल कानूनबमोजिम वा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको लेखापरीक्षण प्रतिवेदनमा अन्य विषयका अतिरिक्त देहायका विषय समावेस गर्नुपर्नेछ-

(क) लेखापरीक्षणको क्रममा मागिएका सूचना तथा जानकारी प्राप्त भए वा नभएको, कारोबारको लेखा तथा लेखा कारोबारको स्रेस्ता नियमसम्मत रूपमा राखिए वा नराखिएको,

(ख) कम्पनीको आर्थिक अवस्थालाई नाफा नोक्सानको हिसाब र नगद प्रवाह विवरणलेचित्रण गरे वा नगरेको,

(ग) सञ्चालक समिति, सञ्चालक, प्रबन्ध सञ्चालक वा अन्य पदाधिकारीले कानून विपरीत काम कारबाही गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानिनोक्सानी गरे वा गराएको भए सो विषय,

(घ) कम्पनीमा लेखा तथा लेखा कारोबारका सम्बन्धमा कुनै जालसाजी गरेको भए सो विषय,

(ङ) कम्पनीको लेखा यस ऐन तथा लेखामान बोर्डले निर्धारण गरेको ढाँचामा राखिए वा नराखिएको,

(च) वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान अनुरूप तयार भए वा नभएको,

(छ) कम्पनीको वित्तीय अवस्था र काम कारबाहीलाई प्रभावित गर्ने विषयमा लेखापरीक्षकको राय वा धारणा,

(ज) सञ्चालकमा नियुक्त व्यक्तिको योग्यताको जाँच गर्ने र योग्यता नपुगेको देखिएमा त्यस्तो सञ्चालक बारेको कैफियत,

(झ) कम्पनीको खाता सञ्चालन सम्बन्धमा देखिएका त्रुटी वा असङ्गत पक्ष,

(ञ) आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू भए वा नभएको र लागू भएको भए त्यसको प्रभावकारिता ।

(४) लेखापरीक्षकले उपदफा (१) बमोजिम प्रतिकूल राय दिनसक्ने वा राय दिन अस्वीकार गर्न सक्नेछ ।

(५) उपदफा (३) मा उल्लिखित विषय बाहेक लेखापरीक्षण प्रतिवेदनमा समावेससमावेस गर्नुपर्ने विषय नेपाल चाटर्ड एकाउण्टेण्टस् संस्थाको परामर्शमा महालेखापरीक्षकले निर्धारण गरेबमोजिम हुनेछ ।

२१४. <u>लेखापरीक्षण प्रतिवेदन प्रमाणित गर्नुपर्ने</u>ः (१) यस ऐनबमोजिम नियुक्त लेखापरीक्षकले तयार गरेको लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षकको नाम, थर, पेसागत प्रमाणपत्र नम्बर, नेपाल चाटर्ड एकाउण्टेण्टस् संस्थाले प्रदान गरेको विशिष्ट लिखत सङ्केत नम्बर ( युडीआईएन) समेत उल्लेख गरी निज स्वयम्ले प्रमाणित गर्नुपर्नेछ ।

(२) कम्पनीले लेखा व्यवसायी संस्थालाई लेखापरीक्षकको रूपमा नियुक्ति गरेको भए त्यस्तो संस्थाको साझेदारको निर्णयबमोजिम अधिकार प्राप्त सदस्यले उपदफा (१) बमोजिम लेखापरीक्षण प्रतिवेदन प्रमाणित गर्नुपर्नेछ ।

२१५. <u>लेखापरीक्षकको पारिश्रमिक</u>ः लेखापरीक्षकको पारिश्रमिक नियुक्ति गर्ने कम्पनीले तोकेबमोजिम हुनेछ र त्यस्तो पारिश्रमिक सम्बन्धित कम्पनीले व्यहोर्नेछ ।

२१६. <u>लेखापरीक्षकलाई हटाउन नहुने</u>ः (१) लेखापरीक्षणका लागि नियुक्त लेखापरीक्षकलाई जुन आर्थिक वर्षको लागि नियुक्ति गरिएको हो सो आर्थिक वर्षको लेखापरीक्षणको काम समाप्त नभएसम्म हटाउन सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कार्यालयको स्वीकृतिमा सञ्चालक समितिले लेखापरीक्षकलाई हटाउन सक्नेछ-

(क) लेखापरीक्षकले आचरण विपरीत काम गरेमा, वा

(ख) कम्पनीको हित विपरीत काम गरेमा ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षकलाई हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मनासिब समय र अवसर दिनुपर्नेछ ।

२१७. <u>गलत लेखापरीक्षण प्रतिवेदन दिन नहुने</u>ः (१) कम्पनीको लेखापरीक्षणका लागि नियुक्त लेखापरीक्षकले गलत लेखापरीक्षण प्रतिवेदन पेस गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत कुनै लेखापरीक्षकले गलत लेखापरीक्षण प्रतिवेदन पेस गरेमा निजलाई प्रचलित नेपाल कानूनबमोजिम सजाय हुनेछ ।

## परिच्छेद-२४

## आन्तरिक नियन्त्रण प्रणाली र लेखापरीक्षण समिति

२१८. आन्तरिक नियन्त्रण प्रणालीः (१) कम्पनी सञ्चालनको प्रभावकारिता, वित्तीय प्रतिवेदनको विश्वसनीयता तथा सम्बद्ध कानूनको परिपालना सुनिश्चित गर्न पब्लिक कम्पनी र पचास करोड वा सो भन्दा बढी चुक्ता पुँजी भएको प्राइभेट कम्पनीले आन्तरिक नियन्त्रण प्रणाली लागू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणालीमा देहायका विषय सम्बोधन गर्ने विधि र प्रक्रिया सुनिश्चित गर्नुपर्नेछ-

(क) व्यावसायिक जोखिम न्यूनीकरण र वित्तीय अनुशासन कायम गर्ने,

(ख) कम्पनीका पदाधिकारी र कर्मचारी बीच कार्य विभाजन तथा कार्यसम्पादन प्रक्रियालाई प्रभावकारी बनाउन अधिकार प्रत्यायोजनको प्रबन्ध गर्न लगाउने,

(ग) आर्थिक तथा वित्तीय स्रोतको समुचित प्रयोगको प्रवर्धन र अनुचित प्रयोगलाई नियन्त्रण गर्ने,

(घ) लेखा तथा लेखा कारोबार र सोको लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन गर्ने तथा कार्यान्वयनका लागि आवश्यक पहल गर्ने,

(ङ) खरिद प्रक्रिया तथा खरिद योजनाको निर्माण र कार्यान्वयनको समीक्षा गर्ने ।

२१९. लेखापरीक्षण समितिः (१) देहायबमोजिमको कम्पनीले दैनिक कार्य सञ्चालन र व्यवस्थापनमा संलग्न नरहेको सञ्चालकको अध्यक्षतामा कम्तीमा तीनजना सदस्य रहेको लेखापरीक्षण समिति गठन गर्नुपर्नेछ-

(क) पब्लिक कम्पनी,

(ख) सरकारी कम्पनी,

(ग) पचास करोड वा सोभन्दा बढी कारोबार भएको प्राइभेट कम्पनी ।

(२) कम्पनीको प्रमुख कार्यकारी अधिकृत वा प्रबन्ध सञ्चालकको नजिकको नातेदार रहेको कुनै व्यक्ति उपदफा (१) बमोजिमको लेखापरीक्षण समितिको सदस्य हुन सक्ने छैन ।

(३) लेखापरीक्षण समितिमा लेखा सम्बन्धी व्यावसायिक प्रमाणपत्र प्राप्त वा लेखा, वाणिज्य, व्यवस्थापन, वित्त वा अर्थशास्त्रमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी लेखा र वित्त क्षेत्रमा अनुभव प्राप्त गरेको एकजना व्यक्ति सदस्य हुनेछ ।

(४) लेखापरीक्षण समितिले आन्तरिक र बाह्य लेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित राय, सुझाव कार्यान्वयन गर्न र कैफियतको सम्बोधनका लागि आवश्यक उपाय अवलम्बन गर्न कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, लेखापरीक्षक, लेखा प्रमुख वा अन्य कर्मचारीसँग छलफल गर्न वा आफ्नो बैठक आमन्त्रण गर्न सक्नेछ र त्यसरी आमन्त्रण गरिएमा समितिको बैठकमा उपस्थित हुनु निजहरूको कर्तव्य हुनेछ ।

(५) कम्पनीको लेखा तथा वित्तीय व्यवस्था सम्बन्धमा लेखापरीक्षण समितिले दिएको सुझावलाई कम्पनी तथा सञ्चालक समितिले कार्यान्वयन गर्नु पर्नेछ ।

(६) कम्पनीले लेखापरीक्षण समितिको जिम्मेवारी बमोजिमको कार्य सम्पादन गर्न पर्याप्त साधन तथा स्रोतको व्यवस्था गर्नुपर्नेछ ।

(७) लेखापरीक्षण समितिको अध्यक्ष कम्पनीको वार्षिक साधारण सभामा उपस्थित हुनुपर्नेछ ।

(८) लेखापरीक्षण समितिको बैठक आवश्यकताअनुसार बस्नेछ र समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

२२०. <u>लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार</u> : लेखापरीक्षण समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ-

(क) कम्पनीको लेखा तथा वित्तीय विवरणको पुनरावलोकन गर्ने र त्यस्ता विवरणमा उल्लिखित तथ्यको सत्यता सुनिश्चित गर्ने,

(ख) कम्पनीको आन्तरिक वित्तीय नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रणालीको पुनरावलोकन गर्ने,

(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यको सुपरीवेक्षण तथा पुनरावलोकन गर्ने,

(घ) कम्पनीको लेखापरीक्षक नियुक्तिको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका सर्त निर्धारण गरी अनुमोदनको लागि सञ्चालक समिति मार्फत साधारण सभामा पेस गर्ने,

(ङ) कम्पनीको लेखापरीक्षकले लेखापरीक्षण सम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने प्रचलित नेपाल कानूनबमोजिम अधिकार प्राप्त निकायले निर्धारण गरेका आचरण, मानदण्ड तथा निर्देशिका पालना गरे वा नगरेको अनुगमन गर्ने,

(च) प्रचलित नेपाल कानूनबमोजिम अधिकार प्राप्त निकायले तयार गरेको आचरण, मानदण्ड तथा निर्देशिकाको आधारमा लेखापरीक्षकको नियुक्ति तथा छनोट सम्बन्धमा कम्पनीले अवलम्बन गर्नु पर्ने नीति तय गर्ने,

(छ) कम्पनीको लेखा कारोबार सम्बन्धी नीति तयार गरी सञ्चालक समिति समक्ष पेस गर्ने,

(ज) कुनै नियामक निकायले कम्पनीको लेखापरीक्षण प्रतिवेदनमा विस्तृत विवरण उल्लेख गर्नुपर्ने व्यवस्था गरेको रहेछ भने त्यस्तो विवरण तयार गर्ने वा गराउने,

(झ) कम्पनीको लेखा तथा लेखा कारोबार, वित्तीय व्यवस्था र लेखापरीक्षणको सम्बन्धमा सञ्चालक समितिले निर्धारण गरेबमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद-२५

## <u>ऋण तिर्न सक्षम कम्पनीको स्वेच्छिक खारेजी</u>

२२१. <u>ऋण तिर्न सक्षम कम्पनीको खारेजी (लिक्विडेसन)</u>: (१) देहायबमोजिमको अवस्था विद्यमान भएको कम्पनी स्वेच्छिक रूपमा खारेज गर्न सकिनेछ-

(क) दामासाही सम्बन्धी ऐन, २०६३ बमोजिम दामासाहीमा नपरेको,

(ख) कम्पनीले लिएको ऋण तथा दायित्व भुक्तानी वा वहन गर्न सक्षम रहेको ।

(२) उपदफा (१) बमोजिमको अवस्था विद्यमान रहेमा कम्पनीले आफ्नो साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी कम्पनीको स्वेच्छिक खारेजीको प्रक्रिया प्रारम्भ गर्न सक्नेछ ।

(३) साधारण सभामा विशेष प्रस्ताव पेस गर्दा कम्पनीले भुक्तानी गर्नुपर्ने ऋण तथा दायित्व कम्पनी खारेजीको प्रस्ताव पारित भएको मितिले एक वर्षभित्र भुक्तानी गर्न वा फछ्र्यौट गर्न सकिने भनी सञ्चालक समितिको निर्णय र सञ्चालकहरुको लिखित उद्घोषण समेत पेस गर्नुपर्नेछ ।

(४) कम्पनी खारेजको विशेष प्रस्ताव पारित गर्दा खारेजी सम्बन्धी कामकारबाही सम्पन्न गर्न लिक्विडेटर र लेखापरीक्षक समेत नियुक्ति गर्नुपर्नेछ र निजहरूले पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत तोक्नुपर्नेछ ।

(५) कम्पनीले उपदफा (२) बमोजिम लिक्विडेटर नियुक्ति गरेको मितिले सात दिनभित्र सोको लिखित जानकारी कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

२२२. <u>कम्पनी खारेजीको अनुमति</u> : (१) दफा २२१ को उपदफा (२) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित भएको मितिले सात दिनभित्र देहायका कागजात संलग्न गरी कम्पनीको स्वेच्छिक खारेजीको अनुमति प्राप्त गर्न कार्यालय समक्ष तोकिएको ढाँचामा निवेदन पेस गर्नुपर्नेछ-

(क) कम्पनी खारेजी सम्बन्धमा साधारण सभाबाट पारित प्रस्ताव,

(ख) सञ्चालक समितिको निर्णय,

(ग) सञ्चालकहरूको लिखित उद्घोषण,

(घ) लिक्विडेटर तथा लेखापरीक्षक नियुक्तिको जानकारी ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले कम्पनी खारेजीको प्रक्रिया प्रारम्भ गर्न अनुमति दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त भएपछि कम्पनी खारेजी गर्ने दायित्व र जिम्मेवारी दफा २२१ को उपदफा (४) बमोजिम नियुक्त लिक्विडेटरको हुनेछ ।

२२३. <u>लिक्विडेटरको काम, कर्तव्य र अधिकार</u>: (१) दफा २२१ को उपदफा (४) बमोजिम नियुक्त लिक्विडेटरको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ -

(क) कम्पनीको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी ग्रहण र त्यस सम्बन्धी अधिकारको प्रयोग गर्ने,

(ख) कम्पनीको सम्पत्ति, लेखा तथा लेखा कारोबार र कागजात आफ्नो जिम्मा तथा नियन्त्रणमा लिने,

(ग) कम्पनी खारेजी प्रक्रिया प्रारम्भ भएपछि प्रत्येक छ महिनामा भएको कम्पनीको आम्दानी र खर्चको लेखा तयार गरी कार्यालय समक्ष पेस गर्ने,

(घ) कम्पनी खारेजी सम्बन्धमा भएको प्रगति सम्बन्धमा समय समयमा कम्पनीका सेयरधनीलाई सूचित गर्ने,

(ङ) कम्पनीमा कार्यरत कर्मचारीहरुको सेवा समाप्त गर्ने,

तर लिक्विडेटरले आफ्नो सहयोगका लागि आवश्यक कर्मचारी राख्न वा नियुक्ति गर्न सक्नेछ ।

(च) कम्पनीले प्राप्त गर्ने सम्पत्ति वा असुल गर्नुपर्ने सबै रकम असुल गरी कम्पनीका सबै ऋणदाताको ऋण तथा अन्य दायित्व भुक्तानी गर्ने,

(छ) खण्ड (च) बमोजिमको कार्य सम्पन्न गरी कम्पनीको बाँकी सम्पत्ति सेयरधनीलाई वितरण गर्ने विषयमा तयार भएको प्रतिवेदन पारित गर्न साधारण सभा बोलाउने,

(ज) कम्पनीको चुक्ता पुँजीको कम्तीमा पचहत्तर प्रतिशत सेयर लिएका सेयरधनीको सभाबाट सेयरधनीलाई वितरण गरिने सम्पत्ति सम्बन्धी प्रतिवेदन स्वीकृत गराई सो प्रतिवेदन बमोजिमको रकम सेयरधनीलाई भुक्तानी गर्ने,

(झ) कम्पनी खारेजी गर्ने विशेष प्रस्ताव पारित भएको मितिले एक वर्षभित्र कम्पनी खारेजीको कार्य सम्पन्न गर्ने ।

(२) लिक्विडेटरले उपदफा (१) को खण्ड (झ) बमोजिमको समयभित्र कम्पनी खारेजीको काम सम्पन्न हुन नसकेमा कम्पनी खारेजी सम्बन्धी प्रगति विवरण र बाँकी कार्य सम्पन्न गर्न आवश्यक पर्ने समय समेत उल्लेख गरी समयावधि थपका लागि कार्यालय समक्ष अनुरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लिक्विडेटरले अनुरोध गरेमा कार्यालयले निजबाट पेस भएको प्रगति विवरणको मूल्याङ्कन गरी बाँकी कार्य सम्पन्न गर्न एकै पटक वा पटक पटक गरी बढीमा एक वर्षसम्म समयावधि थप हुने आदेश दिन सक्नेछ ।

(४) कम्पनी खारेजीका लागि नियुक्त लिक्विडेटरले लिक्विडेटर नियुक्त गर्ने कम्पनी वा शेयरधनीको हित विपरीत काम गरेको सूचना कार्यालयलाई कुनै किसिमबाट जानकारी हुन आएमा कार्यालयले सो कुराको जाँचबुझ गरी वा गर्न लगाइ निजलाई जिम्मेवारीबाट हटाउने सम्मको कारवाही गर्न सक्नेछ ।

तर निजलाई जिम्मेवारीबाट हटाउनु अघि सफाइ पेस गर्ने मनासिब समय र अवसर दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम लिक्विडेटरलाई जिम्मेवारीबाट हटाउने निर्णय भएमा वा अन्य कुनै कारणले निज जिम्मेवारीमा कायम नरहने भएमा कम्पनीका बहुमत शेयर धारण गर्ने सेयरधनीहरुले सो व्यहोरा उल्लेख गरी अर्को लिक्विडेटर नियुक्तिको सिफारिस सहित कार्यालय समक्ष लिखित अनुरोध गर्न सक्नेछन् ।

(६) उपदफा (५) बमोजिम अनुरोध प्राप्त भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी अर्को लिक्विडेटर नियुक्ति गरी कम्पनी खारेजीको बाँकी कार्य सम्पन्न गर्ने निर्देश गर्नुपर्नेछ ।

२२४. <u>लिक्विडेटरले प्रतिवेदन पेस गर्ने</u>: (१) लिक्विडेटरले खारेजी सम्बन्धी काम कारबाही सम्पन्न गरेपछि कम्पनीको तर्फबाट असुल उपर गरिएको सम्पत्ति, ऋणदाता, ऋण र अन्य दायित्व भुक्तानी तथा सेयरधनीले प्राप्त गरेको सम्पत्ति लगायत लिक्विडेसन सम्बन्धी सबै व्यहोरा समावेस गरी कम्पनी खारेजीको प्रतिवेदन कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालय समक्ष कम्पनी खारेजीको प्रतिवेदन पेस गरेपछि लिक्विडेटरले त्यस्तो प्रतिवेदनको सार राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।

२२५. <u>कम्पनीको दर्ता खारेजी</u>: (१) दफा २२४ को उपदफा (१) बमोजिम कम्पनी खारेजीको प्रतिवेदन प्राप्त भएपछि कार्यालयले अनुसूची -३ बमोजिमको शुल्क लिई त्यस्तो कम्पनी खारेजीको निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनीको दर्ता खारेज भएको निर्णय गरेपछि त्यस्तो कम्पनी खारेजको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको व्यहोरा प्राप्त भएपछि कार्यालयले त्यस्तो कम्पनी खारेज भएको अभिलेख गर्नेछ र त्यसरी अभिलेख गरेपछि त्यस्तो कम्पनी खारेज भएको मानिनेछ ।

२२६. <u>ऋणदाता तथा सेयरधनीले उजुरी गर्नसक्ने</u>: कम्पनी खारेजी गर्दा लिक्विडेटरले कुनै अनियमितता गरेमा वा अनियमितता गरेको विश्वास गर्नुपर्ने पर्याप्त आधार भएमा कम्पनीको ऋणदाता वा सेयरधनीले निज विरुद्ध अदालतमा उजुर गर्न सक्नेछ ।

२२७. <u>जालसाजी वा ठगी गरेमा कारबाही हुने</u>: कम्पनीको कुनै सञ्चालक, कर्मचारी वा सेयरधनीले कम्पनीको काम कारबाहीमा जालसाजी वा ठगी गरेको देखिएमा लिक्विडेटरले प्रचलित नेपाल कानूनबमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनुपर्नेछ ।

२२८. <u>सुरक्षित ऋणदाताको अधिकारमा कुनै असर नपर्ने</u>: लिक्विडेटरको प्रतिवेदनका आधारमा दफा २२५ बमोजिम कम्पनी खारेजी सम्बन्धी कारबाही प्रारम्भ भएकोमा कम्पनीको सम्पत्ति धितो लिई ऋण दिने सुरक्षित ऋणदाताले प्रचलित नेपाल कानूनबमोजिम धितो रहेको सम्पत्ति चलन चलाउने वा अन्य किसिमले प्रबन्ध गर्न पाउने अधिकारमा कुनै किसिमले असर गर्ने छैन ।

२२९. <u>दामासाही सम्बन्धी प्रचलित कानून बमोजिम हुने</u>: दामासाहीमा परेको कम्पनीको खारेजी वा पुनर्संरचना सम्बन्धी कारबाही दामासाही सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

२३०. <u>दायित्व भुक्तानी गर्न कम्पनी असक्षम भएमा निवेदन दिनुपर्ने</u>: (१) लिक्विडेटरले कम्पनी खारेजी गर्ने काम कारबाही प्रारम्भ गरेपछि त्यस्तो कम्पनी दामासाहीमा परेमा वा ऋण र दायित्व भुक्तानी गर्न नसक्ने कुरामा निज सन्तुष्ट भएमा दामासाही सम्बन्धी प्रचलित कानून बमोजिम निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा त्यस्तो कम्पनीको खारेजी वा पुनर्संरचना सम्बन्धी काम कारबाही दामासाही सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-२६

## निष्क्रिय कम्पनीको खारेजी

२३१. निष्क्रिय कम्पनी खारेजीका लागि निवेदन दिनसक्नेः (१) देहायबमोजिम प्रमाण कागजात र स्वघोषणा समेत संलग्न गरी सञ्चालक, कम्पनी सचिव वा आधिकारिक प्रतिनिधिले निष्क्रिय कम्पनी खारेजीका लागि कार्यालय समक्ष निवेदन दिन सक्नेछ-

(क) कम्पनीको दर्ता खारेजी गर्ने सम्बन्धमा साधारण सभाद्वारा भएको निर्णय,

(ख) कारोबार सञ्चालनको अवस्था,

(ग) नेपाल सरकार वा सरकारी निकायलाई तिर्नु वा बुझाउनु पर्ने कर, महसुल, शुल्क तिर्न बुझाउन बाँकी नरहेको,

(घ) कम्पनीको नाममा कुनै पनि प्रकारको ऋण वा आर्थिक तथा वित्तीय दायित्व नरहेको,

(ङ) लेखापरीक्षण प्रतिवेदन, कम्पनीको सम्पत्ति तथा दायित्व सहितको वित्तीय विवरण ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले आवश्यक छानबिन गर्दा कुनै प्रकारको आर्थिक तथा वित्तीय दायित्व नरहेको देखिएमा आवश्यकता अनुसार सम्बन्धित आन्तरिक राजस्व कार्यालय र नियामक निकायसँग परामर्श गरी कम्पनी खारेजीको दावी विरोध गर्ने सम्बन्धी २१ (एक्काइस) दिने सार्वजनिक सूचना राष्ट्रियस्तरको दैनिकपत्रिका र कार्यालयको वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

(३) कार्यालयले उपदफा (२) बमोजिमको म्याद समाप्त भएपछि कुनै दाबी बिरोध पर्न आएकोमा सो समेत निरुपण गरी अनुसूची-३ बमोजिमको शुल्क लिई कम्पनीको दर्ता खारेजीको निर्णय गर्नुपर्नेछ र सो को सूचना सार्वजनिक गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कम्पनीको दर्ता खारेज गर्ने निर्णयको लिखित जानकारी निवेदक, सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा नियामक निकायलाई समेत दिनुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम कम्पनीको दर्ता खारेज भएपश्चात् त्यस्तो कम्पनीको कुनै किसिमको दायित्व रहेको पाइएमा कम्पनीको दर्ता खारेजीको समयमा कायम रहेका सञ्चालक र सेयरधनीको दायित्व हुनेछ ।

(६) उपदफा (५) बमोजिमको दायित्व वहन गराउन वा असुलीका लागि निजहरू विरुद्ध सम्बन्धित पक्षले अदालत समक्ष उजुरी दिन सक्नेछ ।

यस ऐन(७) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन प्रारम्भ भएको दुई वर्षभित्र यो दफाबमोजिम निष्क्रिय कम्पनी खारेज गर्न निवेदन दिएमा जरिबाना वा शुल्क बापत बुझाउनु पर्ने रकम अधिकतम पचास हजार रूपैयाँ भन्दा बढी हुनेछैन ।

(६) यो दफाबमोजिम कम्पनी खारेज भएमा त्यस्तो कम्पनीको कुनै दायित्व रहेको पछि थाहा हुन आएमा खारेजीका लागि निवेदन दिने सञ्चालक वा पदाधिकारी व्यक्तिगत रूपमा जिम्मेवार हुनेछ ।

२३२. कम्पनीको दर्ता खारेज सम्बन्धी विशेष व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कारोबार सञ्चालन नगरेको वा सञ्चालनमा नरहेको वा दफा १३२ बमोजिम विवरण पेश नगरेको वा दफा २७० बमोजिम लागेको जरिबाना नबुझाएको कम्पनीले दर्ता खारेज गर्न चाहेमा त्यस्तो कम्पनीको साधारण सभाबाट निर्णय गरी कार्यालयमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि कम्पनीको साधारण सभा आह्वान गर्न वा कम्पनीको साधारण सभामा दफा १२६ बमोजिम गणपूरक सङ्ख्या नपुगेकोले साधारण सभा बस्न नसकेकोमा उपस्थित सञ्चालक वा सेयरधनीले त्यस्तो कम्पनी खारेजीको लागि निर्णय गरी कार्यालयमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको निवेदनसाथ दफा १३२ बमोजिमको विवरण सहित दफा २७० बमोजिम लाग्ने जरिबाना रकम वा कम्पनीको चुक्ता पुँजीको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकममध्ये जुन कम हुन्छ सो रकम समेत संलग्न गरी बुझाउनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम निवेदन परेमा कार्यालयले दर्ता खारेज गर्नु नपर्ने कुनै कारण भए सो पेश गर्न तिस दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिका तथा कार्यालयको वेबसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र खारेज गर्न नपर्ने कुनै कारण पेश हुन नआएमा वा पेश गरेको कारण चित्तबुझ्दो नभएमा कार्यालयले त्यस्तो कम्पनीको दर्ता खारेज गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कम्पनीको दर्ता खारेज भएकोमा सोको जानकारी सम्बन्धित सञ्चालकलाई दिई कार्यालयको वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम कम्पनी खारेज भएमा त्यस्तो कम्पनीको दायित्वको फरफारख दफा १३६ बमोजिम हुनेछ ।

२३३. निष्क्रिय कम्पनीको दर्ता खारेजी : (१) दफा २३२ मा जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रारले देहायका आधारमा निष्क्रिय कम्पनी खारेज गर्न सक्नेछ-

(क) लगातार तीन वर्षसम्म यस ऐनबमोजिम कार्यालय समक्ष पेस गर्नुपर्ने कागजात तथा विवरण पेस नगरेमा, वा

(ख) कम्पनी दर्ता भएर पनि कुनै कारोबार सञ्चालन नगरेमा ।

(२) उपदफा (१) को प्रयोजनका लागि कार्यालयले प्रत्येक वर्षको पौष महिना पश्चात् स्वतः खारेज गर्न सकिने निष्क्रिय कम्पनीको सूची तयार गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचीमा परेमा कम्पनीका सञ्चालक वा पदाधिकारीलाई कम्पनी खारेज नगर्नु पर्ने कुनै आधार र कारण भए प्रमाण सहित पेस गर्न तीस दिनको सूचना राष्ट्रिय पत्रिका र कार्यालयको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना कम्पनीका सञ्चालक तथा पदाधिकारीलाई समेत पठाउनु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिमको सूचनामा दिइएको म्यादभित्र कम्पनीको खारेज गर्नु नपर्ने कारण उल्लेख गरी कुनै निवेदन नपरेमा वा निवेदन परेको भए तापनि कारण मनासिब नभएमा वा खारेज गर्न सहमति व्यक्त गरेमा त्यस्तो कम्पनीको खारेजी गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम कम्पनीको दर्ता खारेज भएकोमा सोको जानकारी सम्बन्धित कम्पनीको सञ्चालक वा पदाधिकारीलाई दिई कार्यालयको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

२३४. ऋण तथा दायित्व भुक्तानी र हस्तान्तरण : (१) दफा २३३ बमोजिम दर्ता खारेज भएको कम्पनीले बुझाउनु पर्ने ऋण वा दायित्व त्यस्तो कम्पनीको बाँकी सम्पत्तिबाट भुक्तानी वा असुल गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनीको सम्पत्तिबाट भुक्तानी गर्दा पनि कुनै ऋण वा दायित्व बाँकी रहेमा त्यस्तो कम्पनीको व्यवस्थापनमा संलग्न रही यस ऐनबमोजिम कार्यालय समक्ष पेस गर्नुपर्ने कागजात तथा विवरण पेस गर्नुपर्ने जिम्मेवारी भएको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, सेयरधनी वा अन्य पदाधिकारीले व्यक्तिगत रूपमा व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कम्पनीको ऋण तथा दायित्व भुक्तानी पश्चात् बाँकी रहेको सम्पत्ति, हक,
अधिकार वा सुविधा सेयरको अनुपातको आधारमा सेयरधनीका नाममा हस्तान्तरण हुनेछ ।

तर कम्पनीले अन्य कुनै व्यक्तिको ट्रष्टीको रूपमा ग्रहण गरेको सम्पत्ति सेयरधनीको हक तथा स्वामित्वमा हस्तान्तरण हुनेछैन ।

(४) दफा २३३ बमोजिम दर्ता खारेज भएको कम्पनीले ऋण भुक्तानी वा दायित्व यो दफाबमोजिम सेयरधनीको नाममा हस्तान्तरण भएको सम्पत्तिबाट पूरा हुन नसकेमा बाँकी ऋण वा दायित्व भुक्तानीका लागि दफा २३३ को उपदफा (१) को अवस्था सिर्जना गर्ने वा गराउने सञ्चालक वा पदाधिकारी विरुद्ध सम्बन्धित पक्षले अदालत समक्ष निवेदन दिन सक्नेछ ।

२३५. दर्ता खारेज भएको कम्पनीको दर्ता पुनर्स्थापना: (१) दफा २२५, २३१, २३२, २३३ बमोजिम कुनै कम्पनीको खारेज भएमा कम्पनीका सेयरधनीले कम्पनी खारेज भएको सूचना प्रकाशित भएको मितिले तीन वर्षभित्र कम्पनी पुनर्स्थापना गर्न अदालत समक्ष कारण खुलाई निवेदन दिएमा देहायको अवस्थामा अदालतले सो कम्पनीको पुनर्स्थापना गरी त्यसको नाम कम्पनी दर्ता कितावमा पुनर्स्थापना गर्न आदेश दिन सक्नेछ ।

(क) कम्पनीले आफ्नो कारोबार सञ्चालनमा रहेको अवस्थामा त्यस्तो कम्पनीको दर्ता खारेज भएको देखिएमा,

(ख) कम्पनीको सम्पत्ति र दायित्वको समुचित व्यवस्थापन गर्न त्यस्तो कम्पनी पुनर्स्थापना गर्न न्यायोचित देखिएमा ।

(३) उपदफा (२) बमोजिम आदेश जारी गर्दा कम्पनी र अन्य सबै व्यक्तिलाई कम्पनीको दर्ता खारेज नभएको सरह यथास्थितिमा ल्याउनको लागि अदालतले उपयुक्त ठानेको आदेश जारी गर्न तथा आवश्यक व्यवस्था मिलाउन आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कम्पनी पुनर्स्थापित भएकोमा यस ऐनबमोजिम बुझाउनु पर्ने जरिबाना बुझाए पछि मात्र त्यस्तो कम्पनी पुनर्स्थापना गरी कम्पनी दर्ता किताबमा पुनः नाम दर्ता कायम हुनेछ ।

## परिच्छेद-२७

## कम्पनीको विलय तथा प्राप्ति

२३६. कम्पनीको विलय वा प्राप्तिः (१) दुई वा सोभन्दा बढी कम्पनी एकआपसमा विलय हुन वा एउटा कम्पनीले अर्को कम्पनीलाई प्राप्त गरी (खरिद) एउटै कम्पनीमा परिणत भई निरन्तर रूपमा कारोबार वा व्यवसाय सञ्चालन गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम विलय भएको वा प्राप्ति गरिएको कम्पनी संयोजित वा नयाँ कम्पनीका रूपमा सञ्चालन हुन सक्नेछ ।

२३७. कम्पनीको विलय वा प्राप्तिको प्रारम्भिक प्रस्तावः (१) दफा २४१ बमोजिम कम्पनी विलय वा प्राप्तिको प्रक्रिया प्रारम्भ गर्न संयुक्त प्रारम्भिक प्रस्ताव तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संयुक्त प्रस्ताव तयार गर्ने सम्बन्धितकम्पनीहरुका तर्फबाट कम्तीमा एक एक जना सञ्चालक रहेको संयुक्त विलय तथा प्राप्ति समिति गठन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विलय वा प्राप्तिको प्रारम्भिक प्रस्तावमा देहायका विषय समावेस गर्नुपर्नेछ-

(क) विलय पश्चात् कायम हुने कम्पनीको नाम,

(ख) रजिष्टर्ड कार्यालय रहने स्थान तथा ठेगाना,

(ग) कम्पनीका सञ्चालक समितिका सदस्यको नाम तथा ठेगाना,

(घ) कम्पनीका कर्मचारी सम्बन्धी व्यवस्था,

(ङ) कम्पनीको सेयर संरचना र सेयर सम्बन्धी अधिकार र आवश्यक सर्त,

(च) सेयर परिवर्तन सम्बन्धी व्यवस्था,

(छ) सेयर परिवर्तन बापत सेयरधनीले कुनै लाभ प्राप्त गर्ने भए सो सम्बन्धी व्यवस्था,

(ज) विलय वा प्राप्ति सम्पन्न गरिने समय,

(झ) विलय वा प्राप्ति पश्चात् कम्पनीको सञ्चालन तथा व्यवस्थापन प्रक्रिया र विधि,

(ञ) विलय वा प्राप्ति प्रारम्भ हुने प्रस्तावित मिति,

(ट) विलय वा प्राप्ति पश्चात् कायम हुने कम्पनीको प्रबन्धपत्र र नियमावली ।

(४) उपदफा (१) बमोजिमको प्रस्ताव सम्बन्धित कम्पनीको साधारण सभामा विशेष प्रस्तावको रूपमा पेस गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव कुल सेयर संख्याको कम्तीमा दुई तिहाई सेयर धारण गर्ने सेयर सदस्यले स्वीकृत गर्नुपर्नेछ ।

(५) उपदफा (२) बमोजिमको समितिले विलय वा प्राप्ति सम्बन्धी कार्य संयुक्त रूपमा अगाडि बढाउनु पर्नेछ ।

२३८. कम्पनीको विलय वा प्राप्तिको प्रारम्भिक निवेदन र सैद्धान्तिक सहमतिः (१) दफा २३७ बमोजिम तयार भएको विलयको प्रारम्भिक प्रस्तावका सम्बन्धमा सैद्धान्तिक सहमति प्राप्त गर्न एक आपसमा विलय हुन चाहने कम्पनीले उक्त प्रस्ताव समेत समावेस गरी तोकिएको ढाँचामा कार्यालय समक्ष संयुक्त निवेदन पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न प्रस्तावका सम्बन्धमा आवश्यक अध्ययन गरी कम्पनी बीच विलय वा प्राप्तिको प्रक्रिया अगाडि बढाउन मनासिब देखिएमा कार्यालयले सोको लागि सैद्धान्तिक सहमति दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित नेपाल कानूनबमोजिम सम्बन्धित नियामक निकायको सैद्धान्तिक सहमति आवश्यक हुने भई सो पेश गरेमा कार्यालयको सैद्धान्तिक सहमति आवश्यक हुने छैन ।

२३९. कम्पनीको सम्पत्ति तथा दायित्वको मूल्याङ्कनः (१) दफा २३८ बमोजिम सैद्धान्तिक सहमति प्राप्त भएपछि अनुमतिपत्र प्राप्त मूल्याङ्कनकर्ताबाट विलय वा प्राप्तिको प्रक्रिया प्रारम्भ गर्ने कम्पनीको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्नकर्ताले कम्पनीको सम्पत्ति तथा दायित्व मूल्याङ्कन गर्दा देहायका आधारमा विश्लेषण गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्नेछ-

(क) पुँजीको अवस्था-पुँजी पर्याप्त रहे वा नरहेको,

(ख) कम्पनीको खुद सम्पत्ति,

(ग) कम्पनीले पालना गर्नुपर्ने सम्बद्ध प्रचलित नेपाल कानून पालनाको अवस्था,

(घ) कम्पनीमा सूचना प्रविधिको प्रयोग र सुरक्षात्मक उपायको अवस्था,

(ङ) कम्पनीको सेयर अदलबदलको अनुपात (सेयर स्वाप रेसियो),

(च) कम्पनीको सेयरको बजार मूल्य,

(छ) कम्पनीको पछिल्लो तीन बर्षको प्रमुख वित्तीय सूचकाङ्क र विलय वा प्राप्ति पश्चातको लगातार तीन वर्षको प्रक्षेपित कारोबार,

(ज) विलय वा प्राप्ति पश्चात् अवलम्बन गर्नुपर्ने सुधारका उपाय ।

२४०. कम्पनीको विलय वा प्राप्ति सम्बन्धी सम्झौताः (१) दफा २३९ बमोजिमको मूल्याङ्कन प्रतिवेदन प्राप्त भएपछि देहायका विषय समावेस गरी विलय वा प्राप्ति प्रक्रियामा संलग्न कम्पनी बीच विलय वा प्राप्ति सम्बन्धी सम्झौता गर्नुपर्नेछ -

(क) कम्पनीको नाम, ठेगाना रकार्यक्षेत्र तथा विलय वा प्राप्ति पश्चात् कायम हुने कम्पनीको नाम, ठेगाना र कार्यक्षेत्र,

(ख) विलय वा प्राप्तिको आवश्यकता र औचित्य,

(ग) साधारण सेयरधनी र ऋणदाताको हक हितको संरक्षण,

(घ) वित्तीय अवस्था (ऋण तथा कारोबार समेत),

(ङ) सम्पत्ति तथा दायित्वको हिसाब मिलान र लेनदेनका लागि स्वीकार गरिएको मूल्य,

(च) विदेशी लगानी रहेको भए विदेशी लगानीकर्ताको सहमति र लगानी संरक्षणको प्रतिभूति,

(छ) विलय वा प्राप्तिका लागि लाग्ने अनुमानित समय र लागत (खर्च रकम),

(ज) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन र परिवर्तन,

(झ) विलय वा प्राप्ति पश्चातको पुँजी तथा स्वामित्व संरचना, व्यवस्थापन नियन्त्रण र सञ्चालक समितिको गठन,

(ञ) कर्मचारी, कामदार तथा अन्य जनशक्ति व्यवस्थापन,

(ट) प्रति सेयर बजार मूल्य तथा सेयर अदलबदलको अनुपात (सेयर स्वाप रेसियो),

(ठ) संस्थागत सुधारका उपाय र संस्थागत सुशासनको प्रतिवद्धता,

(ड) यस ऐन तथा सम्बद्ध प्रचलित नेपाल कानूनको पालनाका लागि पूरा गर्नुपर्ने प्रक्रिया तथा प्राप्त गर्नुपर्ने स्वीकृति वा अनुमति,

(ढ) एकीकृत कारोबार प्रारम्भ गर्ने प्रस्तावित मिति,

(ण) अन्य आवश्यक विषय ।

(२) उपदफा (१) बमोजिम सम्पन्न भएको विलय वा प्राप्ति सम्बन्धी सम्झौता सम्बन्धित कम्पनीको साधारण सभामा विशेष प्रस्तावको रूपमा पेस गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव कुल सेयर संख्याको दुई तिहाइ भन्दा बढी सेयर धारण गर्ने सेयरधनी उपस्थित साधारण सभाले स्वीकृत गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सभामा पेस भएको प्रस्तावमा असहमत हुने सेयरधनीले दफा २३९ को उपदफा (२) को खण्ड (च) बमोजिम सेयरको मूल्य लिई त्यस्तो सेयर बिक्री गर्न सक्नेछ ।

२४१. कम्पनीको विलय वा प्राप्ति सम्बन्धी निवेदन र स्वीकृतिः (१) दफा २४० को उपदफा (२) बमोजिम कम्पनी विलय वा प्राप्तिको प्रस्ताव पारित भएमा त्यस्तो कम्पनी दफा २४० को उपदफा (१) बमोजिमको सम्झौता सहित देहाय बमोजिम कागजात संलग्न गरी विलय वा प्राप्तिको स्वीकृतिका लागि त्यस्तो सम्झौता सम्पन्न भएको तीस दिनभित्र कार्यालय समक्ष निवेदन पेस गर्नुपर्नेछ-

(क) पब्लिक कम्पनीको हकमा उपदफा (१) बमोजिम साधारण सभाको निर्णय र प्राइभेट कम्पनी भए विलय वा प्राप्तिको अधिकार दिने प्रबन्धपत्र, नियमावलीको प्रतिलिपि,

(ख) कम्पनीको अन्तिम वासलात र लेखापरीक्षकको प्रतिवेदन,

(ग) कम्पनीका ऋणदाताको लिखित सहमतिपत्रको प्रतिलिपि,

(घ) दफा २३९ बमोजिमको मूल्याङ्कन प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन अध्ययन र छानबिन गरी विलय वा प्राप्तिको स्वीकृति दिन मनासिब देखिएमा कार्यालयले सो निवेदन प्राप्त भएको तीस दिन भित्र अनुसूची-३ बमोजिम शुल्क लिई विलय वा प्राप्तिको अन्तिम स्वीकृति दिनुपर्नेछ ।

(३) कार्यालयले कम्पनीको दर्ता अभिलेखमा विलय वा प्राप्ति भएको कम्पनीको अभिलेख राख्नु पर्नेछ ।

(४) यो दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकाधिकार वा अनुचित व्यापारिक नियन्त्रण हुने वा सार्वजनिक हित विपरीत हुने देखिएमा कार्यालयले कम्पनी विलय वा प्राप्तिको स्वीकृति दिने छैन ।

२४२. कम्पनीको विलय तथा प्राप्ति सम्बन्धी स्रेस्ता तथा कागजात सुरक्षित राख्नुपर्नेः (१) कम्पनीले विलय वा प्राप्ति भएको कम्पनीसँग सम्बन्धित स्रेस्ता तथा कागजात कम्तीमा पाँच वर्षसम्म सुरक्षित राख्नुपर्नेछ ।

(२) उपदफा (१) को अवधि व्यतित भएपछि कम्पनीले प्रचलित नेपाल कानूनबमोजिम त्यस्तो स्रेस्ता तथा कागजात धुल्याउन वा नष्ट गर्न सक्नेछ ।

## परिच्छेद- २८

## संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्था

२४३. संस्थागत सामाजिक उत्तरदायित्व कोषः (१) नेपाल सरकारले नेपालमा दर्ता भई सञ्चालनमा आएका कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व वापतको रकम जम्मा गर्ने प्रयोजनका लागि एक संस्थागत सामाजिक उत्तरदायित्व कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा वार्षिक पच्चिस करोड रुपैयाँ भन्दा बढी कारोवार गर्ने कम्पनीले प्रत्येक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्याई जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएता पनि वार्षिक पच्चिस करोड रुपैयाँ भन्दा कम कारोवार गर्ने कम्पनीले समेत संस्थागत सामाजिक उत्तरदायित्व वापतको रकम उपदफा (१) बमोजिमको कोषमा जम्मा गर्न सक्नेछन् ।

(४) कोषको रकम परिचालन गर्ने विधि र प्रक्रिया लगायतका व्यवस्था दफा २४४ बमोजिमको कोष संचालक समितिले निर्धारण गर्नेछ ।

२४४. <u>कोष सञ्चालक समितिः</u> (१) संस्थागत सामाजिक उत्तरदायित्व कोष सञ्चालनका लागि देहायबमोजिमको संस्थागत सामाजिक उत्तरदायित्व कोष सञ्चालक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय - संयोजक

(ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(च) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैङ्क - सदस्य

(छ) रजिष्ट्रार, कार्यालय - सदस्य सचिव

(२) समितिको बैठक बर्षको कम्तीमा दुईपटक बस्नेछ ।

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले बोलाउनु पर्नेछ।

(५) समितिले आवश्यकतानुसार सम्बन्धित क्षेत्रका विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको बैठक सञ्चालनसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(७) समितिको सचिवालय कार्यालयमा रहनेछ ।

२४५. <u>संस्थागत सामाजिक उत्तरदायित्व कोष संचालक समितिको काम, कर्तव्य र अधिकारः</u> (१) कोष संचालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) कोषको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(ख) कोष सञ्चालनका लागि निकायगत अख्तियारी प्रदान गर्ने,

(ग) कोषको प्रभावकारी उपयोग गर्न सम्बद्ध निकायसँग आवश्यक समन्वय गर्ने,

(घ) कोषबाट सञ्चालन भएका कार्यक्रमको अनुगमन गर्ने/गराउने,

(ङ) कोषका कार्यक्रमको आवधिक समीक्षा गर्ने,

(च) कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई आवश्यक सुझाव तथा निर्देशन दिने,

(छ) कोष सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यकतानुसार अन्य कार्य गर्ने।

(२) कोष सञ्चालन तथा व्यवस्थापनका लागि संचालक समितिले कार्यविधि वनाई लागू गर्नेछ ।

२४६. <u>कोषको रकम खर्च गर्ने क्षेत्रः</u> दफा २४३ बमोजिमको कोषको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने निकायले देहाय बमोजिमको क्षेत्रमा खर्च गर्नु पर्नेछः-

(क) शिक्षा, स्वास्थ्य, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मानवीय सहयोग तथा राहत, वातावरण संरक्षण, अपाङ्गता भएका व्यक्ति तथा सामाजिकरुपले पिछडिएका वर्गको आयआर्जन क्षमता अभिवृद्धि, वित्तीय तथा लगानीकर्ता साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम,

सांस्कृतिक क्षेत्रको संवर्द्धन, राष्ट्रिय सम्पदाको मर्मत सम्भार वा पुनर्निर्माण, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार,

(ख) अति विपन्न वर्गको शिक्षा तथा स्वास्थ्य क्षेत्रमा संलग्न संस्थाको भौतिक संरचना निर्माण,

(ग) नेपाल सरकारले महामारी घोषित गरेको अवस्थामा सो महामारी रहेको क्षेत्र,

(घ) अनाथालय, बालमन्दिर वा वृद्धाश्रम, घरवारविहीनका लागि स्थापना भएको आश्रयस्थल, मानव बेचबिखन तथा घरेलु हिंसामा परेकालाई उद्धार गरी संरक्षण गर्ने संस्था, पशुपंक्षी संरक्षण, कल्याण वा उद्धार गर्ने सामाजिक संस्था,

(ङ) व्यावसायिक प्रयोजनको लागि गरिने अनुसन्धान बाहेकका राष्ट्रिय महत्वका आविष्कार गर्ने संस्था, र

(च) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका क्षेत्र तथा सम्बन्धित नियामक निकायले तोकेका क्षेत्र ।

२४७. प्रतिवेदन सम्बन्धी व्यवस्थाः कार्यान्वयन गर्ने निकायले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा सम्पादन गरेका क्रियाकलाप, सो क्रियाकलापमा भएको खर्चको क्षेत्रगत विवरणका साथै उक्त खर्चले सामाजिक क्षेत्रमा पारेको प्रभावसमेत विश्लेषण गरी संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र तयार गरी कार्यालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-२९

## रजिष्ट्रारको काम, कर्तव्य र अधिकार

२४८. रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः (१) यस ऐनको अधीनमा रही रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) कम्पनी दर्ताको लागि प्रस्तावित नाम स्वीकृत वा अस्वीकृत गर्ने,

(ख) कम्पनीको संस्थापना तथा दर्ता गर्ने र संस्थापनाको प्रमाणपत्र प्रदान गर्ने,

(ग) कम्पनीको निरीक्षणका लागि निरीक्षक नियुक्ति गरी खटाउने,

(घ) कम्पनीसँग सम्बन्धित कागजात विवरणको अभिलेख राख्ने,

(ङ) कम्पनीको दर्ता खारेजी सम्बन्धी काम कारबाही गर्ने,

(च) सम्बन्धित कम्पनीको अनुरोध अनुसार कार्यालयमा रहेको अभिलेखका आधारमा सेयर विवरण, सञ्चालक विवरण लगायतका महत्वपूर्ण लिखत प्रमाणित गर्ने,

(छ) यस ऐनबमोजिम पेस गर्नुपर्ने विवरण, लेखापरीक्षण प्रतिवेदन लगायतका कागजात यस ऐनले तोकेको म्यादभित्र पेस नगरेमा जरिबाना गर्ने,

(ज) कम्पनीका सेयरधनी बीच उत्पन्न विवाद समाधानका लागि आवश्यक छलफल गर्ने गराउने,

(झ) कम्पनीलाई आवश्यक निर्देशन दिने,

(ञ) सूचीकृत तथा पब्लिक कम्पनी सम्बन्धी सम्बद्ध नियामक निकायसँग आवश्यक समन्वय र परामर्श गर्ने,

(ट) यस ऐनमा कार्यालयले गर्ने भनी उल्लेख भएका अन्य कार्य सम्पादन गर्ने वा गराउने,

(ठ) यस ऐन कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने,

(ढ) नेपाल सरकारले समय समयमा तोकेका अन्य कार्य गर्ने ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै नियमनकारी निकायले प्रचलित कानून बमोजिम कुनै कम्पनीलाई दिएको निर्देशन वा त्यस्तो कम्पनीका सम्बन्धमा सो निकायले प्रचलित कानून बमोजिम प्रयोग गर्ने अख्तियारीलाई यस दफाले सीमित गरेको मानिने छैन ।

२४९. <u>नियमनको अधिकार</u>ः (१) यस ऐनबमोजिम संस्थापित कम्पनीको काम, कारबाही नियमन र प्रशासन गर्ने सम्बन्धमा प्रचलित नेपाल कानूनले विशिष्टीकृत निकायको व्यवस्था गरेकोमा बाहेक अन्य कम्पनीको काम कारबाहीको नियमन र प्रशासनका सम्बन्धमा रजिष्ट्रारलाई नियमनको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियमन गर्ने सम्बन्धमा रजिष्ट्रारलाई देहायबमोजिम अधिकार हुनेछ-

(क) सेयरधनी बीच कुनै विवाद भएमा सम्बन्धित पक्षबाट उजुर लिई विवाद समाधान गर्न पहल गर्ने,

(ख) पब्लिक कम्पनीको साधारण सभा हुन नसकेमा समय समेत उल्लेख गरी त्यस्तो साधारण सभा सम्पन्न गर्न गराउन निर्देशन दिने र सोबमोजिम साधारण सभा सम्पन्न गर्न गराउन कार्यालयको तर्फबाट अधिकृतस्तरको प्रतिनिधि खटाउने,

(ग) सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा आवश्यक मानदण्ड र पद्धति लागू गर्न सम्बन्धित कम्पनीलाई निर्देश गर्ने ।

२५०. <u>रजिष्ट्रारले निर्देशन दिनसक्ने</u>ः (१) कुनै कम्पनी, त्यसको सञ्चालक वा पदाधिकारी वा अन्य कुनै कर्मचारीले यस ऐन वा प्रबन्धपत्र वा नियमावली वा प्राइभेट कम्पनीको हकमा सर्वसम्मत सम्झौताबमोजिम गर्नुपर्ने कुनै कामकारबाही नगरेको वा सोको बर्खिलाप हुने कुनै कामकारबाही गरेको वा गर्न लागेको छ भन्ने सूचना कार्यालयलाई कुनै किसिमबाट प्राप्त भएमा रजिष्ट्रारले आवश्यकता अनुसार सोको जाँचबुझ गरी वा गर्न लगाई गर्नुपर्ने कुनै कामकारबाही गर्न वा गराउन वा नगर्नुपर्ने कुनै कामकारबाही रोक्न सम्बन्धित कम्पनी, त्यसको सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

तर कम्पनीले गरिसकेको काम कारबाहीबाट सिर्जना भएको दायित्व पालना सम्बन्धमा गरिएको वा गर्न लागिएको काम कारबाहीका सम्बन्धमा निवेदन दिन सकिने छैन ।

(२) उपदफा (१) बमोजिम रजिष्ट्रारले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशन उल्लङ्घन गरेमा कम्पनीबाट भएको शेयर खरिद बिक्रीको कारोबार वा कम्पनीले कार्यालयबाट प्राप्त गर्ने अन्य कुनै सेवा वा काम कारबाहीको प्रक्रिया अगाडि नबढाउने गरी रजिष्ट्रारले कम्पनीलाई रोक्का सूचीमा राख्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम रोक्का सूचीमा रहेको कम्पनीले उपदफा (१) बमोजिमको निर्देशन पालना गरेको प्रमाण कार्यालयमा पेस गरेपछि रजिष्ट्रारले रोक्का सूचीबाट हटाउन सक्नेछ।

२५१. अधिकार प्रत्यायोजनः (१) रजिष्ट्रारले यस ऐन अनुसार आफूलाई प्राप्त अधिकारमध्ये न्यायिक अधिकार वाहेकका अधिकार आवश्यकता अनुसार कार्यालयको कुनै अधिकृत कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहका पदाधिकारी वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजित अधिकार यस ऐन र निर्देशिका बमोजिम प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद-३०
## कम्पनीको निरीक्षण र कैफियत तलब

२५२. निरीक्षणको अधिकारः (१) यस ऐनबमोजिम संस्थापना भएका कम्पनीको काम तथा कारोबारका विषयमा निरीक्षण गर्ने अधिकार रजिष्ट्रारलाई हुनेछ ।

(२) कुनै कम्पनीले यस ऐन, प्रबन्धपत्र, नियमावली, विवरणपत्र वा प्रचलित नेपाल कानून विपरीत काम गरेको भनी देहायबमोजिम निवेदन वा उजुर प्राप्त भएमा त्यस सम्बन्धमा रजिष्ट्रारले दफा २५३ बमोजिम योग्यता पुगेका व्यक्तिलाई निरीक्षक खटाई निरीक्षण गर्न वा गराउन सक्नेछ-

(क) चुक्ता पुँजीको कम्तीमा दश प्रतिशत सेयरको प्रतिनिधित्व गर्ने वा सेयरधनीको जम्मा सङ्ख्याको कम्तीमा पच्चिस प्रतिशत प्रतिनिधित्व गर्ने सेयरधनीबाट उजुरी प्राप्त भएमा,

(ख) कम्पनीको ऋणदाताले मनासिब प्रमाण सहित निवेदन दिएमा ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयलाई देहायको अवस्थामा उजुर वा निवेदन नगरे तापनि रजिष्ट्रारले कम्पनीको निरीक्षण गर्न वा गराउन सक्नेछ-

(क) कम्पनीको कारोबार वा व्यवसायको सिलसिलामा कम्पनीको सेयरधनी वा ऋणदातालाई ठगी वा जालसाज गरेको जानकारी प्राप्त भएमा,

(ख) उद्देश्य विपरीतका कार्य गरेको वा सार्वजनिक हित विपरीतका कार्य गरेको जानकारी भएमा, वा

(ग) कुनै पब्लिक कम्पनीले आफ्नो काम कारबाही र कारोबार सम्बन्धमा सूचना नदिएमा ।

२५३. <u>निरीक्षकको योग्यता</u>: देहायबमोजिम योग्यता भएको नेपाली नागरिक निरीक्षक हुन योग्य हुनेछ-

(क) लेखा, कानून, वित्त, व्यवस्थापन, वाणिज्य वा कम्पनी प्रशासन वा कम्पनीले गर्ने व्यवसायसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा पाँच बर्षको अनुभव भएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार सम्बन्धी कसुरमा सजाय नपाएको,

(ग) सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(घ) प्रचलित नेपाल कानूनबमोजिम कालो सूचीमा नपरेको वा त्यस्तो सूचीबाट निर्मोचन भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको,

२५४. <u>निरीक्षकको सूची तयार गर्नुपर्ने</u>: (१) कार्यालयले निरीक्षकको रूपमा काम गर्न चाहने व्यक्तिको लागि निरीक्षकको सूचीमा नाम दर्ता गराउने प्रयोजनका लागि प्रत्येक आर्थिक बर्ष सुरु भएको तीस दिनभित्र निवेदन आह्वान गरी सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र प्राप्त निवेदनको छानविन गरी दफा २५३ बमोजिम योग्यता पुगेका निवेदकको नाम समावेस गरी कार्यालयले सो आर्थिक बर्षको लागि निरीक्षकको सूची तयार गर्नुपर्नेछ ।

२५५. <u>निरीक्षकको नियुक्ति</u>: दफा २५२ को उपदफा (२) वा (३) का आधारमा कुनै कम्पनीको निरीक्षण गर्न आवश्यक भएमा रजिष्ट्रारले दफा २५३ को सूचीबाट त्यस्तो कम्पनीका सम्बन्धमा कुनै किसिमको निजी स्वार्थ र सरोकार रहित व्यक्तिहरू मध्येबाट विशेषज्ञताको आधारमा एक वा एक भन्दा वढी संख्यामा निरीक्षक नियुक्ति गर्न सक्नेछ ।

२५६. <u>निरीक्षकको काम, कर्तव्य र अधिकार</u>: निरीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) निरीक्षणको क्रममा आफूले उपयुक्त ठानेका कम्पनीका वर्तमान वा पूर्व पदाधिकारी वा सेयरधनी वा निरीक्षण गरिने पक्षसँग सम्बन्धित विषयमा जानकार अन्य व्यक्तिलाई आफू समक्ष उपस्थित गराई आवश्यक जानकारी प्राप्त गर्ने वा अन्य मनासिब सहयोग प्राप्त गर्ने,

(ख) आवश्यक कागजात नियन्त्रणमा लिने वा कुनै सम्बन्धित व्यक्तिबाट त्यस्तो कागजात वा अन्य वस्तु दाखिल गर्न वा गराउन लगाउने,

(ग) निरीक्षणको सिलसिलामा सेयर खरिद बिक्री वा सेयर कारोबार रोक्का राख्नु पर्ने देखिएमा कार्यालय समक्ष सिफारिस गर्न

(घ) कम्पनीको लेखा तथा स्रेस्ता ठीकसँग राखेको वा नराखेको जाँच गर्ने,

२५७. <u>निरीक्षकलाई सहयोग गर्नुपर्ने</u>: (१) दफा २५५ बमोजिम नियुक्त निरीक्षकलाई सहयोग गर्नु र माग गरेका कागजात तथा विवरण उपलब्ध गराउनु सम्बन्धित कम्पनी, सञ्चालक, प्रबन्ध सञ्चालक, शेयरधनी वा अन्य कर्मचारीको कर्तव्य हुनेछ ।

(२) निरीक्षणको क्रममा कुनै व्यक्तिले निरीक्षक समक्ष झुट्टो बयान दिएमा, निरीक्षकले माग गरेका लिखत, कागजात पेस नगरेमा वा निरीक्षकले सोधेको प्रश्नको जवाफ नदिएमा निरीक्षकले सो विषयको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन पेश भएमा रजिष्ट्रारले सम्बन्धित सम्बन्धित कम्पनी, सञ्चालक, प्रबन्ध सञ्चालक, शेयरधनी वा अन्य कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२५८. निरीक्षण खर्चः (१) कम्पनीको निरीक्षणका लागि लाग्ने सम्पूर्ण खर्च सम्बन्धित निवेदकले व्यहोर्नु पर्नेछ ।

(२) कम्पनीले निरीक्षण बापत लाग्ने रकम कार्यालयले तोकेको खातामा अग्रिम रूपमा जम्मा गर्नुपर्नेछ ।

२५९. प्रतिवेदन पेस र सोको कार्यान्वयनः (१) निरीक्षणको कार्य सम्पन्न भएपश्चात् निरीक्षकले आफ्नो राय सहितको प्रतिवेदन कार्यालय समक्ष पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षकले दिएको प्रतिवेदनमा औंल्याएको बिषयमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नका लागि कार्यालयले कम्पनीलाई निर्देशन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यालयले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित कम्पनीको कर्तव्य हुनेछ ।

२६०. थप स्पष्ट गर्न लगाउनेः (१) कम्पनीका सेयरधनी वा सरोकारवालाको निवेदन वा अन्य कुनै स्रोतबाट प्राप्त सूचनाका आधारमा कुनै कम्पनीले पेस गरेको कागजात तथा विवरणमा कुनै विषय स्पष्ट नभएमा त्यस्तो कागजात वा विवरण सम्बन्धमा थप स्पष्ट गर्न वा जानकारी उपलब्ध गराउन कार्यालयले निश्चित अवधि तोकी कम्पनीलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधि भित्र कार्यालयले निर्देशन दिएको विषयमा कम्पनीले यथार्थ जानकारी वा विवरण पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त जानकारी वा विवरणबाट कम्पनीको काम कारबाहीका सम्बन्धमा कुनै कैफियत भए गरेको देखिएमा आवश्यक कारवाहीका लागि कार्यालयले कम्पनीलाई निर्देशन दिनुपर्नेछ ।

## परिच्छेद-३१

## विद्युतीय सेवा प्रणालीको स्थापना र प्रयोग

२६१. विद्युतीय सेवा प्रणालीको स्थापना र प्रयोगः (१) कार्यालयले विद्युतीय माध्यमबाट सेवा प्रदान गर्ने प्रयोजनका लागि अनलाईनमा आधारित विद्युतीय सेवा प्रणालीको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रणाली मार्फत देहायका सेवा उपलब्ध हुनेछन्-

(क) कम्पनीको नाम प्रस्ताव र स्वीकृति गर्ने,

(ख) कम्पनी दर्ता गर्ने,

(ग) दर्ता पश्चातका कम्पनी प्रशासन सम्बन्धी कामकारवाही गर्ने,

(घ) कम्पनी खारेजी गर्ने,

(ङ) कम्पनी प्रशासन सम्बन्धी अन्य काम कारवाही गर्ने,

(३) उपदफा (२) बमोजिम कार्यालयले सेवा उपलब्ध गराउँदा जारी गर्नुपर्ने कागजातहरूमा डिजिटल हस्ताक्षरको प्रयोग गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको सेवा प्राप्त गर्नको लागि सम्बन्धित कम्पनी वा प्रस्तावित कम्पनीले अनलाईनमा आधारित विद्युतीय सेवा प्रणालीबाटप्रयोगकर्ताको नाम (युजर नेम) र पासवर्ड प्राप्त गर्नुपर्नेछ ।

(५) यस ऐन लागू हुनुपूर्व स्थापना भएका कम्पनीले प्रयोगकर्ताको नाम र पासवर्ड लिनुपरेमा सञ्चालक समितिको अख्तियार प्राप्त पदाधिकारी कार्यालय समक्ष उपस्थित भई अनुसूची-२० बमोजिमको ढाँचामा निवेदन पेस गर्नुपर्नेछ ।

(६) प्रणालीको पहुँचको लागि कम्पनीले प्राप्त गरेको अनलाइन खातामा प्रयोग गरेको इमेल वा मोबाइल नम्बर परिवर्तन गर्नुपरेमा सञ्चालक समितिको अख्तियार प्राप्त पदाधिकारी कार्यालय समक्ष उपस्थित भई अनुसूची- २० बमोजिमको ढाँचामा निवेदन पेस गर्नुपर्नेछ ।

(७) उपदफा (४), (५) र (६) बमोजिम कार्यालयबाट प्रणालीको पहुँच उपलब्ध भएपछि कम्पनीले प्रणालीमार्फत सेवा प्राप्त गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम प्रणालीको प्रयोगकर्ताले अनुसूची-२१ बमोजिमका सर्त पालना गर्नुपर्नेछ ।

२६२. अन्तरआवद्धता कायम गर्न सक्नेः (१) कार्यालयले प्रणालीमा रहेका यस ऐनकागजात तथा विवरण आवश्यकता अनुसार अन्य सरकारी कार्यालय वा निकायको प्रणालीसँग अन्तरआवद्धता कायम गरी आदानप्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कागजात तथा विवरण आदानप्रदान गर्दा सोको सुरक्षा र प्रयोगको विषय आपसी समझदारीपत्रमा उल्लेख भए बमोजिम हुनेछ । ।

२६३. झुटो विवरण पेस गर्न नहुनेः (१) प्रणालीको पहुँच प्राप्त भए पश्चात सो को दुरुपयोग नहुने गरी जिम्मेवारीपूर्वक प्रयोग गर्नु कम्पनीको सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) को प्रतिकुल हुने गरी कम्पनीको कुनै पदाधिकारीले झुटो वा गलत कागजात वा विवरण सम्प्रेषण गरेमा त्यस्तो कागजात वा विवरण सम्प्रेषण गर्ने कम्पनीको सम्बन्धित पदाधिकारी जिम्मेवार हुनेछ ।

२६४. विद्युतीय कारोबार (इलेक्ट्रोनिक) कानून लागू हुनेः प्रणालीका सम्बन्धमा यस परिच्छेदमा लेखिएदेखि बाहेक अन्य विषय विद्युतीय कारोबार (इलेक्ट्रोनिक) सम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ ।

स्पष्टिकरणः यस परिच्छेदको प्रयोजनका लागि "प्रणाली" भन्नाले कार्यालयले कम्पनी प्रशासन सम्बन्धी सेवा प्रवाह गर्न सञ्चालनमा ल्याएको अनलाईनमा आधारित विद्युतीय सेवा प्रणालीलाई जनाउँछ ।

## परिच्छेद-३२

## लगानीकर्ता संरक्षण कोष

२६५. लगानीकर्ता संरक्षण कोषः(१) लगानीकर्ताको हित संरक्षण र कम्पनी प्रशासन प्रवर्धनका लागि लगानीकर्ता संरक्षण कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम रहनेछ-

(क) कम्पनीको शेयरमा लगानी गर्न प्रबाह भएको रकम फिर्ता लिन पाँच वर्षभित्र पनि कुनै लगानीकर्ताको दाबी प्रस्तुत हुन नआएमा त्यस्तो रकम,

(ख) लाभांश बितरण गर्ने बिषयमा कम्पनीको साधारण सभाले निर्णय गरेको मितिले पाँच बर्षभित्र कुनै शेयरधनीले बुझि नलिएको लाभांशको रकम,

(ग) नेपाल सरकारबाट प्राप्त रकम,

(घ) विदेशी राष्ट्र वा दातृ निकायबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा निकायबाट प्राप्त रकम,

(च) कम्पनी खारेजी भई कम्पनीले कुनै लगानीकर्तालाई भुक्तानी गर्न कुनै रकम बाँकी रहेको भए सो रकम,

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको रकम कम्पनीले लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुभन्दा पहिले त्यस्तो रकम बुझी लिन कम्तीमा एक्काइस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम स्थापना भएको कोषको परिचालन गरी आम्दानी भएको रकम पुँजी बजार, लगानी नीति, कम्पनी कानून वा व्यापार तथा व्यवसाय सम्बन्धी पेशागत कानूनको सुधार, कार्यालय वा कम्पनीका कर्मचारीलाई प्रशिक्षण वा कम्पनी प्रशासन सम्बन्धी अन्य कार्यमा खर्च गर्न सकिनेछ ।

२६६. लगानीकर्ता संरक्षण कोष सञ्चालन तथा व्यवस्थापन समितिः (१) लगानीकर्ता संरक्षण कोषको व्यवस्थापन र सञ्चालन गर्न देहाय बमोजिमको एक लगानीकर्ता संरक्षण कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ-

(क) रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय -संयोजक

(ख) नेपाल धितोपत्र बोर्डको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ग) उपसचिव, मन्त्रालय -सदस्य

(२) कोषको सञ्चालन, व्यवस्थापन र प्रयोग उपदफा (१) बमोजिमको समितिले गर्नेछ ।

(३) कोष व्यवस्थापन समितिको सचिवालय कार्यालयमा रहनेछ । रजिष्ट्रारले तोकेको उपरजिष्ट्रारले सचिवालयको सचिवको रुपमा काम गर्नेछ ।

(४) कोषको व्यवस्थापन तथा सञ्चालनका लागि समितिले आवश्यक कार्यविधि निर्माण गर्न सक्नेछ ।

२६७. लगानीकर्ता संरक्षण कोषको लेखा र लेखापरीक्षण : (१) लगानीकर्ता संरक्षण कोषको आय व्ययको लेखा तथा लेखा कारोबार महालेखापरीक्षकले निर्धारण गरे बमोजिमको ढाँचा राख्नुपर्नेछ ।

(२) लगानीकर्ता संरक्षण कोषको खाता सञ्चालन रजिष्ट्रार र कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) लगानीकर्ता संरक्षण कोषको अन्तिम लेखापरीक्षण महालेखापरीक्षक वा निजको परामर्शमा स्वतन्त्र लेखापरीक्षकले गर्नेछ ।

## परिच्छेद-३३

## कम्पनीले विवरण पेस नगरे बापतको जरिबाना

२६८. विवरण पेस नगरेमा जरिबाना हुनेः (१) दफा १३६, १९२ र १९३ बमोजिम कम्पनीले कार्यालय समक्ष पेस गर्नुपर्ने विवरण सोही दफामा उल्लिखित अवधिभित्र पेस नगरेमा त्यस्तो कम्पनीका सञ्चालक, पदाधिकारी वा जिम्मेवार कर्मचारीलाई देहायबमोजिम जरिबाना हुनेछ-

(क) म्याद समाप्त भएको छ महिनासम्मका लागि पचास लाख रूपैयाँसम्म चुक्ता पुँजी भएको कम्पनी भए पाँच सय रूपैयाँ, एक करोड रूपैयाँसम्म चुक्ता पुँजी भएको कम्पनी भए एक हजार रूपैयाँ र सोभन्दा बढी चुक्ता पुँजी भएको कम्पनी भए तीन हजार रूपैयाँ,

(ख) खण्ड (क) बमोजिमको म्याद समाप्त भएको मितिदेखि थप छ महिनासम्मका लागि पचास लाख रूपैयाँसम्म चुक्ता पुँजी भएको कम्पनी भए एक हजार रूपैयाँ, एक करोड रूपैयाँसम्म चुक्ता पुँजी भएको कम्पनी भए एक हजार पाँचसय रूपैयाँ र सोभन्दा बढी चुक्ता पुँजी भएको कम्पनी भए दुई हजार पाँच सय रूपैयाँ,

(ग) खण्ड (ख) बमोजिमको म्याद समाप्त भएपछि प्रत्येक वर्षका लागि उक्त खण्डमा उल्लिखित जरिबानाका अतिरिक्त थप पच्चिस प्रतिशत ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र त्यस्तो कागजात तथा विवरण पेस नगर्ने सामुदायिक कम्पनीको हकमा त्यस्तो कम्पनीको सञ्चालक, सदस्य वा पदाधिकारीलाई एक करोड रूपैयाँसम्म चुक्ता पुँजी भएको कम्पनीलाई हुने सरहको जरिबाना हुनेछ ।

(३) दफा २५० बमोजिम रजिष्ट्रारले दिएको निर्देशनको कार्यान्वयन नगर्ने कम्पनीको जिम्मेवार सञ्चालक वा पदाधिकारीलाई पन्ध्र हजारदेखि तीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ ।

तर यसरी जरिबाना गर्नु अघि सम्बन्धित पक्षलाई आफ्नो सफाइ पेस गर्ने मनासिब समय र अवसर प्रदान गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम कार्यालय समक्ष पेस गर्नुपर्ने अन्य कागजात तथा विवरण उपलब्ध नगराउने कम्पनीका सञ्चालक वा त्यसका पदाधिकारी वा सेयरधनीलाई त्यस्तो कागजात तथा विवरण उपलब्ध गराउने म्याद समाप्त भएको मितिले एक महिना पश्चात् प्रत्येक महिनाको दुई सय रूपैयाँका दरले जरिबाना लाग्नेछ ।

तर यस्तो जरिबानाको रकम एक आर्थिक वर्षमा एक हजार रूपैयाँ भन्दा बढी हुने छैन ।

(५) दफा २४३ को उपदफा (२) बमोजिम रकम जम्मा नगर्ने कम्पनीलाई कार्यालयले देहायबमोजिमको जरिबाना गर्नेछः-

(क) संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी दायित्व पूरा नगर्ने कम्पनीलाई कर पछिको वार्षिक खुद मुनाफाको एक दशमलव पाँच प्रतिशतले हुन आउने रकम।

(ख) दुई वा दुई भन्दा बढी आर्थिक वर्ष कोषमा रकम जम्मा नगरेमा खण्ड (क) बमोजिमको जरिवानाको दोब्बर रकम ।

(ग) खण्ड (क) र (ख) बमोजिम जरिवाना गर्दा उक्त आर्थिक बर्षमा कोषमा जम्मा गर्नुपर्ने रकम जम्मा गराई जरिवाना गरिनेछ ।

२६९. <u>जरिबाना गर्ने अधिकार र पुनरावेदन</u>ः (१) दफा २६८ बमोजिम जरिबाना गर्ने अधिकार रजिष्ट्रारलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम जरिबाना सम्बन्धमा रजिष्ट्रारले गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो निर्णय विरुद्ध पैतीस दिनभित्र अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-३४

## <u>कम्पनीका सेयरधनीको हित संरक्षण</u>

२७०. <u>अनुचित पूर्वाग्रह विरुद्ध अदालतमा उजुर गर्नसक्ने</u>ः कम्पनीको सञ्चालक समिति वा सञ्चालकले अनुचित पूर्वाग्रह राखी देहायको कुनै काम कारबाही गरेमा कम्पनीको सेयरधनीले कानूनी उपचारका लागि आवश्यक र पर्याप्त प्रमाण सहित अदालत समक्ष उजुर गर्न सक्नेछ -

(क) सञ्चालक समिति, सञ्चालक वा पदाधिकारीको काम कारबाही अल्पसङ्ख्यक सेयरधनी वा खास वर्गका सेयरधनीको हित विपरीत भएमा वा हुने सम्भावना भएमा,

(ख) सञ्चालक समितिको बैठकमा अल्पसङ्ख्यक सेयरधनीसँग सम्बन्धित एजेण्डा उपर छलफल नगर्ने वा नगराउने वा उनीहरूको हित विपरीत निर्णय गरेमा वा गर्ने सम्भावना भएमा,

(ग) सञ्चालकले आफ्नो व्यक्तिगत हित र लाभका लागि अधिकारको दुरूपयोग वा अनुचित प्रयोग गरेमा वा गर्ने सम्भावना भएमा ।

स्पष्टीकरणः यो दफाको प्रयोजनको लागि "अनुचित पूर्वाग्रह" भन्नाले कम्पनीको व्यवस्थापन र सञ्चालन तथा कम्पनीको कारोबारका विषयमा बहुसङ्ख्यक सेयरधनीले आफ्नो हित मात्र प्रवर्धन गर्ने र कम्पनी वा अल्पसङ्ख्यक सेयरधनीको हित विरुद्ध अनुचित र पूर्वाग्रहले गरिएको कार्य सम्झनुपर्छ ।

२७१. सामूहिक मुद्दा गर्नसक्नेः (१) कम्पनीको चुक्ता पुँजीको पाँच प्रतिशत वा सोभन्दा बढी सेयर लिएको सेयरधनीले एक्लै वा संयुक्त रूपमा देहायका विषयमा कम्पनीको तर्फबाट सञ्चालक, पदाधिकारी, कम्पनीको व्यवस्थापन र कम्पनीको कारोबारमा सारभूत नियन्त्रण भएका व्यक्ति विरुद्ध अदालतमा सामूहिक मुद्दा दायर गर्न सक्नेछन्-

(क) दफा ३५ बमोजिम सेयर विवरणपत्र वा दफा ६६ बमोजिम डिबेञ्चरको विवरणपत्रमा गलत वा भ्रामक सूचना वा जानकारी दिएमा,

(ख) यस ऐन वा प्रचलित नेपाल कानून विपरीत काम कारबाही भएमा वा हुने सम्भावना भएमा,

(ग) सारभूत तथ्य वा विवरण लुकाई वा भ्रमपूर्ण तथ्य प्रस्तुत गरी कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन गरेमा,

(घ) सञ्चालक समिति वा सञ्चालक समितिको अध्यक्षले कम्पनीको साधारण सभा नबोलाएमा वा साधारण सभा बोलाउन सेयरधनीले समय समयमा गरेको अनुरोधलाई अस्वीकार गरेमा,

(ङ) कम्पनीको सञ्चालक वा पदाधिकारीले कम्पनीको काम कारबाही गर्दा जालसाजी वा गलत कार्य गरेमा,

(२) उपदफा (१) बमोजिम सेयरधनीले मुद्दा दायर गर्दा कम्पनीले मुद्दा चलाउन के कस्तो प्रयास गरेको थियो सो समेत उल्लेख गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम दायर मुद्दा सेयरधनी भन्दा कम्पनीको तर्फबाट अगाडि बढाउन उपयुक्त देखिएमा अदालतले त्यस्तो मुद्दा सकार गर्न कम्पनीलाई आदेश दिन सक्नेछ ।

(४) अदालतले अनुमति दिएको अवस्थामा बाहेक मिलापत्र हुन सक्ने छैन ।

२७२. अदालतले आदेश दिनसक्नेः (१) दफा २७० बमोजिम उजुरी प्राप्त भएमा अदालतले सम्बन्धित कम्पनी, सञ्चालक, सञ्चालक समिति वा पदाधिकारीसँग लिखित जवाफ माग गरी सो समेतका आधारमादेहायबमोजिम आदेश दिन सक्नेछ-

(क) कम्पनीको सञ्चालन र व्यवस्थापन सम्बन्धी काम व्यवस्थित र कानून सम्मत रूपमा सञ्चालन गर्न,

(ख) कम्पनीको सेयर हस्तान्तरण तथा बाँडफाँटमा रोक वा प्रतिबन्ध लगाउन,

(ग) कम्पनी तथा प्रबन्ध सञ्चालक, सञ्चालक वा अन्य व्यक्ति बीच सम्पन्न कुनै सम्झौता अन्त्य, स्थगन वा परिमार्जन गर्न,

(घ) कम्पनीको प्रबन्ध सञ्चालक वा अन्य सञ्चालकलाई पदबाट हटाउन,

(ङ) कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक वा अन्य पदाधिकारीले कम्पनीबाट लिएको अनुचित लाभ फिर्ता गर्न,

(च) अदालतले तोकेका विषयमा आवश्यक जानकारी दिन वा अल्पसङ्ख्यक सेयरधनीको प्रतिनिधित्व गर्ने प्रयोजनका लागि उपयुक्त व्यक्तिलाई सञ्चालक नियुक्ति गर्न,

(छ) सञ्चालक समितिले खास समूह वा वर्गका सेयरधनीको हित विपरीत काम गरेको वा भेदभावपूर्ण व्यवहार गरेको प्रमाणित भएमा कम्पनीको कुल चुक्ता पुँजीको कम्तीमा दश प्रतिशत चुक्ता पुँजी ग्रहण गर्ने सेयरधनीको प्रतिनिधित्व गर्ने सञ्चालक नियुक्ति गर्न,

(ज) कम्पनी वा यसका सेयरधनीलाई हानिनोक्सानी पुर्‍याउने सञ्चालक वा पदाधिकारीबाट हानिनोक्सानी असुल गर्न,

(झ) निश्चित् समयभित्र कम्पनीको साधारण सभा वा विषेश साधारण सभा बोलाउन,

(ञ) अल्पसङ्ख्यक सेयरधनीको सेयर खरिद गर्न,

(ट) कम्पनी तथा सेयरधनीको हितका लागि अदालतले उचित र आवश्यक ठानेको अन्य कार्य गर्न,

(ठ) अदालतले उचित र आवश्यक ठानेको रकम जरिबाना गर्न ।

(२) उपदफा (१) बमोजिम अदालतको आदेश बमोजिम कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा कुनै संशोधन भएमा त्यस्तो संशोधनलाई कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी संशोधन गरे सरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम अदालतले दिएको आदेश कार्यान्वयनको जानकारी सम्बन्धित पक्षले अदालत र कार्यालयलाई समेत दिनुपर्नेछ ।

२७३. प्रचलित कानूनबमोजिम कानूनी उपचार प्राप्त हुनसक्नेः दफा २७० र २७१ मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीको सञ्चालक समिति, सञ्चालक वा पदाधिकारीले अनुचित पूर्वाग्रह वा आफ्नो जिम्मेवारी निर्वाह नगरेको कारण कुनै व्यक्तिलाई हानी नोक्सानी भएमा त्यस्तो व्यक्तिले अन्य प्रचलित नेपाल कानूनबमोजिम कानूनी उपचार प्राप्त गर्न कुनै बाधा पुगेको मानिने छैन ।

## परिच्छेद-३५

## कम्पनी सम्बन्धी कसुर र सजाय

२७४. कसुर र सजायः (१) देहायको कुनै कसुर गरेमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा अनुसार एक वर्षदेखि तीन वर्षसम्म कैद वा एक लाख रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ-

(क) कम्पनी संस्थापना नगरी काम कारबाही गरेमा वा कम्पनी शब्दको प्रयोग गरेमा,

(ख) गैर कानूनी तरिकाले कम्पनीको सम्पत्ति कब्जा गरेमा वा नियन्त्रणमा लिएमा,

(ग) कम्पनीको सम्पत्ति दपोट, मस्यौट वा हिनामिना गरेमा,

(घ) कम्पनीको कुनै सञ्चालक वा पदाधिकारीले कम्पनीको कुनै कागजपत्रमा बदनियत साथ झुट्टो व्यहोरा उल्लेख गरी कम्पनी वा सेयरधनीलाई हानि, नोक्सानी पुऱ्याएमा,

(ङ) सेयर वा डिबेञ्चरको विवरणपत्रमा गलत वा भ्रामक सूचना समावेस गरी सेयरधनी वा लगानीकर्तालाई हानिनोक्सानी पुऱ्याएमा,

(च) सेयर वा डिबेञ्चर दर्ता किताबमा झुट्टो विवरण प्रविष्टि गरेमा वा किर्ते वा जाली गरेमा,

(छ) यस ऐनबमोजिम दर्ता नगरी विदेशी कम्पनीको शाखा कार्यालय वा सम्पर्क कार्यालयले कारोबार गरेमा,

(ज) यस ऐन विपरीत सम्बद्ध पक्षहरू बीच कारोबार गरेमा,

(झ) यस ऐन विपरीत सेयरको आन्तरिक कारोबार गरेमा,

(ञ) कम्पनी खारेजीको क्रममा गलत वा झुट्टो प्रमाण, विवरण वा बयान दिएमा वा घोषणा गरेमा,

(ट) यस ऐनबमोजिम लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने रकम त्यस्तो कोषमा जम्मा नगरी हिनामिना वा दुरूपयोग गरेमा,

(ठ) दफा १०० को उपदफा (३) बमोजिमको कसुर गरेमा ।

(२) देहायको कुनै कसुर गरेमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा अनुसार तीन महिनादेखि एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ-

(क) दफा २० बमोजिम पब्लिक कम्पनीलाई प्राइभेट कम्पनीमा परिणत नगरेमा,

(ख) दफा १८ बमोजिमको म्यादभित्र खास प्रकारका कारोबार सञ्चालन गरिरहेका प्राइभेट कम्पनीलाई पब्लिक कम्पनीमा परिणत नगरेमा,

(ग) यस ऐन विपरीत सेयर वा डिबेञ्चर निष्कासन, बाँडफाँट र बिक्री आदिको कार्य गरेमा,

(घ) यस ऐनबमोजिम कार्यालय वा सम्बन्धित निकाय समक्ष गलत वा झुट्टो विवरण वा कागजात पेस गरेमा,

(ङ) छुट (डिस्काउण्ट) मा सेयर निष्कासन वा बिक्री गरेमा,

(च) यस ऐन विपरीत कम्पनीको सेयर पुँजी घटबढ गरेमा,

(छ) सामुदायिक कम्पनीले लाभांश वितरण गरेमा,

(ज) कम्पनीले लाभांश रकम अन्य काममा प्रयोग गरेमा वा यस ऐन विपरीत विपरीत लाभांश वितरण गरेमा,

(झ) यस ऐन विपरीत कसैलाई अनुदान वा चन्दा दिएमा वा राजनीतिक दललाई आर्थिक सहायता दिएमा,

(ञ) यस ऐन विपरीत सञ्चालकले कम्पनीबाट कुनै सुविधा वा पारिश्रमिक लिए वा दिएमा,

(ट) अदालत वा रजिष्ट्रारले दिएको आदेश पश्चात् पनि साधारण सभा नबोलाएमा,

(ठ) कम्पनीले आफ्नो सेयर आफैं खरिद गरेमा वा आफ्नो सेयर खरिद गर्न ऋण दिएमा,

(ड) यस ऐन विपरीत कम्पनीबाट ऋण वा सापटी लिएमा वा ऋण वा सापटी दिएमा,

(ढ) सहायक कम्पनीले मुख्य कम्पनीमा सेयर वा अन्य लगानी गरेमा,

(ण) अदालत समक्ष ऋणदाताको वास्तविक सूची पेस नगरेमा वा झुट्टो सूची पेस गरेमा,

(त) लिक्विडेटरले बदनियतसाथ लिक्विडेसन सम्बन्धी काम कारबाही गरी कम्पनी, सेयरधनी वा ऋणदातालाई हानिनोक्सानी पुऱ्याएमा,

(थ) यस ऐन विपरीत सहायक कम्पनी संस्थापना र लगानी गरेमा ।

(३) देहायको कुनै कसुर गरेमा त्यस्तो व्यक्तिलाई कसुरको मात्राअनुसार पचास हजार देखि एकलाख रूपैयाँ सम्म जरिबाना हुनेछ-

(क) कम्पनी दर्ताको क्रममा गलत विवरण वा जानकारी पेस गरेमा,

(ख) कम्पनीको उद्देश्य विपरीत काम कारबाही गरेमा,

(ग) कार्यालयमा पेस गरेका लिखत तथा कागजातको गलत अनुवाद गरेमा,

(घ) कम्पनीको नाम परिवर्तन कार्यालयले दिएको निर्देशनको पालना नगरेमा,

(ङ) यस ऐनबमोजिम कम्पनीले पालना गर्नुपर्ने सर्तको उल्लङ्घन गरेमा,

(च) सेयरधनी तथा सञ्चालकले यस ऐनबमोजिम कम्पनीलाई दिनुपर्ने विवरण वा जानकारी नदिएमा वा गलत विवरण वा जानकारी दिएमा,

(छ) कम्पनीको सेयर पुँजी घटाउने सुनुवाइको क्रममा ऋणदाताको वास्तविक सूचना र जानकारी नदिएमा वा त्यस्तो सूचना वा जानकारी लुकाएमा,

(ज) कम्पनीको सञ्चालक वा सञ्चालक समितिले अधिकार क्षेत्र बाहिर गई काम कारबाही गरेमा वा कम्पनीको ख्यातिमा प्रतिकूल असर पुऱ्याएमा,

(झ) सञ्चालकले यस ऐन विपरीत कम्पनीबाट कुनै सुविधा वा पारिश्रमिक लिए वा दिएमा,

(ञ) कम्पनीको साधारण सभा नबोलाएमा वा सबै सेयरधनीलाई सभाको सूचना नदिएमा,

(ट) सेयरधनीबाट प्राप्त जानकारी कार्यालयमा पेस नगरेमा,

(ठ) यस ऐन विपरीत कुनै व्यक्तिलाई सञ्चालकमा नियुक्ति वा निर्वाचन गरेमा,

(ड) कम्पनीले सेयरधनीलाई लाभांश दिने गरी घोषणा गरे पश्चात् निर्धारित समयभित्र लाभांश वितरण नगरेमा,

(ढ) यस ऐनबमोजिम अदालत, कार्यालय वा नियामक निकायलाई दिनुपर्ने विवरण वा जानकारी नदिएमा,

(ण) कार्यालयले नियुक्ति गरेको निरीक्षकले झुट्टो वा गलत प्रतिवेदन पेस गरेमा,

(त) कम्पनीको निरीक्षण सम्बन्धी काम कारबाहीमा बाधा अवरोध गरेमा वा असहयोग गरेमा,

(थ) यस ऐन विपरीत लेखापरीक्षक नियुक्ति गरेमा,

(द) यस ऐनबमोजिम कम्पनीको लेखा तथा लेखा कारोबारको लेखापरीक्षण नगरे वा नगराएमा,

(ध) लेखापरीक्षकले माग गरेको समयमा कम्पनीको लेखा तथा लेखा कारोबारको स्रेस्ता नदिएमा,

(न) लेखापरीक्षकले बदनियतपूर्वक लेखापरीक्षण गरेमा वा लेखापरीक्षणको क्रममा देखिएका वित्तीय त्रुटी वा कमजोरीको टिप्पणी नगरेमा वा लेखापरीक्षण पश्चात् लेखापरीक्षण प्रतिवेदन पेस नगरेमा,

(प) आफ्नो जिम्मामा रहेको कम्पनीको नगदी जिन्सी लगायतको सम्पत्तिको संरक्षण नगरेमा वा संरक्षणमा लापर्बाही गरेमा,

(फ) संस्थागत सामाजिक जिम्मेवारीका लागि छुट्याउनु पर्ने रकम नछुट्याए वा सोबमोजिम काम कारबाही नगरेमा ।

(४) यो दफामा उल्लिखित कसुर गर्न वा गराउन उक्साउने वा सहयोग गर्ने व्यक्तिको हकमा मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(५) यस ऐनबमोजिम कसुर गर्ने व्यक्तिले कम्पनी, सेयरधनी, सञ्चालकलाई पुऱ्याएको हानिनोक्सानी समेत त्यस्तो कसुरदारबाट असुल हुनेछ ।

(६) कम्पनीको कुनै सम्पत्ति कब्जा वा नियन्त्रणमा लिएकोमा त्यस्तो सम्पत्ति समेत कम्पनीलाई फिर्ता दिनुपर्नेछ ।

२७५. हानिनोक्सानीको असुलः कुनै कम्पनीको सञ्चालक, पदाधिकारी वा कुनै व्यक्तिले यस ऐनबमोजिम सजाय हुने कसुर गरी कम्पनी, सेयरधनी, ऋणदाता वा अन्य व्यक्तिलाई हानिनोक्सानी पुऱ्याएमा यस परिच्छेद बमोजिम अदालतले सजायको आदेश दिँदा मर्का पर्ने कम्पनी, सेयरधनी, ऋणदाता वा अन्य व्यक्तिलाई हानिनोक्सानीको बिगो असुलगर्ने गराउने आदेश दिनसक्नेछ ।

२७६. मुद्दाको सुरू कारबाही र निरूपणको अधिकारः (१) यस ऐनबमोजिम मुद्दाको सुनुवाइ र निरूपण गर्ने अधिकार अदालतलाई हुनेछ ।

(२) यस ऐन बमोजिम मुद्दाको कारबाही र निरूपण गर्दा सङ्‌क्षिप्त कार्यविधि ऐन, २०२८ को कार्यविधि अवलम्बन गर्नुपर्नेछ ।

२७७. उजुर गर्ने हदम्यादः यस ऐनको अन्य दफामा कुनै विषयका सम्बन्धमा उजुर गर्ने हदम्याद निर्धारण भएकोमा सोहीबमोजिम र अन्य विषयका हकमा उजुर गर्ने हदम्याद त्यस्तो विषय थाहा पाएको मितिले दुई वर्ष हुनेछ र सो अवधि व्यतित भए पछि उजुर गर्न पाइने छैन ।

## परिच्छेद-३६

## कम्पनीको संस्थागत सुशासन र सामाजिक जिम्मेवारी

२७८. संस्थागत सुशासनको पालनाः (१) यस ऐन तथा कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही कम्पनीको व्यवस्थापन र प्रशासन सम्बन्धी काम कारबाही सम्पादन गर्दा देहायबमोजिम संस्थागत सुशासनका आधारभूत सिद्धान्तको पालना र कार्यान्वयन गर्नुपर्नेछ-

(क) सबै सेयरधनीको हक, अधिकारको सम्मान र संरक्षण गर्ने,

(ख) सबै सेयरधनी प्रति समान र भेदभाव रहित व्यवहार गर्ने,

(ग) कम्पनीको काम कारबाही सञ्चालन गर्दा प्रचलित नेपाल कानूनको पालना र कम्पनीको हित प्रवर्धन गर्ने,

(घ) इमान्दार व्यवहार र उच्च व्यावसायिक क्षमताको प्रयोग गर्ने,

(ङ) उच्च आचरण र मर्यादा कायम गर्ने,

(च) सूचना सम्प्रेषण गर्ने र पारदर्शी रूपमा काम गर्ने ।

(२) कम्पनीका सेयरधनीले कम्पनीमा संस्थागत सुशासन कायम गर्न भूमिका निर्वाह गर्नुपर्नेछ ।

२७९. नियमन समन्वय समितिः (१) नियामक निकाय बीच आपसी अनुभव र नियमन सम्बन्धी उत्तम अभ्यासका सम्बन्धमा विचार आदानप्रदान र कम्पनी नियमन सम्बन्धमा साझा नीति विकास गर्न देहायबमोजिम नियमन समन्वय समिति रहेनछ-

| | |
|---|---|
| (क) रजिष्ट्रार, कार्यालय | -संयोजक |
| (ख) उपसचिव, मन्त्रालय | -सदस्य |
| (ग) निर्देशक, उद्योग विभाग | -सदस्य |
| (घ) निर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | -सदस्य |
| (ङ) निर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | -सदस्य |
| (च) प्रतिनिधि, नेपाल राष्ट्र बैङ्क | -सदस्य |
| (छ) प्रतिनिधि, पर्यटन बोर्ड | -सदस्य |
| (ज) निर्देशक, नेपाल धितोपत्र बोर्ड | -सदस्य |
| (झ) निर्देशक, बिमा समिति | -सदस्य |
| (ञ) प्रतिनिधि, विद्युत नियमन आयोग | -सदस्य |
| (ट) प्रतिनिधि, नेपाल दूरसञ्चार प्राधिकरण | -सदस्य |
| (ठ) रजिष्ट्रारले तोकेको उपरजिष्ट्रार, कार्यालय | -सदस्य सचिव |

(२) समितिको काम तथा जिम्मेवारी देहायबमोजिम हुनेछ-

(क) यस ऐनको कार्यान्वयनका लागि आपसी समन्वय र सहकार्य गर्ने,

(ख) सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा आवश्यक मानदण्ड र पद्धति लागू गर्न सिफारिस गर्ने,

(ग) सम्बद्ध पक्ष बीच हुने काम कारवाहीको सूचना तथा जानकारी आदान प्रदान गर्ने,

(घ) नियमनकारी निकाय बीच को समन्वय लगायतका अन्य सुधारका सम्बन्धमा सुझाव तयार गरी कार्यालयसमक्ष पेस गर्ने ।

(३) समितिले आफ्नो जिम्मेवारी अन्तर्गतका विषयमा अध्ययन गर्न वा राय परामर्श उपलब्ध गराउन समितिको कुनै सदस्यको संयोजकत्वमा उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम गठित उपसमिति वा कार्यटोलीको कार्यक्षेत्र र अधिकार समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउनेछ ।

## परिच्छेद-३७

## विविध

२८०. निक्षेप सङ्कलन गर्न नहुनेः (१) प्रचलित नेपाल कानूनबमोजिम बैकिङ्ग कारोबार गर्न अनुमति प्राप्त कम्पनी बाहेक अन्य कम्पनीले कसैबाट कुनै पनि प्रयोजनको लागि निक्षेप सङ्कलन गर्नु हुदैन् ।

(२) उपदफा (१) विपरीत निक्षेप सङ्कलन गर्ने कम्पनीलाई प्रचलित नेपाल कानूनबमोजिम सजाय हुनेछ ।

२८१. भिडियो कन्फ्रेन्सको माध्यमबाट साधारण सभा वा सञ्चालक समितिको बैठकमा भाग लिनसक्ने : (१) कम्पनीको सञ्चालक वा सेयरधनीले भिडियो कन्फ्रेन्सको माध्यम मार्फत सञ्चालक समितिको बैठक वा साधारण सभाको बैठक सहभागी हुन र मतदान गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम भिडियो कन्फ्रेन्सको माध्यम मार्फत सञ्चालक समितिको बैठक वा साधारण सभामा सहभागी हुन चाहनेले सञ्चालक वा सेयरधनीले सम्बन्धित कम्पनीलाई लिखित रूपमा अग्रिम सूचना दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना दिई सञ्चालक समिति बैठक वा साधारण सभामा सहभागी भएमा कानूनसम्मत रूपमा बैठक वा सभामा उपस्थित भएको मानिनेछ ।

२८२. सुरक्षण वा धितोबन्धकको जानकारी दिनुपर्ने : (१) पब्लिक कम्पनीले आफ्नो सम्पत्तिको सुरक्षण वा धितोबन्धक राखी ऋण लिएमा त्यस्तो ऋण लिएको मितिले पन्ध्र दिन भित्र देहायबमोजिमको विवरण कार्यालय समक्ष पेस गर्नुपर्नेछ-

(क) सुरक्षण वा धितोबन्धकमा सम्पत्तिको विवरण,

(ख) त्यस्तो सम्पत्तिमा ऋणदाताले प्राप्त गर्ने अधिकार र अधिकार सुरक्षित गरिएको तरिका,

(ग) ऋणदाता (बैङ्क वा वित्तीय संस्थाको नाम),

(घ) ऋणको अवधि ।

(२) उपदफा (१) बमोजिमको विवरण पेस भएपछि कार्यालयले त्यस्तो विवरण अभलेख गरी सोको जानकारी सम्बन्धित कम्पनीलाई दिनुपर्नेछ ।

२८३. कम्पनीको ऋणदाता वा कानून व्यवसायीले सूचना सार्वजनिक गर्न नहुने: कम्पनीको ऋणदाता वा कानूनी व्यवसायीले कुनै पनि अवस्थामा देहायबमोजिमको सूचना तथा जानकारी व्यक्त गर्न वा सार्वजनिक गर्नु हुदैन्-

(क) कानूनी व्यवसायी र पक्ष बीच प्रचलित नेपाल कानूनले विशेषाधिकार प्रदान गरेको विषयमा भएको पत्राचार, सञ्चार वा राय परामर्श,

तर पक्षको नाम र ठेगानाका सम्बन्धमा यो व्यवस्था लागू हुने छैन् ।

(ख) ऋणी कम्पनीले कारोबार गरेको अन्य ग्राहकहरू बारेको विवरण ।

२८४. प्रतिलिपि दिनुपर्ने: (१) कम्पनीको सेयरधनी वा सरोकारवालाले कम्पनीको प्रबन्धपत्र, नियमावली, विवरणपत्र, वार्षिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन वा कम्पनीले कार्यालयमा पेस गरेको कागजात तथा विवरणको प्रतिलिपि माग गरेमा सम्बन्धित कम्पनीले आफ्नो नियमावलीमा तोकिए बमोजिमको शुल्क लिई त्यस्तो कागजात तथा विवरणको प्रतिलिपि दिनुपर्नेछ । पब्लिक कम्पनीको भए जो सुकैले पनि माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनीले सूचना उपलब्ध नगराएमा सरोकारवाला व्यक्तिले कम्पनीसँग सम्बन्धित कागजात वा लिखतको प्रतिलिपि आवश्यक भएको व्यहोरा उल्लेख गरी माग गरेमा कार्यालयले अनुसूची -३ बमोजिम शुल्क लिई त्यस्तो कागजात वा लिखतको प्रतिलिपि दिनुपर्नेछ ।

२८५. कम्पनीका संस्थापक, पदाधिकारी वा कानून व्यवसायी जिम्मेवार हुने: (१) यस ऐन बमोजिम कम्पनी संस्थापनाका लागि पेस भएका कागजात तथा विवरणको आधिकारिकतामा कुनै प्रश्न उठेमा त्यसको पुष्टि गर्ने जिम्मेवारी कम्पनीको संस्थापक र उक्त कागजात पेस गर्ने व्यक्तिमा रहनेछ ।

(२) कम्पनी संस्थापना पश्चात यस ऐनबमोजिम कार्यालय वा अन्य नियामक निकायमा पेस गरिएका कागजात तथा विवरणको आधारिकतामा कुनै प्रश्न उठेमा त्यसको पुष्टि गर्ने जिम्मेवारी त्यस्तो कागजात तथा विवरण स्वीकृत वा हस्ताक्षर गर्ने कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक, सेयरधनी, कम्पनी सचिव वा पदाधिकारीमा रहनेछ ।

२८६. सेयरधनी बीच भएको सम्झौताको मान्यता: (१) कम्पनीको व्यवस्थापन, सञ्चालन तथा सेयरधनीलाई प्राप्त मताधिकारको प्रयोगको बारेमा कम्पनीका सेयरधनीहरू बीच कुनै सम्झौता भएमा त्यस्तो सम्झौता निजहरू बीच बाध्यात्मक रूपमा लागू हुनेछ ।

तर त्यस्तो सम्झौताको कुनै व्यवस्था कम्पनी वा कम्पनीका अल्पसङ्ख्यक सेयरधनीको हित विपरीत हुने भएमा सो हदसम्म त्यस्तो व्यवस्था स्वतः निष्क्रिय हुनेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता भएमा त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र कम्पनी समक्ष पेस गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त सम्झौताको एक प्रति कम्पनीले प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

२८७. सम्पत्ति विवरण पेसः (१) पब्लिक कम्पनी वा पचास करोड रूपैयाँ वा सोभन्दा बढी अधिकृत पुँजी भएको प्राइभेट कम्पनीको सञ्चालक समितिको अध्यक्ष, सञ्चालक, प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिवले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा आफ्नो सम्पत्ति विवरण पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति विवरण पेस गर्ने व्यक्तिहरूको सूची तयार गरी पन्ध्र दिनभित्र कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम विवरण पेस नगर्ने व्यक्तिलाई रजिष्ट्रारले पाँच हजार रूपैयाँ जरिबाना गर्न सक्नेछ ।

(४) सम्पत्ति विवरण सम्बन्धी अन्य व्यवस्था कम्पनीको नियमावलीमा उल्लेख गरिएबमोजिम हुनेछ ।

२८८. वित्तीय जानकारी इकाइलाई जानकारी दिनुपर्नेः कार्यालयले कम्पनीले कार्यालय समक्ष पेस गरेका कागजात तथा विवरणबाट वा कम्पनीको निरीक्षणको क्रममा कम्पनीमा शङ्कास्पद कारोबार भएको आशङ्का गर्नुपर्ने पर्याप्त आधार देखिएमा त्यस विषयमा वित्तीय जानकारीइकाइलाई जानकारी दिनुपर्नेछ ।

२८९. अन्य व्यवस्था यथावत लागू हुनेः अदालतको आदेश वा कुनै कारणले यस ऐनको कुनै दफा वा उपदफा अमान्य वा बदर घोषित भएमा त्यसले ऐनको अन्य दफा वा उपदफालाई असर गर्ने छैन र अमान्य वा बदर घोषित दफा वा उपदफालाई पृथक गरी अन्य व्यवस्थाहरू यथावत लागू हुनेछन ।

२९०. यस ऐनबमोजिम हुनेः यस ऐन वा यस ऐन अन्तर्गत बनेको निर्देशिका तथा कार्यविधिमा उल्लेख भएकोमा सोहीबमोजिम र अन्यमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

२९१. बाधा अड्काउ हटाउन सक्नेः (१) यस ऐनमा उल्लिखित व्यवस्थाको कार्यान्वयनमा कुनै बाधा व्यवधान उत्पन्न भएमा नेपाल सरकारले आदेश जारी गरी त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश नेपाल राजपत्रमा प्रकाशन भएपछि मात्र लागू हुनेछ ।

२९२. लिखत वा निवेदनको ढाँचा निर्धारणः (१) यस ऐनको अनुसूचीमा दिइएका ढाँचा बाहेक अन्य लिखत वा निवेदनको ढाँचा आवश्यक भएमा रजिष्ट्रारले निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कम्पनीको आफ्नो प्रयोजनका लागि कुनै लिखत वा निवेदनको ढाँचा आवश्यक भएमा सञ्चालक समितिले निर्धारण गरी प्रयोगमा ल्याउन सक्नेछ ।

२९३. अनुसूचीमा संशोधनः यस ऐनमा समावेस अनुसूचीमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा आवश्यक संशोधन वा परिवर्तन गर्न सक्नेछ ।

२९४. निर्देशिका वा कार्यविधि बनाउने अधिकारः (१) यस ऐनमा उल्लिखित व्यवस्था प्रतिकूल नहुने गरी रजिष्ट्रारले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका वा कार्यविधि प्रकाशन भएपछि लागू हुनेछ ।

२९५. खारेजी र बचाउः (१) कम्पनी ऐन, २०६३ खारेज गरिएको छ ।

(२) कम्पनी ऐन, २०६३ बमोजिम भए गरेका काम, कारबाही, निर्णय लगायत दायित्व र जिम्मेवारी निर्वाह यस ऐनबमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

[दफा ४ को उपदफा (१) सँग सम्बन्धित]

कम्पनी संस्थापना गर्ने बारेको निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू,

कम्पनी रजिष्ट्रारको कार्यालय,

.......................।

विषयः कम्पनी संस्थापना बारे ।

महोदय,

हामीलाई..........................नामको प्राइभेट /पब्लिक लिमिटेड/ सामुदायिक/सरकारी कम्पनी संस्थापना गर्नका लागि कम्पनी ऐन, ..... को दफा ..... को उपदफा ..... बमोजिम कम्पनी संस्थापना गर्न तपसिलबमोजिमका कागजात संलग्न गरी यो निवेदन पेस गरेका छौं/छु । कानूनबमोजिम उक्त कम्पनी संस्थापना गरी दर्ता प्रमाणपत्र पाऊँ ।

तपसिल

(क) प्रबन्धपत्र तथा नियमावली,

(ख) संस्थापक नेपाली नागरिक भएमा नागरिकताको प्रमाणपत्र र राष्ट्रिय परिचयपत्र , र गैर आवासीय नेपाली नागरिक भए गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र वा गैर आवासीय नेपालीको प्रमाणपत्र,

(ग) कम्पनी संस्थापन गर्ने सम्बन्धी पूर्व स्वीकृति वा अनुमतिपत्र (कुनै निकायको पूर्व स्वीकृति वा अनुमतिपत्र चाहिने भएमा )

(घ) सङ्गठित संस्था संस्थापक भएमा-

(अ) सङ्गठित संस्था दर्ताको प्रमाणपत्र,

(आ) कम्पनी संस्थापना सम्बन्धमा सञ्चालक समितिको निर्णय,

(इ) संस्थापना वा दर्ताको प्रमाणपत्र तथा संस्थापना सम्बन्धी प्रमुख लिखत,

(ई) संस्थापकको रूपमा सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने व्यक्तिको नियुक्ति सम्बन्धी लिखत ।

विदेशी लगानी हुने भए देहायका कागजत-

(ङ) विदेशी लगानी भए त्यस्तो लगानीका सम्बन्धमा उद्योग विभगा वा सम्बन्धित निकायले दिएको लगानी स्वीकृतिको पत्र,

(च) विदेशी व्यक्ति संस्थापक भएमा निजको राहदानीको प्रतिलिपि,

(छ) विदेशी कम्पनी संस्थापक भए त्यस्तो कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा कम्पनी सम्बन्धी प्रमुख लिखत (जस्तै- प्रबन्धपत्र, नियमावली वा विधान),

उपर्युक्त व्यहोरा ठीक साँचो छ, झुट्टो ठहरे कानूनबमोजिम दायित्व वहन गर्नेछु/ छौ ।

मितिः

निवेदक

हस्ताक्षरः

नाम थरः

स्थायी ठेगाना :

हालको ठेगानाः

टेलिफोनः

मोबाइल नं

फ्याक्स नं.:

पोष्टवक्स नम्बरः

इमेलः

(प्रत्येक संस्थापकको उपर्युक्त विवरण उल्लेख गर्ने)

अनुसूची-२

[दफा ५ को उपदफा (१) सँग सम्बन्धित]

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

दर्ता नं.:

**<u>कम्पनी दर्ताको प्रमाणपत्र</u>**

श्री ................................................. नामको प्राइभेट लिमिटेड/पब्लिक लिमिटेड/सामुदायिक कम्पनी संवत् २०.........साल............महिना........गते रोज.............मा दर्ता भएको हुनाले कम्पनी ऐन,२०८–.. को दफा ५ को उपदफा (१) बमोजिम यो प्रमाणपत्र दिइएको छ ।

मितिः ................................

रजिष्ट्रार

Government of Nepal

Ministry of Industry, Commerce and Supplies

Office of the Company Registrar

Regd No:

CERTIFICATE OF INCORPORATION OF COMPANY

This Certificate of Incorporation is hereby issued to M/S.................Private Limited/Public Limited/......... Having incorporated it on the..........day of ...........pursuant to sub-section (१) of Section ५ of the Companies Act, २०२४.

Date:

............

Registrar

अनुसूची- ३

[दफा ६ (१) सँग सम्बन्धित]

<u>कम्पनी दर्ता तथा नियमन शुल्क</u>

१. <u>कम्पनी दर्ता शुल्क</u> : यस ऐनको दफा ५ को उपदफा (२) बमोजिम कम्पनी संस्थापना तथा दर्ता बापतको शुल्क देहायबमोजिम हुनेछ -

(क) प्राइभेट लिमिटेड कम्पनीः

| क.सं | अधिकृत पुँजी | शुल्क रकम |
|---|---|---|
| १ | रू १,००,०००।- सम्म | रू. १,०००।- |
| २ | रू १,००,००१।- देखि रू. ५,००,०००।- सम्म | रू. ४,५००।- |
| ३ | रू. ५,००,००१।- देखि रू. २५,००,०००।- सम्म | रू. ९,५००।- |
| ४ | रू. २५,००,००१।- देखि रू. १,००,००,०००।- सम्म | रू. १६,०००।- |
| ५ | रू. १,००,००,००१।- देखि रू. २,००,००,०००।- सम्म | रू. १९,०००।- |
| ६ | रू. २,००,००,००१।- देखि रू. ३,००,००,०००।- सम्म | रू. २२,०००।- |
| ७ | रू. ३,००,००,००१।- देखि रू. ४,००,००,०००।- सम्म | रू. २५,०००।- |
| ८ | रू. ४,००,००,००१।- देखि रू. ५,००,००,०००।- सम्म | रू. २८,०००।- |
| ९ | रू. ५,००,००,००१।- देखि रू. ६,००,००,०००।- सम्म | रू. ३१,०००।- |
| १० | रू. ६,००,००,००१।- देखि रू. ७,००,००,०००।- सम्म | रू. ३४,०००।- |
| ११ | रू. ७,००,००,००१।- देखि रू. ८,००,००,०००।- | रू. ३७,०००।- |
| १२ | रू. ८,००,००,००१।- देखि रू. ९,००,००,०००।- सम्म | रू. ४०,०००।- |
| १३ | रू. ९,००,००,००१।- देखि रू. १०,००,००,०००।- सम्म | रू. ४३,०००।- |

| | | |
|---|---|---|
| १४ | रू. १०,००,००,००१।- माथि | प्रति एक लाख रू. ३०।- |

(ख) पब्लिक लिमिटेड कम्पनी

| क्र स | अधिकृत पुँजी | शुल्क |
|---|---|---|
| १ | रू. १,००,००,०००।- सम्म | रू.१५,०००।- |
| २ | रू. १,००,००,००१।- देखि रू. १०,००,००,०००।- सम्म | रू. ४०,०००।- |
| ३ | रू. १०,००,००,००१।- देखि रू. २०,००,००,०००।- सम्म | रू. ७०,०००।- |
| ४ | रू २०,००,००,००१।- देखि रू. ३०,००,००,०००।- सम्म | रू. १००,०००।- |
| ५ | रू. ३०,००,००,००१।- देखि रू. ४०,००,००,०००।- | रू. १३०,०००।- |
| ६ | रू. ४०,००,००,००१।- देखि रू. ५०,००,००,०००।- सम्म | रू. १६०,०००।- |
| ७ | रू. ५०,००,००,०००।- भन्दा माथि | प्रति १ करोडको रू. ३०००।- का दरले थप शुल्क |
| ८ | दफा १७४ (३): सामुदायिक कम्पनीको संस्थापनाका लागि | एकमुष्ठरू १५,०००।- |

२. <u>कम्पनी परिणत बापतको शुल्क</u> : यस ऐनबमोजिम एक ढाँचाको कम्पनी अर्को ढाँचामा परिणत बापत लाग्ने शुल्क देहायबमोजिम हुनेछ-

(क) दफा १९ को उपदफा (२) को प्रयोजनका लागि (प्राइभेट कम्पनीबाट पब्लिक कम्पनीमा परिणत): नयाँ कम्पनी दर्ता गर्दा लाग्ने शुल्कको पचास प्रतिशत थप शुल्क,

(ख) दफा २० को उपदफा (३) को प्रयोजनका लागि (पब्लिक कम्पनीबाट प्राइभेट कम्पनीमा परिणत): नयाँ कम्पनी दर्ता गर्दा लाग्ने शुल्कको थप पचास प्रतिशत,

(ग) दफा २१ को उपदफा (४) को प्रयोजनको लागि- नयाँ कम्पनी दर्ता सरह,

(घ) दफा ३१ को उपदफा (१) को खण्ड (ग) को प्रयोजनका लागि (कम्पनीको नाम परिवर्तन): नयाँ कम्पनी दर्ता गर्दा लाग्ने शुल्कको पच्चीस प्रतिशत वा बढीमा रु. ५,०००।,

(ङ) दफा १७३ (२) को प्रयोजनको लागि- नयाँ कम्पनी संस्थापना (दर्ता) सरह,

(च) दफा १७४ (२) को प्रयोजनको लागि- नयाँ कम्पनी संस्थापना (दर्ता) सरह,

(छ) दफा १७५ को उपदफा (३) को प्रयोजनको लागि-नयाँ कम्पनी संस्थापना (दर्ता) सरह ।

३. कम्पनीको सेयर पुँजी घटबढ बापतको शुल्क : यस ऐनबमोजिम कम्पनी सेयर पुँजी घटबढ (प्रबन्धपत्र र नियमावली संशोधनको अभिलेख समेत) बापतको शुल्क देहायबमोजिम हुनेछ-

(क) दफा ९० को उपदफा (४) को प्रयोजनको लागि- हाल कायम अधिकृत पुँजीमा साविकमा तिरेको दर्ता शुल्क कट्टी गरी बाँकी हुन आउने पुँजी बराबरको शुल्क,

(ख) साविक पुँजी घटबढ नभएमा वा घटी भएमा सेवा शुल्क रू. ५,०००।-

४. विदेशी कम्पनीको शाखा तथा सम्पर्क कार्यालय दर्ता शुल्क : यस ऐनको दफा १९२ (२) बमोजिम विदेशी कम्पनीको शाखा र दफा १९३ (२) बमोजिम विदेशी कम्पनीको सम्पर्क कार्यालय दर्ता बापत लाग्ने शुल्क देहायबमोजिम हुनेछ-

| क्रं सं | प्रस्तावित लगानी | शुल्क |
|---|---|---|
| १ | रू. १,००,००,०००।- सम्म | रू.१५,०००।- |
| २ | रू. १,००,००,००१।- देखि रू. १०,००,००,०००।- सम्म | रू. ४०,०००।- |
| ३ | रू.१०,००,००,००१।-देखि रू. २०,००,००,०००।- | रू. ७०,०००।- |
| ४ | रू.२०,००,००,००१।-देखि रू. ३०,००,००,०००।- | रू. १००,०००।- |
| ५ | रू.३०,००,००,००१।-देखि रू. ४०,००,००,०००।- | रू. १३०,०००।- |
| ६ | रू.४०,००,००,००१।- देखि रू. ५०,००,००,०००।- सम्म | रू १६०,०००।- |
| ७ | रू. ५०,००,००,०००।- भन्दा माथिको | प्रति एक करोडको रू.३०००।- का दरले थप |
| ८ | लगानी रकम नखुलेको | एकमुष्ठ रू१,००,०००।- |
| ९ | विदेशी कम्पनीको सम्पर्क कार्यालय दर्ता | एकमुष्ठ रू. ५०,०००।- |

५. कम्पनी खारेजी बापतको शुल्क : यस ऐनबमोजिम कम्पनी खारेजी बापतको शुल्क देहायबमोजिम हुनेछ-

(क) दफा १९८ को उपदफा (६) को प्रयोजनका लागि रू. ५,०००।,

(ख) दफा २२९ को उपदफा (१) को प्रयोजनको लागि रू १०,००,०००। सम्म चुक्त पुँजी भएको कम्पनी भए रू. १,०००। र सो भन्दा बढी चुक्ता पुँजी भएको प्राइभेट कम्पनी भए रू. ५,०००। र पब्लिक कम्पनी/ सामुदायिक कम्पनी भए रू १०,०००।,

(ग) दफा २३५ को उपदफा (२) प्रयोजनका लागि रू. १०,००,०००।- सम्म चुक्ता पुँजी भएको कम्पनी भए रू. १,०००।- र सो भन्दा बढी चुक्ता पुँजी भएकोमा रू. ५,०००।,

(घ) दफा २३६को उपदफा (६) प्रयोजनको लागि एकमुष्ट रू ३,०००।,

६. कम्पनी विलय तथा प्राप्ति बापतको शुल्क : दफा २४५ (२) बमोजिम कम्पनी विलय तथा प्राप्ति बापतको शुल्क देहाय बमोजिम हुनेछ-

(क) विलय तथा प्राप्तिको सैद्धान्ति सहमति सेवा शुल्क रू ५,०००।

(ख) विलयको हकमा हाल कायम हुने कम्पनीको अधिकृत पुँजी मध्ये विगतमा कम्पनी दर्ता हुदाँको समयमा बुझाएको दर्ता शुल्क कट्टी गरी बाँकी अधिकृत पुँजीका लागि नयाँ कम्पनी संस्थापन (दर्ता) सरह ।

(ग) प्राप्तिको हकमा हाल कायम हुने कम्पनीको अधिकृत पुँजी मध्ये विलय भएका कम्पनीमा बढी अधिकृत पुँजी भएको कम्पनीले दर्ताको समयमा बुझाएको दर्ता शुल्क कट्टा गरी बाँकी अधिकृत पुँजीका लागि नयाँ कम्पनी संस्थापना (दर्ता) सरहको शुल्क ।

७. अन्य शुल्क : यस ऐनबमोजिम कार्यालयबाट कम्पनीसँग सम्बन्धित कागजात तथा विवरणको प्रतिलिपि, सेयर तथा सञ्चालक विवरण (लगत) प्रमाणित बापतको शुल्क देहायबमोजिम हुनेछ-

(क) निरीक्षकको प्रतिवेदन तथा सञ्चालक प्रतिवेदन प्रतिलिपिको लागि रू. १,०००।,

(ख) कार्यलयबाट कुनै लिखत वा कागजातको प्रतिलिपि प्राप्तिका लागि प्रति पृष्ठ रू. १५।,

(ग) सेयर विवरण (लगत) प्रमाणित-प्राइभेट कम्पनीको हकमा रू १,०००। र पब्लिक कम्पनीको हकमा रू ५,०००।,

(घ) सञ्चालक विवरण (लगत) प्रमाणित- प्राइभेट कम्पनीको हकमा रू १,०००। र पब्लिक कम्पनीको हकमा रू ५,०००।,

(ङ) दफा २१५ को उपदफा (१) रजिष्ट्रारद्वारा लेखापरीक्षक नियुक्ति- प्राइभेट कम्पनीको हकमा रू १,०००। र पब्लिक कम्पनीको हकमा रू ५,०००।

अनुसूची-४

[दफा ८ (१) सँग सम्बन्धित]

कम्पनीको नाम सम्बन्धी व्यवस्था

१. पहिले दर्ता भएको कम्पनीको नामसँग मिल्ने गरी नयाँ नाम राख्न नहुने: (१) कसैले पनि पहिले दर्ता भएको कम्पनीको नामसँग मिल्ने वा त्यस्तो देखिने गरी कम्पनीको नाम राख्न पाइने छैन ।

(२) यस ऐनबमोजिम खारेजी भएको भएको वा दामासाही सम्बन्धी ऐन, २०६३ बमोजिम दामासाहीमा परेको कम्पनीको नामसँग मिल्ने वा भ्रम सिर्जना हुने गरी मिल्दोजुल्दो हुने गरी वा त्यसरी खारेजी भएको वा दामासाहीमा परेको वा अवधि पाँच वर्ष पूरा नभइ त्यस्तो कम्पनीको नामसँग मिल्ने नाम राख्न पाइने छैन ।

(३) कुनै कम्पनीले नाम परिवर्तन गरेको अवस्थामा पाँच वर्ष पूरा नभइ उक्त कम्पनीको साविकको नाममा अन्य कुनै व्यक्ति वा कम्पनीले कम्पनी दर्ता गर्न सक्ने छैन ।

२. पेटेन्ट, डिजायन र ट्रेडमार्कसँग मिल्ने नाम राख्न नहुनेः (१) पेटेन्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ बमोजिम अरु कसैको नामा दर्ता भएको पेटेन्ट, डिजाइन र ट्रेडमार्कसँग मिल्ने गरी कम्पनीको नाम राख्न पाइने छैन ।

(२) प्रचलित नेपाल कानूनबमोजिम कुनै उत्पादन वा वस्तुले भौगोलिक सङ्केत/नाम (जोग्राफिक इन्डिकेसन) प्राप्त गरेको भए त्यस्तो उत्पादनसँग मिल्ने वा भ्रम सिर्जना गर्ने किसिमले कम्पनीको नाम राख्न हुदैंन ।

उदाहरणार्थ : भोजपुरे खुकुरी कम्पनी, पाल्पाली ढाका उद्योग, इलाम टि आदि ।

३. कम्पनीको नाम उद्देश्य अनुरूप हुनुपर्ने : कम्पनीको नामले कम्पनीको उद्देश्यलाई इङ्गित गर्नुपर्नेछ ।

उदाहरणार्थः कृषि वा फसल खेतीको उद्देश्य भएको कम्पनीको नाममा कृषि वा फसल शब्द हुन आवश्यक हुनेछ, जस्तै "रातमाटे कृषि कम्पनी प्रा. लि.", जुत्ता चप्पल उत्पादन गर्ने कम्पनीको नाम " चौतारी जुत्ता चप्पल कम्पनी" राख्नुपर्नेछ ।

४. कम्पनीको नाममा समावेस गर्न नहुने विषयः कम्पनीको नाममा देहायका विषय समावेस गर्न पाइने छैन-

(क) नेपाल राज्य, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहसँगको सम्बन्ध रहेको जस्तो देखिने नाम जस्तैः राष्ट्रिय, नेपाल, प्रदेश, पालिका आदि,

उदाहरणार्थः राष्ट्रिय पेट्रोलिय तथा खानी उत्खनन कम्पनी, महानगर यातायात, पालिका गिटी कम्पनी, बागमति प्रदेश बिस्कुट कम्पनी आदि, तर स्थान विशेष जस्तै काठमाडौ वाच कम्पनी, विराटनगर स्पिनिङ् मिल आदि उल्लेख गर्न सकिनेछ ।

तर नेपाल सरकार वा प्रदेश वा स्थानीय तहको बहुमत सेयर पचाँस प्रतिशत वा सोभन्दा बढी भएको सरकारी कम्पनीको हकमा यो व्यवस्था लागू हुने छैन ।

(ख) पद, ओहदा झल्किने शब्द समावेस भएको नाम, जस्तै राष्ट्रपति, सभामुख, प्रधानमन्त्री, मन्त्री, महासचिव, सचिव आदि,

उदाहरणार्थः राष्ट्रपति एयर, सभामुख खाद्य प्रशोधन उद्योग आदि ।

(ग) राष्ट्र, राष्ट्रियता, जात, जाती, धर्म, संस्कृति प्रति घृणा उत्पन्न गर्ने वा संवेदनशील शब्द समावेस भएको नाम,

उदाहरणार्थः धर्म प्रतिरोधी कम्पनी, हिन्दुवादी उद्योग, धर्म प्रचारक कम्पनी आदि ।

(घ) कसुर वा अपराध झल्काउने शब्द समावेस भएको नाम जस्तैः हत्या, मृत्यु, घाइते, कुटपिट आदि,

उदाहरणार्थ : कुटपिट खाद्य उद्योग, हत्या आयात निर्यात कम्पनी आदि ।

(ङ) कुनै दृष्टिकोणले अनुपयुक्त, अवाञ्छनीय, अपमान गर्ने वा फौजदारी कार्यको आशय झल्किने ।

उदाहरणार्थः गजडी कम्पनी, लङ्गडो, अपाङ्ग कम्पनी आदि ।

५. सार्वजनिक हित र नैतिकता विपरीत हुन नहुनेः प्रस्तावित कम्पनीको नाम वा उद्देश्य प्रचलित नेपाल कानून विपरीत भएमा वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचार विपरीत हुन हुदैन् ।

उदाहरणार्थः "जुवा तास कम्पनी" आदि ।

६. कम्पनीको नाम जाँचः प्रस्तावित कम्पनीको नाम यस अघि दर्ता भएको कम्पनीको नामसँग मिल्दोजुल्दो भए वा नभएको यकिन गर्दा देहायका शब्द जोडिएको अवस्थामा भिन्न मान्न सकिने छैन-

(क) .com, .net, .edu, .gov, .org, .in जस्ता शब्द राखी भिन्न बनाउने प्रयास गरेमा,

उदाहरणार्थः "आनन्द मिल प्रालि" को सट्टा "आनन्द. इन प्रालि" आदि ।

(ख) नयाँ, न्यू, दि, नव, श्री, साई, सत्यसाई, ओम, ॐ, हरिओम शब्द राखी भिन्न बनाउन खोजेमा,

उदाहरणार्थः मयूर विद्युत कम्पनी " दर्ता भएकोमा न्यू मयूर विद्युत कम्पनी वा श्री मयूर विद्युत कम्पनी" राखेमा,

(ग) समान शब्दलाई भिन्न संयोजन गरी नाम राखेमा,

उदाहरणार्थः बिल्डर्स एण्ड कन्ट्याक्टरलाई कन्ट्याक्टर एण्ड बिल्डर्स बनाएमा ।

(घ) अंग्रेजी नामको शब्दशः नेपालीमा र नेपालीको शब्दशः अंग्रेजीमा अनुवाद वा रूपान्तर गरेमा,

उदाहरणार्थ :"लायन सिमेन्ट" कम्पनीलाई "सिंह सिमेन्ट" कम्पनी ।

(ङ) संयुक्त रूपमा लेखिएका शब्दहरूलाई अलग र अलग रूपमा लेखिएका शब्दहरूलाई संयुक्तरूपमा लखेमा वा नामामा कुनै अङ्क थप गरेमा,

उदाहरणार्थः "जनता फुटवेर" लाई "जनता फुट-वेर" वा "जनता फुटवेर १२" ।

७. कम्पनीको नाम घृणा वा अपमान गर्ने प्रकृतिको हुन नहुनेः (१) कम्पनीको नाम कुनै धर्म, संस्कृति, जातजाति, समुदाय वा आमजनता प्रति घृणा वा अपमान गर्ने प्रकृतिको हुन हुँदैन ।

८. राष्ट्रिय अर्थ बुझाउन शब्दको प्रयोगः सरकारी कम्पनी बाहेक अन्य कुनै पनि कम्पनीले आफ्नो नाममा "नेपाल", "राष्ट्रिय", "राज्य" आदि शब्द प्रयोग गर्न पाउने छैन ।

अनुसूची- ५

(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत गर्नका लागि दिने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू,

कम्पनी रजिष्ट्रारको कार्यालय,

....................।

विषयः प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत गरी पाऊँ ।

महोदय,

कम्पनी ऐन, ................. को दफा ... को उपदफा –..... को खण्ड (क) (ख) (ग)..... को अवस्था परेकोले यो प्राइभेट लिमिटेड कम्पनीलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी पाऊँ भनी तपसिलबमोजिमको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेस गरेको छु/गरेका छौं । कम्पनी ऐन,........ बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत हुन सम्पूर्ण आवश्यक सर्तहरू पूरा गरेको छु/गरेका छौं । उक्त कम्पनीलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी पाऊँ ।

संलग्न कागजात-

(क)

(ख)

(ग)

(आवश्यकतानुसार क्रमशःउल्लेख गर्ने )

| | |
|---|---|
| मितिः | टेलिफोनः |
| निवेदक/निवेदकहरूः | मोबाईलः |
| ..................कम्पनीको तर्फबाट | फ्याक्स नं.ः |
| हस्ताक्षर ः | पोष्टवक्स नम्बरः |
| नाम थरः | इमेलः |
| स्थायी ठेगाना ः | |
| हालको ठेगानाः | |

अनुसूची-६

[दफा १९ को उपदफा (२) तथा दफा २० उपदफा (३) सँग सम्बन्धित]

कम्पनी परिणत भएको प्रमाणपत्र

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

**प्राइभेट /पब्लिक कम्पनीमा परिणत भएको प्रमाणपत्र**

श्री ................................................. प्राइभेट लिमिटेड/पब्लिक लिमिटेड नामक कम्पनी संवत् २०.........साल............महिना.......गते रोज............................मा प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेड/पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत भएकोले कम्पनी ऐन, ..... को दफा ........ बमोजिम यो प्रमाणपत्र दिइएको छ ।

मितिः ................................

रजिष्ट्रार

Schedule- ६

(Relating to sub-section (२) of Section १९ and sub-section (३) of Section २०

Certificate of Conversion of Company

Government of Nepal

Ministry of Industry, Commerce and Supplies

Office of the Company Registrar

CERTIFICATE OF CONVERSION OF COMPANY

This Certificate of Conversion is hereby issued to M/S... ......................Private Limited/ Public Limited Company having converted it from Private Limited to Public Limited/ Public Limited to Private Limited on the ............day of......... pursuant to sub-section ............ of Section ........of the Companies Act, ..........

Date:

Registrar

अनुसूची-७

[दफा २० को उपदफा (२) सँग सम्बन्धित]

पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत गर्नका लागि दिने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू,

कम्पनी रजिष्ट्रारको कार्यालय,

.................... ।

विषयः पब्लिक लिमिटेडबाट प्राइभेट लिमिटेडमा परिणत गरी पाऊँ ।

महोदय,

कम्पनी ऐन,........ को दफा ... को उपदफा .. को खण्ड (क) (ख) (ग)..... को अवस्था परेकोले यो पब्लिक लिमिटेड कम्पनीलाई प्राइभेट लिमिटेड कम्पनीमा परिणत गरी पाऊँ भनी तपसिलबमोजिमको प्रमाण कागजात संलग्न राखी यो निवेदन पेस गरेको छु/गरेका छौं । कम्पनी ऐन,........ बमोजिम प्राइभेट लिमिटेड कम्पनीमा परिणत हुन सम्पूर्ण आवश्यक सर्त पूरा गरेको छु/गरेका छौं । उक्त कम्पनीलाई प्राइभेट लिमिटेडमा परिणत गरी पाऊँ ।

संलग्न कागजात-

(क)

(ख)

(ग)

(आवश्यकतानुसार क्रमशः उल्लेख गर्ने)

मितिः

निवेदक/निवेदकहरूः

.................कम्पनीको तर्फबाट

हस्ताक्षर :

नाम थर :

स्थायी ठेगाना :

हालको ठेगानाः

टेलिफोनः

मोबाइलः

फ्याक्स नं.:

पोष्टवक्स नम्बरः

इमेलः

अनुसूची -८

[दफा २५ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित]

कम्पनी ऐन,............ अन्तर्गत संस्थापित

**(कम्पनीको नाम पूरा नाम लेख्ने) —— लिमिटेड कम्पनीको प्रबन्धपत्रको ढाँचा**

१. कम्पनीको नाम र रजिष्टर्ड कार्यालय : (१) यो कम्पनीको नाम............................ हुनेछ ।

(२) कम्पनीको रजिष्टर्ड कार्यालय ............मा रहनेछ ।

२ परिभाषा : सन्दर्भ वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो प्रबन्धपत्रमा-

(क) "ऐन" भन्नाले कम्पनी ऐन २०८२ सम्झनुपर्छ ।

(ख) "कम्पनी" भन्नाले ............. कम्पनी सम्झनुपर्छ ।

(ग) "नियमावली भन्नाले कम्पनीको नियमावली सम्झनुपर्छ ।

(घ) "संस्थापक सेयरधनी" भन्नाले जारी पुँजीको पाँच प्रतिशत वा सोभन्दा बढी सेयर खरिद गरेको सेयरधनी सम्झनुपर्छ ।

३. कम्पनीको उद्देश्यः (१) यो कम्पनीको उद्देश्य देहायबमोजिम हुनेछ-

(क)

(ख)

(२) यो कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्ने प्रचलित नेपाल कानूनबमोजिम सम्बन्धित निकायबाट अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गर्नुपर्ने भएमा त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेपछि मात्र उद्देश्य कार्यान्वयन गर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा कम्पनीले अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र त्यसको प्रतिलिपि कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

४. कम्पनीले सम्पादन गर्ने कार्यहरू : यो कम्पनीले दफा ३ बमोजिम उद्देश्य प्राप्त गर्न देहायबमोजिमका कार्यहरू सम्पादन गर्न सक्नेछ-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा लिज वा बहालमा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा सेवाका सर्त निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा तथा वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी ऋण लिने,

(ङ) कम्पनीको नामबाट सेयर तथा ऋणपत्र खरिद तथा बिक्री गर्ने ।

(अन्य आवश्यक विषय भए उल्लेख गर्ने) ।

५. कम्पनीको पुँजी संरचनाः (१) कम्पनीको पुँजी संरचना देहायबमोजिम हुनेछ-

(क) कम्पनीको अधिकृत पुँजी ..... रूपैयाँ हुनेछ ।

(ख) कम्पनीको तत्काल जारी पुँजी रु — हुनेछ ।

(ग) कम्पनीको संस्थापकले तत्काल चुक्ता गर्न कबूल गरेको पुँजी रू. ............... हुनेछ ।

(घ) कम्पनीको प्रति सेयर अङ्कित मूल्य रू. ... हुनेछ ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको जारी पुँजीका आधारमा कम्पनीको जारी सेयर सङ्ख्या (कित्ता) .......हुनेछ ।

६. सेयर किस्ता माग र भुक्तानीः (१) कम्पनीले आंशिक वा पूर्णरूपमा सेयर बापतको किस्ता रकम भुक्तानी माग गर्न सक्नेछ ।

(२) कम्पनीले सेयर बापत माग गरेको सेयर किस्ताको रकम सम्बन्धित सेयरधनीले निर्धारित समयमा बुझाउनु पर्नेछ ।

७. दायित्व सीमित हुनेः यो कम्पनीका सेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबूल गरेको सेयरको अङ्कित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कम्पनीका कुनै सेयरधनी वा सञ्चालकले तेस्रो पक्षसँग व्यक्तिगत जमानत सम्बन्धी वा अन्य दायित्व सिर्जना हुने सम्झौता गरेमा यो व्यवस्था लागू हुने छैन ।

८. अन्य आवश्यक विषयः (१) कम्पनी संस्थापना गर्दा लागेको खर्च कम्पनीले व्यहोर्ने छ वा छैन् (सो उल्लेख गर्ने) ।

(२) संस्थापक वा अन्य व्यक्तिले नगद बाहेक अन्य किसिमबाट सेयर खरिद गर्ने वा सेयरमा हक प्राप्त गर्ने वा नगर्ने सो विषय उल्लेख गर्ने ।

(३) कम्पनीले कारोबार प्रारम्भ गर्दाको समयमा संस्थापक वा अन्य व्यक्तिबाट कुनै किसिमले कुनै सम्पत्ति प्राप्त गर्ने भए सो विषय उल्लेख गर्ने ।

(४) संस्थापक वा अन्य व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने भए सो विषय उल्लेख गर्ने ।

(५) कम्पनीको सेयर बिक्री वा हस्तान्तरणमा कुनै बन्देज रहेको भए सो विषय उल्लेख गर्ने ।

९. प्रबन्धपत्रमा संशोधनः (१) यो प्रबन्धपत्रमा कम्पनीको साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी संशोधन गर्न सकेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन गरिएको प्रबन्धपत्र र त्यस्तो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्रमा भएको संशोधन लागू हुनेछ ।

१०. ऐनसँग असङ्गत प्रबन्धपत्र अमान्य हुनेः यो प्रबन्धपत्रको कुनै व्यवस्था कम्पनी ऐन, .......... वा अन्य प्रचलित नेपाल कानूनसँग असङ्गत भएमा सो हदसम्म स्वतः अमान्य हुनेछ र त्यस्तो व्यवस्था लागू हुनेछैन् ।

११. नियमावली लागू गर्ने : कम्पनीको आफ्नो नियमावली हुनेछ र त्यस्तो नियमावली कम्पनी संस्थापना पश्चात लागू हुनेछ ।

१२.	विनियमावली तथा कार्यविधि बनाउन सक्ने : (१) कम्पनीको सञ्चालक समतिले कर्मचारी सम्बन्धी विनियमावली बनाइ लागू गर्न सक्नेछ ।

(२) कम्पनीको सञ्चालक समितिले आफ्नो काम कारबाहीसँग सम्बन्धित विषयहरूलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाइ लागू गर्न सक्नेछ ।

१३.	संस्थापकले तत्काल खरिद गर्न कबूल गरेको सेयर सङ्ख्या र घोषणाः (१) हामी.............. कम्पनीका संस्थापक(हरू) यो कम्पनी संस्थापना गरी प्रचलित नेपाल कानूनबमोजिम सञ्चालन गर्न मञ्जुर गर्छौं ।

(२) यो प्रबन्धपत्रमा उल्लिखित विवरण सत्य, साँचो छ । कुनै कारणले विवरण झुट्टो प्रमाणित भएमा कम्पनी संस्थापना पश्चात् सिर्जना हुने दायित्व र जिम्मेवारी वहन गर्न तयार छौं ।

संस्थापकहरूको नाम, थर, ठेगाना हस्ताक्षर र तत्काल खरिद गर्न कबूल गरेको सेयर

| क सं | संस्थापकहरूको विवरण | तत्काल खरिद गर्न कबूल गरेको सेयर सङ्ख्या |
|---|---|---|
| १ | नाम र थर :<br>बाबु वा पतिको नाम, थर :<br>ठेगाना-<br>वडा<br>नगरपालिका<br>गाउँपालिका<br>जिल्ला<br>नागरिकताको प्रमाणपत्र नंः<br>राहदानी नं र देशको नाम (विदेशीको हकमा)ः<br>जारी मिति र जिल्ला :<br>इमेलः<br>मोबाइल नंः | |

| | | |
|---|---|---|
| २ | नाम र थर :<br>बाबु वा पतिको नाम, थर :<br>ठेगाना-<br>वडाः<br>नगरपालिकाः<br>गाउँपालिकाः<br>जिल्लाः<br>नागरिकताको प्रमाणपत्र नंः<br>राहदानी नं र देशको नाम (विदेशी नागरिकको हकमा) :<br>जारी मिति र जिल्ला :<br>इमेलः<br>मोबाइल नंः<br>संस्थापकको हस्ताक्षर | |

मिति : सम्वत् २०..... साल ...... महिना ...... गते रोज ...... शुभम् ।

अनुसूची -९

[दफा २५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित]

कम्पनी ऐन,...... अन्तर्गत संस्थापित

<u>(कम्पनीको पूरा नाम लेख्ने) सामुदायिक कम्पनीको प्रबन्धपत्र</u>

१. <u>कम्पनीको नाम र रजिष्टर्ड कार्यालयः</u> (१) यो कम्पनीको नाम............................. हुनेछ ।

(२) यो कम्पनीको रजिष्टर्ड कार्यालय ............ मा रहेको छ ।

२. <u>परिभाषा</u> : सन्दर्भ वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो प्रबन्धपत्रमा-

(क) "ऐन" भन्नाले कम्पनी ऐन, ............ सम्झनुपर्छ ।

(ख) "कम्पनी" भन्नाले ............कम्पनी सम्झनुपर्छ ।

(ग) "नियमावली भन्नाले कम्पनीको नियमावली सम्झनुपर्छ ।

(ङ) "संस्थागत सदस्य" भन्नाले कम्पनीको संस्था वा कम्पनी सम्झनुपर्छ ।

३. <u>कम्पनीको उद्देश्यः</u> (१) यो कम्पनीको उद्देश्य देहायबमोजिम हुनेछन-

(क) सामूहिक हक हितको संरक्षण गर्न वा शैक्षिक, प्राज्ञिक, सामाजिक, परोपकारी वा सार्वजनिक हित, उपयोगिता र कल्याणकारी प्रकृतिको हुनुपर्नेछ ।

(ख)

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयनका लागि प्रचलित नेपाल कानूनबमोजिम सम्बन्धित निकायबाट अनुमतित्र वा इजाजतपत्र प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त गरेपछि मात्र कार्यान्वयन गर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा अनुमति प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमतिपत्र वा इजाजतपत्रको प्रतिलिपि कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

४. कम्पनीले सम्पादन गर्ने कार्यहरू : दफा ४ बमोजिमका उद्देश्य प्राप्तिका लागि कम्पनीले देहाय बमोजिम कार्य गर्न सक्नेछ-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा बहालमा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवाका सर्त निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने ।

(अन्य आवश्यक व्यवस्था उल्लेख गर्ने ।

५. कम्पनीको प्रारम्भिक पुँजी रकमः (कम्पनी संस्थापना गर्न आवश्यक रकम र त्यसको स्रोत)

६. कम्पनीको लागि सेयर पुँजी आवश्यक नपर्नेः यो कम्पनी संस्थापना गर्न सेयर पुँजी आवश्यक पर्ने छैन ।

७. सदस्यता शुल्कः (१) कम्पनीको सदस्यता शुल्क देहायबमोजिम हुनेछ-

(क) वार्षिक शुल्क,

(ख) आजीवन शुल्क ।

(२) कम्पनीका सदस्यले सदस्यता शुल्क बुझाउने तरिका (एकमुष्ठ, वार्षिक वा दुवै उल्लेख गर्ने) ।

(३) कम्पनीका सदस्यबाट प्राप्त रकम वा अन्य अनुदान रकम छुट्टै कोषमा जम्मा गर्नुपर्नेछ र त्यस्तो कोषमा रहेको रकम कम्पनीको पुँजी हुनेछ ।

(४) उपदफा (३) बमोजिमको रकम कम्पनीको नियमित कारोबारको सिलसिलामा वा कम्पनीको उद्देश्य हासिल गर्न मात्र प्रयोग र खर्च गर्न सकिनेछ ।

(५) कम्पनीको उद्देश्य कार्यान्वयन गर्न कुनै अक्षय कोषको स्थापना र सञ्चालन गर्नुपर्ने भए सो सम्बन्धी व्यवस्था उल्लेख गर्ने ।

(६) कम्पनीले आफ्नो उद्देश्य पूरा गर्नका लागि प्रचलित नेपाल कानूनबमोजिम कुनै व्यक्ति वा संङ्घ संस्थाबाट दान, दातव्य वा अनुदान प्राप्त गर्न सक्नेछ ।

८. मुनाफा वितरणमा बन्देजः (१) कम्पनीले आर्जन गरेको मुनाफाबाट लाभांश, बोनस वा अन्य कुनै रकम सदस्य वा कर्मचारीलाई वितरण गर्न बन्देज हुनेछ ।

(२) कम्पनीले आर्जन गरेको मुनाफा कम्पनीको पुँजी वृद्धि गर्न वा कम्पनीको उद्देश्य प्राप्तिका लागि मात्र खर्च गर्नुपर्नेछ ।

९. <u>कम्पनीको सदस्यता प्राप्ति र नवीकरण</u>: (१) कम्पनीको सदस्य प्राप्ति गर्न देहायका सर्त र योग्यता पूरा गर्नुपर्नेछ-

(२) कम्पनीको सदस्यताको किसिम देहायबमोजिम हुनेछ-

(३) कम्पनीको सदस्यताको नवीकरण देहायबमोजिम हुनेछ-

१०. <u>सदस्यता हस्तान्तरण नहुने</u>: कम्पनीको सदस्य कुनै किसिमले हस्तान्तरण हुनसक्ने छैन ।

११. <u>सदस्यता समाप्त हुने अवस्था</u>: देहायको अवस्था कम्पनीको सदस्यता समाप्त हुनेछ -

(क) राजीनामा दिएमा,

(ख) मृत्यु भएमा,

(ग) कुनै सङ्गठित संस्था सदस्य भएकोमा त्यस्तो संस्था खारेज भएमा वा अन्य सङ्गठित सस्थासंग विलय वा गाभिएमा,

(घ) दामासाहीमा परेमा,

(ङ) प्रचलित नेपाल कानूनबमोजिम कम्पनीको सदस्य हुन अयोग्य भएमा ।

(सदस्यता समाप्त हुने अन्य अवस्था, सो उल्लेख गर्ने)

१२. <u>दायित्व सीमित हुने</u>: कुनै सदस्यले लिखित रूपमा स्वीकार गरेको अवस्थामा बाहेक कम्पनीको ऋण वा दायित्वका लागि कम्पनीका सदस्य जिम्मेवार हुने छैनन ।

१३. <u>अन्य आवश्यक व्यवस्था</u>: (१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले व्यहोर्नु पर्ने वा नपर्ने हो सो उल्लेख गर्ने,

(२) कम्पनीले कारोबार प्रारम्भ गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमले सम्पत्ति प्राप्त गर्ने भए सो उल्लेख गर्ने ।

१४. <u>प्रबन्धपत्रमा संशोधन र लागू हुने</u>: (१) कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन गरिएको प्रबन्धपत्र र त्यस्तो निर्णय कार्यालयमा अभिलेख गरेपछि मात्र प्रबन्धपत्रमा भएको संशोधन लागू हुनेछ ।

१५. <u>ऐनसँग असङ्गत व्यवस्था अमान्य हुने</u> : यो प्रबन्धपत्रको कुनै व्यवस्था कम्पनी ऐन, .......... वा अन्य प्रचलित नेपाल कानूनसँग असङ्गत भएमा सो हदसम्म स्वतः अमान्य हुनेछ र त्यस्तो व्यवस्था लागू हुनेछैन ।

१६. <u>नियमावली लागू गर्ने</u> : (१) कम्पनीको आफ्नो नियमावली हुनेछ ।

(२) कम्पनीको नियमावली कम्पनी संस्थापनाको समयमा तयार गरी संस्थापना पश्चात लागू हुनेछ ।

१७. <u>विनियमावली तथा कार्यविधि बनाउने अधिकार</u> : (१) कम्पनीको सञ्चालक समितिले कर्मचारी सम्बन्धी विनियमावली बनाइ लागू गर्न सक्नेछ ।

(२) कम्पनीको सञ्चालक समितिले आफ्नो काम कारबाहीसँग सम्बन्धित विषयहरूलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाइ लागू गर्न सक्नेछ ।

१८. संस्थापकको विवरण र उद्घोषणः (१) हामी.............. कम्पनीका संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित नेपाल कानूनबमोजिम सञ्चालन गर्न मञ्जुर छौ ।

(२) यो प्रबन्धपत्रमा उल्लिखित विवरण सत्य, साँचो छ । कुनै कारणले व्यहोरा झुट्टो प्रमाणित भएमा कम्पनी संस्थापना पश्चात् सिर्जना हुने दायित्व र जिम्मेवारी वहन गर्नेछौ ।

संस्थापकहरूको नाम, थर, ठेगाना र हस्ताक्षर

| क सं | संस्थापकको विवरण | |
|---|---|---|
| १ | संस्थापकको नाम,थरः<br>बाबु वा पतिको नाम :<br>ठेगाना-<br>वडा नंः<br>नगरपालिकाः<br>गाउँपालिकाः<br>जिल्लाः<br>नागरिकता प्रमाणपत्रको नम्बरः<br>जारी मिति र जिल्ला :<br>इमेलः<br>मोबाइल नंः<br>हस्ताक्षरः | |
| २ | नाम,थरः<br>बाबु वा पतिको नाम :<br>ठेगाना-<br>वडा नं<br>नगरपालिका :<br>गाउँपालिकाः<br>जिल्लाः<br>नागरिकता प्रमाणपत्रको नम्बरः<br>जारी मिति र जिल्ला :<br>इमेलः<br>मोबाइल नंः<br>संस्थापकको हस्ताक्षरः | |

मिति : संवत् २०..... साल ...... महिना ...... गते रोज ...... शुभम् ।

अनुसूची- १०

[दफा २७ को खण्ड (क) सँग सम्बन्धित]

कम्पनी ऐन,.......... अन्तर्गत संस्थापित

**(कम्पनीको पूरा नाम लेख्ने) एकल सेयरधनीको प्राइभेट लिमिटेड कम्पनीको नियमावली**

परिच्छेद - १

प्रारम्भिक

१. कम्पनीको नाम र रजिष्टर्ड कार्यालयः (१) यो कम्पनीको नाम......................रहेको छ ।

(२) कम्पनीको रजिष्टर्ड कार्यालय....महानगरपालिका/नगरपालिका/गाउँपालिकामा रहनेछ ।

२. परिभाषाः सन्दर्भ वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा-

(क) "ऐन' भन्नाले कम्पनी ऐन,........ सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनुपर्छ ।

(ग) "कम्पनी' भन्नाले .......प्रा.लि. सम्झनुपर्छ ।

(आवश्यकतानुसार थप गर्ने ।

परिच्छेद-२

सेयर पुँजी तथा ऋण

३. सेयरको अङ्कित मूल्यः यो कम्पनीको सेयरको अङ्कित मूल्य रू. ....... हुनेछ ।

४. सेयर बिक्री वा धितोबन्धकः (१) सेयरधनीले कम्पनीको सेयर चल अचल सम्पत्ति सरह बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछन ।

(२) कम्पनीको सेयरधनीले आफ्नो सम्पूर्ण सेयर अर्को व्यक्तिलाई बिक्री गरेमा सेयर खरिद गर्ने व्यक्तिले त्यस्तो सेयर दाखिल खारेज गर्नका लागि ऐनबमोजिम कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा कम्पनीले निवेदन परेको पन्ध्र दिनभित्र सेयर दर्ता किताबमा निवेदकको नाम दर्ता गर्नुपर्नेछ ।

(४) उपनियम (२) बमोजिमको सेयर खरिद बिक्री भएकोमा त्यसरी खरिद बिक्री भएको पन्ध्र दिनभित्र कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

५. सेयर प्रमाणपत्रः (१) कम्पनीको सेयरधनीलाई निजले लिएको सेयर बापत कम्पनी सचिव वा सेयरधनीले अधिकार प्रदान गरेको व्यक्तिको हस्ताक्षर र कम्पनीले आफ्नो कारोबारमा छाप प्रयोग गर्ने भए कम्पनीको छाप लागेको सेयर प्रमाणपत्र दिनुपर्नेछ ।

(२) अमूर्त स्वरूपमा सेयर रहने व्यवस्था भएमा कम्पनीले मूर्त स्वरूपमा सेयर प्रमाणपत्र प्रदान गर्न आवश्यक हुने छैन ।

६. कम्पनीको सेयर पुँजी घटबढः यो कम्पनीले ऐनबमोजिम आफ्नो सेयर पुँजी घटाउन वा बढाउन गर्न सक्नेछ ।

७. कम्पनीले ऋण लिन सक्नेः प्रचलित नेपाल कानूनको अधीनमा रही कम्पनीले आफ्नो व्यवसाय वा कारोबार सञ्चालन र प्रवर्धनका लागि आफ्नो सम्पत्ति धितोबन्धक राखी वा नराखी ऋण लिन सक्नेछ ।

अन्य व्यवस्था आवश्यक भए उल्लेख गर्ने ।

परिच्छेद ३

साधारण सभा तथा सञ्चालक समिति

८. साधारण सभा नहुनेः (१) यो कम्पनीको साधारण सभा हुनेछैन ।

(२) साधारण सभाले गर्ने सबै काम सेयरधनीको लिखित निर्णयद्वारा हुनेछ ।

९. सञ्चालक समितिः (१) यो कम्पनीमा सञ्चालक समिति रहने छैन ।

(२) सेयरधनी आफैंले सञ्चालक समितिको काम, कर्तव्य र जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

परिच्छेद-४

लेखा र लेखापरीक्षण

१०. कम्पनीको लेखा लेखापरीक्षणः कम्पनीको लेखा : यो कम्पनीको लेखा तथा लेखा कारोबार दोहोरो लेखा प्रणालीमा आधारित र नेपाल लेखामा बोर्डले निर्धारण गरेको ढाँचामा राख्नुपर्नेछ ।

११. लेखापरीक्षण : (१) कम्पनीले आफ्नो लेखा तथा लेखा कारोबारको लेखापरीक्षण गराउनु पर्नेछ र त्यसको लागि लेखापरीक्षक नियुक्त गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण पश्चात् कम्पनीको वासलात, नाफा-नोक्सानको हिसाब, नगद प्रवाह विवरण प्रमाणित गरी कम्पनी समक्ष लेखापरीक्षण प्रतिवेदन पेस समक्ष पेस गर्नुपर्नेछ ।

परिच्छेद-६

विविध

१२. कर्मचारीको तलब सुविधा निर्धारणः (१) कम्पनीका कर्मचारीको तलब, भत्ता, अन्य सुविधा कम्पनीको पुँजीगत र मुनाफाको स्थिति समेतका आधारमा सेयरधनीले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण भएको भत्ता तलब सुविधाका सम्बन्धमा भएको निर्णय कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

१३. कम्पनीको छापः (१) कम्पनीले कारोबारसँग सम्बन्धित पत्राचार, कागजात तथा लिखतमा छाप प्रयोग गर्नुपर्नेछ ।

१४. कम्पनी विलय वा प्राप्तिः (१) ऐनमा रहेका व्यवस्थाका अतिरिक्त अन्य प्रक्रियागत व्यवस्था आवश्यक भए सो उल्लेख गर्ने ।

१५. कम्पनीको खारेजीः (१) यो कम्पनी स्वेच्छाले खारेज हुन चाहेमा कम्पनी खारेजी गर्ने सम्बन्धमा सेयरधनीले निर्णय गरी सोको सात दिनभित्र ऐन अनुसार पेस गर्नुपर्ने लिखत कार्यालयमा पेस गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको निर्णय गर्दा खारेजीको लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नुपर्नेछ र त्यसरी नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक सेयरधनीले तोकेबमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्नेछ।

१६. अन्य आवश्यक व्यवस्थाः अन्य आवश्यक व्यवस्था उल्लेख गर्ने ।

१७. नियमावलीमा संशोधन र लागू हुनेः (१) साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनीको नियमावली संशोधन गर्न सक्नेछ ।

(२) उपनियमबमोजिम नियमावलीमा भएको संशोधनको प्रति कार्यालयमा अभिलेख गरेपछि मात्र लागू हुनेछ ।

१८. असङ्गत व्यवस्था अमान्य हुनेः यो नियमावलीमा लेखिएको कुनै कुरा ऐन वा अन्य प्रचलित नेपाल कानून वा प्रबन्धपत्रसँग असङ्गत भएमा सो हदसम्म स्वतः अमान्य हुनेछ र त्यस्तो व्यवस्था लागू हुनेछैन् ।

१९. संस्थापकले तत्काल खरिद गर्न कबूल गरेको सेयर सङ्ख्या र उदघोषणः (१) म............. कम्पनीका संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित नेपाल कानूनबमोजिम सञ्चालन गर्न मञ्जुर गर्दछु ।

(२) यो नियमावलीमा उल्लिखित विवरण सत्य, साँचो छ, कुनै कारणले झुट्टो प्रमाणित भएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व वहन गर्न तयार छु ।

संस्थापकको नाम, थर, ठेगाना र हस्ताक्षर

| संस्थापकको नाम | तत्काल खरिद गर्न कबुल गरेको सेयर सङ्ख्या |
|---|---|
| नाम, थर :<br>बाबु वा पतिको नाम, थर :<br>ठेगाना-<br>वडा नंः<br>नगरपालिकाः<br>गाउँपालिकाः<br>जिल्लाः<br>नागरिकताको प्रमाणपत्र नंः<br>राहदानी नं र देशको नाम (विदेशी नागरिकको हकमा) : | |

| | |
|---|---|
| इमेलः<br>मोबाइल नंः<br>जारी मिति र जिल्ला :<br>संस्थापकको हस्ताक्षर : | |

अनुसूची- ११

[दफा २७ को खण्ड (ख) सँग सम्बन्धित]

प्राइभेट लिमिटेड कम्पनीको नियमावलीको ढाँचा

कम्पनी ऐन,....... अन्तर्गत संस्थापित

**कम्पनीको पूरा नाम लेख्ने) प्राइभेट लिमिटेड कम्पनीको नियमावली**

परिच्छेद - १

प्रारम्भिक

१. कम्पनीको नाम र रजिष्टर्ड कार्यालय : (१) यो कम्पनीको नाम...................... रहेको छ ।

(२) कम्पनीको रजिष्टर्ड कार्यालय..............नगरपालिका/गाउँपालिकामा रहनेछ ।

२. परिभाषाः सन्दर्भ वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा,-

(क) "ऐन' भन्नाले कम्पनी ऐन,........ सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनुपर्छ ।

(ग) "कम्पनी' भन्नाले ........... प्रा.लि सम्झनुपर्छ ।

(घ) "पदाधिकारी भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव र लिक्विडेटर सम्झनुपर्छ र सो शब्दले विभागीय प्रमुखको जिम्मेवारी वहन गर्ने अन्य कर्मचारीलाई समेत जनाउँछ ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा र विशेष सभा सम्झनुपर्छ ।

(च) (आवश्यकतानुसार थप गर्ने) ।

परिच्छेद-२

<u>कम्पनीको सेयर पुँजी र ऋण</u>

३. <u>सेयरको अङ्कित मूल्य</u>ः यो कम्पनीको सेयरको अङ्कित मूल्य रू. ....... हुनेछ ।

४. <u>सेयरमा अधिकार (लियन) वा दाबी रहने</u>ः सेयरधनीले कम्पनीलाई तिर्न बाँकी रहेको सेयर वापतको रकम वा कम्पनीलाई कानूनबमोजिम बुझाउनु पर्ने बाँकी रकम वापत निजका नाममा दर्ता भएको सेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको अधिकार (लियन) वा दाबी रहनेछ ।

५. <u>सेयरका विभिन्न वर्ग</u>ः (१) कम्पनीमा देहाय बमोजिम सेयर रहने छन् - (उदाहरणका लागि)

(क) संस्थागत सेयर,

(ख) साधारण सेयर,

(ग) अग्राधिकार सेयर ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले व्यापार वा रणनीतिक साझेदार भित्र्याउने प्रयोजनका लागि संस्थागत सेयरको व्यवस्था गर्ने र त्यस्तो सेयरधनीले प्राप्त गर्ने अधिकारका सम्बन्धमा रणनीति सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

(३) अन्य वर्ग र अधिकार उल्लेख गर्ने ।

६. <u>सेयर धनीको स्वीकृति</u>ः नियम ५ को उपनियम (१) को खण्ड (ग) र उपनियम (२) बमोजिमको सेयर खरिद गर्ने सेयरधनीको अधिकारमा परिवर्तन गर्नु अघि त्यस्तो वर्गका सेयरधनीको स्वीकृति आवश्यक हुनेछ ।

७. <u>अग्राधिकार सेयर</u>ः (१) कम्पनीले साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी अग्राधिकार सेयर निष्कासन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अग्राधिकार सेयरमा साधारण सेयर भन्दा पहिले लाभांश प्राप्त हुनेछ र लाभांश रकम साधारण सेयर सरह हुनेछ ।

(३) अग्राधिकार सेयर सम्बन्ध देहायका विषय त्यस्तो सेयर निष्कासन गर्दाको समयमा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ-

(क) प्रत्येक वर्ष मुनाफा जोडिँदै जाने (क्यूमुलेटिभ) वा मुनाफा नजोडिने (नन् क्यूमुलेटिभ),

(ख) अग्राधिकार सेयरमा मताधिकार हुने वा नहुने वा हुने र मताधिकारको अनुपात

(ग) साधारण सेयरमा परिवर्तन हुने वा नहुने,

(घ) अग्राधिकार सेयर बापतको रकमको निश्चित अवधिपछि फिर्ता हुने (रिडिमेवल) वा फिर्ता नहुने (इरिडिमेबल),

(ङ) अग्राधिकार सेयर फिर्ता गर्ने भए प्रिमियम सहित वा प्रिमियम रहित फिर्ता गर्ने,

(च) अन्य आवश्यक व्यवस्था

(ज) अन्य आवश्यक व्यवस्था ।

८. कर्मचारी सेयर योजना लागू गर्न सक्ने : (१) कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनीमा कार्यरत कर्मचारीले मात्र खरिद गर्न पाउने सर्तमा कर्मचारी सेयर निष्कासन र बाँडफाँट गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कर्मचारीलाई दिइने सेयरको प्रतिशत साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

तर यस्तो प्रतिशत कम्पनीको जारी पुँजीको ——.प्रतिशतभन्दा बढी हुनेछैन ।

९. मेहनताना सेयरः मेहनताना सेयर दिने भए त्यस सम्बन्धी व्यवस्था उल्लेख गर्ने ।

१०. संस्थापकले लिन पर्ने सेयरः कम्पनीको संस्थापक हुन ............कित्ता सेयर खरिद गर्नुपर्नेछ ।

११. सेयर किस्ता रकम भुक्तानी माग र सेयर जफतः (१) कम्पनीले आवश्यकतानुसार सेयर किस्ता बापतको रकमको भुक्तानी माग गर्नेछ ।

(२) सेयर बापतको रकमको भुक्तानी र सेयर जफत सम्बन्धी व्यवस्था उल्लेख गर्ने-

(क)

(ख)

(ग)

१२. सेयर बिक्री वा धितोबन्धकः (१) कम्पनीको कुनै सेयरधनीले सञ्चालक समितिको पूर्व स्वीकृति नलिई आफ्नो नाममा रहेको सेयर कम्पनीको सेयरधनी बाहेक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सक्ने छैन ।

(२) आफ्नो नाममा रहेको सेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहने सेयरधनीले सञ्चालक समितिलाई लिखित जानकारी दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम जानकारी दिंदा आफूले बिक्री गर्न चाहेको सेयरको मूल्य र धितोबन्धक दिने भए त्यस्तो व्यक्तिको नाम, ठेगाना, धितोबन्धक बापत लिएको ऋण, धितो निर्मोचन हुने प्रस्तावित मिति समेत उल्लेख गर्नुपर्नेछ ।

(४) कुनै सेयरधनीले उपनियम (२) बमोजिम सेयर बिक्रीको जानकारी दिएमा सञ्चालक समितिले त्यस्तो जानकारी पाएको मितिल् सात दिनभित्र अन्य सेयरधनीलाई लिखित जानकारी दिनुपर्नेछ ।

(५) कुनै सेयरधनीले यसरी बिक्री गर्ने सेयर खरिद गर्न चाहेमा उपनियम (४) बमोजिम जानकारी पाएको पैंतीस दिन भित्र सो कुराको जानकारी सञ्चालक समितिलाई दिनुपर्नेछ ।

(६) उपनियम (५) बमोजिम जानकारी दिने सेयरधनीले त्यसरी जानकारी दिएको तीन महिनाभित्र त्यस्तो सेयर खरिद गर्नुपर्नेछ र एक भन्दा बढी सेयरधनीने त्यस्तो जानकारी दिएमा सबैभन्दा पहिले जानकारी दिने सेयरधनीलाई सेयर खरिदको पहिलो हक हुनेछ ।

(७) उपनियम (५) बमोजिम पैतीस दिनभित्र कुनै पनि सेयरधनीले सेयर खरिद गर्न चाहेको जानकारी नदिएमा सञ्चालक समितिले उपनियम (२) बमोजिम जानकारी दिने सेयरधनीलाई सो कम्पनीको सेयरधनी बाहेक अन्य व्यक्तिलाई सेयर बिक्री गर्ने स्वीकृति दिनसक्नेछ र त्यस्तो स्वीकृति एक वर्षसम्म कायम रहनेछ ।

तर यो उपनियमबमोजिम अन्य व्यक्तिलाई सेयर बिक्री गर्दा उपनियम (३) मा उल्लिखित मूल्य भन्दा कममा सेयर बिक्री गर्न सक्ने छैन ।

(८) कुनै सेयरधनीले आफ्नो सेयर कम्पनीका सेयरधनी बाहेक अन्य व्यक्तिलाई धितोबन्धक राख्न उपनियम (२) बमोजिम जानकारी गराएमा सञ्चालक समितिले जानकारी पाएको पन्ध्र दिनभित्र धितोबन्धक राख्न स्वीकृति दिने वा नदिने सम्बन्धमा निर्णय गरी सोको जानकारी सेयरधनीलाई दिनुपर्नेछ र स्वीकृति नदिने भए सोको कारण समेत उल्लेख गर्नुपर्नेछ ।

(९) सेयर खरिद बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी अन्य व्यवस्था ऐनबमोजिम हुनेछ ।

१३. <u>सेयर प्रमाणपत्र</u>ः (१) कम्पनीको सेयरधनीलाई सञ्चालक समितिले निर्धारण गरेको ढाँचामा सेयर प्रमाणपत्र दिनुपर्नेछ र त्यस्तो प्रमाणपत्रमा कम्पनीको एक जना सञ्चालकले हस्ताक्षर गर्नुपर्नेछ ।

(२) अमूर्त स्वरूपमा सेयर रहने व्यवस्था भएमा कम्पनीले मूर्त स्वरूपमा सेयर प्रमाणपत्र प्रदान गर्न आवश्यक हुने छैन ।

१४. <u>सेयर पुँजी घटाउने वा बढाउने</u>: (१) कम्पनी साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनीको सेयर पुँजी घटाउन वा बढाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विशेष प्रस्ताव पारित गरेपछि ऐनबमोजिम पुँजी घटाउने वा बढाउने कार्य सम्पन्न गर्नुपर्नेछ ।

१५. <u>ऋण वा डिवेञ्बर</u>ः (१) कम्पनीले देहाय बमोजिम ऋण लिने वा डिवेञ्बर निष्कासन गर्नेछ-

(क)

(ख)

(२) कम्पनीले निष्कासन गरेको डिवेञ्बर सेयरमा परिणत हुनसक्ने वा नसक्ने हो सो उल्लेख गर्ने,

(३) उपनियम (२) बमोजिम डिवेञ्बर सेयरमा परिणत गर्ने भए त्यस सम्बन्धी व्यवस्था,

(४) कम्पनीको डिबेञ्चर अन्य चल सम्पत्ति सरह धितो बन्धक राख्न सकिनेछ ।

(५) डिबेञ्चर हस्तान्तरण र दाखिल खारेजको सम्बन्धमा कुनै सर्त बन्देज भए सो उल्लेख गर्ने ।

(६) ऋण वा डिबेञ्चर सम्बन्धी अन्य व्यवस्था ऐनमा व्यवस्था भएबमोजिम हुनेछ ।

१६. <u>सेयरधनी तथा डिबेञ्बर दर्ता किताबको निरीक्षण</u>ः सेयरधनी वा डिबेञ्चरधनीले कम्पनीको सेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्ने अनुमति दिनुपर्नेछ ।

तर कम्पनीले सात दिनको सूचना दिई एक वर्षमा पैंतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

## परिच्छेद ३

## <u>साधारण सभा</u>

१७. <u>साधारण सभाका प्रकार</u> ः यो कम्पनीको साधारण सभाको प्रकार देहायबमोजिम हुनेछन् -

(क) वार्षिक साधारण सभा,

(ख) विशेष साधारण सभा ।

१८. <u>कम्पनीको साधारण सभा</u>ः (१) यो कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनी संस्थापना भएको मितिले नौ महिना भित्रमा गर्नुपर्नेछ र त्यस पछिको वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र सम्पन्न गर्नुपर्नेछ ।

(२) यो कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा एक्काइस दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा सात दिन अगावै सभा हुने ठाउँ, मिति र छलफलको विषय समेत उल्लेख गरी सबै सेयरधनीलाई सूचना दिनुपर्नेछ ।

(३) ऐनमा व्यवस्था भए बमोजिम वा सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनु पर्नेछ ।

(४) उपनियम (३) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालक मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण उल्लेख गरी साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउनका लागि सबै सेयरधनीलाई उपनियम (२) बमोजिम सूचना दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम बस्ने सञ्चालक समिति तथा साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरू मध्येबाट छानिएको सञ्चालकले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) उपनियम (२) वा (४) बमोजिम सूचना दिई बोलाइएको साधारण सभामा गणपूरक सङ्ख्या नपुगी सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिइ पुनः साधारण सभा बोलाउन सकिनेछ ।

(७) साधारण सभा हुने स्थानका सम्बन्धमा कुनै बन्देज भए सो कुरा उल्लेख गर्ने (जस्तै कम्पनीको रजिष्टर्ड कार्यालय रहेको जिल्ला बाहेक अन्यत्र स्थानमा साधारण सभा गर्न सकिने वा नसकिने सो उल्लेख गर्ने ) ।

१९. <u>साधारण सभाको कार्यविधि</u>ः (१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकले आफू मध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक सङ्ख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक सङ्ख्या पुगेको यकिन भएमा सो सभाको अध्यक्षको अनुमतिले विधिवत् रूपमा सभा सञ्चालन हुनेछ ।

(४) सभामा गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रूपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ। अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित सेयरधनीमध्ये पचहत्तर प्रतिशतको सेयरको प्रतिनिधित्व गर्ने सेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा सभाको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) कुल सेयर पुँजीको सतसठ्ठी प्रतिशत सेयरको प्रतिनिधित्व गर्ने सेयरधनीले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा सेयरधनीको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षताको प्रक्रिया अनुसार मत सङ्कलन गर्नुपर्नेछ ।

(९) कुनै खास विषयमा खास वर्गका सेयरधनीको सभाबाट कुनै प्रस्ताव पास गर्न सकिने भए सो कुरा उल्लेख गर्ने ।

(१०) सञ्चार सम्पर्कको माध्यमबाट साधारण सभामा भाग लिन पाउने विषयमा कुनै थप व्यवस्था गर्ने भए सो कुरा उल्लेख गर्ने ।

(११) साधारण सभाका सबन्धमा थप कार्यविधि आवश्यक भए सो कुरा उल्लेख गर्ने ।

२०. <u>लिखित सहमतिबाट प्रस्ताव पारित गर्न सकिने</u>ः साधारण सभाबाट पारित गर्नु पर्ने विशेष प्रस्ताव लगायतका प्रस्तावहरू पारित गर्न साधारण सभा नबोलाई सेयरधनीको लिखित प्रस्तावबाट पारित हुन सक्ने भएमा सो कुरा उल्लेख गर्ने ।

२१. <u>साधारण सभामा पेस गर्ने अन्य विषय</u>ः ऐनमा उल्लेख भएको विषय बाहेक साधारण सभामा अन्य कुनै विषय पेस गर्नुपर्ने भए सो कुरा उल्लेख गर्ने ।

२२. <u>विशेष प्रस्ताव</u>ः ऐनमा उल्लेख भएको विषय बाहेक कम्पनीले विशेष प्रस्ताव पारित गरी निर्णय गर्नुपर्ने अन्य कुनै विषय भएमा सो कुरा उल्लेख गर्ने ।

२३. <u>विशेष साधारण सभा</u>ः ऐनबमोजिम सञ्चालक समितिले कम्पनीको विशेष साधारण सभा बोलाउन सक्नेछ । थप व्यवस्था उल्लेख गर्ने

२४. <u>गणपूरक सङ्ख्या</u>ः बाँडफाँट भएको कूल सेयर सङ्ख्याको कम्तीमा .............. प्रतिशत (कति प्रतिशत आवश्यक पर्ने हो सो उल्लेख गर्ने) सेयरको प्रतिनिधित्व हुने गरी कूल सेयरधनीमध्ये कम्तीमा....... जना (कतिजना सेयरधनी आवश्यक पर्ने हो सो विषय उल्लेख गर्ने) सेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुनेछैन् ।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भएबमोजिम पुनः बोलाईएको साधारण सभामा कूल सेयर सङ्ख्याको कम्तीमा ............. प्रतिशत सेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ..........जना सेयरधनी स्वयम् था आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्नेछैन ।

२५. <u>प्रतिनिधि (प्रोक्सी) नियुक्ति</u> : प्रचलित नेपाल कानूनबमोजिम करार योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न सकिन्छ ।

(२) कुनै सेयरधरीले प्रतिनिधि नियुक्ति गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(३) प्रतिनिधिमार्फत मतदान गर्न पाउने वा नपाउने हो सो व्यवस्था उल्लेख गर्ने ।

(४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम हद वा सीमा तोकिएको भए कतिसम्म मतदान गर्न पाउने हो सो कुरा उल्लेख गर्ने ।

२६. <u>मतदान</u>ः (१) ऐन तथा यो नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक सेयरधनीलाई निजले लिएको प्रत्येक सेयर बापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका सेयर निष्कासन गर्न सकिने भए त्यस्तो सेयर बापत कुन अनुपातमा साधारण सभामा मतदान गर्न पाउने हो सो कुरा उल्लेख गर्ने ।

(३) साधारण सभामा मताधिकार नहुने सेयर निष्कासन गर्ने भए सो कुरा उल्लेख गर्ने ।

(४) सञ्चालकको निर्वाचन सेयरको मतभार निर्धारण गर्न आवश्यक भए सो उल्लेख गर्ने ।

(५) सञ्चालकको छनौट मतदान नगरी अन्य तरिकाले गर्ने भए सो व्यवस्था उल्लेख गर्ने ।

(६) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै सेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरेको भएमा आफूलाई नियुक्ति गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको विषयमा त्यस्तो सञ्चालकले उक्त सेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२७. <u>साधारण सभाको निर्णयको निर्णय पुस्तिका</u>ः (१) ऐनबमोजिम उल्लेख गर्नुपर्ने कुरा उल्लेख गरी साधारण सभाको काम कारबाही र निर्णयको अभिलेख गर्न अलग निर्णय गरी पुस्तिका राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निर्णय पुस्तिकामा अध्यक्ष र कम्पनी सचिवले हस्ताक्षर गर्नुपर्नेछ ।

तर साधारण सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष र सभाले नियुक्ति गरेको एकजना सेयरधनीले त्यस्तो पुस्तिकामा हस्ताक्षर गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निर्णय पुस्तिकामा साधारण सभाको काम कारबाही अभिलेख गरी कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा राख्नुपर्नेछ । त्यस्तो विवरण कुनै सेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीने तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनुपर्नेछ ।

परिच्छेद-४

सञ्चालक समिति

२८. सञ्चालक समितिको गठन, सङ्ख्या र सेवा अवधिः (१) सञ्चालक समिति रहने वा नरहने हो सो कुरा उल्लेख गर्ने ।

(२) सञ्चालक समिति नरहने भए सञ्चालक समितिको निर्णयबमोजिम सम्पादन गर्नुपर्ने काम कसले गर्ने हो सो कुरा उल्लेख गर्ने ।

(३) सञ्चालक समिति नरहने कम्पनीको हकमा यो व्यवस्था आवश्यक पर्ने छैन ।

(४) सञ्चालक समिति रहने हो भने देहायका कुरा उल्लेख गर्ने-

(क) यो कम्पनीमा .... जनाको सञ्चालक समिति हुनेछ ।

(ख) सञ्चालकको सेवा अवधि चार वर्षको हुनेछ ।

(५) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा पहिलो सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट भएको हो सोहीबमोजिम बाँकी अवधिका लागि अर्को सञ्चालक नियुक्त गर्नुपर्नेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त सञ्चालकको पद रिक्त भएमा सो रिक्त स्थानमा सञ्चालक समितिले अर्को सञ्चालक नियुक्ति गर्नेछ ।

(६) सङ्गठित संस्थाले सञ्चालक नियुक्ति गर्दा निजको वैकल्पिक सञ्चालक समेत नियुक्ति गर्न सक्नेछ ।

(७) यो कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म सञ्चालक देहायबमोजिम सञ्चालक रहेको प्रथम सञ्चालक समिति रहनेछ-

(क)

(ख)

२९. सञ्चालक हुन लिनुपर्ने न्यूनतम सेयर सङ्ख्याः यो कम्पनीको सञ्चालकको पदमा नियुक्ति हुनको लागि कुनै पनि सेयरधनीले आफ्नो नाम........... कित्ता सेयर लिनुपर्नेछ ।

तर स्वतन्त्र सञ्चालन र सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

३१. सञ्चालक पुनः नियुक्ति हुन सक्ने वा नसक्नेः एक पटक सञ्चालक भैसकेको व्यक्ति पुनः सञ्चालकमा नियुक्ति हुन नसक्ने भए सो कुरा उल्लेख गर्ने ।

३२. सञ्चालक नियुक्ति सम्बन्धी अन्य व्यवस्थाः कुनै समूह, किसिम वा वर्गका सेयरधनीलाई सञ्चालक समितिमा प्रतिनिधित्व हुने गरी कुनै विशेष व्यवस्था गर्ने भए सो कुरा उल्लेख गर्ने ।

३३. पारिश्रमिक, बैठक भत्ताः १) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोकेबमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैंले निर्धारण सक्नेछ ।

तर यसरी एकपटक तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

(३) साधारण सभा नहुने कम्पनी भए सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा कसले तोक्ने हो सो कुरा उल्लेख गर्ने ।

३४. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः (१) ऐन तथा प्रबन्धपत्रको अधीनमा रही कम्पनीको सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) कम्पनीको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने र सोको कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिने,

(ख) कम्पनीको वार्षिक बजेट तथा आय व्ययको विवरण स्वीकृत गर्ने र स्वीकृत बजेटको कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिने,

(ग) कम्पनीको प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव वा अन्य कर्मचारीको नियुक्ति गर्ने र सेवाका सर्त, तलब, भत्ता आदि निर्धारण गर्ने,

(घ) प्रत्ययी दायित्व (फिड्यूसियरी लायबिलिटी) बमोजिम कम्पनी तथा सेयरधनीको अधिकतम हितका लागि काम गर्ने,

(ङ) सेयरधनीको हित र सरोकारको संरक्षण र प्रवर्धन गर्ने,

(च) कम्पनीको व्यवस्थापन तथा प्रशासन सम्बन्धी नीति निर्धारण गर्ने र त्यसको कार्यान्वयन गर्ने वा गराउने,

(छ) सञ्चालक समितिको वार्षिक प्रतिवेदन तयार गरी स्वीकृतिका लागि साधारण सभा समक्ष पेस गर्ने,

(ज) कम्पनीको साधारण सभा वा आवश्यक भएमा विशेष साधारण सभामा बोलाउने र त्यस्तो सभामा पेस गर्ने प्रस्ताव तयार गर्ने,

(झ) ऐन, कम्पनीको प्रबन्धपत्र तथा यो नियमावली बमोजिम साधारण सभाले सम्पदान गर्ने भनी उल्लेख भएका कामकारबाही अन्य कार्य सम्पादन गर्ने वा गराउने,

(ञ) कम्पनीको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्य गर्ने ।

(२) सञ्चालक समितिले आवश्यकता अनुसार देहायको प्रयोजनका लागि सञ्चालक समितिको कुनै सदस्यको अध्यक्षतामा समिति वा कार्यटोली गठन गर्न सक्नेछ-

(क) कम्पनीसँग सम्बन्धित कुनै काम गर्न वा गराउन,

(ख) कम्पनीसँग सम्बन्धित कुनै विषयमा अध्ययन वा छानबिन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेस गर्न ।

(३) उपनियम (२) बमोजिम गठित समिति वा कार्यटोलीको कार्यादेश र सेवा, सुविधा सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

३५. <u>अधिकार प्रत्यायोजन</u>: (१) सञ्चालक समितिले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्ने वा नसक्ने हो सो कुरा उल्लेख गर्ने ।

(२) अधिकार प्रत्यायोजन गर्न सक्ने भए कुन कुन विषयमा र कसलाई (जस्तै सञ्चालकको उपसमिति वा कुनै सञ्चालक वा पदाधिकारी) अधिकार प्रत्यायोजन गर्न सकिने हो सो उल्लेख गर्ने ।

३६. <u>सञ्चालक समितिको बैठक र सो सम्बन्धी कार्यविधि</u>: (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्षसँग समन्वय गरी प्रमुख कार्यकारी निर्देशक वा प्रबन्ध सञ्चालकले सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सञ्चालक समितिको बैठक नबोलाएमा कुल सञ्चालक सङ्ख्याको कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय, बैठक बस्ने समय र स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन ।

(४) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रूपमा वा इमेल वा अन्य विद्युतीय सञ्चार माध्यमबाट समेत दिन सकिनेछ (अन्य कुनै माध्यमबाट सूचना दिनु पर्ने व्यवस्था भए सो कुरा उल्लेख गर्ने ।

(५) सञ्चालक समितिको बैठकमा सञ्चालक स्वयम् उपस्थित हुनुपर्नेछ ।

तर वैकल्पिक सञ्चालन नियुक्ति गर्ने सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

(६) सञ्चालकको सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित नभई सञ्चालक समितिको बैठक हुनेछैन ।

तर गणपूरक सङ्ख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपूरक सङ्ख्या नपुगेमा उपस्थित सञ्चालकहरूले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

(७) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ र निज अनुपस्थिति भएमा समितिको बैठकमा उपस्थित सञ्चालकहरूले आफू मध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(८) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर सञ्चालक समितिको बैठकमा आफ्ना निजी सरोकार वा स्वार्थ भएको विषयका सम्बन्धमा सञ्चालकले अग्रिम रूपमा जानकारी दिई त्यस्तो छलफलमा भाग लिन वा मतदानबाट अलग रहनु पर्नेछ ।

(९) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(१०) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्य लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ ।

(११) उपनियम (१०) बमोजिमको सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

३७. सञ्चालक समितिको निर्णयको अभिलेखः (१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालक मध्ये कम्तीमा एकाउन्न प्रतिशत हस्ताक्षर गर्नु पर्नेछ ।

(२) विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा परिवर्तन गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(३) कुनै सेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

३८. प्रबन्ध सञ्चालकः (१) प्रबन्ध सञ्चालक नियुक्ति गर्ने भए सो व्यवस्था उल्लेख गर्ने ।

(२) प्रबन्ध सञ्चालक नियुक्ति गर्ने हो भने निजको योग्यता, काम, कर्तव्य, जिम्मेवारी र अधिकार उल्लेख गर्ने ।

(३) कम्पनीले प्रबन्ध सञ्चालकको पारिश्रमिक तथा सेवाका अन्य सर्त करारद्वारा निश्चित गर्न सक्नेछ ।

(प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत मध्ये कुनै एक पदाधिकारी मात्र नियुक्ति गर्न सकिनेछ ।)

३९. प्रमुख कार्यकारी अधिकृत नियुक्ति र योग्यता : (१) सञ्चालक समितिले कम्पनीको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न देहायको योग्यता पुगेका व्यक्तिलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति गर्न सक्नेछ-

(क) शैक्षिक योग्यता

(ख) अनुभव

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी अधिकृतको सेवा अवधि चार वर्षको हुनेछ ।

(३) उपनिय (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सेवाका सर्त तथा तलब भत्ता कम्पनीको कर्मचारीको सेवा सर्त सम्बन्धी विनियावली वा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४०. कम्पनी सचिव : (१) ऐन बमोजिम कम्पनी सचिवको पदमा नियुक्ति हुन योग्यता पुगेको व्यक्तिलाई सञ्चालक समितिले कम्पनी सचिवको पदमा नियुक्ति गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त कम्पनी सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) प्रचलित नेपाल कानूनबमोजिम कार्यालय वा अन्य कुनै निकायमा पेस गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि निर्धारित समयभित्र पेस गर्ने,

(ख) कम्पनीको अध्यक्ष तथा प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतसँग समन्वय गरी कम्पनीको सञ्चालक समितिको बैठक, साधारण सभा वा विशेष साधारण सभा बोलाउन पत्राचार गर्ने,

(ग) सञ्चालक समितिको बैठक वा साधारण सभामा छलफल गरिने विषयको सूची तयार गरी सञ्चालक र सेयरधनीलाई पठाउने,

(घ) सञ्चालक समितिको बैठक वा साधारण सभाको निर्णयको अभिलेख राख्ने, प्रमाणित गर्ने तथा जिम्मा लिने,

(ङ) सञ्चालक समितिको निर्णयअनुसार प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतसँग समन्वय गरी सेयरधनीलाई सेयर बाँडफाँट तथा सेयर किस्ता भुक्तानीको सूचना पठाउने,

(च) सेयरधनी तथा डिबेञ्चरधनीको अभिलेख राख्ने तथा प्रमाणित गर्ने,

(छ) सेयर वा डिबेञ्चरको धितो बन्धक, हस्तान्तरण वा दाखिल खारेज गर्न सञ्चालक समिति, प्रबन्ध सञ्चालक वा कार्यकारी प्रमुख समक्ष पेस गर्ने,

(ज) सेयरधनी वा डिबेञ्चरधनीको दाबी, उजुरी, गुनासो, सुझाव, सल्लाह आदि कुनै कुरा लिखित रूपमा पेस हुन आएमा सञ्चालक समिति, प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत समक्ष पेस गर्ने र सो सम्बन्धमा भए गरेको कारबाहीको नतिजा लिखित रूपमा सम्बन्धित सेयरधनी वा डिबेञ्चरधनीलाई दिने,

(झ) सञ्चालक समिति र प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतले तोकेका अन्य कार्य गर्ने ।

परिच्छेद-५

लेखा तथा लेखापरीक्षण

४१. कम्पनीको लेखा र लेखापरीक्षणः (१) यो कम्पनीको लेखा तथा लेखा कारोबार दोहोरो लेखा प्रणालीमा आधारित र नेपाल लेखामा बोर्डले निर्धारण गरेको ढाँचामा राख्नुपर्नेछ ।

(२) कम्पनीको लेखामा प्रति दैनिक कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रूपमा राख्नुपर्नेछ ।

४२. लेखापरीक्षण : (१) कम्पनीले आफ्नो लेखा तथा लेखा कारोबारको लेखापरीक्षण गराउन पर्नेछ र सो प्रयोजनको लागि वार्षिक साधारण सभाले लेखापरीक्षक नियुक्ति गर्नुपर्नेछ ।

तर प्रथम साधारण सभा हुनु भन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्ति गर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखापरीक्षण नियुक्ति भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको लेखा तथा लेखा कारोबारबाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाब एवम् नगद प्रवाह विवरण प्रमाणित गरी कम्पनी समक्ष पेस गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनको एक प्रति कम्पनीले कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(५) कम्पनीको लेखा तथा लेखा कारोबार कुनै सेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र निरीक्षण गर्न दिनुपर्नेछ ।

परिच्छेद-६

विविध

४३. सञ्चालकको भत्त तथा कर्मचारीको तलब सुविधा निर्धारणः (१) कम्पनीका सञ्चालकको भत्ता, सुविधा तथा कर्मचारीको तलब, भत्ता, अन्य सुविधा कम्पनीको पुँजीगत र मुनाफाको स्थिति समेतका आधारमा सञ्चालक समितिको सिफारिसमा साधारण सभाले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण भएको भत्ता तलब सुविधाका सम्बन्धमा भएको निर्णय कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

४४. लाभांशः (१) लाभांश वितरण गर्ने निर्णय भएको पैतालीस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण, नगरेमा दश प्रतिशतको दरले लाभांशको ब्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नुपर्नेछ ।

(३) अन्तरिम लाभांश वितरण गर्ने वा नगर्ने सो उल्लेख गर्ने ।

(४) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले सेयर वापत माग गरेको रकम चुक्ता नगर्ने सेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सक्नेछ ।

४५. पत्राचार, म्याद, सूचना तामेली : (१) कम्पनीको प्रत्येक सेयरधनी र सञ्चालकले कम्पनीसँग पत्राचार गर्ने वा म्याद, सूचना तामेल गर्ने प्रयोजनका लागि आफ्नो आधिकारिक ठेगाना, इमेल र मोबाइल नम्बर कम्पनीलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको ठेगानामा पत्राचार वा म्याद, सूचना तामेल गरिएमा कानून सम्मत रूपमा बुझाएको वा तामेल गरिएको मानिनेछ ।

(३) कम्पनीले पत्राचार, म्याद, सूचना बुझाउने वा तामेली गर्ने सम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ ।

४६. कम्पनीको छाप : (१) कम्पनीको आफ्नो काम कारबाहीसँग सम्बन्धित लिखत, कागजात, पत्राचारमा प्रयोग गर्न कम्पनीको नामको छाप रहनेछ र त्यस्तो छाप कम्पनीको प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतले तोकेको कम्पनीको कर्मचारीको जिम्मामा रहनेछ ।

(२) कम्पनीको सञ्चालक वा पदाधिकारी वा कर्मचारीले अनधिकृत रूपमा कम्पनीको छाप प्रयोग गरेको कारण कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप प्रयोग वा जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व बापत सिर्जना भएको दायित्व असुल गर्न सक्नेछ ।

४७. प्रतिलिपि शुल्कः (१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, सेयरधनीको दर्ता किताब, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेस गरिएको कुनै लिखतको प्रतिलिपि कुनै सेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा प्रतिपाना रू. दश शुल्क लिई प्रतिलिपि दिनु पर्नेछ ।

(२) उपनियम (१) मा उल्लेख भएको बाहेक अन्य शुल्क लिन आवश्यक भएमा कार्यालयको स्वीकृति लिइ सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

४८. कम्पनी विलय तथा प्राप्तिः (१) यो कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यो कम्पनीलाई कुनै अर्को कम्पनीमा विलय वा प्राप्ति सम्बन्धी व्यवस्था ऐनबमोजिम हुनेछ ।

(२) विलय तथा प्राप्ति सम्बन्धी थप व्यवस्था भए उल्लेख गर्ने ।

४९. कम्पनीको खारेजीः (१) कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनी खारेजीको प्रक्रिया प्रारम्भ गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कार्य सम्पन्न लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही सम्पन्न गर्नुपर्नेछ ।

५०. खास व्यवसायः कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा उल्लेख गर्नुपर्ने भनी प्रचलित नेपाल कानूनमा कुनै व्यवस्था गरिएको भए सो व्यवस्था उल्लेख गर्ने ।

५१. अन्य व्यवस्थाः अन्य आवश्यक व्यवस्था भए सो उल्लेख गर्ने ।

५२. नियमावली संशोधन र लागू हुनेः (१) कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनीको नियमावली संशोधन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नियमावलीमा भएको संशोधनको प्रति कार्यालयमा अभिलेख गरेपछि मात्र लागू हुनेछ ।

५३. असङ्गत व्यवस्था अमान्य हुनेः यो नियमावलीमा लेखिएको कुनै कुरा ऐन वा अन्य प्रचलित नेपाल कानून वा प्रबन्धपत्रसँग असङ्गत भएमा सो हदसम्म स्वतः अमान्य हुनेछ र त्यस्तो व्यवस्था लागू हुनेछैन् ।

५४. संस्थापकले तत्काल खरिद गर्न कबूल गरेको सेयर सङ्ख्या र उदघोषणः (१) हामी.............. कम्पनीका संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित नेपाल कानूनबमोजिम सञ्चालन गर्न मञ्जुर छौं ।

(२) यो नियमावलीमा उल्लिखित हाम्रो विवरण सत्य, साँचो छ । कुनै कारणले झुट्टो प्रमाणित भएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व वहन गर्न हामी तयार छौं ।

संस्थापकहरूको नाम, थर, ठेगाना हस्ताक्षर र तत्काल खरिद गर्न कबूल गरेको सेयर सङ्ख्या

| क्र सं | संस्थापकहरूको विवरण | तत्काल खरिद गर्न कबूल गरेको सेयर सङ्ख्या |
|---|---|---|
| १ | नाम र थर :<br>बाबु वा पतिको नाम, थर :<br><br>ठेगाना-<br>वडाः<br>नगरपालिकाः<br>जिल्लाः<br>नागरिकताको प्रमाणपत्र नंः<br>राहदानी नं र देशको नाम (विदेशी नागरिकको हकमा) :<br>जारी मिति र जिल्ला :<br>इमेलः<br>मोबाइल नंः<br>संस्थापकको हस्ताक्षर | |
| २ | नाम र थर :<br>बाबु वा पतिको नाम, थर :<br>ठेगाना-<br>वडाः<br>नगरपालिकाः<br>जिल्लाः<br>नागरिकताको प्रमाणपत्र नंः<br>राहदानी नं र देशको नाम (विदेशी नागरिकको हकमा) :<br>जारी मिति र जिल्ला :<br>इमेलः मोबाइल नंः<br>संस्थापकको हस्ताक्षरः | |

मितिः संवत् २०..... साल ...... महिना ...... गते रोज ...... शुभम् ।

अनुसूची -१२

[दफा २५ को खण्ड (ग) सँग सम्बन्धित]

पब्लिक लिमिटेड कम्पनीको नियमावलीको ढाँचा

कम्पनी ऐन,....... अन्तर्गत संस्थापित

(कम्पनीको पूरा नाम लेख्ने) पब्लिक लिमिटेड कम्पनीको नियमावली

प्रस्तावना : कम्पनीको संस्थापना र सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था र सर्त प्रक्रिया निर्धारण गर्न आवश्यक भएकाले कम्पनी ऐन, २०८१ को अधीनमा रही ——..कम्पनीले देहायको नियमावली बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. कम्पनीको नाम रजिष्टर्ड कार्यालय : यो कम्पनीको नाम...................... हुनेछ ।

(२) कम्पनीको रजिष्टर्ड कार्यालय..........नगरपालिका/गाउँपालिकामा रहनेछ ।

२. परिभाषाः सन्दर्भ वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा-

(क) "ऐन' भन्नाले कम्पनी ऐन,........ सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनुपर्छ ।

(ग) "कम्पनी' भन्नाले............. लिमिटेड सम्झनुपर्छ ।

(घ) "पदाधिकारी भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्ध सञ्चालक, कम्पनी सचिव, र लिक्विडेटर सम्झनुपर्छ र सो शब्दले विभागीय प्रमुखको जिम्मेवारी वहन गर्ने अन्य कर्मचारीलाई समेत जनाउँछ ।

(ङ) "सभा' भन्नाले कम्पनीको साधारण सभा र विशेष साधारण सभा सम्झनु पर्छ ।

(आवश्यकतानुसार थप गर्ने ।

परिच्छेद-२

कम्पनीको सेयर पुँजी तथा ऋण

३. सेयरको अङ्कित मूल्यः यो कम्पनीको सेयरको अङ्कित मूल्य रू. ....... हुनेछ ।

४. सेयरमा लियन वा दाबी रहनेः सेयरधनीले कम्पनीलाई तिर्न बाँकी रहेको सेयर बापतको रकम वा कम्पनीलाई कानूनबमोजिम बुझाउनु पर्ने बाँकी रकम बापत निजको नाममा दर्ता भएको सेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दाबी रहनेछ ।

५. विभिन्न वर्गका सेयरः (१) यो कम्पनीको सेयर देहायको वर्गमा हुनेछन्-

(क) संस्थापक वर्ग वा “क” वर्ग

(ख) साधारण वर्ग वा “ख” वर्ग ।

(ग) अन्य

(२) अधिकारमा भिन्नता हुने भए सो विषय उल्लेख गर्ने ।

६. सेयरधनीको अधिकारमा परिवर्तनः नियम ७ बमोजिम निष्कासन भएको सेयर खरिद गर्ने सेयरधनीको अधिकार परिवर्तन गर्दा सम्बन्धित वर्गका सेयरधनीको स्वीकृति चाहिने मा नचाहिने हो सो उल्लेख गर्ने ।

७. कर्मचारी र मेहनताना सेयर : (१) कम्पनीका कर्मचारीलाई सेयर दिने भए सो व्यवस्था उल्लेख गर्ने ।

(२) मेहनताना सेयर निष्कासन गर्ने भए सो सम्बन्धी व्यवस्था उल्लेख गर्ने ।

८. संस्थापकले लिनु पर्ने सेयरः कम्पनीको संस्थापक हुन ............कित्ता सेयर लिनुपर्नेछ ।

९. सेयर रकम भुक्तानी माग र सेयर जफतः कम्पनीले आवश्यकतानुसार सेयर बापतको रकमको भुक्तानी माग गर्न सक्नेछ र सेयर बापतको रकम भुक्तानी नभए सेयर जफत गर्ने विषय ।

१०. सेयर बिक्री वा धितोबन्धकः (१) सेयरधनीले कम्पनीको सेयर चल सम्पत्ति सरह खरिद बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछन ।

(२) सेयर बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ-

(क)

(ख)

(ग)

११. सेयर प्रमाणपत्रः (१) कम्पनीले निष्कासन गर्ने सेयरको प्रमाणपत्रमा सञ्चालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये दुई जनाले हस्ताक्षर गर्नुपर्नेछ ।

(२) भौतिक स्वरूपमा सेयर प्रमाणपत्र दिने भए त्यसको ढाँचा अनुसूचीमा उल्लेख गर्ने ।

(३) अमूर्त स्वरूपमा सेयर रहने व्यवस्था भएमा कम्पनीले मूर्त स्वरूपमा सेयर प्रमाणपत्र प्रदान गर्न आवश्यक हुने छैन ।

१२. सेयर पुँजी घटाउन वा बढाउन सक्नेः (१) कम्पनीले ऐनबमोजिम कम्पनीको सेयर पुँजी घटाउन वा बढाउन सक्नेछ।

(२) सेयर पुँजी घटाउने वा बढाउने सम्बन्धी अन्य व्यवस्था देहायबमोजिम हुनेछ-

(क) साधारण सभाबाट विशेष प्रस्ताव पारित गर्नुपर्ने,

(ख) पुँजी घटाउने निर्णय भए पछि सो बमोजिम अदालत समक्ष निवेदन दिने

१३. ऋण वा डिवेञ्बर : (१) कम्पनीले आफ्नो सम्पत्ति धितोबन्धक राखी वा नराखी ऋण लिने वा डिवेञ्बर निष्कासन गर्न सक्नेछ ।

(२) कम्पनीको जारी पुँजी पूर्ण रूपमा चुक्ता नभएसम्म कम्पनीले डिवेञ्बर निष्कासन गर्नसक्ने छैन ।

(३) कम्पनीले निष्कासन गरेको डिवेञ्बर सेयरमा परिणत हुनसक्ने वा नसक्ने हो सो विषय उल्लेख गर्ने,

(४) उपनियम (३) बमोजिम डिवेञ्बरलाई साधारण सेयरमा परिणत गर्दा पालना गर्नुपर्ने सर्त देहायबमोजिम हुनेछ-

(क)

(ख)

(५) डिबेञ्चर हस्तान्तरण र दाखिल खारेज देहाय बमोजम हुनेछ-

(क)

(ख)

१४. सेयर तथा डिवेञ्बर दर्ता किताबको निरीक्षणः सेयरधनी वा डिबेञ्चरधनीले कम्पनीको सेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले सेधारधनीलाई सात दिनको अग्रिम सूचना दिई एक वर्षमा पैंतालीस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

परिच्छेद ३

साधारण सभा

१५. कम्पनीको सभाः (१) यो कम्पनीको साधारण सभा देहायबमोजिम हुनेछन्-

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

(२) यो कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले कार्यालयबाट कारोबार गर्न स्वीकृति पाएको मितिले नौ महिनाभित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गर्नुपर्नेछ ।

१६. साधारण सभाको सूचना : (१) यो कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा एक्काइस दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा पन्ध्र दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गरिने विषय समेत उल्लेख गरी सबै सेयरधनीलाई सूचना दिनुपर्नेछ ।

(२) सञ्चालक समितिले निर्णय गरी साधारण सभा बोलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कुल सञ्चालक मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकको उपस्थितमा साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम साधारण सभा बोलाउदा उपनियम (१) बमोजिमको सूचना सबै सेयरधनीलाई दिनुपर्नेछ ।

(५) यो नियम बमोजिम बोलाइएको साधारण सभामा गुणपूरक सङ्ख्या नपुगी सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिइ पुनः साधारण सभा बोलाउनु पर्नेछ ।

(६) साधारण सभा सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेछ र यसरी सूचना प्रकाशन गरिएमा कानूनसम्मत रूपमा सूचना दिएको मानिनेछ ।

१७. साधारण सभा सञ्चालन कार्यविधिः (१) कम्पनीको साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकले आफू मध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ । तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित सेयरधनीले आफू मध्येबाट छानेको सेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारबाही प्रारम्भ हुनु अधि सभाको वैधताबारे छलफल गरी गणपूरक सङ्ख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपुरक सङ्ख्या पुगेमा सो सभाको अध्यक्षको अनुमतिले विधिवत् रूपमा सभा सञ्चालन हुनेछ ।

(४) सभामा गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रूपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) साधारण सभामा बहुमतको निर्णय मान्य हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित सेयरधनीमध्ये पचहत्तर प्रतिशतको सेयरको प्रतिनिधित्व गर्ने सेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा सभाको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) कुल सेयर पुँजीको सतसट्ठी प्रतिशत सेयरको प्रतिनिधित्व गर्ने सेयरधनीले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन् ।

(८) कुनै विषयमा सेयरधनीको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षताको प्रक्रिया अनुसार मत सङ्कलन गर्नुपर्नेछ ।

(९) कुनै खास विषयमा खास वर्गका सेयरधनीको सभाबाट कुनै प्रस्ताव पास गर्न सकिने भए सो कुरा उल्लेख गर्ने ।

(१०) सभाका सबन्धमा थप कार्यविधि आवश्यक भए सो विषय उल्लेख गर्ने ।

१८. साधारण सभामा पेस गर्ने अन्य विषयः ऐनमा उल्लेख भएको विषय बाहेक साधारण सभामा अन्य कुनै विषय पेस गर्नुपर्ने भए सो कुरा उल्लेख गर्ने ।

१९. विशेष प्रस्तावः ऐनमा उल्लेख भएको विषय बाहेक कम्पनीले विशेष प्रस्ताव पारित गरी निर्णय गर्नुपर्ने अन्य कुनै विषय भएमा सो कुरा उल्लेख गर्ने ।

२०. विशेष साधारण सभाः सञ्चालक समसतिले ऐनबमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सक्नेछ ।

२१. गणपूरक सङ्ख्याः कूल सेयर सङ्ख्याको कम्तीमा .............. प्रतिशत (कति प्रतिशत आवश्यक पर्ने हो सो उल्लेख गर्ने) सेयरको प्रतिनिधित्व हुने गरी कूल सेयरधनी मध्ये कम्तीमा....... जना

(कतिजना सेयरधनी आवश्यक पर्ने हो सो उल्लेख गर्ने) सेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुनेछैन ।

तर नियम १६ को उपनियम (५) बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल सेयर सङ्ख्याको कम्तीमा ............. प्रतिशत सेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ..........जना सेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधि उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्नेछैन ।

२२. प्रतिनिधि (प्रोक्सी) नियुक्ति : प्रचलित नेपाल कानूनबमोजिम करार गर्न योग्य व्यक्तिलाई सेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न सक्नेछ ।

(२) कुनै सेयरधरीले प्रतिनिधि नियुक्ति पश्चात् आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधिको नियुक्ति स्वतः रद्द हुनेछ ।

(३) प्रतिनिधि मार्फत मतदान गर्न पाउने वा नपाउने हो सो कुरा उल्लेख गर्ने ।

(४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा तोकिएको भए कतिसम्म मतदान गर्न पाउने हो सो कुरा उल्लेख गर्ने ।

(५) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै सेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरेको भए आफूलाई नियुक्ति गर्ने वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त सेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२३. मतदानः (१) ऐन तथा यो नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक प्रत्येक सेयरधनीलाई निजले लिएको प्रत्येक सेयर बापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका सेयर निष्कासन गर्न सकिने भए त्यस्तो सेयर बापत कुन अनुपातमा साधारण सभामा मतदान गर्न पाउने हो सो व्यवस्था उल्लेख गर्ने ।

(३) साधारण सभामा मताधिकार नहुने सेयर निष्कासन गर्ने भए सो उल्लेख गर्ने ।

(४) सञ्चालक निर्वाचन गर्दा एक सेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने भए कुन अनुपातमा मतदान गर्न सकिने हो सो उल्लेख गर्ने ।

(५) सञ्चालक निर्वाचन गर्दा मतदान नगरी अन्य तरिकाले नियुक्ति गर्ने भए सो सम्बन्धी व्यवस्था उल्लेख गर्ने ।

२४. साधारण सभाको निर्णय पुस्तिकाः (१) कम्पनीको साधारण सभाको काम कारबाही तथा निर्णय अभिलेख गर्न अलग निर्णय पुस्तिका राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निर्णय पुस्तिकामा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कारणवश सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष र सभाले नियुक्ति गरेको एकजना सेयरधनीले त्यस्तो पुस्तिकामा हस्ताक्षर गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम निर्णय पुस्तिका कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा राख्नु पर्नेछ र सो अभिलेखको लागि कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(४) कुनै सेयरधनीले उपनियम (१) बमोजिमको निर्णय पुस्तिका निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र सोको निरीक्षण गर्न दिनुपर्नेछ ।

परिच्छेद-४

सञ्चालक समिति

२५. सञ्चालक समितिको गठन, सङ्ख्या र सेवा अवधिः (१) सञ्चालकको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।

(२) यो कम्पनीमा .... जनाको सञ्चालक समिति हुनेछ ।

(३) सञ्चालकको सेवा अवधि चार वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा जुन प्रक्रियाबाट पहिले सञ्चालक नियुक्ति भएको थियो सोही प्रक्रियाबाट बाँकी अवधिका लागि अर्को सञ्चालकको नियुक्ति गर्नुपर्नेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्ति गरिएको सञ्चालकको पद रिक्त भएमा सो रिक्त स्थानमा सञ्चालक समितिले अर्को सञ्चालक नियुक्ति गर्नेछ ।

(५) सङ्गठित संस्थाले सञ्चालक नियुक्ति गर्दा निजको वैकल्पिक सञ्चालक समेत नियुक्ति गर्न सक्नेछ ।

(६) सञ्चालक निर्वाचनको लागि सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ।

(७) यो कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म देहायबमोजिम सञ्चालक रहेको प्रथम सञ्चालक समिति रहनेछ-

(क)

(ख)

(ग)

२६. सञ्चालक हुन लिनुपर्ने न्यूनतम सेयर सङ्ख्याः यो कम्पनीको सञ्चालकको पदमा नियुक्ति हुनको लागि कुनै पनि सेयरधनीले आफ्नो नाम........... कित्ता सेयर लिनु पर्नेछ ।

तर स्वतन्त्र सञ्चालन र सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

२८. सञ्चालकको पुनर्नियुक्तिः एक पटक सञ्चालक भैसकेको व्यक्ति पुनः सञ्चालकमा नियुक्ति हुन सक्ने वा नसक्ने सो विषय उल्लेख गर्ने ।

२९. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधाः (१) सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था तथा अन्य सुविधा साधारण सभाको निर्णयबमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको गरिएको भए तापनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

तर यसरी एकपटक तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

३०. <u>सञ्चालक समितिको काम कर्तव्य र अधिकार</u>ः (१) कम्पनीको सञ्चालक समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ -

(क) कम्पनीको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने र सोको कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिने,

(ख) कम्पनीको वार्षिक बजेट तथा आय व्ययको विवरण स्वीकृत गर्ने र स्वीकृत बजेटको कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिने,

(ग) कम्पनीको प्रबन्ध सञ्चालक प्रमुख कार्यकारी अधिकृत कम्पनी सचिव वा अन्य कर्मचारीको नियुक्ति गर्ने सेवाका सर्त, तलब, भत्ता आदि निर्धारण गर्ने,

(घ) प्रत्ययी दायित्व (फिड्यूसियरी लायबिलिटी) बमोजिम कम्पनी तथा सेयरधनीको अधिकतम हितका लागि काम गर्ने,

(ङ) सेयरधनीको हित र सरोकारको संरक्षण र प्रवर्धन गर्ने,

(च) कम्पनीको व्यवस्थापन तथा प्रशासन सम्बन्धी नीति निर्धारण गर्ने र त्यसको कार्यान्वयन गर्ने वा गराउने,

(छ) सञ्चालक समितिको वार्षिक प्रतिवेदन तयार गरी स्वीकृतिका लागि साधारण सभा समक्ष पेस गर्ने,

(ज) कम्पनीको साधारण सभा वा आवश्यक भएमा विशेष साधारण सभामा बोलाउने र त्यस्तो सभामा पेस गर्ने प्रस्ताव तयार गर्ने,

(झ) ऐन प्रबन्धपत्र तथा यो नियमावली बमोजिम साधारण सभाले सम्पदान गर्ने भनी उल्लेख भएका कामकारबाही अन्य कार्य सम्पादन गर्ने वा गराउने,

(ञ) कम्पनीको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्य गर्ने,

(ट) कम्पनीको व्यवस्थापनलाई आवश्यक निर्देश गर्ने ।

(२) सञ्चालक समितिले आवश्यकता अनुसार देहायको प्रयोजनका लागि सञ्चालक समितिको कुनै सदस्यको अध्यक्षतामा समिति वा कार्यटोली गठन गर्न सक्नेछ-

(क) कम्पनीसँग सम्बन्धित कुनै काम गर्न वा गराउन,

(ख) कम्पनीसँग सम्बन्धित कुनै विषयमा अध्ययन वा छानबिन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेस गर्न ।

(३) उपनियम (२) बमोजिम गठित समिति वा कार्यटोलीको कार्यदिशा र सेवा, सुविधा सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

३१. <u>अधिकार प्रत्यायोजन</u>ः (१) सञ्चालक समितिले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्ने वा नसक्ने हो सो विषय उल्लेख गर्ने ।

(२) अधिकार प्रत्यायोजन गर्न सक्ने भए कुन कुन विषयमा र कसलाई (जस्तोः सञ्चालकहरूको उपसमिति वा कुनै सञ्चालक वा पदाधिकारी) अधिकार प्रत्यायोजन गर्न सकिने हो सो उल्लेख गर्ने ।

३२. <u>सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधिः</u> (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्षसँग समन्वय गरी प्रमुख कार्यकारी निर्देशक वा प्रबन्ध सञ्चालकले सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सञ्चालक समितिको बैठक नबोलाएमा कुल सञ्चालक सङ्ख्याको कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा उल्लेख गरी कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन ।

(४) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रूपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिनुपर्नेछ (अन्य कुनै माध्यमबाट सूचना दिनु पर्ने व्यवस्था भए सो कुरा उल्लेख गर्ने ।

(५) सञ्चालक समितिको बैठकमा सञ्चालक स्वयम् उपस्थित हुनुपर्नेछ ।

तर वैकल्पिक सञ्चालन नियुक्ति गर्ने सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

(६) सञ्चालकको सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित नभई सञ्चालक समितिको बैठक हुनेछैन ।

तर गणपूरक सङ्ख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपूरक सङ्ख्या नपुगेमा उपस्थित सञ्चालकले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

(७) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरूले आफू मध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(८) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर सञ्चालक समितिको बैठकमा आफ्ना निजी सरोकार वा स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(९) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने सञ्चालकले आफ्नो असहमति वा भिन्न राय लेख्न वा राख्न पाउनेछ ।

(१०) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्य लिखित रूपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सक्नेछन ।

(११) उपनियम (१०) बमोजिमको सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

३३. <u>सञ्चालक समितिको निर्णयको अभिलेखः</u> (१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकमध्ये कम्तीमा एकाउन्न प्रतिशत हस्ताक्षर गर्नुपर्नेछ ।

(२) कम्पनीले विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सक्नेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा परिवर्तन गर्न नपाउने पर्याप्त व्यवस्था गर्नुपर्नेछ ।

(३) कुनै सेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

३४. <u>प्रबन्ध सञ्चालकः</u> (१) प्रबन्ध सञ्चालक नियुक्ति गर्ने वा नगर्ने हो सो कुरा उल्लेख गर्ने ।

(२) प्रबन्ध सञ्चालक नियुक्ति गर्ने हो भने निजको योग्यता, काम, कर्तव्य, जिम्मेवारी र अधिकार उल्लेख गर्ने ।

(३) कम्पनीले प्रबन्ध सञ्चालकको पारिश्रमिक तथा सेवाका अन्य सर्त करारद्वारा निश्चित गर्न सक्नेछ ।

(प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत मध्ये एक जना मात्र पदाधिकारी नियुक्ति गर्न सकिनेछ ।)

३५. <u>प्रमुख कार्यकारी अधिकृत व्यवस्था</u> : (१) सञ्चालक समितिले कम्पनीको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न देहायको योग्यता पुगेका व्यक्तिहरू एकजना व्यक्तिलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति गर्न सक्नेछ-

(क) शैक्षिक योग्यता, र

(ख) कार्य अनुभव ।

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी अधिकृतको सेवा अवधि चार वर्षको हुनेछ

।

(३) उपनिय (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सेवाका सर्त तथा तलब भत्ता कम्पनीको कर्मचारीको सेवा सर्त सम्बन्धी विनियावली वा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३६. <u>प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार</u> : ऐन तथा प्रबन्धपत्रको अधीनमा रही प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) कम्पनीको रणनीतिक योजना तयार गर्ने र स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेस गर्ने,

(ग) कम्पनीको वार्षिक बजेट (वार्षिक आय-व्ययको विवरण) तयार गर्ने र सञ्चालक समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्ने वा गराउने,

(घ) कम्पनीको व्यावसायिक कार्ययोजना तयार गर्ने र सञ्चालक समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्ने वा गराउने,

(च) कम्पनीको काम कारबाहीको वार्षिक, अर्ध वार्षिक र मासिक प्रगति विवरण तयार गर्ने,

(छ) कम्पनीको दैनिक प्रशासन सञ्चालन गर्ने तथा मातहतका कर्मचारीको रेखदेख, नियन्त्रण, निर्देशन, अनुगमन र सुपरीवेक्षण गर्ने वा गराउने,

(ज) कम्पनीको विभिन्न विभाग, शाखा र कार्यालयहरूको लागि वार्षिक लक्ष्य निर्धारण गरी कार्यान्वयन गर्ने वा गराउने,

(झ) दीर्घकालीन तथा अल्पकालीन योजना एवं कार्यक्रम तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष पेस गर्ने,

(ञ) स्वीकृत वार्षिक योजना एवं कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ट) कम्पनीको लागि घर, जग्गा वा मेसिन तथा अन्य उपकरण खरिद गर्ने वा बहालमा लिने, मर्मत सम्भार गर्ने वा गराउने,

(ठ) कम्पनीको कोष, आर्थिक तथा वित्तीय कारोबार सञ्चालन र व्यवस्थापन गर्ने वा गराउने,

(ड) कम्पनीको सञ्चालन र व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(ढ) प्रचलित नेपाल कानूनबमोजिम कार्यालय वा अन्य निकायमा पेस गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि निर्धारित समयभित्र पेस गर्न कम्पनी सचिवलाई निर्देश गर्ने,

(ण) सञ्चालक समितिको अध्यक्ष र कम्पनी सचिवसँग समन्वय गरी कम्पनीको सञ्चालक समितिको बैठक, साधारण सभा वा विशेष साधारण सभा बोलाउने काम गर्ने वा गराउने,

(त) सञ्चालक समितिको बैठक वा साधारण सभामा छलफल हुने विषयको सूची तयार गर्न कम्पनी सचिवलाई निर्देश गर्ने,

(थ) सञ्चालक समितिको बैठक वा साधारण सभाको निर्णयको अभिलेख राख्ने वा राख्न लगाउने,

(द) सञ्चालक समितिको निर्णयअनुसार सेयर बाँडफाँटको सूचना तथा सेयर किस्ता भुक्तानी माग गर्ने वा गर्न लगाउने,

(ध) सेयर वा डिबेञ्चर धितोबन्धक राख्न, हस्तान्तरण वा दाखिल खारेज गर्न सञ्चालक समितिमा पेस गर्ने,

(न) कम्पनीको उद्देश्य प्राप्तिका लागि साधारण सभा तथा सञ्चालक समितिले निर्णय गरी तोकेबमोजिमका अन्य कार्य गर्ने ।

३७. कम्पनी सचिव : (१) ऐन बमोजिम कम्पनी सचिवको पदमा नियुक्ति हुन योग्यता पुगेको व्यक्तिलाई सञ्चालक समितिले कम्पनी सचिवको पदमा नियुक्ति गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त कम्पनी सचिवको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) प्रचलित नेपाल कानूनबमोजिम कार्यालय वा अन्य कुनै निकायमा पेस गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि निर्धारित समयभित्र पेस गर्ने,

(ख) कम्पनीको अध्यक्ष तथा प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतसँग समन्वय गरी कम्पनीको सञ्चालक समितिको बैठक, साधारण सभा वा विशेष साधारण सभा बोलाउन पत्राचार गर्ने,

(ग) सञ्चालक समितिको बैठक वा साधारण सभामा छलफल गरिने विषयको सूची तयार गरी सञ्चालक र सेयरधनीलाई पठाउने,

(घ) सञ्चालक समितिको बैठक वा साधारण सभाको निर्णयको अभिलेख राख्ने, प्रमाणित गर्ने तथा जिम्मा लिने,

(ङ) सञ्चालक समितिको निर्णयअनुसार प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतसँग समन्वय गरी सेयरधनीलाई सेयर बाँडफाँट तथा सेयर किस्ता भुक्तानीको सूचना पठाउने,

(च) सेयरधनी तथा डिबेञ्चरधनीको अभिलेख राख्ने तथा प्रमाणित गर्ने,

(छ) सेयर वा डिबेञ्चरको धितो बन्धक, हस्तान्तरण वा दाखिल खारेज गर्न सञ्चालक समिति, प्रबन्ध सञ्चालक वा कार्यकारी प्रमुख समक्ष पेस गर्ने,

(ज) सेयरधनी वा डिबेञ्चरधनीको दाबी, उजुरी, गुनासो, सुझाव, सल्लाह आदि कुनै कुरा लिखित रूपमा पेस हुन आएमा सञ्चालक समिति, प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत समक्ष पेस गर्ने र सो सम्बन्धमा भए गरेको कारबाहीको नतिजा लिखित रूपमा सम्बन्धित सेयरधनी वा डिबेञ्चरधनीलाई दिने,

(झ) सञ्चालक समिति र प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद-५

## लेखा तथा लेखापरीक्षण

३८. कम्पनीको लेखा तथा लेखापरीक्षणः कम्पनीको लेखा र लेखापरीक्षणः (१) यो कम्पनीको लेखा तथा लेखा कारोबार दोहोरो लेखा प्रणालीमा आधारित र नेपाल लेखामा बोर्डले निर्धारण गरेको ढाँचामा राख्नुपर्नेछ ।

३९. लेखापरीक्षण : (१) कम्पनीले आफ्नो लेखा तथा लेखा कारोबारको लेखापरीक्षण गराउन पर्नेछ र सो प्रयोजनको लागि वार्षिक साधारण सभाले लेखापरीक्षक नियुक्ति गर्नुपर्नेछ ।

तर प्रथम साधारण सभा हुनु भन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्ति गर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखापरीक्षण नियुक्ति भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण पश्चात् कम्पनीको वासलात, नाफा-नोक्सानको हिसाब, नगद प्रवाह विवरण प्रमाणित गरी कम्पनी समक्ष लेखापरीक्षण प्रतिवेदन पेस समक्ष पेस गर्नुपर्नेछ ।

(४) कम्पनीको अद्यावधिक हिसाब किताब कुनै सेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र निरीक्षण गर्न दिनुपर्नेछ ।

४०. लेखापरीक्षण समितिः (१) कम्पनी सञ्चालनको प्रभावकारिता, वित्तीय प्रतिवेदनको विश्वसनीयता र कर्पोरेट कानून परिपालना सुनिश्चित भए नभएको जाँच परीक्षण गर्न सञ्चालक समितिले कुनै एक सञ्चालकको संयोजकत्व देहायबमोजिम लेखापरीक्षण समिति गठन गर्नुपर्नेछ-

(क) सञ्चालक समितिले तोकेको कुनै एक सञ्चालक -संयोजक

(ख) सञ्चालक समितिले तोकेको विषय विज्ञ -सदस्य

(ग) कम्पनीको लेखा शाखाको प्रमुख -सदस्य सचिव

(२) उपनियम (१) बमोजिम गठित लेखापरीक्षण समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ-

(क) कम्पनीको लेखा तथा वित्तीय विवरणको पुनर्विलोकन गर्ने र त्यस्ता विवरणमा उल्लिखित तथ्यको सत्यता सुनिश्चित गर्ने,

(ख) कम्पनीको आन्तरिक वित्तीय नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रणालीको पुनर्विलोकन गर्ने,

(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यको सुपरीवेक्षण तथा पुनर्विलोकन गर्ने,

(घ) कम्पनीको लेखापरीक्षक नियुक्तिको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका सर्त निर्धारण गरी अनुमोदनको लागि सञ्चालक समिति मार्फत साधारण सभामा पेस गर्ने व्यवस्था मिलाउने,

(ङ) कम्पनीको लेखापरीक्षकले लेखापरीक्षण सम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने प्रचलित नेपाल कानूनबमोजिम अधिकार प्राप्त निकायले निर्धारण गरेका आचरण, मानदण्ड तथा निर्देशिका पालना गरे वा नगरेको अनुगमन गर्ने,

(च) प्रचलित नेपाल कानूनबमोजिम अधिकार प्राप्त निकायले तयार गरेको आचरण, मानदण्ड तथा निर्देशिकाको आधारमा लेखापरीक्षकको नियुक्ति तथा छनौट सम्बन्धमा कम्पनीले अवलम्बन गर्नु पर्ने नीति तय गर्ने,

(छ) कम्पनीको लेखा कारोबार सम्बन्धी नीति तयार गरी सञ्चालक समिति समक्ष पेस गर्ने,

(ज) कुनै नियामक निकायले कम्पनीको लेखापरीक्षण प्रतिवेदनमा विस्तृत विवरण उल्लेख गर्नुपर्ने व्यवस्था गरेको रहेछ भने त्यस्तो विवरण तयार गर्ने वा गराउने,

(झ) कम्पनीको लेखा तथा लेखा कारोबार, वित्तीय व्यवस्था र लेखापरीक्षणको सम्बन्धमा सञ्चालक समितिले निर्धारण गरेबमोजिम अन्य कार्य गर्ने ।

परिच्छेद-६

## विविध

४१. सञ्चालकको भत्त तथा कर्मचारीको तलब सुविधा निर्धारणः (१) कम्पनीका सञ्चालकले पाउने भत्ता, सुविधा तथा कर्मचारीको तलब, भत्ता, अन्य सुविधा कम्पनीको पुँजीगत र मुनाफाको स्थिति समेतका आधारमा सञ्चालक समितिको सिफारिसमा साधारण सभाले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण भएको भत्ता तलब सुविधाका सम्बन्धमा भएको निर्णय कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

४२. लाभांशः (१) लाभांश वितरण गर्ने निर्णय भएको पैतालीस दिनभित्र कम्पनीले लाभांश वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण, नगरेमा दश प्रतिशतको दरले लाभांशको ब्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ ।

(३) अन्तरिम लाभांश वितरण गर्ने वा नगर्ने सो कुरा उल्लेख गर्ने ।

(४) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले सेयर बापत माग गरेको रकम चुक्ता नगर्ने सेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सक्नेछ ।

४३. पत्राचार, म्याद, सूचना तामेली : कम्पनीको प्रत्येक सेयरधनी र सञ्चालकले कम्पनीसँग पत्राचार गर्ने वा म्याद, सूचना तामेल गर्ने प्रयोजनका लागि आफ्नो आधिकारिक ठेगाना, इमेल र मोबाइल नम्बर कम्पनीलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको ठेगानामा पत्राचार वा म्याद, सूचना तामेल गरिएमा कानून सम्मत रूपमा बुझाएको वा तामेल गरिएको मानिनेछ ।

(३) कम्पनीले पत्राचार, म्याद, सूचना बुझाउने वा तामेली गर्ने सम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ ।

४४. कम्पनीको छापः (१) कम्पनीको आफ्नो काम कारबाहीसँग सम्बन्धित लिखत, कागजात, पत्राचारमा प्रयोग गर्न कम्पनीको नामको छाप रहनेछ र त्यस्तो छाप कम्पनीको प्रबन्ध सञ्लाक वा प्रमुख कार्यकारी अधिकृतले तोकेको कम्पनीको कर्मचारीको जिम्मामा रहनेछ ।

(२) कम्पनीको सञ्चालक वा पदाधिकारी वा कर्मचारीले अनधिकृत रूपमा कम्पनीको छाप प्रयोग गरेको कारण कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप प्रयोग वा जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व बापत सिर्जना भएको दायित्व असुल गर्न सक्नेछ ।

४५. <u>प्रतिलिपि शुल्कः</u> (१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, सेयरधनीको दर्ता किताब, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेस गरिएको कुनै लिखतको प्रतिलिपि कुनै सेयरधनी वा अन्य कुनै सरोकारवालाले माग गरेमा प्रतिपाना रू. दश शुल्क लिई प्रतिलिपि दिनु पर्नेछ ।

(२) उपनियम (१) मा उल्लेख भएको बाहेक अन्य शुल्क लिन आवश्यक भएमा कार्यालयको स्वीकृति लिइ सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

४६. <u>कम्पनी प्राप्ति तथा विलयः</u> (१) यो कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यो कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी ऐन बमोजिम कम्पनीको प्राप्ति तथा विलयको कार्य हुनेछ ।

(२) कम्पनी अर्को कम्पनी प्राप्ति तथा विलय पश्चात् सेयरको हेरफेर, हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको बिक्रीमा सहमति नजनाउने सेयरधनीको हकमा कुनै विशेष व्यवस्था गर्ने भए सो कुरा उल्लेख गर्ने ।

४७. <u>कम्पनीको खारेजीः</u> (१) प्रचलित नेपाल कानूनको अधीनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कार्यसम्पन्न गर्न लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नुपर्नेछ र त्यसरी नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम नियुक्त लिक्विडेटरले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्नेछ ।

४८. <u>अन्य आवश्यक विषयः</u> अन्य आवश्यक कुनै कुरा भए सो कुरा उल्लेख गर्ने ।

४९. <u>नियमावलीमा संशोधन र लागू हुनेः</u> (१) कम्पनीले साधारण सभामा विशेष प्रस्ताव पारित गरी कम्पनीको नियमावली संशोधन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नियमावलीमा भएको संशोधनको प्रति कार्यालयमा अभिलेख गरेपछि मात्र लागू हुनेछ ।

५०. <u>असङ्गत व्यवस्था अमान्य हुनेः</u> यो नियमावलीको कुनै व्यवस्था ऐन, अन्य प्रचलित नेपाल कानून वा प्रबन्धपत्रसँग असङ्गत भएमा सो हदसम्म स्वतः अमान्य हुनेछ र त्यस्तो व्यवस्था लागू हुनेछैन् ।

५१. <u>संस्थापकले तत्काल खरिद गर्न कबूल गरेको सेयर सङ्ख्या र घोषणाः</u> (१) हामी.............. कम्पनीका संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित नेपाल कानूनबमोजिम सञ्चालन गर्न मञ्जुर छौ ।

(२) यो नियमावलीमा उल्लिखित विवरण सत्य, साँचो छ । कुनै कारणले झुट्टो प्रमाणित भएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व वहन गर्न हामी तयार छौ ।

**<u>संस्थापकहरूको नाम, थर, ठेगाना हस्ताक्षर र तत्काल खरिद गर्न कबूल गरेको सेयर सङ्ख्या</u>**

| क्र सं | संस्थापकहरूको विवरण | तत्काल खरिद गर्न कबूल गरेको सेयर सङ्ख्या |
|---|---|---|
| १ | नाम र थर :<br>बाबु वा पतिको नाम, थर :<br>ठेगाना-<br>वडा नंः<br>नगरपालिकाः गाउँपालिकाः<br>जिल्लाः<br>नागरिकताको प्रमाणपत्र नंः<br>राहदानी नं र देशको नाम (विदेशी नागरिकको हकमा) :<br>जारी मिति र जिल्ला :<br>इमेलः<br>मोबाइल नंः<br>संस्थापकको हस्ताक्षर | |
| २ | नाम र थर :<br>बाबु वा पतिको नाम, थर :<br>ठेगाना-<br>वडा नंः<br>नगरपालिकाः<br>गाउँपालिका :<br>जिल्ला :<br>नागरिकताको प्रमाणपत्र नंः<br>राहदानी नं र देशको नाम (विदेशी नागरिकको हकमा) :<br>जारी मिति र जिल्ला :<br>इमेलः<br>मोबाइल नंः<br>संस्थापकको हस्ताक्षर : | |

(आवश्यकताअनुसार क्रमशः लेख्ने)

## अनुसूची- १३

[दफा २५ को खण्ड (घ) सँग सम्बन्धित]

## सामुदायिक कम्पनीको नियमावलीको ढाँचा

कम्पनी ऐन,....... अन्तर्गत संस्थापित

## (कम्पनीको पूरा नाम लेख्ने) सामुदायिक कम्पनीको नियमावली

परिच्छेद - १

### प्रारम्भिक

१. कम्पनीको नाम र रजिष्टर्ड कार्यालयः यो कम्पनीको नाम "........ कम्पनी" रहेको छ ।

(२) अङ्ग्रेजीमा यसलाई "— " भनिनेछ ।

(३) यो कम्पनीको रजिष्टर्ड कार्यालय..........नगरपालिका/गाउँपालिकामा रहनेछ ।

२. परिभाषाः सन्दर्भ वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा-

(क) "ऐन' भन्नाले कम्पनी ऐन,........ सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनुपर्छ ।

(ग) "कम्पनी' भन्नाले............. कम्पनी लिमिटेड सम्झनुपर्छ ।

(घ) "पदाधिकारी भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्विडेटर सम्झनुपर्छ र सो शब्दले कम्पनीको विभागीय जिम्मेवारी वहन गर्ने अन्य कर्मचारीलाई समेत जनाउँछ ।

(ङ) "संस्थापक सदस्य" नियम बमोजिम कम्पनीको संस्थापकले खरिद गरेको साधारण सेयर सम्झनुपर्छ ।

(च) "सञ्चालक" भन्नाले भन्नाले कम्पनीको सञ्चालक समितिको अध्यक्ष र सञ्चालकका रूपमा सेयरधनीहरूबाट नियुक्त वा मनोनीत व्यक्ति सम्झनुपर्छ र सो शब्दले स्वतन्त्र सञ्चालन र वैकल्पिक सञ्चालकलाई समेत जनाउँछ ।

(छ) "सभा' भन्नाले कम्पनीको साधारण सभा र विशेष साधारण सम्झनुपर्छ ।

(आवश्यकतानुसार थप गर्ने ।

३. कम्पनीको उद्देश्यः कम्पनीको उद्देश्य : कम्पनीको उद्देश्य खास वर्ग वा क्षेत्रको सामूहिक हक हितको संरक्षण वा शैक्षिक, प्राज्ञिक, सामाजिक, परोपकारी वा सार्वजनिक हित, उपयोगिता र कल्याणकारी प्रकृतिको हुनेछ ।

परिच्छेद-२

### कम्पनीको साधारण सभा तथा विशेष साधारण सभा

४. कम्पनीको सभाः (१) यो कम्पनीको सभा देहायबमोजिम हुनेछन्-

(क) वार्षिक साधारण सभा,

(ख) विशेष साधारण सभा ।

(२) यो कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनी संस्थापना भएको मितिले नौ महिना भित्र गर्नुपर्नेछ र त्यस पछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र सम्पन्न गर्नुपर्नेछ ।

(३) यो कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा एक्काइस दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा पन्ध्र दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय समावेस गरी सबै सेयरधनीलाई सूचना दिनुपर्नेछ ।

(४) सञ्चालक समितिले निर्णय गरी साधारण सभा बोलाउनु पर्नेछ ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालक मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भई सोही कारण उल्लेख गरी साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन र यसरी साधारण सभा बोलाउन सबै सेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनुपर्नेछ ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा गुणपूरक सङ्ख्या नपुगी सभा हुन नसकेमा कम्तीमा पन्ध्र दिनको म्याद दिइ पुनः साधारण सभा बोलाउनु पर्नेछ ।

(७) यो नियम बमोजिम साधारण सभा बोलाउने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा कानून सम्मत रूपमा सूचना दिएको मानिनेछ ।

५. <u>साधारण सभाको कार्यविधिः</u> (१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) साधारण सभामा सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकले आफू मध्येबाट छानेएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक सङ्ख्या पुगे वा नपुगेको यकिन गर्नुपर्नेछ र गणपूरक सङ्ख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रूपमा प्रस्तुत गर्नुपर्नेछ र प्रत्येक प्रस्तावमा छलफल हुनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभइ अर्को प्रस्तावमा छलफल हुनेछैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित सदस्यहरू मध्ये पचहत्तर प्रतिशतको सदस्यले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा सभाको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) साधारण सभामा उपस्थित कुल सदस्य मध्ये सतसठ्ठी प्रतिशत सदस्यले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा सदस्यकोहरू मत सङ्कलन गर्नुपर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गर्नुपर्नेछ ।

(९) सभाका सबन्धमा अन्य थप कार्यविधि आवश्यक भए सो कुरा उल्लेख गर्ने ।

६. साधारण सभामा पेस गर्ने अन्य विषयः ऐनमा उल्लेख भएका अतिरिक्त बाहेक देहायका विषयहरू निर्णयका लागि साधारण सभामा प्रस्ताव पेस गर्नुपर्नेछ -

(क)

(ख)

(साधारण सभामा अन्य कुनै विषय पेस गर्नु पर्ने भए सो कुरा उल्लेख गर्ने) ।

७. विशेष प्रस्तावः ऐनमा उल्लेख भएको विषय अतिरिक्त बाहेक देहायका विषयहरूका लागि साधारण सभामा प्रस्ताव पेस गर्नुपर्नेछ -

(अन्य कुनै विषय भएमा सो कुरा उल्लेख गर्ने) ।

८. विशेष साधारण सभाः सञ्चालक समितिले ऐनबमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सक्नेछ ।

९. गणपुरक सङ्ख्याः कुल सदस्यको साठी प्रतिशत भन्दा बढी सदस्य उपस्थित नभई साधारण सभाको काम कारबाही हुने छैन ।

तर नियम ४ को उपनियम (६) मा उल्लेख भएबमोजिम पुनः बोलाइएको साधारण सभामा सदस्य सङ्ख्याको चालीस प्रतिशत सदस्य उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्नेछैन ।

१०. मताधिकार : प्रत्येक सदस्यलाई एक सदस्य एक मतको आधारमा मत दिने अधिकार हुनेछ ।

११. साधारण सभाको निर्णय पुस्तिका र अभिलेखः (१) ऐनबमोजिम उल्लेख गर्नुपर्ने कुरा उल्लेख गरी साधारण सभाको काम कारबाही तथा निर्णय अभिलेखन गर्न छुट्टै निर्णय पुस्तिका राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निर्णय पुस्तिका सभाको अध्यक्ष र कम्पनी सचिवले हस्ताक्षर गर्नुपर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष र सभाले नियुक्ति गरेको एकजना सेयरधनीले निर्णय पुस्तिकामा हस्ताक्षर गर्नुपर्नेछ ।

(४) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाही को निर्णयको अभिलेखका लागि कम्पनीको रजिष्ट्रर्ड कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(५) यो नियमबमोजिम राखिएको निर्णय पुस्तिका सेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र निरीक्षण गर्न निरीक्षण गर्न दिनुपर्नेछ ।

## परिच्छेद-४

## सञ्चालक समिति र त्यसको गठन

१२. सञ्चालक समितिको गठन, सङ्ख्या र सेवा अवधिः (१) सञ्चालकको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।

(२) यो कम्पनीमा .... जनाको सञ्चालक समिति रहनेछ ।

(३) सञ्चालकको सेवा अवधि चार वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा जुन प्रक्रियाबाट पहिलो सञ्चालक नियुक्ति भएको थियो सोही प्रक्रियाबाट बाँकी अवधिका लागि सञ्चालक नियुक्ति गर्नुपर्नेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्ति गरिएको सञ्चालकको पद रिक्त भएमा सो रिक्त स्थानमा सञ्चालक समितिले अर्को सञ्चालक नियुक्ति गर्नेछ ।

(५) सङ्गठित संस्थाले सञ्चालक नियुक्ति गर्दा निजको वैकल्पिक सञ्चालक समेत नियुक्ति गर्न सक्नेछ ।

(६) यो कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म निम्न सञ्चालक रहेको प्रथम सञ्चालक समिति रहनेछ-

(क)

(ख)

(ग)

(७) कम्पनीमा नियुक्त वा निर्वाचित सञ्चालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) आफूलाई प्राप्त अधिकारको व्यक्तिगत र सामूहिक रूपमा प्रयोग गर्ने,

(ख) कम्पनीको सञ्चालक समितिको बैठक तथा साधारण सभामा मा भाग लिने,

(ग) सञ्चालक समितिमा निर्णयार्थ पेस भएका विषयमा आफ्नो मत वा राय राख्ने,

(घ) ऐन, प्रबन्धपत्र र यो नियमावली बमोजिम सञ्चालकलाई प्राप्त अधिकारको प्रयोग तथा दायित्व निर्वाह गर्ने,

(ङ) सञ्चालक समितिले दिएको निर्देशन र जिम्मेवारी निर्वाह गर्ने ।

१३. <u>सञ्चालकको पुर्नियुक्ति</u>ः एक पटक सञ्चालक भइसकेको व्यक्ति पुनः सञ्चालकमा नियुक्ति हुन सक्ने वा नसक्ने सो उल्लेख गर्ने ।

१४. <u>सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था</u>ः कम्पनीका सञ्चालक वा सञ्चालक समितिको अध्यक्षले सञ्चालक समिति वा उपसमितिको बैठक भाग लिए बापत बैठक भत्ता वा अन्य आर्थिक लाभ प्राप्त गर्नेछैन ।

१५. <u>सञ्चालकको योग्यता</u>ः कम्पनीको सञ्चालक हुन आवश्यक योग्यता उल्लेख गर्ने ऐनमा भएको व्यवस्थाको अतिरिक्त कम्पनीको प्रकृति अनुसार कुनै खास योग्यता वा अनुभव आवश्यक पर्ने भए सो समेत उल्लेख गर्ने ।

१६. <u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार</u>ः (१) कम्पनीको सञ्चालक समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ -

(क) कम्पनीको वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने र सोको कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिने,

(ख) कम्पनीको वार्षिक बजेट तथा आय व्ययको विवरण स्वीकृत गर्ने र स्वीकृत बजेटको कार्यान्वयन गर्न व्यवस्थापनलाई निर्देशन दिने,

(ग) कम्पनीको प्रबन्ध सञ्चालक प्रमुख कार्यकारी अधिकृत कम्पनी सचिव वा अन्य कर्मचारीको नियुक्ति गर्ने र सेवाका सर्त, तलब, भत्ता आदि निर्धारण गर्ने,

(घ) कम्पनीको अधिकतम हितका लागि काम गर्ने,

(ङ) कम्पनीको व्यवस्थापन तथा प्रशासन सम्बन्धी नीति निर्धारण गर्ने र त्यसको कार्यान्वयन गर्ने वा गराउने,

(च) सञ्चालक समितिको वार्षिक प्रतिवेदन तयार गरी स्वीकृतिका लागि साधारण सभा समक्ष पेस गर्ने,

(छ) कम्पनीको साधारण सभा वा आवश्यक भएमा विशेष साधारण सभामा बोलाउने र त्यस्तो सभामा पेस गर्ने प्रस्ताव तयार गर्ने,

(ज) ऐन प्रबन्धपत्र तथा यो नियमावली बमोजिम साधारण सभाले सम्पदान गर्ने भनी उल्लेख भएका कामकारबाही अन्य कार्य सम्पादन गर्ने वा गराउने,

(झ) कम्पनीको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्य गर्ने,

(ञ) कम्पनीको व्यवस्थापनलाई आवश्यक निर्देश गर्ने ।

(२) सञ्चालक समितिले आवश्यकता अनुसार देहायको प्रयोजनका लागि सञ्चालक समितिको कुनै सदस्यको अध्यक्षतामा समिति वा कार्यटोली गठन गर्न सक्नेछ-

(क) कम्पनीसँग सम्बन्धित कुनै काम गर्न वा गराउन,

(ख) कम्पनीसँग सम्बन्धित कुनै विषयमा अध्ययन वा छानबिन गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेस गर्न ।

(३) उपनियम (३) बमोजिम गठित समिति वा कार्यटोलीको कार्यादेश र सेवा, सुविधा सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

१७. <u>अधिकार प्रत्यायोजन</u>: (१) सञ्चालक समितिले आफूलाई प्राप्त आफ्नो अधिकार कुनै सञ्चालक वा कम्पनीको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अधिकार प्रत्यायोजन गर्दा त्यस्तो अधिकार प्रयोग गर्ने पदाधिकारीले पालना गर्नुपर्ने सर्त र विधि समेत तोक्न सक्नेछ ।

१८. <u>सञ्चालक समितिको बैठक</u>: (१) सञ्चालक समितिको बैठक अध्यक्षको निर्देशन र प्रमुख कार्यकारी अधिकृत वा प्रबन्ध सञ्चालकसँग समन्वय गरी कम्पनी सचिवले बोलाउनु पर्नेछ ।

तर कम्पनी सचिबको व्यवस्था नभएको कम्पनीको हकमा सञ्चालक समितिको अध्यक्षसँग समन्वय गरी कार्यकारी निर्देशक वा प्रबन्ध सञ्चालकले सभाको बैठक बोलाउनु पर्नेछ ।

१९. <u>सञ्चालक समितिको बैठकको कार्यविधि</u>: (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षको निर्देशन र प्रमुख कार्यकारी अधिकृत वा प्रबन्ध सञ्चालकसँग समन्वय गरी कम्पनी सचिवले बोलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सञ्चालक समितिको बैठक नबोलाएमा वा कुनै विषयमा छलफल र निर्णय गर्न आवश्यक भएमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन अध्यक्षलाई लिखित अनुरोध गर्न सक्नेछन् र यसरी अनुरोध गरिएमा अध्यक्षले सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) सञ्चालक समितिको बैठकको सूचना लिखित रूपमा वा विद्युतीय माध्यमबाट दिन सकिनेछ (अन्य कुनै माध्यमबाट सूचना दिने व्यवस्था उल्लेख गर्ने ।

(५) सञ्चालक समितिको बैठकमा सञ्चालक स्वयम् उपस्थित हुनुपर्नेछ ।

तर वैकल्पिक सञ्चालन नियुक्ति गर्ने सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको सट्टामा नियुक्त वैकल्पिक सञ्चालक उपस्थित हुनसक्नेछ ।

(६) सञ्चालकहरूको जम्मा सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित नभई सञ्चालक समितिको बैठक हुनेछैन ।

तर गणपूरक सङ्ख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ र त्यस्तो बैठकमा पनि गणपूरक सङ्ख्या नपुगेमा उपस्थित सञ्चालकहरूले गरेको काम कारबाही र निर्णय मान्य हुनेछ ।

(७) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरूले आफू मध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(८) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर सञ्चालक समितिको बैठकमा आफ्नो निजी सरोकार वा स्वार्थ रहेको विषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(९) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत सञ्चालकले आफ्नो अलग राय लेख्न वा राख्न पाउनेछ ।

२०. <u>सञ्चालक समितिको निर्णयको अभिलेखः</u> (१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालक मध्ये कम्तीमा एकाउन्न प्रतिशतले हस्ताक्षर गर्नुपर्नेछ ।

(२) कम्पनीले विद्युती वा कम्प्युटरको माध्यमबाट निर्णयको विवरण राख्न सक्नेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा परिवर्तन गर्न नपाउने पर्याप्त व्यवस्था गर्नुपर्नेछ ।

(३) कम्पनीको सदस्यले सञ्चालक समितिको निर्णय निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र निरीक्षण गर्न दिनुपर्नेछ ।

२१. सदस्य र सञ्चालकको आचार संहिताः कम्पनीले कारोबार सुरु गरेको एक वर्षभित्र कम्पनीका सदस्य, सञ्चालक तथा पदाधिकारीले पालना गर्नुपर्ने आचार संहिता ऐनमा उल्लेखबमोजिम हुनेछ ।

ऐनमा उल्लेख भएका अतिरिक्त अन्य आचार संहित आवश्यक भए सो उल्लेख गर्ने ।

२२. प्रमुख कार्यकारी अधिकृतको नियुक्ति र सेवाको सर्तः (१) सञ्चालक समितिले कम्पनीको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न देहायको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट एकजना व्यक्तिलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति गर्न सक्नेछ-

(क) शैक्षिक योग्यता उल्लेख गर्ने

(ख) कार्य अनुभव उल्लेख गर्ने ।

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी अधिकृतको सेवा अवधि चार वर्षको हुनेछ ।

(३) उपनिय (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सेवाका सर्त तथा तलब भत्ता कम्पनीको कर्मचारीको सेवा सर्त सम्बन्धी विनियावली वा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवाका अन्य सर्त कम्पनीको कर्मचारी सम्बन्धी विनियमावली वा करारामा उल्लेख भएबमोजिम हुनेछ ।

२३. प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार : ऐन तथा प्रबन्धपत्रको अधीनमा रही प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) साधारण सभा तथा सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) कम्पनीको रणनीतिक योजना तयार गर्ने र स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेस गर्ने,

(ग) कम्पनीको वार्षिक बजेट (वार्षिक आय-व्ययको विवरण) तयार गर्ने र सञ्चालक समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्ने वा गराउने,

(घ) कम्पनीको व्यावसायिक कार्ययोजना तयार गर्ने र सञ्चालक समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्ने वा गराउने,

(च) कम्पनीको काम कारबाहीको वार्षिक, अर्ध वार्षिक र मासिक प्रगति विवरण तयार गर्ने,

(छ) कम्पनीको दैनिक प्रशासन सञ्चालन गर्ने तथा मातहतका कर्मचारीको रेखदेख, नियन्त्रण, निर्देशन, अनुगमन र सुपरीवेक्षण गर्ने वा गराउने,

(ज) दीर्घकालीन तथा अल्पकालीन योजना एवं कार्यक्रम तयार गरी स्वीकृतिका लागि सञ्चालक समिति समक्ष पेस गर्ने,

(झ) स्वीकृत वार्षिक योजना एवं कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ञ) कम्पनीको लागि घर, जग्गा वा मेसिन तथा अन्य उपकरण खरिद गर्ने वा बहालमा लिने, मर्मत सम्भार गर्ने वा गराउने,

(ट) कम्पनीको कोष, आर्थिक तथा वित्तीय कारोबार सञ्चालन र व्यवस्थापन गर्ने वा गराउने,

(ठ) कम्पनीको सञ्चालन र व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(ड) प्रचलित नेपाल कानूनबमोजिम कार्यालय वा अन्य निकायमा पेस गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि निर्धारित समयभित्र पेस गर्न कम्पनी सचिवलाई निर्देश गर्ने,

(ढ) सञ्चालक समितिको अध्यक्ष र कम्पनी सचिवसँग समन्वय गरी कम्पनीको सञ्चालक समितिको बैठक, साधारण सभा वा विशेष साधारण सभा बोलाउने काम गर्ने वा गराउने,

(ण) सञ्चालक समितिको बैठक वा साधारण सभामा छलफल हुने विषयको सूची तयार गर्न कम्पनी सचिवलाई निर्देश गर्ने,

(त) सञ्चालक समितिको बैठक वा साधारण सभाको निर्णयको अभिलेख राख्ने वा राख्न लगाउने,

(थ) सञ्चालक समितिको निर्णयअनुसार सेयर बाँडफाँटको सूचना तथा सेयर किस्ता भुक्तानी माग गर्ने वा गर्न लगाउने,

(द) सेयर वा डिबेञ्चर धितोबन्धक राख्न, हस्तान्तरण वा दाखिल खारेज गर्न सञ्चालक समितिमा पेस गर्ने,

(ध) कम्पनीको उद्देश्य प्राप्तिका लागि साधारण सभा तथा सञ्चालक समितिले निर्णय गरी तोकेबमोजिमका अन्य कार्य गर्ने ।

२४. <u>कम्पनी सचिव</u> : (१) ऐन बमोजिम कम्पनी सचिवको पदमा नियुक्ति हुन योग्यता पुगेको व्यक्तिलाई सञ्चालक समितिले कम्पनी सचिवको पदमा नियुक्ति गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त कम्पनी सचिवको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) प्रचलित नेपाल कानूनबमोजिम कार्यालय वा अन्य कुनै निकायमा पेस गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि निर्धारित समयभित्र पेस गर्ने,

(ख) कम्पनीको अध्यक्ष वा प्रमुख कार्यकारी अधिकृतसँग समन्वय गरी कम्पनीको सञ्चालक समितिको बैठक, साधारण सभा वा विशेष साधारण सभा बोलाउन पत्राचार गर्ने,

(ग) सञ्चालक समितिको बैठक वा साधारण सभामा छलफल गरिने विषयको सूची तयार गरी सञ्चालक र सदस्यहरूलाई पठाउने,

(घ) सञ्चालक समितिको बैठक वा साधारण सभाको निर्णयको अभिलेख राख्ने, प्रमाणित गर्ने तथा जिम्मा लिने,

(ङ) कम्पनीका सदस्यहरूको अभिलेख राख्ने तथा प्रमाणित गर्ने,

(च) सञ्चालक समिति र प्रबन्ध सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद-५

## कम्पनीको लेखा तथा लेखापरीक्षण

२५. कम्पनीको लेखा : यो कम्पनीको लेखा तथा लेखा कारोबार दोहोरो लेखा प्रणालीमा आधारित र नेपाल लेखामा बोर्डले निर्धारण गरेको ढाँचामा राख्नुपर्नेछ ।

२६. लेखापरीक्षण : (१) कम्पनीले आफ्नो लेखा तथा लेखा कारोबारको लेखापरीक्षण गराउन पर्नेछ र सो प्रयोजनको लागि वार्षिक साधारण सभाले लेखापरीक्षक नियुक्ति गर्नुपर्नेछ ।

तर प्रथम साधारण सभा हुनु भन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्ति गर्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखापरीक्षण नियुक्ति भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण पश्चात् कम्पनीको वासलात, नाफा-नोक्सानको हिसाब, नगद प्रवाह विवरण प्रमाणित गरी कम्पनी समक्ष लेखापरीक्षण प्रतिवेदन पेस समक्ष पेस गर्नुपर्नेछ ।

(४) कम्पनीको अद्यावधिक हिसाब किताब कुनै सेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र निरीक्षण गर्न दिनुपर्नेछ ।

२७. लेखापरीक्षण समितिः (१) कम्पनी सञ्चालनको प्रभावकारिता, वित्तीय प्रतिवेदनको विश्वसनीयता र कर्पोरेट कानून परिपालना सुनिश्चित भए नभएको जाँच परीक्षण गर्न सञ्चालक समितिले कुनै एक सञ्चालकको संयोजकत्व देहायबमोजिम लेखापरीक्षण समिति गठन गर्नुपर्नेछ-

(क) सञ्चालक समितिले तोकेको कुनै एक सञ्चालक -संयोजक

(ख) सञ्चालक समितिले तोकेको विषय विज्ञ -सदस्य

(ग) कम्पनीको लेखा शाखाको प्रमुख -सदस्य सचिव

(२) उपनियम (१) बमोजिम गठित लेखापरीक्षण समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ-

(क) कम्पनीको लेखा तथा वित्तीय विवरणको पुनर्विलोकन गर्ने र त्यस्ता विवरणमा उल्लिखित तथ्यको सत्यता सुनिश्चित गर्ने,

(ख) कम्पनीको आन्तरिक वित्तीय नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रणालीको पुनर्विलोकन गर्ने,

(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यको सुपरीवेक्षण तथा पुनर्विलोकन गर्ने,

(घ) कम्पनीको लेखापरीक्षक नियुक्तिको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका सर्त निर्धारण गरी अनुमोदनको लागि सञ्चालक समिति मार्फत साधारण सभामा पेस गर्ने व्यवस्था मिलाउने,

(ङ) कम्पनीको लेखापरीक्षकले लेखापरीक्षण सम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने प्रचलित नेपाल कानूनबमोजिम अधिकार प्राप्त निकायले निर्धारण गरेका आचरण, मानदण्ड तथा निर्देशिका पालना गरे वा नगरेको अनुगमन गर्ने,

(च) प्रचलित नेपाल कानूनबमोजिम अधिकार प्राप्त निकायले तयार गरेको आचरण, मानदण्ड तथा निर्देशिकाको आधारमा लेखापरीक्षकको नियुक्ति तथा छनौट सम्बन्धमा कम्पनीले अवलम्बन गर्नु पर्ने नीति तय गर्ने,

(छ) कम्पनीको लेखा कारोबार सम्बन्धी नीति तयार गरी सञ्चालक समिति समक्ष पेस गर्ने,

(ज) कुनै नियामक निकायले कम्पनीको लेखापरीक्षण प्रतिवेदनमा विस्तृत विवरण उल्लेख गर्नुपर्ने व्यवस्था गरेको रहेछ भने त्यस्तो विवरण तयार गर्ने वा गराउने,

(झ) कम्पनीको लेखा तथा लेखा कारोबार, वित्तीय व्यवस्था र लेखापरीक्षणको सम्बन्धमा सञ्चालक समितिले निर्धारण गरेबमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद-६

## विविध

२८. कर्मचारीको तलब सुविधा निर्धारणः (१) कर्मचारीको तलब, भत्ता, अन्य सुविधा कम्पनीको पुँजीगत र मुनाफाको स्थिति समेतका आधारमा सञ्चालक समितिको सिफारिसमा साधारण सभाले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम निर्धारण भएको भत्ता तलब सुविधाका सम्बन्धमा भएको निर्णय कार्यालय समक्ष पेस गर्नुपर्नेछ ।

२९. पत्राचार, म्याद, सूचना तामेली : कम्पनीको प्रत्येक सदस्य र सञ्चालकले कम्पनीसँग पत्राचार गर्ने वा म्याद, सूचना तामेल गर्ने प्रयोजनका लागि आफ्नो आधिकारिक ठेगाना, इमेल र मोबाइल नम्बर कम्पनीलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको ठेगानामा पत्राचार वा म्याद, सूचना तामेल गरिएमा कानून सम्मत रूपमा बुझाएको वा तामेल गरिएको मानिनेछ ।

(३) कम्पनीले पत्राचार, म्याद, सूचना बुझाउने वा तामेली गर्ने सम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ ।

३०. कम्पनीको छापः (१) कम्पनीको आफ्नो काम कारबाहीसँग सम्बन्धित लिखत, कागजात, पत्राचारमा प्रयोग गर्न कम्पनीको नामको छाप रहनेछ र त्यस्तो छाप कम्पनीको प्रबन्ध सञ्लाक वा प्रमुख कार्यकारी अधिकृतले तोकेको कम्पनीको कर्मचारीको जिम्मामा रहनेछ ।

(२) कम्पनीको सञ्चालक वा पदाधिकारी वा कर्मचारीले अनधिकृत रूपमा कम्पनीको छाप प्रयोग गरेको कारण कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप प्रयोग वा जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व बापत सिर्जना भएको दायित्व असुल गर्न सक्नेछ ।

३१. प्रतिलिपि शुल्कः (१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, दर्ता प्रमाणपत्र वा कम्पनीले कार्यालयमा पेस गरेको कुनै लिखतको प्रतिलिपि कुनै सदस्य वा सरोकारवालाले माग गरेमा प्रति पाना रू. दश शुल्क लिई प्रतिलिपि दिनुपर्नेछ ।

३२. कम्पनीले ऋण लिन वा दिने व्यवस्थाः कम्पनीले ऋण लिने दिने भए सो सम्बन्धी अधिकार, साधारण सभा, सञ्चालक समिति वा कम्पनीको पदाधिकारी मध्ये कसलाई हुने हो सो विषय उल्लेख गर्ने ।

३३. कम्पनी विलय : (१) समान उद्देश्य भएको अर्को सामुदायिक कम्पनीसँग यो कम्पनी विलय हुनसक्नेछ ।

(२) कम्पनी विलय सम्बन्धी व्यवस्था ऐन बमोजिम हुनेछ ।

३४. कम्पनीको खारेजीः (१) कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्ति भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिएबमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्नेछन ।

३५. कम्पनीको खारेजी र कम्पनीको सम्पत्तिः कम्पनी खारेज हुँदा कम्पनीको ऋण दायित्व भुक्तानी गरी बाँकी रहेको सम्पत्तिको स्थिति के हो सो उल्लेख गर्ने ।

३६. कुनै खास विषयः सामसदायिक कम्पनीको नियमावलीमा उल्लेख गर्नुपर्ने भनी प्रचलित नेपाल कानूनमा कुनै व्यवस्था गरिएको भए सो विषय उल्लेख गर्ने ।

३७. अन्य आवश्यक विषयः अन्य आवश्यक कुनै कुरा भए सो कुरा उल्लेख गर्ने ।

३८. नियमावलीमा संशोधन : (१) कम्पनीले साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी कम्पनीको नियमावली संशोधन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नियमावलीमा भएको संशोधनको प्रति कार्यालयमा अभिलेख गरेपछि मात्र लागू हुनेछ ।

३९. असङ्गत व्यवस्था अमान्य हुनेः यो नियमावलीमा उल्लिखित कुनै व्यवस्था ऐन, अन्य प्रचलित नेपाल कानून वा प्रबन्धपत्रसँग असङ्गत भएमा सो हदसम्म त्यस्तो व्यवस्था स्वतः अमान्य हुनेछ ।

४०. संस्थापकको घोषणा : (१) हामी .......... का संस्थापकहरूले यो कम्पनी संस्थापना गरी प्रचलित नेपाल कानूनबमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लिखित विवरण सत्य, साँचो छ ।

(२) यो नियमावलीमा उल्लिखित सबै विवरण सत्य, साँचो छन, कारणवश झुट्टो ठहरे कानूनबमोजिम दायित्व वहन गर्नेछौ ।

## संस्थापकहरूको नाम, थर, ठेगाना र हस्ताक्षर

| क्र सं | संस्थापक सदस्यहरूको विवरण |
|---|---|
| १ | नाम र थर :<br>बाबु वा पतिको नाम, थर :<br>ठेगाना-<br>वडा नंः<br>नगरपालिका :<br>गाउँपालिकाः<br>जिल्लाः<br>इमेलः<br>मोबाइल नंः<br>नागरिकताको प्रमाणपत्र नंः<br>जारी मिति र जिल्लाः संस्थापकको सदस्यको हस्ताक्षरः |
| २ | नाम र थर :<br>बाबु वा पतिको नाम, थर :<br>ठेगाना-<br>वडा नंः<br>नगरपालिकाः<br>गाउँपालिकाः<br>जिल्लाः<br>इमेलः<br>मोबाइल नंः<br>नागरिकताको प्रमाणपत्र नंः<br>जारी मिति र जिल्लाः संस्थापक सदस्यकको हस्ताक्षर |

आवश्यकताअनुसार थप गर्ने

अनुसूची -१४

[दफा ५२ को उपदफा (१) सँग सम्बन्धित]

............................क्रम्पनी लिमिटेडको

**सेयर प्रमाणपत्र**

प्रमाणपत्र नम्बरः

————.जिल्ला —————... गाउँपालिका/ नगरपालिका वडा नं बस्ने श्री ————...ले यो कम्पनीको प्रति सेयर रू— दरको नम्बर... —.देखि ——.नम्बर सम्मको जम्मा——.कित्ता साधारण सेयर/ अग्राधिकार सेयर खरिद गरी सो बापत ————. रकम भुक्तानी गरेकोले निजको नाममा यो सेयर प्रमाणपत्र दिइएको छ ।

प्रमाणपत्रमा हस्ताक्षर गर्ने अधिकारीको -

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| मितिः | मितिः |

अनुसूची - १५

(दफा १४६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>शपथ ग्रहणको ढाँचा</u>**

म————————————ईश्वरको नाममा शपथ लिन्छु कि ———कम्पनीको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान र विवेकको प्रयोग तथा आचरणको पालना गरी इमान, धर्म तथा कर्तव्य सम्झी कम्पनीको उद्देश्य र हित प्रति इमान्दार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी र अनुशासनमा रही कम्पनी ऐन तथा अन्य प्रचलित नेपाल कानूनबमोजिम आफ्नो कर्तव्यको पालना र पदीय जिम्मेवारी निर्वाह गर्नेछु ।

कम्पनीको सेवामा कार्यरत रहेको समयमा मलाई अवगत वा ज्ञात हुन आएको कुनै गोप्य कुरा कानूनबमोजिम अधिकृत व्यक्ति बाहेक अन्य कसैलाई कम्पनीको सेवामा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भन्ने वा सङ्केत गर्ने छैन ।

| शपथ ग्रहण गर्ने व्यक्तिको- | शपथ ग्रहण प्रमाणित गर्ने अधिकारीको- |
|---|---|
| (क) नामः | (क) नाम : |
| (ख) हस्ताक्षर : | (ख) हस्ताक्षर : |
| (ग) मिति : | (ग) मिति : |
| (घ) पदः | (घ) पद : |

अनुसूची-१६

[दफा १७४ को उपदफा (२) सँग सम्बन्धित]

प्राइभेट वा पब्लिक कम्पनी वा सार्वजनिक संस्थालाई सामुदायिक कम्पनीमा परिणतका

लागि दिने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू,
कम्पनी रजिष्ट्रारको कार्यालय,
....................।

विषयः सामुदायिक कम्पनीमा परिणत गरी दर्ता गरी पाऊँ ।

महोदय,

कम्पनी ऐन, २०..... बमोजिम दर्ता भएको ......... नामको प्राइभेट/पब्लिक कम्पनी लिमिटेड/ .....वा सार्वजनिक संस्थालाई समुदायिक कम्पनीमा परिणत गरी दर्ता गरी पाऊँ भनी तपसिल बमोजिम प्रमाण कागजात संलग्न राखी यो निवेदन पेस गरेको छु/गरेका छौं । कम्पनी ऐन,........ बमोजिम सामुदायिक कम्पनीमा परिणत हुन सम्पूर्ण आवश्यक सर्त पूरा गरेको छु / गरेका छौं । सामुदायिक कम्पनीमा परिणत गरी दर्ता गरी पाऊँ ।

संलग्न कागजात-

(क)

(ख)

(ग)

मितिः

निवेदक/निवेदकहरूः

.................कम्पनीको तर्फबाट

हस्ताक्षर :

नाम थर :

स्थायी ठेगाना :

हालको ठेगानाः टेलिफोनः

मोबाईलः

फ्याक्स नं.:

पोष्टवक्स नम्बरः इमेलः

अनुसूची-१७

[दफा १७४ को उपदफा (३) सँग सम्बन्धित]

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

पब्लिक वा प्राइभेट कम्पनी वा सार्वजनिक संस्था

सामुदायिक कम्पनीमा परिणतका भएको प्रमाणपत्र

श्री ................................................... प्राइभेट/पब्लिक लिमिटेड कम्पनी/ सार्वजनिक गुठी /सार्वजनिक संस्थान कम्पनी संवत् २०.........साल.............महिना........गते रोज..............मा सामुदायिक कम्पनीमा परिणत गरी कम्पनी ऐन, २०८.... को दफा ..........बमोजिम यो प्रमाणपत्र दिइएको छ ।

मितिः ..................................

रजिष्ट्रार

Schedule-

(Relating to sub-section .......... of Section ........ and sub-section ....of Section ....

Certificate of Conversion of Company

Government of Nepal

Ministry of Industries, Commerce and Supplies

Office of the Company Registrar

CERTIFICATE OF CONVERSION OF COMPANY

This Certificate of Conversion is hereby issued to M/S... .......................Private Limited/ Public Limited/Public Guthi/ Public Organizatio having converted it from ......... to Community Company on the .............day of......... pursuant to ......sub-section.... of the Section ..... of the Companies Act, २०८....

Date:

Registrar

अनुसूची-१८

[दफा १८९ को उपदफा (१) र दफा १९० को उपदफा (१) सँग सम्बन्धित]

विदेशी कम्पनीको शाखा /सम्पर्क कार्यालय दर्ता गर्नको लागि दिने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू,
कम्पनी रजिष्ट्रारको कार्यालय,
.......................।

मितिः

<u>विषयः विदेशी कम्पनीको शाखा /सम्पर्क कार्यालय दर्ता गरी पाऊँ</u> ।

महोदय,

कम्पनी ऐन, २०८... को दफा ..... बमोजिम..........................देशको कानून बमोजिम दर्ता भई .............. मा रजिष्टर्ड कार्यालय रहेको ........नामको विदेशी कम्पनीको शाखा/सम्पर्क कार्यालय दर्ताका लागि तपसिल बमोजिम कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु /छौं । उक्त कम्पनीको शाखा/ सम्पर्क कार्यालय दर्ता गरी पाऊँ ।

<u>तपसिल</u>

(क) प्रबन्धपत्र तथा नियमावली प्रत्येकको दुई प्रति ( नेपालीमा अनुवादित प्रति समेत),

(ख) नेपालमा व्यवसाय वा कारोबार सञ्चालन गर्न प्राप्त अनुमतिको प्रति,

(ग) कम्पनी दर्ता संस्थापनाको प्रमाणपत्रको प्रतिलिपि,

(घ) कम्पनीको पुँजी संरचना (अधिकृत पुँजी, जारी पुँजी, चुक्ता पुँजी),

(ङ) कम्पनीको उद्देश्य तथा सञ्चालक लगायत प्रमुख कार्यकारी अधिकृतको जानकारी

(च) नेपालमा सञ्चालन गर्ने कारोबार वा व्यवसायको प्रकृति र स्थान (कम्पनीको शाखाको हकमा),

(छ) सम्पर्क कार्यालय दर्ताको उद्देश्य र सम्पर्क कार्यालय रहने स्थान,

(ज) नेपालमा कामकारबाही तथा पत्राचार गर्ने, म्याद सूचना आदि बुझिलिने आधिकारिक व्यक्तिको नाम, थर, ठेगाना, सम्पर्क नम्बर आदि,

(झ) संस्थापना वा दर्ताको प्रमाणपत्र तथा संस्थापना सम्बन्धी प्रमुख लिखतहरू,

(ञ) नेपालका शाखा वा सम्पर्क कार्यालय दर्ताका लागि दिइएको अनुमति वा स्वीकृतिपत्र,

(ट) संलग्न कागजातको प्रतिलिपि सक्कलबमोजिम प्रतिलिपि रहेको भनी कानून व्यवसायी वा नोटरी पब्लिकद्वारा प्रमाणित लिखत ।

उपर्युक्त व्यहोरा ठीक साँचो छ, झुट्टो ठहर भए कानूनबमोजिम सहुँला बुझाउँला ।

निवेदकको-

हस्ताक्षरः

नाम थरः

स्थायी ठेगाना :

हालको ठेगानाः टेलिफोनः

मोबाईलः

फ्याक्स नं.:

पोष्टवक्स नम्बरः

इमेलः

अनुसूची-१९

[दफा १८९ को उपदफा (२) र दफा १९० को उपदफा (२) सँग सम्बन्धित]

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

दर्ता नं.:

**<u>विदेशी कम्पनीको शाखा /सम्पर्क कार्यालय दर्ताको प्रमाणपत्र</u> ।**

श्री ................................................ नामको विदेशी कम्पनीको शाखा/ सम्पर्क कार्यालय संवत् २०.........साल.............महिना........गते रोज.............मा दर्ता भएको हुनाले कम्पनी ऐन, २०८... को दफा १९२ को उपदफा (२) वा दफा १९३ को उपदफा (२) बमोजिम यो प्रमाणपत्र दिइएको छ ।

मितिः

.................................

रजिष्ट्रार

Government of Nepal

Ministry of Industries, Commerce and Supplies

Office of the Company Registrar

Regd No:

CERTIFICATE OF REGISTRATION

OF

FOREIGN COMPANY' S BRANCH OR LIASION OFFICE

This Certificate of Registration is hereby issued to M/S.................Private Limited/Public Limited/......... Having registered it as a branch or liaison office of Foreign Company ........... on the..........day of ...........pursuant to sub-section (२) of section १९२ or sub-section (२) of section १९३ of the Companies Act, २०८ .....

Date:

.............

Registrar

अनुसूची- २०

दफा २६१ को उपदफा (४) र (५) सँग सम्बन्धित

**<u>विद्युतीय सेवा प्रयोगको लागि दिइने निवेदनको ढाँचा</u>**

श्रीमान रजिष्ट्रारज्यू,
कम्पनी रजिष्ट्रारको कार्यालय ।

मितिः

म/हामी त्यस कार्यालयको विद्युतीय सेवा प्रणाली मार्फत अनलाइन सेवा प्राप्त गर्नका कार्यालयको विद्युतीय सेवा प्रणाली प्रयोग सम्बन्धी सर्त पूर्णरूपमा पालना गर्न सहमत भई कम्पनी दर्ताको प्रमाणपत्र समेत संलग्न गरी सो यो निवेदन पेस गरेको छु/छौं ।

निवेदक

नाम थरः

पद :

हस्ताक्षर :

कम्पनीको नाम :

कम्पनी दर्ता नम्बर :

फोन नम्बर :

इमेल :

अनुसूची-२१

[दफा २६१ को उदफा (६ ) सँग सम्बन्धित]

**विद्युतीय सेवा प्रणाली प्रयोगकर्ताले पालना गर्नुपर्ने सर्त**

१. विद्युतीय सेवा प्राप्त गर्न चाहने कम्पनीले कार्यालयको वेबसाइट मार्फत निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदनमा कम्पनीको आधिकारी व्यक्तिको हस्ताक्षर, कार्यालयको छाप र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नुपर्नेछ ।

२. कार्यालयबाट उपलब्ध हुने विद्युतीय सेवासँग सम्बन्धित काम कारबाही गर्ने तथा त्यस उपरको पहुँच कम्पनीको अध्यक्ष, प्रबन्ध सञ्चालक, कार्यकारी निर्देशक, कम्पनी सचिव वा कम्पनीले तोकेको पदाधिकारीको मात्र हुनेछ ।

३. कार्यालयले विद्युतीय सेवा प्रयोगका लागि उपलब्ध गराएको प्रयोगकर्ताको नाम र पासवर्ड (युजर नेम एण्ड पासवर्ड) अन्य कसैलाई पनि दिन पाइने छैन ।

४. विद्युतीय सेवा प्रयोगकर्ताको नाम परिवर्तन गर्न चाहेमा सोको कारण सहित कार्यालयमा निवेदन दिनुपर्नेछ ।

५. विद्युतीय सेवा प्रयोगकर्ताले सो सेवा प्रयोग गर्न नजानेको वा त्यसको दुरूपयोग गरेको कारण कुनै क्षति भएमा वा गोपनियता भङ्ग भएमा वा अन्य कुनै दायित्व सिर्जना भएमा सम्बन्धित प्रयोगकर्ता व्यक्तिगत रूपमा जिम्मेवार हुनेछ ।

६. कार्यालयले विद्युतीय सेवा सम्बन्धी सर्त प्रक्रियामा समयसमयमा अग्रिम सूचना दिएर वा त्यस्तो सूचना नदिई पनि संशोधन वा परिवर्तन गर्न सक्नेछ ।

७. इन्टरनेटको पहुँच नभएको वा कुनै प्राविधिक कारणले विद्युतीय सेवा उपलब्ध हुन नसकेमा कार्यालय जिम्मेवार हुनेछैन्।

८. विशेष परिस्थिति उत्पन्न भएमा कार्यालयले बिना सूचना सबै वा केही विद्युतीय सेवा बन्द गर्न सक्नेछ ।

९. विद्युतीय सेवा उपलब्ध गराउने वा परिमार्जन गर्ने सम्बन्धमा कार्यालयले इन्टरनेट सेवा प्रदायकसँग गरेको सम्झौताका सर्तहरू आवश्यकताअनुसार प्रयोगकर्ताको हकमा पनि लागू हुनेछन् ।

१०. विद्युतीय सेवा प्रयोगका लागि प्रयोगकर्ताको नाम र पासवर्ड प्राप्त गरे पश्चात् लगातार एक वर्षसम्म त्यस्तो सेवाको प्रयोग नगरेमा त्यस्तो कम्पनीको हकमा सो सेवा स्वतः बन्द हुनेछ । बन्द भएको सेवा सूचारू गर्न चाहेमा कार्यालयसँग सम्पर्क गरी त्यस्तो सेवा पुनःसूचारू राख्न सक्नेछ ।

११. विद्युतीय सेवा प्रयोग गर्ने कम्पनी खारेज भएमा, कुनै कारणवश बन्द भएमा वा अर्को कम्पनीमा विलय वा प्राप्ति भएमा त्यसरी विलय वा प्राप्तिको कारण कम्पनीको अस्तित्व समाप्त भएमा त्यस्तो कम्पनीले प्राप्त गरेको विद्युतीय सेवा बन्द हुनेछ ।

कम्पनीको नाम :

दर्ता नम्बर :

सञ्चालकको नाम :

हस्ताक्षर :

फोन नम्बरः

मोबाइल नम्बरः

इमेलः